# वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन

## आ.व. २०८१/८२

# स्वास्थ्य

कर्णाली प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत

# विषय सूची


समष्टिगत निर्देशन ........ i

चालुतर्फका क्रियाकलापहरु ........ १

क. सामाजिक विकास मन्त्रालय अन्तर्गतका क्रियाकलापहरु ........ १

ख. स्वास्थ्य सेवा निर्देशनालय अन्तर्गतका क्रियाकलापहरू ........ २५

ग. प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र अन्तर्गतका क्रियाकलापहरु ........ ७७

घ. मानव संसाधन विकास केन्द्र अन्तर्गतका क्रियाकलापहरु ........ १०३

ङ. प्रदेश अस्पताल अन्तर्गतका क्रियाकलापहरू ........ १०७

च. मेहेलकुना अस्पताल अन्तर्गतका क्रियाकलापहरू ........ १३४

छ. प्रदेश जनस्वास्थ्य प्रयोगशाला अन्तर्गतका क्रियाकलापहरु ........ १५१

ज. प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र अन्तर्गतका क्रियाकलापहरू ........ १६५

झ. स्वास्थ्य सेवा कार्यालय तथा जनस्वास्थ्य सेवा कार्यालय अन्तर्गतका क्रियाकलापहरु ........ २०१

ञ. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरूका क्रियाकलापहरु ........ २४५

ट. कर्णाली प्रदेशमा सञ्चालित USAID/G2G Program अन्तर्गतका क्रियाकलापहरु ........ २७१

ठ. स्थानीय तह अन्तर्गत सञ्चालन हुने कार्यक्रमहरु ........ ३०४

पूँजीगततर्फका क्रियाकलापहरु ........ ३०८

१. खर्च शीर्षक: गैर आवासीय भवन निर्माण/खरिद (३१११२), अन्य सार्वजनिक निर्माण (३११५९) र निर्मित भवनको संरचनात्मक सुधार खर्च (३११६१) अन्तर्गतका क्रियाकलापहरू ........ ३०८

## समष्टिगत निर्देशन

- सामाजिक विकास मन्त्रालय वा अन्तर्गतका शिक्षा, सामाजिक विकास, युवा तथा खेलकुद र भाषा, धर्म तथा सँस्कृति क्षेत्रसँग सम्बद्ध कार्यक्रमहरूको निर्दिष्ट उद्देश्य बमोजिम कार्यान्वयनमा दक्षता, मितव्ययीता, एकरूपता तथा सहजीकरण गरी प्रभावकारिता अभिवृद्धि गराउने उद्देश्यले देहाय बमोजिमको समष्टिगत मार्ग/निर्देशन तयार गरिएको छ ।

- स्वीकृत कार्यक्रम तथा प्राप्त अख्तियारी अनुसारको खर्च गर्दा सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, कर्णाली प्रदेश विनियोजन ऐन २०८१/०८२, कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, कर्णाली प्रदेश भ्रमण खर्च नियमावली २०७५ अनुरुप कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।यसका साथै आर्थिक मामिला तथा योजना मन्त्रालय तथा यस मन्त्रालयबाट यस आर्थिक वर्षका लागि लक्षित गरी जारी गरिएका निर्देशिका तथा परिपत्र अनुरूप गर्नु पर्नेछ ।

- विगतका वर्षहरूमा आर्थिक वर्षको अन्त्यमा अधिकाधिक कामको चाप हुने गरेको छ । त्यसो हुँदा कामको गुणस्तरमा समस्या हुने, भुक्तानीको ठूलो अंश आर्थिक वर्षको अन्त्यमा हुने गरेको छ । यसले यस्ता कार्यले समग्र शासकीय र वित्तीय सक्षमता र कार्यकुशलतामा समेत प्रश्न उठ्ने गरेको छ यस विषयलाई ध्यान दिदै चालु आर्थिक वर्षमा तेस्रो त्रैमासिक सम्म कार्य सम्पन्न गर्ने गरी सबै कार्यालयहरूले कार्य योजना बनाउने र सोही अनुसार कार्यान्वयन गर्ने । यो दिग्दर्शनको आधारमा सबै सम्बन्धित कार्यालयहरूले कुनै कार्यक्रम चौथो त्रैमासिकमा मात्र गर्न पर्ने रहेछ भने सकभर त्यसको भौतिक पक्ष सो भन्दा अगावै सम्पन्न गरी रकम भुक्तानीको काम मात्र चौथो त्रैमासिकमा गर्ने गरी आवश्यक व्यवस्था मिलाउने ।

- कार्यक्रम सञ्चालन गर्दा कुनै समस्या भएमा सम्बन्धित समस्या समाधानका लागि सरोकारवालाहरुसँग छलफल गर्ने । त्यसरी छलफल गर्दा रकम र कार्यक्रमको बारेमा स्पष्ट जानकारी गराउने र रचनात्मक सुझाव लिन प्रयत्न गर्न पर्ने । त्यसरी स्थानीय वा कार्यालयस्तरमा समस्या समाधान हुन नसक्ने भएमा तत्काल मन्त्रालयको सम्बन्धित शाखा, महाशाखासँग सम्पर्क गरी निकास निकाल्ने ।

- कार्यक्रमहरू कार्यान्वयन गर्दा आर्थिक वर्ष २०८१/०८२को बजेट तथा कार्यक्रम खर्च गर्ने मार्गदर्शनलाई पूर्णरूपमा पालन गर्नुपर्नेछ ।

- कार्यक्रमहरू सञ्चालन गर्दा मितव्ययीता र उपलब्धिलाई विशेष ध्यान दिनुपर्नेछ ।

प्रदेश सचिव

मा. मन्त्री

- स्वीकृत दरवन्दी तथा बजेटको परिधिभित्र रहेर मात्र सेवा सुचारुलाई प्राथमिकता दिई सेवा करारका कर्मचारीको व्यवस्थापन गर्नुपर्नेछ ।

- सम्वन्धित कार्यालयहरूले वार्षिक कार्य योजना तयार पारी अनिवार्य रूपमा सामाजिक विकास मन्त्रालय तथा निर्देशनालयमा पठाउनु पर्नेछ ।

- कार्यक्रम सञ्चालनका लागि विनियोजित बजेट सम्वन्धमा यस दिग्दर्शनमा बाँडफाँटका आधार उल्लेख गरिएकोमा सोही बमोजिम तथा बाँडफाँटका आधार उल्लेख नगरिएकोमा कार्यक्रम तथा क्रियाकलापको उद्देश्य र अपेक्षित लक्ष्य अनुरूप हुने गरी आवश्यकता तथा विद्यमान नियमानुसार बजेटको बाँडफाँट गरी कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन गर्नुपर्नेछ ।

- स्थानीय तहहरूसँगको समन्वयमा सञ्चालन गर्नुपर्ने कार्यक्रम वा स्थानीय तहसँग प्रत्यक्ष सरोकार राख्ने कार्यक्रमहरूलाई प्राथमिकीकरण गरी योजनाबद्ध तथा समन्वयात्मक रूपमा सञ्चालन गर्नुपर्नेछ ।

- कार्यक्रम तथा सेवा प्रवाहवारेको विवरणका आधारमा कार्यक्रमहरूको नियमित रूपमा अनुगमन गरिने हुँदा प्रदेश तह अन्तर्गत प्रदान गरिने शिक्षा, सामाजिक सेवाको तथ्याङ्कीय विवरण अद्यावधिक गराउनु पर्नेछ ।

- कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि आवश्यकता अनुसार प्राविधिक सहयोग तथा सहजीकरणका लागि संघीय र प्रदेशका कार्यक्रमसँग सम्वन्धित महाशाखा एवं निर्देशनालयसँग समन्वय गर्न सकिनेछ । साथै प्रदेश स्तरबाट आवश्यकता अनुसार कार्यक्रमहरूको अनुगमन हुनेछ ।

- वैदेशिक सहायता समावेश भएको कार्यक्रमको हकमा आवश्यकता अनुसार सम्वन्धित निकायसँगको समन्वय तथा यस निर्देशिका बमोजिम कार्यक्रम सञ्चालन गरी तोकिए बमोजिमको ढाँचामा तोकिएको निकायमा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

- कार्यक्रम सम्पन्न भएपश्चात सामाजिक विकास मन्त्रालय एवं शिक्षा विकास निर्देशनालयमा उल्लिखित कार्यक्रम सम्बन्धी प्रतिवेदन पठाउनु पर्नेछ ।

- हरेक त्रैमासिक अवधि सम्पन्न भएको १ हप्ता भित्र त्रैमासिक प्रगति विवरण अनिवार्य रूपमा तोकिएको ढाँचा बमोजिम तयार पारी निर्देशनालय तथा मन्त्रालयमा पठाउनु पर्नेछ । यसरी प्रतिवेदन गर्दा प्रमुख तथा उल्लेख्य क्रियाकलापहरूको फोटो र भिडियो समेत पठाउनु पर्नेछ ।

प्रदेश सचिव मा. मन्त्री

चालूतर्फका क्रियाकलापहरु

क. सामाजिक विकास मन्त्रालय अन्तर्गतका क्रियाकलापहरु

१. क्रियाकलाप: अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रममा साझेदारी

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.१२.२० | २२५२२ | PLMBIS अनुसार | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | राष्ट्रिय जनगणना २०७८ का अनुसार नेपालको कुल जनसङ्ख्याको २.२ प्रतिशत र कर्णाली प्रदेशमा कुल जनसङ्ख्याको ३.३ प्रतिशत अपाङ्गता भएका व्यक्तिहरु रहेका छन। ती मध्ये अधिकाँश व्यक्तिहरु पुनर्स्थापना सेवाको पहुँच भन्दा बाहिर रहेकोले उक्त व्यक्तिहरुको समयमै पहिचान तथा कार्यगत सिमिततालाई न्यूनीकरण गरी सामाजिक जीवनमा अर्थपूर्ण सहभागिता गराउनको लागि पुनर्स्थापना सेवा प्रदायक संस्थासँगको साझेदारीमा सञ्चालन गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गरी पुनर्स्थापना सेवा मार्फत सक्रिय तथा समतामुलक सहभागितामा बृद्धि गर्ने। |
| अपेक्षित प्रतिफल | अपाङ्गता भएका व्यक्तिहरुको पहिचान भइ पुर्नस्थापना सेवाको माध्यमद्वारा दैनिक जीवन यापनमा सहजता आएको हुनेछ। |
| सञ्चालन प्रकृया | • पुनर्स्थापना सेवा प्रदायक साझेदार संस्थाको सहयोगमा अपाङ्गता भएका व्यक्तिहरुको प्रारम्भिक तथ्याङ्क संकलन गर्ने,<br>• जन/स्वास्थ्य सेवा कार्यालय तथा स्थानीय तहको समन्वयमा अपाङ्गताको शीघ्र पहिचान व्यवस्थापन तथा प्रेषण सम्बन्धी अभिमुखिकरण गर्ने तथा अन्य आवस्यक क्रियाकलाप कार्यक्रम सञ्चालन गर्ने,<br>• स्थानीय तहको समन्वयमा अपाङ्गता पहिचान तथा सहायक सामग्री सेवाको लागि क्याम्प सञ्चालन गर्ने, वा |

मा. मन्त्री

| | |
|---|---|
| | • कर्णाली प्रदेशको लागि सूचीकृत पुनर्स्थापना सेवा प्रदायक साझेदार संस्थाहरुको पहिचान गरी पुनर्स्थापना सेवा सञ्चालनका लागि द्वैपक्षीय करार सम्झौता गर्न सकिने,<br>• जिल्लास्थित अस्पतालहरुमा रहेका फिजियोथेरापि इकाइको सुदृढीकरण गर्ने,<br>• सहायक सामग्री आवश्यक भएका व्यक्तिहरुको तथ्याङ्क संकलन गरी सूची तयार गर्ने,<br>• <u>अपाङ्गता पहिचान भएका व्यक्तिहरुलाई सहायक सामग्री सेवा प्रदान गर्दा निम्न बमोजिमको चिकित्सकीय प्रक्रिया पालना गर्नुपर्नेछ:</u><br>  ○ सबै भन्दा पहिला संबन्धित स्वास्थ्यकर्मीद्वारा नापजाँच गर्ने,<br>  ○ नापजाँच अनुसार सहायक सामग्रीको आकार र प्रकार निर्क्योल गर्ने,<br>  ○ सोहि अनुसार सहायक सामग्रीको उत्पादन तथा खरिद गर्ने,<br>  ○ सहायक सामग्रीबाट आएको परिणामको अभिलेख गर्ने,<br>  ○ सेवाग्राहीलाइ सहायक सामग्रीको प्रयोग सम्बन्धी तालिम दिने,<br>  ○ सेवाग्राहीलाई फलोअप तथा सामान्य मर्मत संम्वन्धी जानकारी दिने,<br>• बजेटले पुगेमा स्थानीय तहका पदाधिकारीहरुलाई अपाङ्गताको पहिचान, व्यवस्थापन सम्बन्धी अभिमुखिकरण गर्ने,<br>• प्रादेशिक स्वास्थ्य पुनर्स्थापना रणनीति २०८० को कार्यान्वयनका लागि आवस्यक क्रियाकलाप सचालन गर्ने,<br>• कर्णाली प्रदेशको लागि सूचीकृत पुनर्स्थापना सेवा प्रदायक साझेदार सस्था पहिचान गरेर वा संघीय दिग्दर्शन बमोजिम सेवा करार सम्झौता गरी क्रियाकलाप सचालन गर्न सकिने छ। |
| बजेट बाँडफाँट | कर्णाली खर्च मापदण्ड २०७५ तथा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ |
| सन्दर्भ सामग्री | प्रादेशिक स्वास्थ्य पुनर्स्थापना रणनीति २०८०, पुनर्स्थापना तथा सहायक सामग्री प्रयोग सम्बन्धी विभिन्न शैक्षिक सामग्रीहरु। |
| अनुगमन सूचक | पहिचान भइ सम्झौता भएका साझेदार संस्थाहरु, सहायक सामग्री उत्पादन, खरिद, वितरण तथा प्रयोगकर्ताको विवरण, अभिमुखिकरण कार्यक्रम सञ्चालन भएका स्थानीय तहका पदाधिकारीहरुको संख्या। |



मा. मन्त्री

२. क्रियाकलाप: प्रकोप महामारी नियन्त्रणका लागि RRT कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७५२ | २२५२२ | PLMBIS अनुसार | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | जनस्वास्थ्य ऐन २०७५ तथा नियमावली २०७७, कर्णाली स्वास्थ्य सेवा ऐन २०७८ तथा नियमावली २०८० ले निर्दिष्ट गरे बमोजिम आपतकालीन अवस्थामा तत्काले द्रुत प्रतिकार्य समिति/टोली, आपतकालीन चिकित्सकीय समूह परिचालन गरी प्रकोपको प्रतिकार्य तथा अन्य व्यवस्थापन गर्नका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | स्वास्थ्य आपतकालीन अवस्थामा जोखिममा रहेका व्यक्तिहरुलाई जोखिम मुक्त गर्ने साथै अङ्गभङ्ग हुनबाट बचाउनका लागि तत्कालै आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्ने |
| अपेक्षित प्रतिफल | स्वास्थ्य आपतकालीन अवस्थामा जोखिममा रहेका व्यक्तिहरुले आकस्मिक स्वास्थ्य सेवा प्राप्त गरी जोखिममुक्त हुनेछन्। |
| सञ्चालन प्रकृया | • प्रादेशिक द्रुत प्रतिकार्य समिति/टोली तथा आपतकालीन चिकित्सकीय समूह गठन भएको सुनिश्चित गर्ने वा नभएमा गठन गर्ने,<br>• प्रादेशिक द्रुत प्रतिकार्य समिति/टोलीमा फिल्ड इपिडिमियोलोजी तालिम प्राप्त जनशक्तिलाई सहभागी गराई परिचालन गर्न सकिनेछ,<br>• प्रादेशिक द्रुत प्रतिकार्य समिति/टोलीको बैठक बस्ने,<br>• प्रदेश तहमा रहेका आकस्मिक स्वास्थ्यसँग सम्बन्धित समिति कार्यदल वा संघ तथा स्थानीय द्रुत प्रतिकार्य समितिसँग समन्वय गरी प्रदेशभित्र भएका बिभिन्न रोगको महामारीका अवस्थाका बारेमा समन्वय गर्ने,<br>• बहुप्रकोप योजनाको अध्यावधिक गर्ने तथा यसमा निर्धारण गरिएका पूर्व तैयारी र प्रतिकार्यसंग सम्बन्धित कृयाकलपहरु सञ्चाचालन गर्ने<br>• आकस्मिक स्वास्थ्य अवस्थाहरुको इपिडेमियोलोजिकल अध्ययन गर्ने तथा अभ्यास र |



प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | सिकाइहरुको अभिलेखिकरण गर्ने,<br>• विपद् तथा महामारीका लागि जोखिम मूल्याङ्कन गरी आवश्यक सूचना स्थानीय तथा संघीय तहमा संप्रेषण गर्ने,<br>• हब स्याटेलाइट अस्पतालको सजाल स्थापना गर्ने तथा अभिमुखिकरण र पुर्व अभ्यास ड्रिलहरु गर्ने अस्पताल पूर्वतयारीको लेखाजोखा गर्ने,<br>• महामारी र स्वास्थ्य आकस्मिक अवस्थाको लागी अवस्यक स्वास्थ्य तथा अन्य सामग्रीहरुको व्यवस्थापन गर्ने,<br>• द्रुत प्रतिकार्य टोलीको सुरक्षाका लागि सम्वन्धित निकायसँग समन्वय गर्ने,<br>• प्रादेशिक द्रुत प्रतिकार्यको समिति सायै टोलिको बैठक बसी महामारी व्यवस्थापनका योजना निर्माण गर्ने तथा आवश्यकता अनुसार चिकित्सक, स्वास्थ्यकर्मी सहितको द्रुत प्रतिकार्य टोली परिचालन गर्ने। |
| बजेट बाँडफाट | कर्णाली खर्च मापदण्ड २०७५ तथा द्रुत प्रतिकार्य टोली परिचालन सम्वन्धी निर्देशिका २०७९ बमोजिम बैठक भत्ता, यातायात, खाजा, दैनिक भ्रमणभत्ता, भ्रमण खर्च तथा अन्य प्रशासनिक खर्चका लागि बजेट बाँडफाँट गरी उपयोग गरिनेछ। |
| सन्दर्भ सामग्री | द्रुत प्रतिकार्य टोली तथा आपतकालीन चिकित्सकीय समूह परिचालन सम्वन्धी निर्देशिका २०७९, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त निर्देशन, प्रादेशिक मनसून प्रतिकार्य योजना २०८१ तथा कर्णाली खर्च मापदण्ड २०७५ तथा अन्य कानूनी दस्तावेजहरु। |
| अनुगमन सूचक | • प्रादेशिक द्रुत प्रतिकार्य समिति/टोली गठन तथा बैठक संख्या,<br>• द्रुत प्रतिकार्य टोली तथा आपतकालीन चिकित्सकीय समूह परिचालन भएको स्थान तथा संख्या, कार्यक्रम सम्पन्न प्रतिवेदन। |

३. क्रियाकलाप: आँखा स्वास्थ्यमा पेशागत जोखिम भएका-वोल्डिङ्ग, कृषि, रसायनयुक्त पेशामा आवद्ध पेशाकर्मीहरुको जोखिम न्यूनीकरणका लागि वहसपैरवी/सचेतनामूलक कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७५८ | २२५२२ | PLMBIS अनुसार | सामाजिक विकास | स्वीकृत कार्ययोजना अनुसार |



मा. मन्त्री

| | | | | |
|---|---|---|---|---|
| | | | मन्त्रालय | |

| | |
|---|---|
| परिचय | जनस्वास्थ्य सेवा नियमावली २०७७ ले आँखा स्वास्थ्य सेवालाई आधारभूत स्वास्थ्य सेवामा समेटेको छ। आँखा स्वास्थ्यको क्षेत्रमा सार्वजनिक तथा निजी साझेदारी र बहुक्षेत्रीय समन्वय तथा सहकार्यमा आँखा स्वास्थ्य सेवाको बिकास तथा बिस्तारले अन्धोपना न्यूनीकरणमा उल्लेखनीय सफलता हाँसिल भएको छ। विभिन्न औद्योगिक पेशाहरु क्रमश: वेल्डिङ्ग, कृषि तथा विभिन्न रसायन प्रयोगहुने पेशागत क्षेत्रमा संलग्न कामदार तथा व्यवसायीहरुको दृष्टि जोखिमलाई न्यूनीकरण गर्नका लागि पेशागत संगठन तथा व्यवसायी र स्वयं सेवाप्रदायकहरुको संलग्नतामा वहसपैरवी/सचेतना, आखा सुरक्षाका लागि बिभिन्न रोकथाममूलक क्रियाकलाप गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | वेल्डिङ्ग, कृषि, रसायनयुक्त पेशामा आवद्ध पेशाकर्मीहरुको जोखिम न्यूनीकरणका लागि वहसपैरवी/प्रतिकारात्मक र प्रवर्धनात्मक आँखा स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने। |
| अपेक्षित प्रतिफल | आँखा स्वास्थ्यमा पेशागत जोखिम भएका-वेल्डिङ्ग, कृषि, रसायनयुक्त पेशामा आवद्ध पेशाकर्मीहरुको जोखिम न्यूनीकरणका लागि बिभिन्न उपायहरुको अवलम्बन हुनेछ। |
| सञ्चालन प्रकृया | • व्यवसायिक पेशा जस्तै वेल्डिङ्ग, कृषि, रसायनयुक्त सामग्रीको प्रयोग गर्ने व्यवसायिक संस्थाहरुर आँखा स्वास्थ्यमा काम गर्ने विभिन्न संघसंस्थासंग को पहिचान गरी अभिलेख राख्ने,<br>• आँखा स्वास्थ्यको जोखिम न्यूनीकरणका लागि व्यवसायिक संघसंस्थाद्वारा भएका क्रियाकलाप वारे कार्ययोजना संकलन गर्ने,<br>• आँखा स्वास्थ्यको जोखिम न्यूनीकरणका लागि व्यवसायिक संघसंस्था, आँखा स्वास्थ्य सेवा प्रदायक तथा आँखा स्वास्थ्यको जोखिममा रहेका कामदार साथै सरोकारवालाहरुसँग अन्तर्किया कार्यक्रम सञ्चालनका लागी पूर्व तयारी बैठक सञ्चालन गर्ने<br>• आँखाको हेरचाह तथा सरसफाइ, नियमित परीक्षण तथा उपचारलगायत जोखिम न्यूनीकरणका लागि व्यवसायिक संस्था (वेल्डिङ्ग, कृषि, रसायनयुक्त सामग्रीको उत्पादन तथा प्रयोग लगायत सम्वन्धी), सेवा प्रदायक, आँखा स्वास्थ्यको जोखिममा रहेका कामदार लगायत सरोकारवालाको संलग्नतमा एक दिने प्रवर्धनात्मक/ सचेतनामूलक अन्तर्क्रिया बैठक, कार्यक्रम सञ्चालन गर्ने, |


मा. मन्त्री

| | |
|---|---|
| | • आँखा सम्बन्धी पेशागत जोखिम न्यूनीकरणका लागि सचेतनामूलक सामग्रीहरुको उत्पादन तथा वितरण गर्न सकिने, <br> • आँखा स्वास्थ्य सेवामा समतामूलक पहुँचका लागि पेशागत/व्यवसायिक संघसंस्थाहरुको निरन्तर अनुगमन तथा पृष्ठपोषण दिने। |
| बजेट बाँडफाटँ | कर्णाली खर्च मापदण्ड २०७५ अनुसार यातायात खर्च, बैठक भत्ता तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन का लागि बिभिन्न शीर्षकमा खर्चको बाँडफाँट गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, कर्णाली आँखा स्वास्थ्य रणनीति २०८०, पेशागत जोखिम सम्बन्धी बिभिन्न मापदण्ड तथा निर्देशिकाहरु। |
| अनुगमन सूचक | वेल्डिङ्ग, कृषि तथा रसायनयुक्त पेशागत व्यवसायीहरुको अभिलेख, बैठक संख्या, अन्तर्क्रिया कार्यक्रमका सहभागीहरुको संख्या, आँखा सम्बन्धी पेशागत जोखिम न्यूनीकरणका लागि सचेतनामूलक सामग्रीहरुको उत्पादन तथा वितरणको विवरण। |

४. क्रियाकलापः राष्ट्रिय/अन्तर्राष्ट्रिय/प्रादेशिक नीति, रणनीति लक्ष्यहरुको कार्यान्वयनको अनुगमन, समीक्षा/मूल्याङ्कन तथा सहकार्य

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७५९ | २२५२२ | PLMBIS अनुसार | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | राष्ट्रिय स्वास्थ्य नीति २०७६, जनस्वास्थ्य ऐन २०७५, नियमावली २०७७, पहुँच बाहिर रहेकाहरुलाई समेट्ने रणनीति २०७७, राष्ट्रिय स्वास्थ्य क्षेत्र रणनीति २०८० लगायत प्रदेशस्तरबाट तय गरिएका बिभिन्न ऐन, नीति, रणनीति, निर्देशिका तथा योजनाहरुको हालसम्मको कार्यान्वयनको अवस्थाको समीक्षा, मूल्याङ्कन गर्न कार्यन्वयनमा सहजीकरण गर्नका लागि कार्यक्रम राखिएको हो। |
| उद्देश्य | प्रदेशस्तरमा राष्ट्रिय/अन्तर्राष्ट्रिय/प्रादेशिक एन नियम नीति, रणनीति लक्ष्यहरुको कार्यान्वयनको अनुगमन, समीक्षा/मूल्याङ्कन सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने। |

मा. मन्त्री



प्रदेश सचिव

| | |
|---|---|
| अपेक्षित प्रतिफल | नीतिगत दस्तावेजहरुको सरोकारवालाहरुले जानकारी प्राप्त गरेका हुनेछन् र कार्यान्वयनका लागी प्रदेश तथा स्थानीय स्तरका प्रतिनिधिमूलक संस्थाका पदधिकारीहरुसँग छलफल कार्यक्रम सम्पन्न हुनेछ। |
| सञ्चालन प्रकृया | • संघीय तथा प्रादेशिकस्तरमा तैयारी भएका विभिन्न जनस्वास्थ्यसंग सम्बन्धित कानूनी तथा नीतिगत दस्तावेजहरुको कार्यान्वयनको अवस्थाबारे पक्षधरहरुको सहभागितामा एक दिने समीक्षा तथा मूल्याङ्कन कार्यशाला गोष्ठी आयोजना गरिनेछ,<br>• समीक्षा तथा मूल्याङ्कनबाट आएका सफलता, असफलता, पृष्ठपोषण र भावी योजनाको बारेमा अभिलेखीकरण गरिनेछ,<br>• जनस्वास्थ्यसंग सम्बन्धित कानूनी तथा नीतिगत दस्तावेजहरुको जानकारी दिन तथा कार्यान्वयनमा सहकार्य गर्न पृष्ठपोषण संकलन गर्न स्थानीय तथा जिल्लास्तरमा अन्तरकृया कार्यक्रम वा कार्यशाला गोष्ठी सञ्चालन<br>• कार्यक्रम सञ्चालन पूर्व केही स्थानीय तथा जिल्लास्तरीय स्वास्थ्य संस्थाहरुको छनौट गरिनेछ, नीतिगत दस्तावेजहरुको कार्यान्वयनका सबल, दूर्बल अवसर र चुनौतीका बारेमा विज्ञबाट कार्यपत्र प्रस्तुत गर्ने व्यवस्था गरिनेछ भने आवश्यकताका आधारमा परामर्श सेवा समेत लिन सकिनेछ,<br>• यस प्रदेशको लागी सरोकार राख्ने जनस्वास्थ्यसग सम्बन्धित कानूनी तथा नीतिगत प्रदेश राष्ट्रीय तथा अन्तराष्ट्रीय दस्तावेजहरु प्रकाशन अध्ययन अनुसन्धानहरु घोषणापत्रहरुको प्रकाशन पुन प्रकाशन छपाई गर्ने, संकलन गर्ने, उपलब्ध गराउन समन्वय गर्ने, श्रोत केन्द्र बनाउने, अनलाइन अर्काइभ गर्ने। |
| बजेट बाँडफाँट | कर्णाली खर्च मापदण्ड २०७५ अनुसार श्रोतकेन्द्र व्यबस्थापन गर्न डिजिटल अर्काईभका लागी सेमिनार कन्फेरेन्स व्यवस्थापन गर्न तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालनका का लागि विभिन्न शीर्षकमा खर्चको बाँडफाँट गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन। |

५. क्रियाकलाप: स्वास्थ्य संस्था, स्वास्थ्य सेवा, औषधीजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामग्रीको गुणस्तर, **Anti-Microbial Resistance** तथा मापदण्ड निर्धारण र अनुगमन नियमन

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७६० | २२५२२ | PLMBIS अनुसार | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | नेपाल सरकारले आधारभूत स्वास्थ्य सेवा केन्द्र देखि विशिष्टिकृत अस्पतालमा उपचारमा आउने बिरामीहरुको उपचारका लागि विभिन्न औषधिको सिफारिस गरेतापनि आम नागरीककमा नियमित औषधि सेवन नगर्ने, चिकित्सको सिफारिश बेगरका औषधि तथा विषादी प्रयोगकर्ताहरुको संख्या बढ्दै गएकाले यसको निगरानी गर्नका लागि औषधि लगायत सामग्रीहरुको गुणस्तर अनुगमन नियमनका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | स्वास्थ्य सेवामा प्रयोग भएका औषधीजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामग्रीको गुणस्तर, **Anti-Microbial Resistance** तथा मापदण्ड निर्धारण र अनुगमन नियमन गर्ने |
| अपेक्षित प्रतिफल | सेवा प्रदायकहरुलेऔषधीजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामग्रीको जथाभावी सिफारिशमा कमी आउनेछ भने सेवाग्राहीले जथाभावी औषधि प्रयोगमा न्यूनीकरण हुनेछ। |
| सञ्चालन प्रकृया | • परजैविक औषधिहरुको प्रयोगका बारेमा अनुगमन तथा नियमन गर्न प्रदेश स्तरमा स्वास्थ्य सेवा निर्देशनालयका निर्देशकको सयोजकत्वमा विज्ञ टोली गठन गरिनेछ,<br>• विज्ञ टोलीले सरकारी तथा निजी अस्पताल, स्थानीय स्वास्थ्य संस्था, औषधि पसल लगायत केही गम्भीर खालका बिरामीहरुले प्रयोग गरेको उपचारका बारेमा स्थलगत अनुगमन गर्नेछ<br>• अनुगमन पश्चात् प्रादेशिकरुपमा स्वास्थ्यका प्रादेशिक कार्यालयहरु, व्यवसायी, उपभोक्ता समूह तथा केही उपभोक्ताहरुको संलग्नतामा कार्यशाला गोष्ठी आयोजना गरिनेछ,<br>• गोष्ठीमा स्थलगत अनुगमनबाट प्राप्त निचोड तथा औषधिको जथाभावी प्रयोगका बारेमा सचेतना गराइनेछ, |



मा. मन्त्री

| | |
|---|---|
| | • प्रतिजैविक औषधिको प्रतिरोध सम्वन्धी सूचनामूलक सामग्रीहरुको उत्पादन, वितरण गरिनेछ। • प्रदेश अस्पताल तथा जनस्वास्थ्य प्रयोगशालाको प्रतिजैविक औषधिको प्रतिरोध निगरानी कार्यक्रमको समीक्षा तथा सहजीकरण गर्ने |
| बजेट बाँडफाटँ | अनुगमनका लागि आवश्यक दैनिक भ्रमण भत्ता, बैठक खर्च अन्तरक्रिया कार्यक्रमका लागि खर्च, यातायात, सूचनामूलक सामग्रीहरुको छपाई लगायत विविध खर्चका लागि बजेटको बाँडफाँट गरिनेछ। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, औषधि तथा खोपको आपतकालीन प्रयोग सम्वन्धी संहिता २०७७, औषधिको विशेष सिफारिश सम्वन्धी कार्यविधि २०७७। |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

६. क्रियाकलापः एकीकृत विशेषज्ञ स्वास्थ्य शिविर

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७६१ | २२५२२ | PLMBIS अनुसार | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | जनस्वास्थ्य सेवा नियमावली २०७७ मा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले घुम्ती शिविर मार्फत समेत विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराउन सक्ने भनि उल्लेख गरिएको छ। पहुँच बाहिर रहेका नागरीकहरुको रोगको निदान, उपचार, औषधि वितरण तथा रोकथामका उपायहरुका बारेमा समेत सचेतना फैलाउन विशेषज्ञ चिकित्सकहरुबाट नाक कान घाँटी, र आयुर्वेद उपचार सम्बन्धी विशेषज्ञ सेवा उपलब्ध गराउन यस किसिमको कार्यक्रम राखिएको हो। |
| उद्देश्य | स्वास्थ्य सेवाको पहुँच बाहिर रहेका नागरीकहरुको रोगको निदान, उपचार, औषधि वितरण तथा रोकथामका उपायहरुका बारेमा समेत सचेतना फैलाउने। |



प्रदेश सचिव

मा. मन्त्री

| | |
|---|---|
| अपेक्षित प्रतिफल | विशेषज्ञ स्वास्थ्य सेवाको पहुँच बाहिर रहेका नागरीकहरुको रोगको निदान, उपचार, औषधि वितरण तथा रोकथामका उपायहरुका बारेमा जानकारी प्राप्त गर्नेछन्। |
| सञ्चालन प्रकृया | • रोगको भार बढी, विशेषज्ञ स्वास्थ्य सेवाको पहुँच कम भएका स्थानको पहिचान गरी प्रदेश, जिल्ला तथा स्थानीय तहको समन्वयमा विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन गरिनेछ,<br>• एकीकृत स्वास्थ्य शिविरमा विशेषज्ञ स्वास्थ्य सेवा र आयुर्वेद सेवा एकीकृत रुपमा प्रदान गर्न सकिनेछ,<br>• शिविर सञ्चालनका लागि अन्य साझेदार संस्थाहरुसँग पनि समन्वय र सहकार्य गर्ने पहल गरिनेछ,<br>• शिविरमा निदान भएका बिरामीहरुको थप उपचार आवश्यक परेमा विशेषज्ञ अस्पताल वा विशिष्टिकृत अस्पतालमा समेत प्रेषण गरिनेछ,<br>• विशेषज्ञ स्वास्थ्य शिविर निःशुल्क हुनेछ,<br>• प्रचलित आर्थिक नियमानुसार यस शिविरसँग सम्बन्धित सेवा तथा सामग्री खरिद गर्न सकिनेछ र उपकरणको हकमा भाडामा लिनपनि सकिनेछ,<br>• नियमानुसार अनुसूची अनुसार हुने गरी दै.भ्र.भ.,सहजकर्ता भत्ता, खाजा, स्टेसनरी तथाविविध आदि,<br>• यातायात तथा ढुवानीका लागि गाडी भाडामा लिई परिचालन गरिनेछ,<br>• आवश्यकतानुसार औषधी तथा जनशक्ति र स्वास्थ्य सामग्री आदि,<br>• शिविरमा औषधिको माग अत्यधिक हुनसक्ने भएकाले आवश्यकताका आधारमा पर्याप्त औषधिको व्यवस्थापन गरिनेछ,<br>• शिविर सकेसम्म जिल्ला अस्पतालबाटै सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ,<br>• शिविरमा जनस्वास्थ्यका विभिन्न अभियानहरु सञ्चालन गरिनेछ,<br>• स्थानीय तहमा सञ्चालन हुने शिविर आवश्यकता आधारमा १देखि २ दिनसम्म सञ्चालन गरिनेछ,<br>• शिविरबाट प्रदान गरिएको सेवालाई HMIS प्रतिवेदन गरिनेछ। |
| खर्चको बाँडफाँट | कर्णाली खर्च मापदण्ड २०७५ बमोजिम शिविर सञ्चालनका प्रचलित मापदण्ड अनुसार |



मा. मन्त्री

| | |
|---|---|
| | पारिश्रमिक दैनिक भ्रमणभत्ता, यातायातको व्यवस्थापन, साथै निदान किटहरुको खरिद साथै औषधिको समेत व्यवस्थापन गरिनेछ। |
| सन्दर्भ सामग्री | जनस्वास्थ्य नियमावली २०७७, पहुँच बाहिर भएका नागरीकहरुलाई समेट्ने रणनीति २०७७, शिविर सञ्चालन सम्बन्धी निर्देशिका तथा कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन। |

७. क्रियाकलाप: स्वास्थ सम्बन्धी दिवसमा विभिन्न सचेतनामूलक कार्यक्रमको सञ्चालन तथा सन्दर्भ सामग्री निर्माण, छपाई तथा वितरण

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७६३ | २२५२२ | PLMBIS अनुसार | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रतिकारात्मक, प्रवर्धनात्मक साथै उपचारात्मक स्वास्थ्य सेवाको महत्वलाई बढावा दिन हरेक वर्ष विभिन्न दिवसहरु मनाउने गरिन्छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रियरुपमा मनाइने यी दिवसहरुले समकालीन स्वास्थ्यको अवस्था तथा ध्यानदिनुपर्ने विषयमा महत्वपूर्ण सन्देश दिने भएकाले नागरीकस्तरसम्म पुग्ने गरी स्वास्थ्य र सम्वृद्धिका लागि जनचेतना फैलाई स्वस्थ जीवनशैली मार्फत रोग लाग्नेदरमा कमी ल्याउनका लागि यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | सचेतनामूलक क्रियाकलाप मार्फत स्वस्थकर बानीव्यवहारमा परिवर्तन ल्याउनु। |
| अपेक्षित प्रतिफल | स्वस्थकर बानी व्यवहारमा परिवर्तन भइ रोग लाग्ने दरमा कमी आउनेछ। |
| सञ्चालन प्रकृया | • महत्वपूर्ण दिवसहरु मनाउनुपुर्व आवश्यकता अनुसार बैठक बसी सञ्चालन योजना बनाउनुपर्नेछ, <br>• स्वास्थ्यसम्बन्धी विभिन्न दिवसहरु (विश्व स्वास्थ्य दिवस, स्तनपान सप्ताह, आयोडिनमहिना, क्षयरोग दिवस, नर्सिङ दिवस, परिवार नियोजन दिवस, विश्व क्यान्सर दिवस, कुष्ठरोग दिवस, औलो दिवस, जनसंख्या दिवस, एड्स दिवस आदि। प्रभावकारी रुपमा मनाउन विभिन्न सचेतनामूलक सामग्रीहरुको उत्पादन, छपाई तथा वितरण गरिनेछ, |



मा. मन्त्री

| | |
|---|---|
| | • दिवसहरुमा स्वास्थ्य क्षेत्रमा कार्यरत विभिन्न सरकारी गैरसरकारी संस्थाहरुलाई सहभागी गराइनेछ. <br> • कार्यक्रमको महत्वका आधारमा सञ्चारकर्मी तथा अन्य सरोकारवालाहरुको उपस्थितिमा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिनेछ भने विद्युतीय सञ्चार मार्फत सन्देशमूलक सामग्रीको प्रकाशन तथा प्रसारण गरिनेछ। |
| बजेट बाँडफाँट | दिवस सञ्चालनका लागि स्वीकृत बजेटको परिधिभित्र रही आवश्यकताअनुसार बाँडफाँट गरी खर्च गर्न सकिनेछ. |
| सन्दर्भ सामग्री | स्वास्थ्य दिवससंग आदि पोस्टर, पम्पलेट, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नाराहरु, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

८. क्रियाकलाप: स्वास्थ्य सम्बन्धी नीति, रणनीति, कार्यक्रम तथा प्रगतिका बारेमा सरोकारवालाहरुसंग बहस/पैरवी, अन्तर्क्रिया कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७६४ | २२५२२ | PLMBIS अनुसार | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | राष्ट्रिय स्वास्थ्य नीति २०७६, कर्णाली स्वास्थ्य नीति २०७६, जनस्वास्थ्य ऐन २०७५, नियमावली २०७७, पहुँच बाहिर रहेकाहरुलाई समेट्ने रणनीति २०७७, राष्ट्रिय स्वास्थ्य क्षेत्र रणनीति २०८० लगायत प्रदेशस्तरबाट तय गरिएका विभिन्न ऐन, नीति, रणनीति, निर्देशिका, योजना, आदिले परिलक्षित गरेका उद्देश्य र उपलब्धीका बारेमा सरोकारवालाहरुलाई जानकारी गराउने्र कार्यन्वयनमा सहजीकरण गराउनर उनीहरुको भूमिका समेत वृद्धि गर्नका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | स्वास्थ्य सम्बन्धी नीति, रणनीति, ऐन/नियमावली साथै योजनाको प्रगतिका बारेमा सरोकारवालाहरुसंग बहस/पैरवी, अन्तर्क्रिया लगायतका कार्यक्रम सञ्चालन गर्ने। |

मा. मन्त्री

| | |
|---|---|
| अपेक्षित प्रतिफल | नीतिगत अन्तर्क्रियाले हालसम्मका उपलब्धी, सुधार गर्नुपर्ने पक्ष र भविष्यको योजना तय गर्नमा सहयोग गर्नेछन्। |
| सञ्चालन प्रकृया | • जनस्वास्थ्यसँग सम्बन्धित कानूनी तथा नीतिगत दस्तावेजहरुको जानकारी दिन तथा कार्यान्वयनमा सहकार्य गर्न पृष्ठपोषण संकलन गर्न स्थानीय तथा जिल्लास्तरमा अन्तरकृया, अनुगमन, र कार्यशाला गोष्ठी सञ्चालन गरिनेछ,<br>• नीति, रणनीति, ऐन/नियमावली साथै योजनाको प्रगतिका बारेमा प्रदेशस्तरमा कार्यशाला गोष्ठी सञ्चालन गर्ने,<br>• यस प्रदेशको लागि सरोकार राख्ने जनस्वास्थ्यसँग सम्बन्धित कानूनी तथा नीतिगत प्रदेश राष्ट्रिय तथा अन्तराष्ट्रिय दस्तावेजहरु, प्रकाशनहरु अध्ययन अनुसन्धानहरु घोषणापत्रहरुको प्रकाशन पुनः प्रकाशन छपाई गर्ने सकलन गर्ने उपलब्ध गराउन समन्वय गर्ने श्रोत केन्द्र बनाउने अनलाइन अर्काइभ वा विगतमा भएका अध्ययन अनुसन्धानका दस्तावेजहरु विधुतीय रुपमा संकलन गर्ने,<br>• Result Framework का आधारमा प्रदेशको अनुगमन तथा मूल्याङ्कन खाका तयार गर्ने तथा आवश्यकताका आधारमा परामर्श सेवा समेत लिन सकिनेछ। |
| बजेट बाँडफाट | कर्णाली खर्च मापदण्ड २०७५ अनुसार यातायात खर्च तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन का लागि विभिन्न शीर्षकमा खर्चको बाँडफाँट गर्ने। |
| सन्दर्भ सामग्री | दीगो बिकास लक्ष्य २०३०, कर्णाली स्वास्थ्य नीति २०७६, पहुँचबाहिर रहेका नागरीकलाई समेटने रणनीति २०७७ तथा समकालीन नीति, रणनीति तथा निर्देशिकाहरु, कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन। |

९. क्रियाकलापः प्रादेशिकस्तरमा तयार भइ कार्यान्वयनमा रहेका पहुँच बाहिर रहेका नागरीकलाई समेटने रणनीति, आँखा स्वास्थ्य, पुनर्स्थापना तथा मानसिक स्वास्थ्य सम्बन्धी रणनीतिक कार्ययोजनाको अनुगमन, मूल्याङकन तथा कार्यान्वयनका लागि सहकार्य

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| | | | | |

मा. मन्त्री

| | | | | |
|---|---|---|---|---|
| २.७.२२.१७६५ | २२५२२ | PLMBIS अनुसार | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेश स्वास्थ्य नीति २०७६ ले गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच तथा यसको उपभोगलाई सुनिश्चित गर्न समतामूलक एवं जवाफदेही स्वास्थ्य प्रणालीकोलक्ष्य राखेको सन्दर्भमा पहुँचबाहिर रहेका नागरीकलाई समेटने रणनीति २०७७ कार्यान्वयनमा रहेकाले हालसम्मको प्रगति र पछिल्लो समय आँखा, स्वास्थ्य पुनर्स्थापना तथा मानसिक तथा मनोसामाजिक स्वास्थ्य रणनीतिको हालसम्मको प्रगतिको अनुगमन तथा मूल्याङ्कन गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | प्रादेशिकस्तरमा कार्यान्वयनमा रहेका पहुँच बाहिर रहेका नागरीकलाई समेटने रणनीति, आँखा स्वास्थ्य, पुनर्स्थापना तथा मानसिक स्वास्थ्य सम्बन्धी रणनीतिक कार्ययोजनाको अनुगमन, मूल्याङकन तथा कार्यान्वयनका लागि सहकार्य गर्न। |
| अपेक्षित प्रतिफल | कार्यान्वयनमा रहेका पहुँच बाहिर रहेका नागरीकलाई समेटने रणनीति, आँखा स्वास्थ्य, पुनर्स्थापना तथा मानसिक स्वास्थ्य सम्बन्धी रणनीतिक कार्ययोजनाको सबल, दूर्बल र सुधारका पक्षको पक्षको पहिचान हुनेछ। |
| सञ्चालन प्रकृया | • रणनितिहरुको रिजल्ट फ्रेम अनुसार सूचक मापनका लागी कार्यदल वा परामर्शकर्ताको व्यवस्था गर्ने<br>• विभिन्न निकाए वा अनुसन्धानकर्तालि गरेका सर्वेक्षण अध्ययन अनुसन्धान प्रतिवेदन आधार मान्ने वा नया सर्वेक्षण अध्यन गर्ने विभिन्न निकाय कार्यालय व्यक्तिका अनुगमन मुल्याकन प्रतिवेदनलाई आधार मान्ने जस्ता विभिन्न टुल्सहरु प्रयोग गरी उपलब्धिको मापन र थप परिमार्जनको सिफारिस गरिनेछ,<br>• तथ्याङ्कको विश्लेषण गरी प्रदेशस्तरमा सामाजिक विकास मन्त्रालय, अन्य मन्त्रालय र विकास साझेदारहरुसँगको सहकार्यमा प्रत्येक रणनीतिको लागि एकदेखि दुई दिने कार्यशाला गोष्ठी सञ्चालन हुनेछ,<br>• गोष्ठीमा सेवाग्राही, सेवा प्रदायक, सरोकारवाला तथा साझेदार निकायहरु संस्थाहरु, नीति |


मा. मन्त्री

| | |
|---|---|
| | निर्माणकर्ताहरु र विज्ञहरुको सहभागिता हुनेछ<br>• गोष्ठीमा बिभिन्न कार्यपत्र प्रस्तुत गरिनेछ र कार्यपत्र माथि टिप्पणी समेत गरिनेछ.<br>• गोष्ठीवाट बार्षिक रुपमा सचालन गर्नुपर्ने क्रियाकलापहरुको प्रथामिकता निर्धारण गर्ने खर्च अनुमान गर्ने तथा श्रोत व्यवस्थापनको लेखाजाखा गरिने छ। विभिन्न निकाय तथा साझेदार सस्थाहरुले सम्पन्न गर्ने क्रियाकलापहरुको बाडफाट गरिने छ। यसको अन्तिम प्रतिवेदन प्रदेश योजना आयोग र मुख्यमत्री तथा मत्रिपरिषदको कार्यालयमा समेत पेश गरिने छ.<br>• गोष्ठीमा रणनीति कार्यन्वयनका लागी विभिन्न घोषणापत्रहरु सार्वजनिक गर्न सकिने छ.<br>• गोष्टीको संयोजन सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेशले गर्नेछ। |
| बजेट बाँडफाटँ | कर्णाली खर्च मापदण्ड २०७५ अनुसार यातायात खर्च, भ्रमण भत्ता, भ्रमण खर्च, तथा अन्तर्किया कार्यक्रम सञ्चालन का लागि विभिन्न शीर्षकमा खर्चको बाँडफाँट गर्ने। |
| सन्दर्भ सामग्री | दीगो विकास लक्ष्य २०३०, कर्णाली स्वास्थ्य नीति २०७६, पहुँचबाहिर रहेका नागरीकलाई समेटने रणनीति २०७७ तथा समकालीन नीति, रणनीति तथा निर्देशिकाहरु, कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिबेदन। |

१०. क्रियाकलापः मानसिक स्वास्थ्य सम्बन्धी रणनीति कार्ययोजना कार्यान्वयन

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७६६ | २२५२२ | PLMBIS अनुसार | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | जनस्वास्थ्य सेवा ऐन २०७५,राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजना २०७७ को लक्ष्य अनुसार नागरीकको मौलिक हकको रूपमा संविधान प्रदत्त स्वास्थ्य सेवाअन्तर्गत मानसिक स्वास्थ्य सेबामा सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्न न्यायसङ्गत |

| | |
|---|---|
| | एवं जवाफदेही ढङ्गले मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवालाई प्राथमिक स्वास्थ्य सेवा प्रणालीमा एकीकृत गरी समयसापेक्ष विशिष्टिकृत मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवा अविच्छिन्न रुपमा उपलब्धगराइ मानसिक स्वास्थ्य समस्याको रोकथाम उपचार र पुनर्स्थापना गर्ने अभिप्रायले यस किसिमको कार्यक्रम राखिएको हो। |
| उद्देश्य | सर्वव्यापी मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवाको पहुँच सबै वर्गमा सरल, सुलभ र तरीकाले उपलब्ध गराउने। |
| अपेक्षित प्रतिफल | • सबै वर्गमा गुणस्तरीय सरल, सुलभ र सहज पहुँच सहितको मानसिक स्वास्थ्य सेवा विस्तार र सेवा प्रदायकहरुको क्षमतामा अभिवृद्धि हुनेछ<br>• मनोसामाजिक सेवालाई सम्मानजनक तथा सेवाग्राहीमैत्री हुनेछ,<br>• मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवालाई दिगो एवं निरन्तरताका लागि आन्तरिक तथा वाह्य श्रोतको पहिचान गरी प्रभावकारी रुपमा परिचालन गरिनेछ। |
| सञ्चालन प्रकृया | • मानसिक स्वास्थ्य सेवाको पहुँच कम भएका जिल्ला, स्थानीय तह तथा स्वास्थ्य संस्थाहरुको छनोट गरिनेछ,<br>• मानसिक स्वास्थ्य सेवाको पहुँच कम भएका स्थानमा कार्यरत विद्यमान स्वास्थ्य जनशक्तिको क्षमताका बारेमा पहिचान गर्ने,<br>• पहिचान भएका स्थानमा मानसिक स्वास्थ्यसंग सम्बन्धित कार्यक्रम सञ्चालन गर्न योजना तयार गर्ने,<br>• स्वास्थ्यकर्मीहरुको क्षमता विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्न स्वीकृत कार्यक्रम र बजेटको परिधिभित्र रही राष्ट्रिय तालिम केन्द्रले तोकेको **MHGAP** मोड्यूल १, २A र २B प्रयोग गरी चिकित्सक, नर्सिङ तथा प्यारामेडिक, आयुर्वेद स्वास्थ्यकर्मी हरुलाई तालिम सञ्चालन गर्ने,<br>• मानसिक स्वास्थ्यका बारेमा स्थानीय तहका पदाधिकारी तथा स्वास्थ्यकर्मीहरु बीच सिकाइको आदान प्रदान तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,<br>• मानसिक स्वास्थ्यमा कार्यरत विभिन्न सरोकारवाला निकायसँग समन्वय, सहकार्य तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्ने, |



मा. मन्त्री

| | |
|---|---|
| | • मानसिक स्वास्थ्य टोल फ्रि वा हटलाइन प्रयोगको निरन्तर अनुगमन तथा सुपरवेक्षण गरिनेछ,<br>• मानसिक स्वास्थ्य तथा परामर्शका विभिन्न सूचनामूलक सामग्रीको विकास तथा उत्पादन गरी पहुँच कम भएका स्थान मा प्रचार प्रसार गरिनेछ,<br>• मानसिक तथा मनोसामाजिक स्वास्थ्य रणनीतिले प्रक्षेपण गरेका विभिन्न क्रियाकलापहरु सञ्चालनका लागि उल्लेखित कार्यक्रम सञ्चालन गर्दा बजेटको विनियोजन गरी कार्यालय प्रमुखबाट स्वीकृत गराउनुपर्नेछ। |
| बजेट बाँडफाटँ | कर्णाली खर्च मापदण्ड २०७५ अनुसार बजेटको परिधिभित्र रही कार्यक्रमको तय गर्ने र प्रचलित आर्थिक ऐन/नियमानुसार तोकिएका कार्यक्रममा खर्च गर्ने। |
| सन्दर्भ सामग्री | राष्ट्रिय/प्रादेशिक मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीतिक कार्ययोजना २०७९ कर्णाली खर्च मापदण्ड २०७५, मानसिक स्वास्थ्य सम्वन्धी आधारभूत तालिम पुस्तिका, विभिन्न समयमा प्रकाशित सूचना, सञ्चार तथा परामर्श सम्बन्धी सामग्रीहरु, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु। |
| अनुगमन सूचक | तालिम तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न प्रतिवेदन |

११. क्रियाकलापः बालबालिका तथा किशोर किशोरी मानसिक स्वास्थ्य कार्यक्रममा एकिकृत अनुगमन तथा सुपरिवेक्षण

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षकः | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८१६ | २२५२२ | PLMBIS अनुसार | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | बालबालिका र किशोरकिशोरीहरुको मानसिक स्वास्थ्य समस्याको रोकथाम, नियन्त्रण तथा उपचार सम्वन्धी विभिन्न कार्यक्रम तथा गतिविधिहरु सञ्चालन भइरहेको हुँदा उक्त क्रियाकलापहरुको अनुगमन तथा सुपेरिवेक्षणका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | बालबालिका तथा किशोरकिशोरी मानसिक स्वास्थ्य सम्वन्धी भए गरेका गतिविधिहरुको |



प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | एकीकृत अनुगमन तथा सुपेरिवेक्षण गर्न |
| अपेक्षित प्रतिफल | बालबालिका तथा किशोरकिशोरी मानसिक स्वास्थ्य सम्बन्धी सञ्चालन भएका गतिविधिहरुको अनुगमन तथा सुपेरिवेक्षण भएको हुने। |
| सञ्चालन प्रकृया | प्रदेशमा सञ्चालन हुने बालबालिका तथा मानसिक किशोर किशोरी मानसिक स्वास्थ्य कार्यक्रमको मन्त्रालयका विभिन्न महाशाखा, स्वास्थ्य सेवा निर्देशनाल, प्रदेश आपूर्ति व्यवस्थापन केन्द्र लगायतका कार्यालयहरुबाट संयुक्तरुपमा अनुगमन गर्नुपर्नेछ। |
| बजेट बाँडफाँट | युनिसेफ नेपालबाट विनियोजित रकम माग गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। अनुगमन तथा सुपेरिवेक्षणका लागि आवश्यक दै.भ्र.भत्ता, प्रचलित कानून बमोजिम गाडि भाडा, इन्धन समेतका लागि। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु। |
| अनुगमन सूचक | बिल, भर्पाई, कार्यक्रम सम्पन्न प्रतिवेदन तथा अन्य कागजातहरु। |

## १२. क्रियाकलाप: नागरीक स्वास्थ्य परीक्षण

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८१२ | २२५२२ | PLMBIS अनुसार | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | नसर्ने रोग र तिनका जोखिमहरुको समयमा नै पहिचान गरी उचित रोकथाम, उपचार तथा परामर्श दिने र आवश्यकता आधारमा प्रेषण समेत गर्ने अभिप्रायले नसर्ने रोगको जोखिमलाई कम गर्न उच्च प्राथमिकताका साथ चालु आ.व. को नीति तथा कार्यक्रममा समेत प्राथमिकताका साथ उल्लेख गरिएकाले नागरीकको स्वास्थ्य परीक्षणलाई निरन्तरता दिन यो कार्यक्रम राखेको हो। |
| उद्देश्य | नसर्ने रोगको समयमा नै पहिचान, रोकथाम उपचार र त्यसबाट हुने जटिलतालाई न्यूनीकरण गर्न स्वास्थ्य परीक्षण गर्ने र आवश्यकता अनुसार प्रेषणको व्यवस्था मिलाउने र |

मा. मन्त्री

| | |
|---|---|
| | नसर्ने रोग रोकथाम सम्बन्धी समुदायस्तरमा चेतना अभिवृद्धि गरी रोगको जोखिम न्यूनीकरण गर्ने। |
| अपेक्षित प्रतिफल | नसर्ने रोगको समयमा नै पहिचान, रोकथाम उपचार गरी त्यसबाट हुने जटिलतालाई न्यूनीकरण गर्न सम्भव हुनेछ। |
| सञ्चालन प्रकृया | • चिकित्सकबाट बिरामीको नसर्ने रोग सम्बन्धी जानकारी र शारिरीक जाच गरिनेछ,<br>• प्रयोगशाला परीक्षणको गुणस्तरीयताको व्यवस्थापन प्रदेश जनस्वास्थ्य प्रयोगशालाले गर्नेछ.<br>• विपदको समयमा विशेष नागरीक स्वास्थ्य परीक्षण कार्यक्रम कार्ययोजना बनाई सञ्चालन गर्न सकिनेछ,<br>• स्वास्थ्य परीक्षणका लागि आवश्यकता अनुसार मन्त्रालय मातहतका प्रयोगशालाहरुको सुदृढीकरण समेत गर्न सकिनेछ,<br>• आवश्यकता अनुसार प्रदेशमा सञ्चालन हुने आँख तथा मुख स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु समेत सञ्चालन गर्न सकिनेछ।<br>• नागरीक स्वास्थ्य परीक्षण सम्बन्धी अन्य व्यवस्था पछिल्लो *कार्य सञ्चालन निर्देशिकाले* तोके बमोजिम हुनेछ.<br>• कार्यक्रमको प्रतिवेदन अनिवार्य HMIS मार्फत गर्नुपर्नेछ। |
| बजेट बाँडफाँट | बजेटको परिधिभित्र रही कार्यक्रमको तय गर्ने र प्रचलित आर्थिक ऐन/नियमानुसार तोकिएका सामग्रीको खरिद, चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको परिचालन गर्न कार्यक्रममा खर्च गर्ने। |
| सन्दर्भ सामग्री | नसर्ने रोगको पहिचान सम्बन्धी कार्यक्रम सञ्चालन निर्देशिका २०८१, कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन। |

१३. क्रियाकलाप: ई- हेल्थ (टेलिमेडिसिन, EHR/EMR, e-HMIS)

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|



प्रदेश ... मा. मन्त्री

| | | | | |
|---|---|---|---|---|
| २.७.२२.१८१३ | २२५२२ | PLMBIS अनुसार | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | इ-हेल्थ मार्गदर्शन २०१९ को लक्ष्यले स्वास्थ्य सेवा, स्वास्थ्य सुशासन तथा व्यवस्थापनमा यसको प्रचुर सम्भावनालाई उजागर गरेको विद्युतीय सूचना प्रणाली स्वास्थ्यका सेवाग्राही, स्वास्थ्यकर्मी, जनस्वास्थ्यकर्मी र निर्णायक तहमा समेत उपयोगी देखिएको छ। e-Health को स्तरोन्नति, विस्तार गरी विद्युतीय स्वास्थ्य अभिलेख, सूचना प्रणालीको सुदृढीकरण र दूर चिकित्सा सेवामा प्रयोग गर्न र एकापसमा Interoperable गराउनका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | टेलिमेडिसिन, EHR/EMR, e-HMIS को सुदृढीकरण र विस्तार गरी प्रभावकारी योजना स्वास्थ्य सुशासन, व्यवस्थापन र तथ्यमा आधारित निर्णय गर्न। |
| अपेक्षित प्रतिफल | • गम्भीर प्रकारका रोगहरूको समयमा नै निदान तथा उपचार हुने।<br>• स्वास्थ्य सेवाको तथा स्वास्थ्य सूचना प्रणालीको गुणस्तर अभिवृद्दि हुने र डिजिटलाईजेशन हुने<br>• स्वास्थ्यकर्मीको क्षमतामा अभिवृद्धि<br>• सामाजिक तथा आर्थिक रूपमा विपन्न तथा सिमान्तकृत समुदायले स्थानीय तहमा नै गुणस्तरीय स्वास्थ्य सेवाको पहुच वृद्धि गर्ने तथा अनुगमन भेट सहज गर्ने प्राप्त गर्ने। |
| सञ्चालन प्रकृया | • विद्युतीय स्वास्थ्य अभिलेख मार्फत सेवाग्राहीहरुको Real Time अभिलेख राखिनेछ,<br>• जनस्वास्थ्य महामारी तथा आकस्मिक स्वास्थ्यका प्रगति विद्युतीय सूचना प्रणालीमा प्रविष्ट गरिनेछ,<br>• EHR र दूर चिकित्सा सेवालाई एकापसमा अन्तरआबद्ध गराइनेछ,<br>• अनुगमन, समन्वयात्क क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ,<br>• सामाजिक विकास मन्त्रालयबाट पछिल्लो स्वीकृत विद्युतीय सूचना अभिलेख तथा दूर चिकित्सा निर्देशिका अनुसार सञ्चालन हुनेछ। |
| बजेट बाँडफाँट | कर्णाली खर्च मापदण्ड २०७५ तथा प्रचलित नियम अनुसार जनशक्ति, पूर्वाधार तथा |



मा. मन्त्री

| | |
|---|---|
| | तालिमका लागि खर्चको बाँडफाँट गर्ने |
| सन्दर्भ सामग्री | दूर चिकित्सा तथा विद्युतीय स्वास्थ्य सेवा कार्यक्रम सम्बन्धी निर्देशिका २०८०, |
| अनुगमन सूचक | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु। कर्णाली खर्च मापदण्ड २०७५ |

१४. क्रियाकलापः स्वास्थ्य सम्बन्धी क्रियाकलापहरूको (खोप, महामारी, प्रकोप, सुरक्षित मातृत्व, पोषण, बालरोग, औंलो, कीटजन्य, जनसङ्ख्या, क्षयरोग, एचआइभी, कुष्ठरोग, श्वास, सामुदायिक इकाइ, बर्थिङ सेन्टर, प्रयोगशाला तथा बजेट कार्यान्वयन) एकीकृत सुपरीवेक्षण अनुगमन र मुल्याङ्कन

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२२ | २२५२२ | PLMBIS अनुसार | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | स्वास्थ्य क्षेत्रका प्राथमिकता प्राप्त कार्यक्रमहरु खोप, महामारी, प्रकोप, सुरक्षित मातृत्व, पोषण, बालरोग, औंलो, कीटजन्य, जनसङ्ख्या, क्षयरोग, एचआइभी, कुष्ठरोग, आदि कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न सहयोगात्मक सुपरीवेक्षण मार्फत कार्यस्थल अनुशिक्षण,अनुगमन तथा मूल्याङ्कक गर्न आवश्यक भएकोले यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | आधारभूत स्वास्थ्य सेवा तथा प्रदेश सरकारबाट सञ्चालित विशेषज्ञ र आकस्मिक स्वास्थ्य सेवा कार्यक्रमको निरन्तर अनुगमन, स्थलगत अनुशिक्षण तथा मूल्याङ्कन गरी समयमै सुधारका लागि पहल गर्ने। |
| अपेक्षित प्रतिफल | आधारभूत, विशेषज्ञ तथा आकस्मिक स्वास्थ्य कार्यक्रमहरू प्रभावकारीरूपमा कार्यान्वयन भई सेवाको गुणस्तरीय पहुँचमा सुधार हुनेछ। |
| सञ्चालन प्रकृया | • अनुगमन र अनुशिक्षणका लागि आ.व. २०८१/८२ मा सञ्चालन हुने कार्यक्रमहरुको बार्षिक क्यालेण्डर बनाइनेछ, <br> • क्यालेण्डर अनुसार एकीकृत सुपरिवेक्षण तालिका बनाइ प्राथमिकता प्राप्त कार्यक्रमहरुको अनुगमन, सुपरिवेक्षण तथा कार्यस्थल अनुशिक्षण गरिनेछ, |



मा. मन्त्री

| | |
|---|---|
| | • संयुक्त अनुगमन टोलीमा प्रदेश/जिल्ला र सम्भव भएसम्म स्थानीय तहबाट पनि सहभागिता रहने व्यवस्था मिलाइनेछ, <br>• प्रत्येक पटक अनुगमन/अनुशिक्षण गर्दा तोकिएको चेकलिष्ट प्रयोग गरी फोटोहरु सहितको संक्षिप्त प्रतिवेदन स्वास्थ्य महाशाखा पेश गर्नुपर्नेछ, <br>• पानीजन्य रोगहरुको महामारी हुन नदिन पानीको निरन्तर गुणस्तर सर्भिलेन्स गर्ने, <br>• अनुगमन/मूल्याङ्कन गरीसकेपछि फिल्डमा देखिएका सबल, सुधार गर्नुपर्ने पक्षहरु, अवसर र चुनौतिका बारेमा मन्त्रालयमा Debriefing गर्नुपर्नेछ, <br>• सुधार गर्नुपर्ने विषयहरूमा सम्बन्धित सरोकारवालाहरुसँग समन्वय गरी लागत सहितको कार्ययोजना बनाइनेछ, <br>• कार्ययोजनाका बारेमा प्रादेशिक कार्यालय तथा विकास साझेदारहरुसँग पनि छलफल गोष्ठी गरिनेछ र त्यसलाई प्राथमिकिकरण गरिनेछ, <br>• अनुगमन तथा मूल्याङ्कन एक निरन्तर प्रक्रिया भएकाले प्रगतिका बारेमा निश्चित समय अन्तरमा फलोअप गरिनेछ। |
| बजेट बाँडफाँट | स्वीकृत बजेटको परिधिभित्र रही आवश्यकता अनुसार बजेटको बाँडफाँट गरी प्रचलित आर्थिक ऐन/नियमानुसार गर्नुपर्नेछ। |
| सन्दर्भ सामग्री | कानून तथा खर्च सम्बन्धी मापदण्डहरु सम्बन्धित चेकलिष्टहरू, प्रचलित, प्रदेशमा स्वास्थ्य कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन निर्देशिका २०८०, कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | बैठकका निर्णयहरू, अनुगमन सुपरिवेक्षण प्रतिवेदन, योजना निर्माण तथा फलोअप प्रतिवेदन। |

## १५. क्रियाकलाप: आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा तथा सूचना सम्बन्धी मापदण्ड तयारी तथा गुणस्तर नियमन

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.७९३ | २२५२२ | PLMBIS अनुसार | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |



मा. मन्त्री

| | |
|---|---|
| परिचय | आयुर्वेद तथा वैकल्पिक चिकित्साको उपचार पद्धतिलाई थप व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्नगुणस्तरीय, विश्वसनीय भरपर्दो प्रणाली स्थापना गरी आयुर्वेद सेवाको विश्वसनीयतामा प्रवर्द्धन गर्नका लागि आवश्यक सूचनामूलक समाग्रीको उत्पादन, अनुगमन, क्लिनिकल मापदण्ड, निर्देशिका तयार गर्नका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | आयुर्वेद तथा वैकल्पिक चिकित्सा प्रणालीलाई व्यवस्थित गरी हाम्रो मौलिक उपचार पद्धतिको प्रवर्धन गर्ने। |
| अपेक्षित प्रतिफल | सर्वसाधरणमा आयुर्वेद सेवा व्यवस्थित रूपमा संचालन भएको हुनेछ। |
| सञ्चालन प्रकृया | • आयुर्वेद तथा बैकल्पिक चिकित्सा प्रणालीलाई थप व्यवस्थित गर्न न्यूनतम सेवा मापदण्डले तोके बमोजिम आयुर्वेद कार्यालयहरूको सुदृढीकरणका लागि आवश्यक पर्ने अनुगमन चेकलिष्ट, क्लिनिकल मापदण्ड, म्यानुयल तथा निर्देशिका तयार गर्ने,<br>• प्रदेशमा आयुर्वेद जडिबुटीहरूको प्रशोधन, औषधि उत्पादनको गुणस्तरतालाई नियमन गर्ने,<br>• आवश्यक आयुर्वेद सम्बन्धि मापदण्ड, म्यानुयल तथा निर्देशिका तयार गरी छलफल र पृष्ठपोषणका लागि गोष्ठी सञ्चालन गर्ने। |
| बजेट बाँडफाँट | स्वीकृत बजेटको परिधिभित्र रही आवश्यकता अनुसार बाँडफाँट गरी यस प्रयोजनका लागि गोष्ठी सञ्चालन खर्च, विशेषज्ञको खर्च, प्रिन्टीङ लगाएतका शिर्षकमा आवश्यकता अनुसार बाँडफाँट गरी सञ्चालन गर्ने। |
| सन्दर्भ सामग्री | आयुर्वेद तथा बैकल्पिक चिकित्सा सम्बन्धी न्यूनतम सेवा मापदण्ड, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु। |
| अनुगमन सूचक | सहभागीको विवरण, बैठकका निर्णयहरू, अनुगमन चेकलिष्ट, दस्तावेजहरू। |

## १६. क्रियाकलापः वार्षिक कार्यक्रम सञ्चालन निर्देशिका तयारी तथा छपाई

| क्रियालाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२५.४७३ | २२५२२ | PLMBIS अनुसार | सामाजिक विकास | स्वीकृत कार्ययोजना |



मा. मन्त्री

| | | | | |
|---|---|---|---|---|
| | | | मन्त्रालय | अनुसार |

| | |
|---|---|
| परिचय | मन्त्रालयले प्रकाशित गरेका रणनिति/निर्देशिका/मापदण्ड/फरमेटहरुको छपाइ गरी प्रकाशित सामग्रीहरुको बारेमा सरोकारवालाहरुलाई जानकारी दिंदा कार्यक्रमप्रति सरोकारवालाहरुको अभिरुचि बढ्ने गर्दछ। ती उत्पादित सामग्रीहरू लक्षित सरोकारवाला र सेवाग्राहीसम्म वितरण गरिने हुँदा त्यसको तयारी तथाछपाइका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | मन्त्रालयले तयार गरेका नीति, नियम, निर्देशिका, पार्श्वचित्र, कर्मचारीहरुको विस्तृत कार्यविवरण, मापदण्डको बिकास, परिमार्जन, छपाइ, वितरण तथा अभिमुखिकरण गर्नु। |
| अपेक्षित प्रतिफल | मन्त्रालयले तयार गरेका नीति, नियम, निर्देशिका, पार्श्वचित्र, मापदण्डले दैनिक कामकाजमा सहजीकरण गर्नेछ।<br>सरोकारवालाहरुले जानकारी प्राप्त गरी बजेट तथा कार्यक्रमको बिकास गर्दा प्रयोग गर्नेछन्। |
| सञ्चालन प्रकृया | • सामाजिक बिकास मन्त्रालयमा नीति, रणनीति, मापदण्ड, निर्देशिका, तयार तथा संशोधनका लागि गठित प्राविधिक कार्य समूहले कार्य गर्नेछ,<br>• प्राविधिक कार्यसमूहले आवश्यकता अनुसार रणनीति, मापदण्ड, निर्देशिका, तयार तथा संशोधनका लागि कार्य गर्नेछ<br>• अन्तर्क्रिया, अनुगमन तथा मुल्यांकनका आधारमा आवश्यकता अनुसार नीतिगत सामग्रीहरुको बिकास तथा संशोधन गर्नेछ,<br>• प्राविधिक कार्यसमूहले तयार गरी मन्त्रालयबाट स्वीकृत भइसकेपछि ती सामग्रीहरूलाई प्रचलित आर्थिक ऐन नियम बमोजिम उत्पादन तथा छपाइ कार्य गरिनेछ,<br>• प्रकाशित गरिएका सामग्रीहरू आवश्यकता र महत्वकाआधारमा लक्षित समूहमा प्रचार/प्रसार अभिमुखिकरण वितरण गरिनेछ,<br>• सामग्री तयार गर्दा स्वास्थ्य सेवाको पहुँच बाहिर रहेका नागरीकहरलाई केन्द्रविन्दुमा राखी तयार गरिने। |
| बजेट बाँडफाँट | कर्णाली खर्च मापदण्ड २०७५ अनुसार खर्चको बाँडफाँट र खर्च गरिनेछ। |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | स्वीकृत नीति, नियम, निर्देशिका, पार्श्वचित्र, मापदण्ड तथा अभिलेख प्रतिवेदन |



मा. मन्त्री

ख. स्वास्थ्य सेवा निर्देशनालय अन्तर्गतका क्रियाकलापहरू

१. क्रियाकलाप: डि.आर.सेन्टर सब सेन्टर नयाँ विस्तार एवम् सञ्चालनमा भएकालाई आवश्यक सुदृढीकरण, औषधी प्रतिरोधी क्षयरोगका बिरामीहरुका लागि पोषण, यातायात तथा आधारभूत परीक्षण तथा जटिलता व्यवस्थापन खर्चका लागि अपुग रकम एन्सिलरी औषधी खरिद।

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.५३८ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | औषधी प्रतिरोधी क्षयरोग बिरामीको उपचार व्यवस्थापन सहज गराउन र र क्षयरोग बिरामीको उपचारको क्रममा देखा पर्ने प्रतिकूल असरहरुलाई व्यवस्थापन गर्न यो कार्यक्रम राखिएको हो। (प्रतिकूल असर व्यवस्थापनका औषधिको सूची अनुसूची-१ मा उल्लेख गरिएको छ) |
| उद्देश्य | औषधी प्रतिरोधी क्षयरोग उपचार व्यवस्थापन गर्न आवश्यक थप औषधीहरूको व्यवस्थापन गरी उपचारमा आई परेका समस्याहरू समाधान गर्ने। |
| अपेक्षित प्रतिफल | औषधी प्रतिरोधी क्षयरोग उपचार सेवा निरन्तर सञ्चालन भएको हुनेछ। |
| सञ्चालन प्रकृया | एन्सिलरी औषधी खरिद<br>• प्रदेश अन्तर्गतका औषधी प्रतिरोधी क्षयरोग उपचार केन्द्रमा उपचाररत डि.आर. क्षयरोगका बिरामीको लगत तयार गर्ने,<br>• उपचाररत बिरामीको संख्या र २० प्रतिशत जगेडा राख्ने गरी औषधीको आवश्यक परिमाण एकिन गर्ने,<br>• राष्ट्रिय क्षयरोग नियन्त्रण कार्यक्रमतर्फ अति आवश्यक पर्ने औषधी प्रतिरोधी क्षयरोग बिरामीहरुको समस्याहरु (प्रतिअसर) लाई समयमै व्यवस्थापन गर्न एन्सिलरी औषधी खरिद गरी सहजै उक्त औषधीहरु उपलब्ध हुने गरी डि.आर. उपचार केन्द्र/उपकेन्द्रहरूमा आपूर्ति/व्यवस्थापन गर्ने। |

मा. मन्त्री

| | |
|---|---|
| बजेट बाँडफाँट | प्रचलित आर्थिक ऐन, नियमानुसार गर्ने। |
| सन्दर्भ सामग्री | प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | डि. आर. टिवी पत्ता लागेका बिरामी संख्या<br>डि. आर. टिवी उपचारमा आएका बिरामी संख्या<br>आधारभूत परीक्षण उपचार खर्च, यातायात खर्च प्राप्त गरेका बिरामी संख्या र निजले पेश गरेका बिल भरपाई कागजातहरु |

२. क्रियाकलापः सक्रिय बिधिबाट क्षयरोगका बिरामीहरुको खोजपड्ताल (माइक्रोस्कपी क्याम्प सञ्चालन)

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.५.१०९ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | सन् २०३५ सम्ममा नेपाल सरकारले क्षयरोग निवारण गर्ने लक्ष्य लिएको छ। सोहि सन्दर्भमा समुदायमा रहेका सम्भावित क्षयरोगका बिरामीहरुको समयमै निदान गरी रोग संक्रमण हुन नदिने, मृत्यु हुन बाट बचाउने र छुटेका क्षयरोग बिरामीहरुको केश नोटिफिकेशन बढाउनका लागि यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | सक्रिय खोजपड्ताल बिधिबाट क्षयरोग बिरामी समयमै पत्ता लगाई उपचारको दायरामा ल्याउने। |
| अपेक्षित प्रतिफल | समुदायमा बिभिन्न कारणबाट पहिचान हुन छुटेका क्षयरोग बिरामीहरू पत्ता लाग्नेछन् र उपचारको दायरामा आउनेछन्। |
| सञ्चालन प्रक्रिया | रोगको प्रकोप दर बढी भएका वा सभावित क्षयरोग बिरामी हुने स्थानीय तहसँग समन्वय गरी तालिम प्राप्त स्वास्थ्यकर्मी, प्रयोगशालाकर्मी, चिकित्सक तथा महिला स्वास्थ्य स्वयंसेविकाहरु सहित आवश्यक जनशक्ति परिचालन गरी क्षयरोग बिरामीको खोजपड्ताल गर्ने। |



मा. मन्त्री

| | |
|---|---|
| बजेट बाँडफाँट | नियमानुसारको दैनिक भ्रमणभत्ता, शिविर तयारी र परिचालन हुने कर्मचारी तथा स्वयं सेवकहरुलाई यातायात खर्च, भत्ता, खाजा आदिमा बाँडफाँट गर्ने। |
| सन्दर्भ सामग्री | राष्ट्रिय क्षयरोग नियन्त्रण कार्यक्रमको साविकको निर्देशिका, कर्णाली प्रदेश खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | सक्रिय खोजपड्ताल (माइक्रोस्कपी क्याम्प सञ्चालन) बिधिबाट खोजी गरिएका सम्भावित क्षयरोगका बिरामी तथा क्षयरोग पत्ता लागेकाको विवरण। |

३. क्रियाकलापः टि.वी. नेपालको सहयोगमा औषधी प्रतिरोधी क्षयरोग बिरामीहरूको उपचार व्यवस्थापन

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.७१५ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्योजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेश अन्तर्गत औषधी प्रतिरोधी क्षयरोगका बिरामीहरूका लागि आवासीय सुविधा उपलब्ध नभएको र कर्णाली प्रदेश अन्तर्गतका औषधी प्रतिरोधी क्षयरोगका बिरामीहरू जटिलता व्यवस्थापन तथा औषधी प्रारम्भको लागि Baseline Investigation को लागि खर्चको भार बिरामीलाई पर्न नदिने उद्देश्यले यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | औषधी प्रतिरोधी क्षयरोगका बिरामीहरुको समयमै निदान, जटिलता व्यवस्थापन तथा यातायात खर्चको भार कम हुने र उपचारमा नियमितता भई क्षयरोग निको हुने दर बढ्ने। |
| अपेक्षित प्रतिफल | कर्णाली प्रदेशका औषधी प्रतिरोधी क्षयरोगका बिरामीलाई रोग निदान तथा उपचारको आर्थिक भार कम भएको हुनेछ।<br>औषधी प्रतिरोधी क्षयरोग निको हुने दर वृद्धि भएको हुनेछ। |
| सञ्चालन प्रकृया | औषधी प्रतिरोधी क्षयरोगका बिरामीहरुको परीक्षण गर्न आउँदा जाँदाको यातायात खर्च<br>टि.वी. नेपाल नेपालगंजसम्म आउँदा जाँदा लाग्ने सार्वजनिक यातायातको भाडा बराबरको रकम, |

| | |
|---|---|
| | • यातायात खर्चको हकमा टि.बी. नेपाल नेपालगंज बाँकेले सम्बन्धित उपचारार्थ बिरामीहरुको लागि नपुग रकम खर्च गरी सक्कलै कागजात निर्देशनालयमा पेश गरी सोधभर्ना लिने व्यवस्था गर्ने,<br>• सुविधा खर्च पाउने व्यक्ति: रोग निदान तथा उपचारमा रहेका औषधी प्रतिरोधी क्षयरोग बिरामीहरू,<br>• सुविधा पाउने अवधि: निदानको समय तथा उपचार अवधिभर।<br><br>**<u>औषधी प्रतिरोधी क्षयरोगका बिरामीहरूको जटिलता व्यवस्थापन एवम् Baseline Investigation खर्च</u>**<br>• डि.आर. टि.बी.जटिलता व्यवस्थापन एवम् Baseline Investigation को प्रचलित दररेट अनुसार सम्बन्धित उपचार केन्द्रलाई सोधभर्ना दिने व्यवस्था गरिनेछ।<br>• सुविधा खर्च पाउने व्यक्ति: रोग निदान तथा उपचारमा रहेका औषधी प्रतिरोधी क्षयरोग बिरामीहरू,<br>• सुबिधा पाउने अवधि: निदानको समय तथा उपचार अवधिभर,<br>• सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ (संशोधित) अनुसार कर्णाली प्रदेश सरकारको आर्थिक नियम भित्र रही कर्मचारी सेवाको व्यवस्थापन गर्ने। यसरी छनौट भएका कर्मचारीलाई सम्झौता गरी काम काजमा लगाउने। |
| बजेट बाँडफाँट | • डि.आर.टि.बी.का बिरामीहरूको Baseline Investigation को प्रचलित दररेट लागत र सो का लागी टि.बी. नेपाल नेपालगञ्जसम्म आउँदा जाँदा लाग्ने सार्वजनिक यातायातको भाडा बराबरको रकम।<br>• डि.आर.टि.बी.को बिरामीहरुको सेवा प्रवाहको लागी टि.बी. नेपाल नेपालगंज बाँकेमा कार्यरत कर्मचारीहरुको तलब व्यवस्थापनका लागि टि.बी. नेपाल नेपालगंज बाँकेले गरेको करार सम्झौता बमोजिमको रकम साथै कार्यालय सञ्चालन एवम् व्यवस्थापन सम्बन्धी खर्चका सक्कलै बिल भरपाई पेश भए पश्चात निर्देशनालयबाट टि.बी.नेपाल नेपालगंज बाँकेलाई नियमानुसार सोधभर्ना गरिनेछ। |

मा. मन्त्री

| | |
|---|---|
| सन्दर्भ सामग्री | प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु।<br>कर्णाली खर्च मापदण्ड निर्देशिका, २०७५, सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ (संशोधित) |
| अनुगमन सूचक | डि. आर. टि.वी. पत्ता लागेका बिरामी संख्या<br>डि. आर. टि.वी. उपचारमा आएका बिरामी संख्या<br>उपचार खर्च प्राप्त गरेका बिरामी संख्या र निजले पेश गरेका बील भरपाई कागजातहरु।<br>डि.आर.टि.बी. बिरामीहरुको सेवामा खटिने कर्मचारीहरुको निवेदन, सम्झौता, उपस्थिति, दाखिला, हस्तान्तरण फाराम आदि। |

४. क्रियाकलाप: सक्रिय बिधिबाट कुष्ठरोग खोजपड्ताल कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.६० | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | पिछडिएको क्षेत्रमा पहिचान हुन छुटेका सम्भावित कुष्ठरोगका बिरामीहरुको सक्रिय बिधिबाट खोजपड्ताल गरी रोगको संक्रमण दरमा कमी ल्याउनका साथै अपाङ्गता हुनबाट बचाउनका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | सक्रिय खोजपडताल विधिबाट कुष्ठरोगी पत्ता लगाइ उपचारको दायरामा ल्याउने |
| अपेक्षित प्रतिफल | समुदायमा पहिचान हुनबाट छुटेका बिरामीहरु समयमै पत्ता लगाइ उपचार भएको हुनेछ। |
| सञ्चालन प्रक्रिया | • जन/स्वास्थ्य कार्यालय तथा स्थानीय तहसंग समन्वय गरी कुष्ठरोग आधारभूत तालिम प्राप्त स्वास्थ्यकर्मी परिचालन गरी स्किनिङ क्याम्प सञ्चालन गर्ने,<br>• खोजपडताल शिविरमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु परिचालन गर्ने,<br>• कर्णाली प्रदेशमा कुष्ठरोग कार्यक्रम क्षेत्रमा कार्यरत सहयोगी संस्थासंगको समन्वयमा कुष्ठरोग खोजपड्ताल कार्यक्रम सञ्चालन गर्ने। |



मा. मन्त्री

| | |
|---|---|
| बजेट बाँडफाँट | नियमानुसारको दै.भ्र.भ., शिविर तयारी र परिचालन हुने कर्मचारी तथा स्वयंसेविकाहरुलाई यातायात खर्च, भत्ता, खाजा आदिमा बाँडफाँट गर्ने |
| सन्दर्भ सामग्री | कुष्ठरोग नियन्त्रण कार्यक्रम निर्देशिका, प्रचलित कानुन तथा कर्णाली प्रदेश खर्च मापदण्ड २०७५। |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, उपस्थिति हाजिरी विवरण। |

५. क्रियाकलाप: एच.आई.भी. संक्रमित तथा प्रभावितहरुको लागि पोषणयुक्त खानेकुरा वितरण तथा व्यवस्थापन

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७४६ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | एच.आई.भी. संक्रमित तथा प्रभावितहरुको उपचारमा नियमितता गराउन तथा उनीहरुको स्वास्थ्य अवस्थामा सुधार गर्न यो कार्यक्रम व्यवस्था गरिएको हो। यस कार्यक्रमबाट एच.आई.भी. उपचारको क्रममा औषधी सेवन गर्दा देखा पर्ने कमजोर शारीरिकपनलाई स्वस्थकर राख्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | एच.आई.भी. भएका व्यक्तिहरुलाई आवश्यक थप पोषणयुक्त खानेकुरा व्यवस्थापन गर्ने। |
| अपेक्षित प्रतिफल | एच.आई.भी. उपचार सेवा नियमित भइ स्वास्थ्य अवस्थामा सुधार भएको हुनेछ। |
| सञ्चालन प्रकृया | पोषणयुक्त खानेकुरा वितरण तथा व्यवस्थापन:<br>• प्रदेश अन्तर्गतका एच.आई.भी. भएकाहरु विभिन्न ए.आर.टि. साइटमा उपचाररत ए.आर.भी. लिने सेवाग्राहीहरुको विवरण तयार गर्ने,<br>• उपचाररत सेवाग्राहीहरुको संख्याका आधारमा पोषणयुक्त खानेकुराहरुको आवश्यक परिमाण एकिन गर्ने,<br>• राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण कार्यक्रम तर्फ अति आवश्यक पर्ने पोषणयूक्त खानेकुरा खरिद गरी सहजै उक्त पोषणयूक्त खानेकुराहरु उपलब्ध हुने गरी कर्णाली |

| | |
|---|---|
| | प्रदेशमा रहेका नवकिरण प्लस लगायतका सरोकारवाला संस्थाहरुसँग समन्वय गरी सबै ए.आर.टि. साइट तथा सेबामा दोहोरोपन नपर्ने गरी सामुदायिक हेरचाह केन्द्रमा आवश्यक वितरण व्यवस्थापन गर्ने। |
| बजेट बाँडफाँट | प्रचलित आर्थिक ऐन, नियमानुसार गर्ने, कर्णाली खर्च मापदण्ड २०७५ |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन २०६३/सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) |
| अनुगमन सूचक | नयाँ पत्ता लागेका एच.आई.भी. सेवाग्राही संख्या,<br>ए.आर.टि. उपचारमा आएका सेवाग्राही संख्या,<br>पोषणयुक्त खानेकुरा खरिद बील भर्पाइ कागजातहरु,<br>उपस्थिति विवरण, दाखिला, हस्तान्तरण फाराम आदि। |

६. क्रियाकलाप: एच.आई.भी. टेस्ट किट व्यवस्थापन

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७४८ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा एच.आई.भी. को निगरानी तथा परीक्षणमा सहजता ल्याउनका लागि एच.आई.भी. टेष्ट किट खरिद गर्न लागिएको हो। |
| उद्देश्य | एच.आई. भी. संक्रमण रोकथाम तथा पहिचान गर्न छिटो छरितो जाँचको लागि उक्त किटको उपलब्धता सुनिश्चित गर्न। |
| अपेक्षित प्रतिफल | समयमा नै एच.आई.भी. टेस्ट किट खरिद भई सेवा प्रवाहगुणस्तरीय र निरन्तर हुने। |
| सञ्चालन प्रकृया | • आवश्यक टेस्ट किटको वार्षिक परिमाण प्रक्षेपण गर्ने,<br>• स्वीकृत खरिद योजना बमोजिम प्रचलित ऐन अनुसार खरिद गरी सम्बन्धित स्टोरहरुमा संचित गर्ने,<br>• गुणस्तरको सुनिश्चितता गरेर मात्र टेस्ट किटहरु खरिद गर्ने, |



मा. मन्त्री

| | |
|---|---|
| | • खरिद गरिएका टेस्ट किटहरु आवश्यक ठाउँमा उपलब्ध गराइने। |
| बजेट बाँडफाँट | स्वीकृत कार्ययोजना अनुसार विनियोजित बजेटको परिधिभित्र रहेर माग तथा आवश्यकता अनुसार बजेट बाँडफाँट गर्ने।<br>स्वीकृत बजेटबाट टेस्ट किट खरिदका लागि बाँडफाँट गरी सम्बन्धित प्रमुखबाट स्वीकृत गराई खरिद गर्ने। |
| सन्दर्भ सामग्री | प्रचलित कानुन र स्वीकृत खर्च सम्बन्धी मापदण्ड, राष्ट्रिय एच.आई.भी. परीक्षण तथा उपचार निर्देशिका २०२२, कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | खरिद प्रकृया, दररेट, औषधीको बिबरण, गुणस्तरको लेखाजोखा, दाखिला विवरण, बितरण प्रतिवेदन। |

७. क्रियाकलाप: मेजर अप्रेसन (मुटु, मृगौला, क्यान्सर, स्पाइनल इन्जुरी (प्यारालाइसिस) का बिरामीहरुलाई उपचार सहयोग

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८०७ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा कडा तथा गम्भीर प्रकारका (मुटु, मृगौला, क्यान्सर, स्पाइनल इन्जुरी-प्यारालाइसिस) रोगका बिरामीहरुको उपचार सहयोगका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | कडारोगहरु (मुटु, मृगौला, क्यान्सर, स्पाइनल इन्जुरी-प्यारालाइसिस) को उपचार व्यवस्थापनमा सहयोग गर्नु। |
| अपेक्षित प्रतिफल | उपचार व्यवस्थापनमा सहज पहुँच भएको हुनेछ। |
| सञ्चालन प्रकृया | प्रदेश सरकारबाट स्वीकृत कार्यविधि अनुसार |
| बजेट बाँडफाँट | प्रचलित कानुन र स्वीकृत खर्च सम्बन्धी मापदण्ड, कर्णाली खर्च मापदण्ड २०७५ |



मा. मन्त्री

| | |
|---|---|
| सन्दर्भ सामग्री | प्रचलित कानून र स्वीकृत खर्च सम्वन्धी मापदण्ड, कार्यक्रम सञ्चालन कार्यविधि |
| अनुगमन सूचक | उपचार खर्च लिएका विरामी संख्या |

८. क्रियाकलापः स्वास्थ्य सम्वन्धी क्रियाकलापहरुको एकिकृत कार्यस्थल अनुशिक्षण, सुपरिवेक्षण, अनुगमन, मूल्यांकन

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.७११ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेश सरकार र स्थानीय तहवाट सञ्चालन गरिएका स्वास्थ्य सम्वन्धी क्रियाकलापहरुको सहजिकरण, समन्वय, नियमित अनुगमन, पृष्ठपोषण, मूल्यांकन तथा सुपरिवेक्षणका लागि यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | नियमित, आवधिक कार्यस्थल अनुशिक्षण, अनुगमन, सुपरिवेक्षण गर्ने। |
| अपेक्षित प्रतिफल | स्वास्थ्यका सूचकहरुमा अपेक्षित सुधार हुने। |
| सञ्चालन प्रकृया | स्थलगत अनुगमन कार्ययोजना निर्माण गरी उल्लेखित (खोप, विपद्/महामारी, सुरक्षित मातृत्व, पोषण, वालरोग, कीटजन्य, औलो, कालाजार, तथ्यांक, जनसङ्ख्या, आयुर्वेद, क्षयरोग, एच.आई.भी., कुष्टरोग/अपाङ्गता, मानसिक स्वास्थ्य, नसर्ने रोग, श्वासप्रश्वास) विभिन्न कार्यक्रमको अनुगमन सुपरिवेक्षण मूल्याङ्कन गरी सोको समीक्षा गर्ने। |
| वजेट बाँडफाँट | दैनिक भ्रमण भत्ता, यातायात तथा अन्य व्यवस्थापकीय खर्च |
| सन्दर्भ सामग्री | प्रचलित कानुन तथा कर्णाली प्रदेश खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन,अनुगमन प्रतिवेदन आदि |

९. क्रियाकलापः RH/MNH/ OCMC/ SAFE ABORTION/MPDSR कार्यक्रमको समीक्षा

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|

मा. मन्त्री

| | | | | |
|---|---|---|---|---|
| २.७.२२.१७३९ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा प्रजनन् स्वास्थ्य सम्बन्धीका सूचकहरुको गुणस्तर अझै पनि सन्तोषजनक नभएकोले प्रजनन् स्वास्थ्य, सुरक्षित गर्भपतन, मातृ तथा नवशिशु स्वास्थ्य, एकद्वार संकट व्यवस्थापन कार्यक्रमहरुको एकीकृत समीक्षा गरी प्रभावकारी र गुणस्तरीय सेवा प्रदान गर्नका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | प्रदेशस्तरीय प्रजनन् स्वास्थ्य, सुरक्षित गर्भपतन, मातृ तथा नवशिशु स्वास्थ्य, एकद्वार संकट व्यवस्थापन, आदि कार्यक्रमहरुको एकीकृत समीक्षा गर्ने। |
| अपेक्षित प्रतिफल | प्रजनन स्वास्थ्य सम्बन्धी सूचकहरुको अवस्थामा सुधार भएको हुनेछ। |
| सञ्चालन प्रकृया | • प्रदेश अन्तर्गत स्वास्थ्य कार्यालय तथा अस्पतालबाट सम्बन्धित कर्मचारीहरुको सहभागितामा आर्थिक बर्षमा सञ्चालन भएका माथि उल्लेखित कार्यक्रमको सुदृढिकरणका लागि समीक्षा गरी कार्ययोजना निर्माण गर्ने,<br>• कार्यक्रम सञ्चालन गर्दा सहभागिहरुका लागि खाजा, खाना बापत प्रतिव्यक्ति रू. ५०० सम्म खर्च गर्न सकिनेछ,<br>• कार्यक्रम सञ्चालनमा भएका अवसर तथा चुनौतीहरु बारे छलफल गर्ने। |
| बजेट बाँडफाँट | दैनिक भ्रमण भत्ता, यातायात, स्टेशनरी, शैक्षिक सामग्री, हल तथा जेनेरेटर भाडा, ब्यानर, श्रोत व्यक्ति तथा सहजकर्ताको पारिश्रमिक आदिको लागि खर्चको बिबरण अग्रीम योजना बनाई स्वीकृत गराई खर्च गर्ने व्यवस्था गर्नुपर्दछ। |
| सन्दर्भ सामग्री | सम्बन्धित निर्देशिका, भ्रमण खर्च नियमावली। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, सहभागीहरुको उपस्थिति हाजिरी। |

१०. क्रियाकलापः **MNH REFERRAL & ICU MANAGEMENT** को अन्डर प्रिभिलेज पपुलेसन

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|



मा. मन्त्री

| | | | | |
|---|---|---|---|---|
| २.७.२२.१७४० | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | मातृमृत्यु सम्वन्धी प्रतिवेदन सन् २०२१ बमोजिम नेपालमा मातृ मृत्युदर प्रति लाख जिवित जन्ममा १५१ रहेको छ भने कर्णाली प्रदेशमा १७२ देखिन्छ । मातृमृत्यु मध्ये जम्मा ५७ प्रतिशत मातृ मृत्यु स्वास्थ्य संस्था मा नै हुने गर्दछन्। प्रसुती जटिलतालाई मध्यजर गर्दै प्रसुति सम्वन्धी जटिलताहरु भइ स्वास्थ्य संस्थाहरुवाट सो संस्थामा उपचार हुन नसकी प्रेषण केन्द्रमा पटाउनुपर्ने तथा सघन उपचार कक्षमा राखी उपचार गर्नुपर्ने अवस्थामा स्वास्थ्य संस्था तथा प्रेषण केन्द्रको सिफारिसमा बिपन्न, अल्पसंख्यक र अपाङ्गता भएका विरामीहरुलाई प्रेषण तथा उपचार व्यवस्थापन गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | कर्णाली प्रदेशमा हुने प्रसुति जटिलताहरुलाई प्रभावकारी व्यवस्थापन गरी मातृ मृत्युदरमा कमी ल्याउनु। |
| अपेक्षित प्रतिफल | मातृमृत्यु कम हुने समयमा जटिलताहरुको उचित व्यवस्थापन हुने। |
| सञ्चालन प्रकृया | • प्रसुति जटिलता भई स्वास्थ्य संस्थामा उपचार हुन नसकी प्रेषण गरिएका बिपन्न, सिमान्तकृत, अल्पसंख्यक र अपाङ्गता भएका सम्पूर्ण बिरामीहरुलाई प्रेषण तथा निः शुल्क सेवा दिनुपर्नेछ,<br>• प्रसुति जटिलता भई भर्ना भएको बिरामीमा रकम अभाव भएको खण्डमा अस्पतालबाट आवश्यक कागजातहरु संकलन गरी माग भई आएको रकम सोधभर्ना गर्न सकिनेछ,<br>• यस शिर्षकबाट प्रसुती आमाको स्वास्थ्यमा कुनै प्रकारको समस्या वा जटिलता भई कुनै पनि प्रकारको व्यवस्थापनमा आर्थिक कारणले जटीलता आयमा जस्तै प्रेषण, मृत्यु व्यवस्थापन, प्रेषणको समयमा स्वास्थ्यकर्मी व्यवस्थापन, उपचार, शल्यक्रिया आदि आवस्यक कागजात राखि निर्देशक र फोकल पर्सनकोको सिफारिशमा खर्च गर्न सकिने छ,<br>• प्रसुति जटिलता भई लामो समय सघन कक्षमा बस्ने बिरामीको लागि बिपन्न, सिमान्तकृत, अल्पसंख्यक र अपाङ्गता भएका बिरामीहरुलाई प्राथमिकतामा राखि |



मा. मन्त्री

| | |
|---|---|
| | उपचार गर्नुपर्ने भएमा यस शीर्षकबाट उपचारको खर्चको बिलको आधारमा अधिकतम रु २५,०००/-सम्म सम्बन्धित अस्पताललाई सोधभर्ना गर्न सकिनेछ, <br>• आमा सुरक्षा बाट सोधभर्ना भएको रकमबाट पनि जटिलता व्यवस्थापन खर्च गर्न सकिनेछ, <br>आवश्यक कागजपत्रहरु <br>• प्रदेश अस्पताल सुर्खेतमा भर्ना तथा उपचारको कागजपत्र <br>• प्रसुति सम्बन्धी जटिलताको उपचारका क्रममा मृत्यु समेत हुन गएमा शव बाहन व्यवस्थापन समेत उपचार केन्द्रबाट गरी सो को बिल भर्पाईको आधारमा रकम सोधभर्ना गर्न सकिनेछ। |
| बजेट बाँडफाँट | अस्पतालमा हुने उपचार तथा शववहान खर्च कार्यक्रम निर्देशिका बमोजिम |
| सन्दर्भ सामग्री | आमा सुरक्षा निर्देशिका २०७८, कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | उपचार खर्चको सोधभर्ना गरिएको प्रतिवेदन |

## ११. क्रियाकलाप: ANTI SHOCK गार्मेन्ट कार्यक्रम

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७४१ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | सरकारले संस्थागत सुत्केरी बढाउने लक्ष्य राखी विभिन्न कार्यक्रम गरीरहेको छ। मातृ मृत्यु हुने प्रमुख कारणहरु मध्ये अत्यधिक रक्तश्राव पनि एक मुख्य कारण भएकाले सो कारणले हुनसक्ने मातृमृत्युलाई कम गर्नका लागि **Anti-Shock Garment** खरिद कार्यक्रम राखिएको छ। |
| उद्देश्य | बच्चा जन्मिसकेपछि अत्याधिक रक्तश्रावका कारण हुनसक्ने मृत्युलाई कम गर्न। |
| अपेक्षित प्रतिफल | बच्चा जन्मिसकेपछि अत्याधिक रक्तश्रावका कारण हुनसक्ने मातृमृत्युलाई **Anti-Shock** |

मा. मन्त्री

| | |
|---|---|
| | Garment को प्रयोगद्वारा कमी ल्याउने |
| सञ्चालन प्रकृया | • **Specification** अनुसारको **Anti-Shock Garment** खरिद गरी प्रदेश तथा स्थानीय अन्तर्गतका प्रसुतिको चाप बढी भएका प्रसुतिकेन्द्र छनौट गरी तथा मागका आधारमा हस्तान्तरण गर्नुपर्नेछ.<br>• **Anti-Shock Garment** खरिद गर्दा MNH फोकल पर्सनसँग समन्वय गरी सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित ऐन कानुन बमोजिम खरिद गरी आवश्यकता अनुसार वितरण गर्नुपर्नेछ। |
| बजेट बाँडफाटँ | कार्यक्रम स्वीकृत गराई खरिद गर्ने। |
| सन्दर्भ सामग्री | प्रचलित कानुन तथा अनुसूची-३ बमोजिमको Specification अनुसार । कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | खरिद आदेश, बिल भर्पाइ सामग्री दाखिला प्रतिवेदन। |

## १२. क्रियाकलापः SAS LISTING सम्बन्धी अभिमुखिकरण कार्यक्रम

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७५१ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | मातृ मृत्युका प्रमुख कारणहरु मध्ये असुरक्षित गर्भपतन/गर्भपतनको जटिलताबाट हुने पनि एक प्रमुख कारण रहेको छ। मातृ मृत्युलाई कम गर्नका लागि सुरक्षित गर्भपतन सेवा सूचीकृत स्वास्थ्य संस्थाबाट सूचीकृत स्वास्थ्यकर्मीद्वारा सेवा प्रदान गर्नुपर्ने हुन्छ। तसर्थ स्वास्थ्य संस्था र स्वास्थ्यकर्मी सूचीकृत गर्नका लागि आवश्यक अभिमुखिकरण गर्न यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | सुरक्षित गर्भपतन सेवा प्रदान गर्नका लागि मापदण्ड पुगेका स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मी सूचीकृत गर्नु। |
| अपेक्षित प्रतिफल | सूचीकृत स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीबाट गुणस्तरीय तथा सुरक्षित गर्भपतन सेवा |

| | |
|---|---|
| | प्रवाह भएको हुनेछ। |
| सञ्चालन प्रकृया | • प्रदेश तथा स्थानीय तहका स्वास्थ्यकर्मीहरुलाई सुरक्षित गर्भपतन स्वास्थ्य संस्था तथा तालिम प्राप्त स्वास्थ्यकर्मी सूचीकृत गर्नेबारे अभिमुखिकरण गर्ने,<br>• यो अभिमुखिकरण कार्यक्रम १ दिनको हुनेछ,<br>• सम्बन्धित जिल्ला तथा स्थानीय तहमा गएर पनि यो कार्यक्रम सञ्चालन गर्न सकिनेछ,<br>• सूचीकृत स्वास्थ्य संस्थाको सुपरिवेक्षण तथा अनुगमन समेत गर्न सकिनेछ। |
| बजेट बाँडफाटँ | आर्थिक ऐन नियमानुसार दैनिक भ्रमण भत्ता, यातायात, स्टेशनरी, शैक्षिक सामग्री, हल तथा जेनेरेटर भाडा, खाजा, ब्यानर, फोटोकपी, श्रोत व्यक्ति तथा सहजकर्ताको पारिश्रमिक आदिको लागि नियम बमोजिम खर्च |
| सन्दर्भ सामग्री | सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन निर्देशिका २०७८, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ तथा नियमावली २०७७ |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, उपस्थिति |

## १३. क्रियाकलापः पाठेघरको मुखको क्यान्सर जाँचको लागि VIA Set, Silicon Ring Pessary खरिद

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.५.५१ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रजनन् उमेरका महिलाहरुमा हुने प्रजनन रुग्णताहरु मध्ये पाटेघरको मुखको क्यान्सरतथा र आङ खस्ने समस्या धेरै हुने गर्दछ। पाटेघरको मुखको क्यान्सर बचावटको गर्नको लागि VIA गर्न चाइने आवश्यक उपकरण, सामग्री र आङ खस्ने समस्या जटिल हुन बाट बचाउन Silicon ring pessary खरिदका लागि यो क्रियाकलाप राखिएको हो। |
| उद्देश्य | प्रजनन् रुग्णताहरु मध्ये पाटेघरको मुखको क्यान्सर तथा आङ खस्ने समस्याको पहिचान गरी समयमा नै व्यवस्थापन गर्ने। |

मा. मन्त्री

| | |
|---|---|
| अपेक्षित प्रतिफल | प्रजनन् रुग्णताहरु मध्ये पाठेघरको मुखको क्यान्सर तथा आङ खस्ने समस्याको पहिचान गरी समयमा नै व्यवस्थापन हुनेछ । |
| सञ्चालन प्रकृया | • यस शिर्षकमा प्राप्त रकमबाट प्रजनन् रुग्णताहरु मध्ये पाठेघरको मुखको क्यान्सर र आङ खस्ने समस्या सम्बन्धी जाँच गर्नको लागि आवश्यक औषधी, उपकरण तथा Silicon ring pessary प्रचलित नियमानुसार प्रक्रिया पुर्याईखरिदगर्न सकिने छ<br>• खरिद भएको सामग्री जिल्लामा स्वास्थ्य संस्थाको आवश्यक्ताको आधारमा बितरण गरिनेछ। |
| बजेट बाँडफाटँ | कार्यक्रम स्वीकृत गराई खरिद गर्ने |
| सन्दर्भ सामग्री | प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | खरिद आदेश, बिल भरपाई, सामग्री दाखिला प्रतिवेदन। |

## १४. क्रियाकलाप: विद्यालय नर्स कार्यक्रम

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७३८ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | विद्यालय स्वास्थ्य कार्यक्रमलाई शिक्षा क्षेत्रसंग समन्वय गर्दै विद्यालय तहबाटै बालबालिकाहरुलाई स्वस्थ जीवनशैली अपनाउन तथा समग्र स्वास्थ्य सरसफाइ र किशोरकिशोरीको यौन तथा प्रजनन् स्वास्थ्य सुधारको आवश्यकतालाई मध्यनजर गर्दै विद्यालय तहमा स्वास्थ्य सेवाको पँहुच पुर्याई विद्यार्थीको स्वास्थ्य अवस्थामा सुधार सावै जीवनशैलीमा सकारात्मक परिवर्तन ल्याउन जनस्वास्थ्य ऐन २०७५ तथा राष्ट्रिय स्वास्थ्य नीति २०७६ बमोजिम यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | विद्यालय नर्स कार्यक्रमको समीक्षा तथा अभिमुखिकरण गर्ने, |
| अपेक्षित प्रतिफल | विद्यालय स्वास्थ्य कार्यक्रम मार्फत बालबालिकालाई स्वास्थ जीवनशैली अपनाउन तथा |

मा. मन्त्री

| | |
|---|---|
| | समग्र स्वास्थ्य, सरसफाई, किशोरकिशोरीको यौन तथा प्रजनन स्वास्थ्य साथै मानसिक स्वास्थ्यमा सुधार भएको हुनेछ। |
| सञ्चालन प्रकृया | • विद्यालय नर्स कार्यक्रम लागु भएका स्थानीय तहका विद्यालय नर्सहरुलाइ जीवनशैली परिवर्तन, मानसिक स्वास्थ्य परिचय तथा परामर्श सम्बन्धी तालिम दिन सकिनेछ,<br>• विद्यालय नर्सहरुले वर्षभरि गरेका कार्य विवरणहरुको वार्षिक समीक्षा गर्न सकिनेछ,<br>• विद्यालय नर्स कार्यक्रम लागु भएका विद्यालयहरुमा यस निर्देशनालयबाट अनुगमन तथा सुपरिवेक्षण गर्न सकिनेछ। |
| बजेट बाँडफाँट | प्राप्त बजेटबाट आर्थिक ऐन नियमानुसार दैनिक भ्रमण भत्ता, यातायात, स्टेशनरी, शैक्षिक सामग्री, हल तथा जेनेरेटर भाडा, खाजा, ब्यानर, फोटोकपी, श्रोत व्यक्ति तथा सहजकर्ताको पारिश्रमिक आदिको लागि नियमानुसार खर्च। |
| सन्दर्भ सामग्री | विद्यालय नर्स क्षमता अभिवृद्धि प्याकेज, कर्णाली प्रदेश खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | कार्यक्रम प्रतिवेदन, उपस्थिति आदि। |

## १५. क्रियाकलाप: पोषण पुनर्स्थापना केन्द्रमा भर्ना भएका बच्चाहरुको यातायात खर्च

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७३७ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | शीघ्र कुपोषणको संख्या कर्णाली प्रदेशमा अझै पनि उच्च नै रही आएको छ। आर्थिक अवस्थाको कारणले पोषण पुनर्स्थापना केन्द्रमा भर्ना भइ उपचार लिन आउने बालबालिकाहरुको पहुँचमा बृद्धि गर्नका लागि यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | शीघ्र कुपोषण भएका बालबालिकाहरुको उपचार गर्नु। |
| अपेक्षित प्रतिफल | सबै शीघ्र कुपोषण भएका बालबालिकाहरु उपचार पाएका हुनेछन्। |
| सञ्चालन प्रकृया | • सम्बन्धित पोषण पुनर्स्थापना केन्द्रमा उपचार गरिएका अति गरीब सीमान्तकृत |



मा. मन्त्री

| | |
|---|---|
| | समुदायहरुका बालबालिकाहरुलाई उपचार तथा स्वास्थ्य संस्थासम्म आउँदा जाँदाको यातायात खर्च सोही केन्द्रबाट व्यवस्थापन गरी सो रकम माग भई आएमा सोधभर्ना गर्न सकिनेछ, <br>• पोषण पुनर्स्थापना केन्द्रमा भर्ना भई उपचार गरेको प्रमाणित कागजात, <br>• पोषण पुनर्स्थापना केन्द्रबाट रकम भुक्तानी गरी निर्देशनालयबाट सोधभर्ना लिन सकिनेछ, <br>• यो सुविधा वर्षमा एक बिरामीको लागि एकपटक मात्र दिन सकिनेछ, <br>• यातायात खर्च सार्वजनिक यातायात दररेट अनुसार प्रदान गर्नु पर्नेछ र बढीमा रु ५००० (पाँच हजार मात्र) प्रति व्यक्तिलाई दिन सकिनेछ। |
| बजेट बाँडफाटँ | उपचार खर्च, सोधभर्ना रकम |
| सन्दर्भ सामग्री | कार्यक्रम सञ्चालन निर्देशिका, कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | बिरामी भर्ना रजिष्टर, यातायात खर्च बुझेको भर्पाई, प्रेषण गरिएको पुर्जा |

१६. क्रियाकलापः प्रदेशस्तरीय मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य कार्यक्रम समितिको बैठक

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८१९ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | मातृमृत्यु घटाउन प्रसुती जटिलताहरुलाई प्रभावकारी रुपमा समयमै व्यवस्थापन गर्नु पर्ने देखिन्छ । मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य सम्बन्धी स्वास्थ्य सेवा निर्देशनालयका निर्देशकको अध्यक्षतामा समिति गठन गरिने छ। सो समितिको बैठक बसी स्वास्थ्य संस्थामा हुने मातृ मृत्युका संभावित सुधार गर्न सकिने कारणहरु पत्ता लगाई आवश्यक योजना बनाउनका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | मातृ तथा पेरिनेटल मृत्युका कारणहरु पत्ता लगाइ सुधार गर्न सकिने योजनाहरु बनाउने। |

| | |
|---|---|
| अपेक्षित प्रतिफल | नियमित बैठक बसी प्रभावकारी कार्ययोजना निर्माण गरी सोही अनुसार हुने। |
| सञ्चालन प्रकृया | • मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य कार्यक्रम मार्गदर्शन २०७८ अनुसार प्रदेशस्तरमा गठन भएको MPDSR समितिलाई सक्रिय रुपमा परिचालन गर्ने।<br>• त्रैमासिक रुपमा MPDSR समितिको बैठक नियमानुसार सञ्चालन गर्नुपर्नेछ।<br>• बैठक सञ्चालन गर्दा यस समितिका सदस्यहरुको साथै आमन्त्रित सदस्यहरुको छलफल गर्नुपर्ने विषयहरु संकलन गरी सो अनुसार बैठक सञ्चालन गर्नुपर्नेछ।<br>• बैठक सञ्चालन बापतको खर्च नियमानुसार गर्ने। |
| बजेट बाँडफाँट | युनिसेफ नेपाल बाट विनियोजित रकम माग गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।<br>आर्थिक ऐन नियमानुसार बैठक भत्ता, खाजा भत्ता। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य कार्यक्रम मार्गदर्शन २०७८ |
| अनुगमन सूचक | बैठकको माइन्युट, बिल भर्पाइ |

१७. क्रियाकलाप: क्लिनिकल मेन्टरहरुको क्षमता अभिवृद्धि तालिम (clinical mentor development training)

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८२२ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | आमा तथा नवशिशुको मृत्युलाइ उल्लेख्य रुपमा घटाई गुणस्तरीय सेवा प्रदान गर्न दक्ष प्रसुतिकर्मीको भूमिका रहेको छ । जिल्ला स्तरको SBA हरुलाई Coaching/Mentoring तालिम दिइ mentor development गरी जिल्लामा कार्यरत प्रसुतीकर्मीहरुलाई (SBA and non-SBA) उनीहरुको आफ्नै कार्यस्थलमा Onsite Coaching/Mentoring प्रक्रियाबाट गुणस्तरीय प्रसुती सेवा प्रदान गर्न सुनिश्चित गर्न तथा जटिलता व्यवस्थापन गर्ने र प्रेषण गर्न सकिनेछ । |



मा. मन्त्री

| | |
|---|---|
| उद्देश्य | प्रसुतिकर्मीहरुको ज्ञान, सीप र धारणा अभिवृद्धि गरी गुणस्तरीय MNH सेवा प्रदान गर्ने र मातृ तथा नवशिशु बिरामीदर र मृत्युदर घटाउने। |
| अपेक्षित प्रतिफल | प्रसुतिकर्मीहरुको ज्ञान, सीप र धारणा अभिवृद्धि भई गुणस्तरीय MNH सेवा प्रदान भएको हुनेछ । |
| सञ्चालन प्रकृया | • निर्देशिकाको मापदण्ड अनुसार सहभागी सङ्ख्या निर्धारण गरी अस्पताल वा स्थानीय तह अन्तर्गतका स्वास्थ्य संथा बाट छनौट गर्नुपर्नेछ,<br>• छनौट गर्दा जन/स्वास्थ्य सेवा कार्यालय र स्थानीय तहसँग समन्वय गरी गर्नुपर्नेछ,<br>• तालिम सञ्चालन पूर्व तथा पश्चात् बैठक बस्न सकिनेछ,<br>• यस कार्यक्रम सञ्चालनका लागि राष्ट्रीय स्वास्थ्य तालिम केन्द्रको कोच/मेन्टर डेभलपमेन्टको तालिम निर्देशिका बमोजिम गर्नुपर्नेछ,<br>• मानव संसाधन बिकास केन्द्रर मेन्टर डेभलपमेन्ट तालिम साईटसँग समन्वय गरी सञ्चालन गर्नुपर्नेछ।<br>• यस कार्यक्रमा प्रसुतिकर्मिहरुलाई ३ दिनको MNH onsite coaching mentoringको निर्देशिका अनुसार mentoring गर्न सकिने छ।<br>• प्रशिक्षक र प्रशिक्षार्थीको रेसिओ १:२ हुनेछ। |
| बजेट बाँडफाटँ | बैठक, श्रोतव्यक्ति, प्रशिक्षक,सहभागी, सहयोगी, खाजा, स्टेशनरी, छपाई, झोला,pendrive, तालिम सामग्री, क्लिनिकल सामग्री र आवश्यकता अनुसार निर्देशिका अनुसार  अन्य खर्च रकम बाँडफाँट गरिने छ।<br>युनिसेफ नेपालबाट विनियोजित रकम माग गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।<br>Onsite Coaching Mentoring तालिम सञ्चालन गर्न क्लिनिकल सामग्री धेरै आवश्यक पर्ने हुँदा बजेटको परिधि भित्र रही बजेट बाँडफाँट गरी आवस्यकता अनुसार खरिद गर्न सकिने छ।<br>खर्चको बाँडफाँट स्विकृत बजेटको परिधि भित्र रही राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको कार्यक्रम सञ्चालन तथा बजेट निर्देशिका,नेपाल सरकार अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका/सार्वजनिक खरिद ऐन/नियमावली अनुसार गर्नुपर्नेछ। |



मा. मन्त्री

| | |
|---|---|
| सन्दर्भ सामग्री | राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको कार्यक्रम व्यवस्थापन सञ्चालन तथा बजेट निर्देशिका २०७६/७७, कर्णाली प्रदेश खर्च मापदण्ड२०७५, सार्वजनिक खरिद ऐन/नियमावली,SBA LRP, SBA Coaching mentoring guideline for Clinical Mentor, SBA Coaching and Mentoring tool for MNH Service Providers (SBA and non-SBA) tool, MNH Readiness QIPToolkit,QIP score Card Flex. |
| अनुगमन सूचक | तालिमको प्रतिवेदन, उपस्थिति बैठक माइन्यूट |

१८. क्रियाकलाप: **SNCU Clinical coaching /mentoring**

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८२१ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | गुणस्तरीय स्वास्थ्य सेवा मार्फत नवजात शिशुको मृत्युमा कमी ल्याउन SNCU (Specialized Newborn care Unit) क्लिनिकल Coaching /Mentoring कार्यक्रमको अवधारणा रहेको छ । यस कार्यक्रम मार्फत प्रदेशका अस्पतालहरुमा गुणस्तरीय SNCU/ NICU (Neonatal Intensive Care Unit) सेवा सुनिश्चित गर्न तथा जटिलता व्यवस्थापनगर्नको लागि SNCU क्लिनिकल Coaching/Mentoring विधि मार्फत SNCU/NICU unit मा कार्यरत मेडिकल अधिकृत र नर्सिङ्ग स्टाफहरूको क्षमता अभिवृद्दि साथै नवजात शिशुहरूको हेरचाह र परिणामहरूको गुणस्तर सुधार गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | SNCU/NICU सेवा प्रदायकहरुको विद्यमान ज्ञान, सीप र धारणा अभिवृद्धि गरी नवजात शिशुको मृत्युदर घटाउने। |
| अपेक्षित प्रतिफल | SNCU/NICU सेवा प्रदायकहरुको विद्यमान ज्ञान, सीप र अवधारणा अभिवृद्धि भई गुणस्तरीय नवजात शिशु सेवा प्रदान प्रदान भएको हुनेछ । |



मा. मन्त्री

| | |
|---|---|
| सञ्चालन प्रकृया | • निर्देशनालयले जिल्लामा SNCU सञ्चालन भएको अस्पतालसँग समन्वय गर्नुपर्नेछ,<br>• FB-IMNCI, SNCU level २ र NICU को तालिम लिइ CTS तालिम प्राप्त प्रशिक्षक रुपमा कार्यरत नर्स/डाक्टरलाई Mentor को रुपमा प्रयोग गर्न सकिने छ,<br>• Mentor को तालिम लिएका स्वास्थ्यकर्मीहरुलाई प्रयोग गरी Coaching/ Mentoring कार्यक्रम गर्नुपर्नेछ,<br>• SNCU / NICUसेवा प्रदान गर्ने अस्पतालहरुमा कार्यरत मेडिकल अधिकृत र नर्सिङ स्टाफलाई coaching/ mentoring गर्नुपर्नेछ ।<br>• कार्यक्रम सञ्चालन पश्चात आवश्कता अनुसार बैठक बसी छलफल गर्नुपर्नेछ |
| बजेट बाँडफाँट | युनिसेफ नेपाल बाट विनियोजित रकम माग गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।<br>बैठक, दैनिक भ्रमण भत्ता, प्रशिक्षक भत्ता, सहभागी भत्ता, खाजा, स्टेशनरी, अन्य प्रचलित स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही बजेट बाँडफाँट गर्नुपर्नेछ। |
| सन्दर्भ सामग्री | FB-IMNCI/ Newborn coaching/ mentoring निर्देशिका २०७६, गुणस्तर सुधार सामग्री, Comprehensive New-born Care Training for Nurses Level II Package कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, उपस्थिति हाजिरी |

## १९. क्रियाकलापः मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य कार्यक्रमको मेडिकल अधिकृत/नर्सिङ्ग स्टाफलाई ३ दिने अभिमुखिकरण कार्यक्रम

| क्रियाकलाप संकेत नं | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८२० | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | आमाको स्वास्थ्य स्थिति सुधार गर्न र मातृमृत्यु घटाउन प्रसुति जटिलताहरुलाई प्रभावकारी रुपमा समयमै व्यवस्थापन गर्नु पर्ने देखिन्छ । अस्पताल तथा स्वास्थ्य संस्थामा कार्यरत |

| | |
|---|---|
| | चिकित्सक नर्सिङ्ग स्टाफहरुलाई मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य सम्वन्धी अभिमुखिकरणका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | चिकित्सक तथा नर्सिङ्ग स्टाफहरुलाई मातृ मृत्यु हुनुका कारण पहिचान गर्न सक्षम बनाउनु र MPDSR कार्यक्रमलाई प्रभावकारी रुपले निरन्तरता दिनु तथा तथ्याङ्क प्रविष्ट गर्न सक्ने। |
| अपेक्षित प्रतिफल | चिकित्सक तथा नर्सिङ्ग स्टाफहरुले समयमै मातृमृत्युको कारण पहिचान गरी आगामी दिनमा त्यस्तै प्रकृतिको अरु मृत्यु हुन नदिन गुणस्तर सुधारका कार्य सञ्चालन भएको हुनेछ साथै सबै मातृ मृत्यु तथा पेरिनेटल मृत्यु अनलाइन इन्ट्री गरेका हुनेछन्। |
| सञ्चालन प्रकृया | • MPDSR कार्यक्रम सञ्चालन गरीरहेका अस्पताल तथा स्वास्थ्य संस्थाबाट Obstetrician, Pediatrician, Medical Officer, Nursing-In charge (Labor ward/Pediatric ward), Medical Recorder), MPDSR फोकल पर्सन तथा तथ्याङ्क सहायक/अधिकृतलाई गरी ३ दिनको अभिमुखिकरण तथा Cause Assignment तालिम सञ्चालन गर्नुपर्दछ,<br>• तालिम प्रशिक्षकको लागि आवश्यकता अनुसार प्रदेशको सामाजिक विकास मन्त्रालयका स्वास्थ्य महाशाखा, प्रदेश अस्पताल, केन्द्र तथा अन्य प्रदेशबाट समेत समन्वय गरी व्यवस्थापन गर्न सकिनेछ,<br>• MPDSR लागू भएका जिल्ला तथा स्थानीय तहमा अनुगमन तथा सुपरिवेक्षण गरिनेछ। |
| बजेट बाँडफाँट | युनिसेफ नेपालबाट विनियोजित रकम माग गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।<br>बैठक, दैनिक भ्रमण भत्ता, प्रशिक्षक भत्ता, सहभागी भत्ता, खाजा, स्टेशनरी, हल भाडा, अन्य प्रचलित स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही बजेट बाँडफाँट गर्नुपर्नेछ। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५, सम्बन्धित तालिम पुस्तिका तथा निर्देशिका। |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, उपस्थिति हाजिरी। |

२०. क्रियाकलापः प्रदेश आकस्मिक स्वास्थ्य (PHEOC) सञ्चालन खर्च

| क्रियाकलाप संकेत | खर्च शिर्षकः | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|



मा. मन्त्री

| | | | | |
|---|---|---|---|---|
| नं. | | | | |
| २.७.२२.८८ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेश स्वास्थ्य आकस्मिक केन्द्रको प्रशासनिक एवम् सामान्य सञ्चालन खर्चको लागि यो क्रियाकलापमा बजेट व्यवस्था गरिएको हो। |
| उद्देश्य | प्रदेश आकस्मिक केन्द्रको नियमित कार्य सुचारु हुने। |
| अपेक्षित प्रतिफल | केन्द्रको नियमित सञ्चालन, स्वास्थ्य आपतकालीन अवस्थामा, सूचना व्यवथापन र प्रतिकार्यमा सहयोग पुग्ने। |
| सचालन प्रकृया | PHEOC सञ्चालन व्यवस्थापनका लागि यो रकम खर्च हुनेछ। |
| बजेट बाँडफाँट | आवश्यकता अनुसार बजेट बाँडफाँट गरी सञ्चालन गर्ने। |
| सन्दर्भ सामग्री | प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | आवश्यक बिल भर्पाई |

२१. क्रियाकलाप: महामारी व्यवस्थापनको लागि बफर स्टक सामग्री खरिद

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक: | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.९२ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | सम्भावित महामारी तथा विपद् जोखिमको पुर्वानुमान गरी सम्भावित महामारीजन्य संक्रामक रोगहरुको उपचार तथा व्यवस्थापनका लागि औषधी तथा अन्य औषधीजन्य सामग्रीहरु नियमानुसार खरिद गरी संचित गर्नका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | विपद् प्रतिकार्य योजना अनुसारको औषधी तथा अन्य औषधीजन्य सामग्रीहरु खरिद गरी संचित गर्न, |



मा. मन्त्री

| | |
|---|---|
| अपेक्षित प्रतिफल | सम्भावित महामारी रोकथाम तथा नियन्त्रणमा सहयोग पुग्नेछ। |
| सचालन प्रकृया | • बफर स्टकका लागि आवश्यक औषधी तथा औषधीजन्य सामग्रीहरुको सूची तयार गरी स्वीकृत गराई सो को आधारमा बजेटको परिधि भित्र रही खरिद गर्नुपर्नेछ।<br>• स्वास्थ्य आपतकालीन अवस्थामा मात्र खर्च गर्ने र महामारी/विपद् पश्चात् पुनः सो औषधिको मौज्दात कायम रहने गरी व्यवस्थापन गर्ने, |
| बजेट बाँडफाँट | औषधी तथा अत्यावश्यक औषधीजन्य सामग्रीका लागि बजेट बाँडफाँट |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | खरिद ईकाइको निर्णय, दाखिला प्रतिवेदन तथा हस्तान्तरण फारम आदि। |

२२. क्रियाकलाप: विद्यालय नर्सका लागि ५ दिने बालबालिका तथा किशोर किशोरी मानसिक स्वास्थ्य सम्बन्धी (CAMH) तालिम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक: | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२५.४९९ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | विद्यालयमा रहेका बालबालिका तथा किशोरकिशोरीको मानसिक स्वास्थ्य समस्याहरुको तत्काल निदान नहुने कारणले बालबालिका र किशोरकिशोरीहरूको मानसिक स्वास्थ्य समस्याको रोकथाम, नियन्त्रण र निवारण गर्नका लागि विद्यालय नर्स बिद्यार्थीहरुको नजिक रहेर काम गर्ने र मानसिक स्वास्थ्य समस्या पहिलो चरणमा विद्यालयबाट नै समाधान हुने भएकाले यो तालिम राखिएको हो। |
| उद्देश्य | विद्यालय नर्सको क्षमता अभिवृद्धि गरी बालबालिका तथा किशोरकिशोरीको मानसिक स्वास्थ्य प्रवर्धन हुने। |
| अपेक्षित प्रतिफल | विद्यालय नर्सको क्षमता अभिवृद्धि भई बालबालिका तथा किशोरकिशोरीको मानसिक स्वास्थ्य समस्याहरूको निदान तथा उपचारको व्यवस्थापन विद्यालयबाट नै भएको हुनेछ। |

| | |
|---|---|
| सञ्चालन प्रकृया | • बालबालिका र किशोरकिशोरीहरूको मानसिक स्वास्थ्य सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम लिएका प्रशिक्षकले यो तालिम कर्णाली प्रदेशका विद्यालय नर्स लागु भएका विद्यालयहरुमा कार्यरत विद्यालय नर्सहरुको लागि ५ दिनको हुनेछ,<br>• प्रति ब्याचमा बढीमा २५ जनाको सहभागिता गराउन सकिनेछ,<br>• उक्त तालिम वीरेन्द्रनगर सुर्खेतमा हुनेछ। |
| बजेट बाँडफाटँ | युनिसेफ नेपालबाट बिनियोजित रकम माग गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। बैठक भत्ता, खाजा, स्टेशनरी, हलअन्य प्रचलित। |
| सन्दर्भ सामग्री | प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | कार्यक्रम सञ्चालनको हाजिरी, बिल, कार्यक्रम सम्पन्न प्रतिवेदन तथा अन्य कागजातहरु |

२३. क्रियाकलापः बालबालिका तथा किशोरकिशोरी मानसिक स्वास्थ्य सम्बन्धी (CAMH) सम्बन्धी समीक्षा कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षकः | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२५.४९६ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | बालबालिका र किशोरकिशोरीहरूको मानसिक स्वास्थ्य समस्याको रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धी बिभिन्न क्रियाकलापहरु सञ्चालन भइरहेको हुँदा उक्त क्रियाकलापहरुको समीक्षा गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | बालबालिका तथा किशोरकिशोरी मानसिक स्वास्थ्य सम्बन्धी भए गरेका क्रियाकलापहरुको छलफल, समीक्षा र योजना तर्जुमा गर्ने। |
| अपेक्षित प्रतिफल | स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि भई बालबालिका तथा किशोरकिशोरीको मानसिक स्वास्थ्य समस्याहरुको नियमित तथ्याङ्क व्यवस्थापन सहज हुनेछ<br>उचित उपचार, परामर्श र प्रेषणको व्यवस्थापन सुदृढ हुनेछ। |

| | |
|---|---|
| सञ्चालन प्रकृया | • कर्णाली प्रदेशका स्थानीय तहमा सञ्चालन भएको बालबालिका तथा किशोरकिशोरी मानसिक स्वास्थ्य कार्यक्रमको सम्बन्धित जन/स्वास्थ्य प्रमुख, स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत, स्वास्थ्य शाखा प्रमुख र केही स्वास्थ्य संस्था प्रमुखलाई सहभागी गराई समीक्षा कार्यक्रम सञ्चालन गर्ने।<br>• २ दिने समीक्षा कार्यक्रम बीरेन्द्रनगरमा हुनेछ। |
| बजेट बाँडफाटँ | युनिसेफ नेपालबाट बिनियोजित रकम माग गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। समीक्षा भत्ता, खाजा, स्टेशनरी, हल, दै.भ्र.भत्ता। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु। |
| अनुगमन सूचक | कार्यक्रम सञ्चालनको हाजिरी, बिल, भर्पाई, कार्यक्रम सम्पन्न प्रतिवेदन तथा अन्य कागजातहरु। |

## २४. क्रियाकलापः मानसिक स्वास्थ्य दिवस

| क्रियाकलाप संकेत न. | खर्च शिर्षकः | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८२७ | २२५२२ | १०० | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | बालबालिका र किशोरकिशोरीको मानसिक स्वास्थ्यबारे समुदायका मानिसहरूलाई सूचना प्रवाहका लागि बालबालिका र किशोरकिशोरीको मानसिक स्वास्थ्यबारे चेतना अभिवृद्धि गर्न र समुदायका मानिसहरू माझ उचित बुझाइका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | बालबालिका र किशोरकिशोरीको मानसिक स्वास्थ्यबारे समुदायस्तरसम्म जनचेतना पुर्याउने। |
| अपेक्षित प्रतिफल | जनचेतना अभिवृद्धि मार्फत व्यवहार परिवर्तन भई बालबालिका र किशोरकिशोरीको मानसिक स्वास्थ्यमा सुधार भएको हुनेछ। । |
| सञ्चालन प्रकृया | दिवस मनाउनु पूर्व आवश्यकता अनुसार कार्यक्रमहरुको सञ्चालन योजना बनाई बैठक |

मा. मन्त्री

| | |
|---|---|
| | वसी सचेतनामूलक सामग्रीहरु छपाई, प्रचार प्रसार गर्ने। |
| बजेट बाँडफाँट | युनिसेफ नेपालबाट विनियोजित रकम माग गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। दिवस सञ्चालनका लागी स्वीकृत बजेटको परिधि भित्र रहि खर्च गर्न सकिनेछ। |
| सन्दर्भ सामग्री | प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | हाजिरी रजिष्टर, बिल तथा अन्य कागजातहरु। |

२५. क्रियाकलाप: बालबालिका तथा किशोर किशोरी मानसिक स्वास्थ्य सम्बन्धी IEC/BCC materials छपाई

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक: | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२५.४९७ | २२५२२ | २०० | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | समुदायमा बालबालिका र किशोरकिशोरीहरुको मानसिक स्वास्थ्य सम्बन्धी सचेतनाका लागि IEC/BCC हरुको माध्यमबाट बालबालिका तथा किशोरकिशोरी को मानिसक स्वास्थ्य सम्बन्धी सुचना प्रवाह गर्नका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | बालबालिका र किशोरकिशोरीको मानसिक स्वास्थ्यबारे समुदायस्तरसम्म जनचेतना पुर्याउने। |
| अपेक्षित प्रतिफल | व्यवहार परिवर्तन भई बालबालिका र किशोरकिशोरीको मानसिक स्वास्थ्यबारे समुदायस्तरमा जनचेतना अभिवृद्धि भएको हुनेछ। |
| सञ्चालन प्रकृया | आवश्यकता अनुसार बिभिन्न IEC/BCC सामग्रीहरु छपाई तथा बितरण गर्न सकिनेछ। |
| बजेट बाँडफाँट | युनिसेफ नेपालबाट विनियोजित रकम माग गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु, कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | बिल तथा अन्य कागजातहरु, छपाई गरेका सामग्रीहरु |

२६. क्रियाकलाप: २० पालिकाका (सुर्खेत र दैलेख) स्वास्थ्य प्रमुखलाई २ दिने बालबालिका तथा किशोरकिशोरी मानसिक स्वास्थ्य तथा रेकर्डिङ्ग र रिपोर्टिङ्ग सम्बन्धी अभिमुखिकरण

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक: | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२५.४९८ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | बालबालिका तथा किशोरकिशोरीहरुमा शारीरिक, मानसिक, सम्वेगात्मक परिवर्तन हुने भएकाले उनीहरुमा विभिन्न शारीरिक तथा मानसिक समस्या देखा पर्दछन्। बालबालिका तथा किशोरकिशोरी कार्यक्रम सञ्चालन भएका स्थानीय तहमा स्वास्थ्य संस्थामा रेकर्डिङ्ग तथा रिपोर्टिङ्ग मा सुधार ल्याउनको लागि यो कार्यक्रम राखिएको हो। यो अभिमुखिकरण पश्चात उल्लेखित सुर्खेत र दैलेख जिल्लाका पालिकाहरुमा कार्यरत स्वास्थ्य संस्थाबाट मानसिक स्वास्थ्यको तथ्याङ्क गुणस्तर सुधार गर्नको लागि र मानसिक स्वास्थ्यका बिरामीहरु DHIS-२ मा रोगको वर्गीकरण अनुसार समावेश गर्नको लागि अभिमुखिकरण राखिएको हो। |
| उद्देश्य | स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि गरी बालबालिका तथा किशोरकिशोरी मानसिक स्वास्थ्यको रेकर्डिङ्ग र रिपोर्टिङ्ग सुधार गर्न। |
| अपेक्षित प्रतिफल | बालबालिका तथा किशोरकिशोरीको मानसिक स्वास्थ्यको अभिलेख र प्रतिवेदनमा समस्या समाधान हुनेछ। |
| सञ्चालन प्रकृया | • दुई दिनको अभिमुखिकरण तालिम सञ्चालन हुनेछ,<br>• तालिम सम्बन्धित जिल्ला स्वास्थ्य कार्यालय-जनस्वास्थ्य कार्यालयसँगको समन्वयमा सम्बन्धित जिल्लामा सञ्चालन गर्नुपर्नेछ।<br>• पालिकाका स्वास्थ्य शाखा प्रमुख र स्वास्थ्य शाखाका कर्मचारी,<br>• स्वास्थ्य चौकीका प्रमुख र अन्य स्वास्थ्यकर्मीहरु,<br>• जिल्ला बाहिर अभिमुखिकरण सञ्चालन गर्न जाँदा प्रयोग हुने यातायात साधनको रकम |

मा. मन्त्री

| | |
|---|---|
| | समेत यसैबाट खर्च गर्न सकिनेछ। |
| बजेट बाँडफाँट | युनिसेफ नेपाल बाट विनियोजित रकम माग गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। बैठक भत्ता, खाजा, स्टेशनरी, हल भाडा, लगायत अन्य प्रचलित ऐन नियम। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड र प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | कार्यक्रम सञ्चालनको हाजिरी, बिल, भर्पाई, सम्पन्न प्रतिवेदन तथा अन्य कागजातहरु। |

२७. क्रियाकलाप: स्वास्थ्य दिवसहरु मनाउने कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक: | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१५३ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | विभिन्न स्वास्थ्य दिवसहरु मार्फत जनचेतना समुदाय स्तर सम्ममा फैलाई स्वास्थ्य सम्बन्धी सकारात्मक सोचको विकास गरी स्वस्थ जीवनशैलीलाई बढावा दिन यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | स्वास्थ्य शिक्षाको महत्व जनस्तर सम्म पुर्याई जनचेतना समुदायस्तरसम्म पुर्याउने। |
| अपेक्षित प्रतिफल | व्यवहारमा परिबर्तन भई दैनिक जीवनशैलीमा सकारात्मक सोचको बिकास हुने। |
| सञ्चालन प्रकृया | • दिवस मनाउनुपुर्व आवश्यकता अनुसार बैठक बसी सञ्चालन योजना बनाउनुपर्नेछ<br>• स्वास्थ्य सम्बन्धी विभिन्न दिवसहरु(स्तनपान सप्ताह,आयुर्वेद दिवस, आयोडिन महिना, विश्व स्वास्थ्य दिवस, क्षयरोग दिवस, नर्सिङ्ग दिवस, परिवार नियोजन दिवस, विश्व क्यान्सर दिवस, कुष्ठरोग दिवस, औलो दिवस, मानसिक स्वास्थ्य दिवस, जनसंख्या दिवस, एड्स/कण्डम दिवस, हेपाटाइटिस, विश्व जनस्वास्थ्य दिवस, महिला स्वास्थ्य सेवा दिवस आदि) मार्फत सचेतनामूलक क्रियाकलापहरु सञ्चालन गर्ने। |
| बजेट बाँडफाँट | दिवस सञ्चालनका लागि स्वीकृत बजेटको परिधि भित्र रही आवश्यकता अनुसार बाँडफाँट |

| | |
|---|---|
| | गरी खर्च गर्न सकिनेछ |
| सन्दर्भ सामग्री | स्वास्थ्य दिवससंग सम्वन्धित पोस्टर, पम्पलेट, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नाराहरु, प्रचलित कानुन तथा खर्च सम्पन्धी मापदण्डहरु। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | दस्तावेजहरू, सहभागीको विवरण, बैटकका निर्णयहरू, कार्यक्रम सम्पन्न प्रतिवेदन |

२८. क्रियाकलाप: प्रकोप महामारी नियन्त्रणका लागि प्रदेश र जिल्लामा RRT परिचालन

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक: | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सन्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.७३९ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कुनै पनि समय र स्थानमा विपद्, महामारी हुन सक्ने भएकाले सोको रोकथामको योजना बनाउनको लागि विपद्, महामारी जन्य रोगहरुको नियमित सर्भिलेन्स गर्नको लागिप्रदेश, जिल्ला र स्थानीय तहसँग समन्वय गरी प्रदेश र जिल्लामा RRT टिम परिचालन गर्न र नियमित विपद् जन्य घटना निगरानी,अनुगमन गरी यसबाट हुनसक्ने मानविय तथा भौतिक क्षति कम गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | कर्णाली प्रदेशमा हुन सक्ने संभावित विपद्, महामारीको पहिचान गर्ने र पहिचान गरिएका विपद् तथा महामारीले मानबीय तथा भौतिक क्षति कम गर्न RRT टिम लाई परिचालन गर्न। |
| अपेक्षित प्रतिफल | विपद् तथा महामारीबाट सृजित समस्याको समयमै नियन्त्रण भई मानबीय क्षति न्यूनीकरण हुने। |
| सञ्चालन प्रकृया | • कर्णाली प्रदेशका जिल्लाका कुनै स्थानमा विपद्, महामारी तथा अन्य समयमा माहामारीजन्य रोगहरुको नियमित सर्भिलेन्स तथा अनुगमन गर्न<br>• प्रतिकार्यका क्रियाकलाप अन्तर्गत (परिचालित हुने कर्मचारीहरुको लागि दैनिक भ्रमण भत्ता,यातायातका साधन समेतको व्यवस्थापन गरी ) सञ्चालन गर्न सकिनेछ। |
| बजेट बाँडफाँट | यातायात खर्च दैनिक भ्रमण भत्ता, खाजा, स्टेशनरी, हल भाडा, अन्य खर्च। |
| सन्दर्भ सामग्री | सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश,स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत र EDCD द्वारा |



मा. मन्त्री

| | |
|---|---|
| | तयार गरिएका सन्दर्भ सामग्रीहरु तथा अन्य सन्दर्भ सामग्रीहरु। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | बैठकको निर्णय, उपस्थिति हाजरी, कार्यक्रम सम्पन्न प्रतिवेदन। |

२९. क्रियाकलापः सामुदायिक फार्मेसी संचालकहरुलाई पेशागत एवम औषधीको समुचित प्रयोग सम्वन्धी अभिमुखीकरण कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षकः | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८०६ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा सञ्चालनमा रहेका सामुदायिक फार्मेसी सञ्चालकहरुको पेशागत विकास, औषधीको समुचित प्रयोग तथा भण्डारण, औषधी वितरणमा हुने सामान्य त्रुटिहरु र तिनको समाधान,फार्मेसी व्यवस्थापन र कानुनी पक्षहरु र समुदायमा स्वास्थ्य सेवा प्रदान गर्ने तरिकाहरु सुनिश्चित गर्न का यो अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको हो। |
| उद्देश्य | यस कार्यक्रमको मुख्य उद्देश्य फार्मेसी सञ्चालकहरुलाई औषधीको सही प्रयोग, भण्डारण, वितरण, प्रतिजैविक प्रतिरोध र फार्मेसी व्यवस्थापन सम्वन्धी ज्ञान प्रदान गर्नु |
| अपेक्षित प्रतिफल | यस कार्यक्रमले फार्मेसी सञ्चालकहरुलाई आफ्नो पेशागत जिम्मेवारीहरु प्रभावकारी रुपमा निर्वाह गर्न सक्षम बनाउनेछ र समुदायमा स्वास्थ्य सेवा सुधार गर्न महत्वपूर्ण योगदान दिनेछ। |
| सञ्चालन प्रकृया | सामुदायिक फार्मेसी सञ्चालन गरेका सहभागीहरुको छनौट गरी फार्मेसी पेशासँग सम्वन्धित कानूनी दस्तावेज, औषधीको समूचित प्रयोग तथा भण्डारण एवम् फार्मेसी सञ्चालकहरुलाई सामान्य लेखा परीक्षण सम्वन्धी कार्यक्रम योजना गरी विभिन्न संघ संस्था एवम् सरोकारवाला निकायहरुसंगको सहकार्यमा सञ्चालन गर्न सकिनेछ। |
| बजेट बाँडफाँट | आवश्यकता एवं प्रचलित मापदण्ड अनुसार बाँडफाँट गरी प्रक्रिया अगाडि बढाउने। |

मा. मन्त्री

| | |
|---|---|
| सन्दर्भ सामग्री | औषधी ऐन, २०३५, लागू औषध (नियन्त्रण) ऐन, २०३३, सार्वजनिक खरिद ऐन तथा नियमावली, कर्णाली प्रदेश खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | दस्तावेजहरू, सहभागीको विवरण, बैठकका निर्णयहरू, कार्यक्रम सम्पन्न प्रतिवेदन |

३०. क्रियाकलाप: एम्बुलेन्स चालकका लागी क्षमता अभिवृद्दि कार्यक्रम (पुर्व अस्पताल सेवा)

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७३५ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | नेपाल सरकारबाट जारी भएको राष्ट्रिय एम्बुलेन्स निर्देशिका २०७८ बमोजिम एम्बुलेन्स चालकको दक्षता अभिवृद्दि गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | नेपाल सरकारबाट जारी भएको राष्ट्रिय एम्बुलेन्स निर्देशिका २०७८ बमोजिम एम्बुलेन्स चालकले बिरामी तथा घाईतेहरुको जीवन रक्षाका सिप दक्षता अभिवृद्दि गरी प्रभावकारी कार्यक्रम सञ्चालन गर्ने। |
| अपेक्षित प्रतिफल | विरामी तथा घाईतेको जीवन रक्षा एवम् गुणस्तरिय एम्बुलेन्स सेवा प्रदान गर्न सक्ने दक्ष एम्बुलेन्स चालक तयार भएको हुनेछन। |
| सञ्चालन प्रक्रिया | • सहभागी छनौटको मापदण्ड-सरकारी स्वास्थ्य संस्था तथा नेपाल सरकारबाट मान्यताप्राप्त स्वास्थ्य संस्थाबाट सञ्चालनमा रहेका सुचिकृत एम्बुलेन्सका सबारी अनुमतिपत्र प्राप्त एम्बुलेन्स चालकलाई सहभागीको रुपमा छनोट गर्नुपर्नेछ,<br>• प्रशिक्षक यस तालिमको प्रशिक्षक प्रशिक्षण तालिम लिएका चिकित्सक तथा स्वास्थ्यकर्मीहरु यो तालिममा प्रशिक्षक हुनेछन। |
| बजेट बाँडफाँट | यातायात खर्च दैनिक भ्रमण भत्ता, खाजा, स्टेशनरी, हल भाडा, अन्य प्रशासनिक खर्च। |
| सन्दर्भ सामग्री | स्वास्थ्य तालिम व्यवस्थापन निर्देशिका, सम्बन्धित तालिमको प्रशिक्षक, सहभागी र सन्दर्भ पुस्तिका, राष्ट्रिय एम्बुलेन्स निर्देशिका। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | कार्यक्रम सञ्चालनको हाजिरी, बिल भर्पाई आदि। |

मा. मन्त्री

३१. क्रियाकलाप: नागरीक स्वास्थ्य परीक्षण

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक: | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८१२ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| उद्देश्य | विभिन्न महामारी जन्य रोगहरुको निदान गरी समयमै प्रकोपको न्यूनिकरण तथा थप जोखिम हुनबाट बचाउनु। |
| अपेक्षित प्रतिफल | महामारीजन्य रोगहरुको समयमै निदान तथा प्रकोप न्यूनीकरण भएको हुनेछ। |
| सञ्चालन प्रकृया | • आवश्यकताको आधारमा टेष्टकिटहरुको सूची तयार गर्ने,<br>• प्रचलित खरिद ऐन तथा नियमावली अनुसार खरिद गर्ने र संचित गर्ने,<br>• आवश्यकताका आधारमा वितरण तथा व्यवस्थापन गर्ने। |
| बजेट बाँडफाँट | टेष्ट कीट खरिदका लागि बजेट बाँडफाँट गर्ने। |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्वन्धी मापदण्ड। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | खरिद ईकाइको बैठक तथा निर्णय, दाखिला प्रतिवेदन तथा बिल भरपाईहरु |

१३. क्रियाकलापः जिल्लास्तरमा हुने स्टोर तथा औषधीहरुको भण्डार अनुगमन तथा सुपरीवेक्षण।

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.७५० | २२५२२ | PLMBIS अनुसार | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | जिल्ला तहमा औषधी तथा औषधीजन्य सामग्री, खोप तथा खोपजन्य सामग्री, औजार उपकरण, |



मा. मन्त्री

| | |
|---|---|
| | भण्डारण, गुणस्तर र वितरणको अवस्था अनुगमन तथा प्राविधिक सहयोगका लागि यस कार्यालयबाट जनशक्ति स्थलगत रुपमा खटाउनका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | जिल्लास्तरमा अनुगमन गरी स्वास्थ्य सामग्रीको भण्डारण तथा वितरणको अवस्था बारेमा जानकारी प्राप्त गर्ने। |
| अपेक्षित प्रतिफल | जिल्लास्तरका औषधि, उपकरण तथा अन्य स्वास्थ्य सामग्रीको अवस्था बारेमा जानकारी प्राप्तगरी थप सुधारका उपाय अपनाइनेछ। |
| सञ्चालन प्रकृया | • अनुगमन कार्यतालिका, सुपरीवेक्षण चेक लिष्ट तयारी गरी स्वीकृत गर्ने,<br>• आवश्यकता अनुसार जिल्ला तथा स्थानीय तहमा समेत अनुगमन गरिनेछ,<br>• जनशक्ति खटाई प्रतिवेदन लिने,<br>• आवश्यकता अनुसार सुधारका लागि जिल्लालाई पत्राचार गर्ने। |
| बजेट बाँडफाँट | दै.भ्र.भ.,यातायात खर्च, अन्य खर्च। |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | अनुगमन चेकलिस्ट, भ्रमण प्रतिवेदन तथा बिल भरपाईहरु। |

## १४. क्रियाकलापः वार्षिक प्रगति प्रतिवेदन तयारी तथा छपाई।

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.७५२ | २२५२२ | PLMBIS अनुसार | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रको गत आ.व. मा सञ्चालित क्रियाकलाप, उपलब्धी, समस्या र सुझावहरू समेटिएको वार्षिक प्रतिवेदन तयारी एवं प्रकाशन गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | वार्षिक प्रतिवेदन तयार गरी छपाइ गर्ने। |
| अपेक्षित प्रतिफल | गत आ.व.मा सञ्चालित क्रियाकलापहरुको सूचना प्रवाह गरी आगामी योजना, कार्यक्रम र |



मा. मन्त्री

| | |
|---|---|
| | निर्णय प्रकृयामा सूचना एवं तथ्यांकको प्रयोग भई सेवामा सुधार आउने। |
| सञ्चालनप्रकृया | • प्रतिवेदन मस्यौदाका लागि समिति गठन गर्ने,<br>• तयारी बैठक, कार्य बाँडफाँड, शाखागत प्रतिवेदन तयारी, समन्वय बैठक, प्रतिवेदनहरु एकीकृत गर्ने।<br>• छपाई तथा वितरण गर्ने। |
| बजेट बाँडफाँट | बैठक खर्च, पारिश्रमिक, छपाइ र वितरण खर्च, आदि। |
| सन्दर्भ सामग्री | प्रचलित कानून र खर्च सम्बन्धी मापदण्डहरु। दै.भ्र.भ.,यातायात खर्च, अन्य खर्च। |
| अनुगमन सूचक | वार्षिक प्रतिवेदन, निर्णय पुस्तिका, दाखिला तथा बिल भरपाईहरु। |

१५. क्रियाकलाप: भ्याक्सिन स्टोर तथा सवस्टोरमा तापक्रम रेकर्ड लकबुक छपाई तथा वितरण।

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.७५३ | २२५२२ | PLMBIS अनुसार | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | राष्ट्रिय खोप कार्यक्रमका खोपहरुको गुणस्तर सुनिश्चितता तथा भ्याक्सिन स्टोरहरुको नियमित रुपमा तापक्रम अभिलेख, प्रतिवेदन समेतका कार्य गर्नका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | राष्ट्रिय खोप कार्यक्रमका खोपहरुको गुणस्तर सुनिश्चितता तथा अभिलेख व्यवस्थापन गर्न। |
| अपेक्षित प्रतिफल | राष्ट्रिय खोप कार्यक्रमका खोपहरुको गुणस्तर सुनिश्चितता तथा अभिलेख व्यवस्थापन भएको हुनेछ। |
| सञ्चालन प्रकृया | • EVM/SOP बमोजिम तोकिएको ढाँचामा छपाई गर्ने,<br>• आवश्यकता बमोजिम प्रदेश, जिल्ला र स्थानीय तहका खोप भण्डारहरुमा वितरण गर्ने,<br>• खोप भण्डारहरुले नियमित रुपमा अभिलेख अद्यावधिक गरी राख्ने। |
| बजेट बाँडफाँट | EVM/SOP बमोजिम तोकिएको ढाँचामा छपाईमा हुने खर्च। |



मा. मन्त्री

| | |
|---|---|
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्वन्धी मापदण्ड, कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन बिल तथा भरपाई। |

१६. क्रियाकलाप: कार्यालयको वार्षिक प्रगति समीक्षा।

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.७५४ | २२५२२ | PLMBIS अनुसार | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रको गत आ.व. मा सञ्चालित क्रियाकलाप, उपलब्धी र चुनौती सम्वन्धमा जिल्लास्तरका कार्यालय प्रमुख तथा फोकल पर्सनहरुसँग छलफल, प्रस्तुतीकरण र अनुभव आदान प्रदान गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | गत आ.व. मा सञ्चालित क्रियाकलाप, उपलब्धी र चुनौती सम्वन्धमा जिल्लास्तरका कार्यालय प्रमुख तथा फोकल पर्सनहरुसँग छलफल, प्रस्तुतीकरण र अनुभव आदान प्रदान गर्ने। |
| अपेक्षित प्रतिफल | गत आ.व. मा सञ्चालित क्रियाकलाप, उपलब्धी र चुनौती सम्वन्धमा छलफल, प्रस्तुतीकरण र अनुभव आदान प्रदान गरी आगामी आ.व. को कार्यक्रम तथा योजना सञ्चालन गर्न सहयोग हुनेछ। |
| सञ्चालन प्रकृया | • वार्षिक समीक्षा तयारी समिति गठन गर्ने, <br>• प्रस्तुतीकरणको खाका तयारी गरी सरोकारवाला निकायहरुमा पत्राचार गर्ने, <br>• कार्यक्रम सञ्चालन गरी सम्पन्न प्रतिवेदन तयारी गर्ने। |
| बजेट बाँडफाँट | भ्रमण खर्च, खाजा, बैठक भत्ता लगायत अन्य शीर्षकमा बाँडफाँड गरी खर्च गर्ने। |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्वन्धी मापदण्ड, कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | बैठक माइन्यूट, भ्रमण बिल, कार्यक्रम सम्पन्न प्रतिबेदन तथा तथा बिल भरपाईहरु। |

१७. क्रियाकलाप: फार्मेसी सहायक व्यवस्थापन

| क्रियाकलाप संकेत | खर्च शिर्षक | बजेट | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|

मा. मन्त्री

| नं. | | (हजारमा) | | |
|---|---|---|---|---|
| २.७.२२.७५८ | २२५२२ | PLMBIS अनुसार | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कार्यालयमा फार्मेसी सहायकको दरबन्दी न्युन रहेको र विभिन्न जिल्ला स्टोरहरुमा औषधि तथा औषधीजन्य सामग्रीको भण्डारण, प्याकेजिङ, वितरण तथा प्रतिवेदन गर्ने जनशक्तीको अभाव भएको हुँदा १ जना फार्मेसी सहायकको आवश्कयता रहेकोले यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | औषधि तथा औषधीजन्य सामग्रीहरुको प्रभावकारी व्यवस्थापन गर्ने। |
| अपेक्षित प्रतिफल | औषधि तथा औषधीजन्य सामग्रीको भण्डारण, प्याकेजिङ, वितरण तथा प्रतिवेदन लगाएतका विषयहरु चुस्तदुरुस्त हुने। |
| सञ्चालन प्रकृया | • प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमा पदपूर्ति समिति गठन गर्ने,<br>• पदपुर्तिको सुचना आव्हान गरी शैक्षिक योग्यता, अनुभव र अन्तरवार्ता आदिका आधारमा प्राविधिक जनशक्ति छनौट गरी कार्य जिम्मेवारी दिने,<br>• गत आ.ब.मा कार्यरत रहेका कर्मचारीको कार्यसम्पादन सन्तोषजनक भएमा निरन्तरता दिन सकिनेछ। |
| बजेट बाँडफाँट | नेपाल सरकारले निर्धारण गरेको पारिश्रमिक तथा सुविधामा बजेट बाँडफाँट गरी खर्च गर्ने। |
| सन्दर्भ सामग्री | प्रचलित कानून, कार्यविधि तथा मापदण्ड। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | करार नियुक्ति विवरण, हाजिरी विवरण। |

१८. क्रियाकलाप: आपूर्ति व्यवस्थापन सम्बन्धी विभिन्न बैठक सञ्चालन।

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.७८४ | २२५२२ | PLMBIS अनुसार | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | स्वीकृत कार्ययोजना अनुसार |



मा. मन्त्री

| | |
|---|---|
| परिचय | प्रदेशस्तरको आपूर्ति व्यवस्थापनलाई सुदृढ गराउन तथा आपूर्ति व्यवस्थापनमा रहेका सबल तथा सुधार गर्नुपर्ने पक्षहरुको पहिचान गरी समस्याको समाधान तथा पृष्ठपोषण गर्नका लागि यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | आपूर्ति व्यवस्थापनमा रहेका समस्याको समाधान गरी व्यवस्थापनमा सुधार ल्याउने। |
| अपेक्षित प्रतिफल | आपूर्ति व्यवस्थापन सुदृढ भएको हुनेछ। |
| सञ्चालन प्रकृया | • सबै सम्बन्धित सरोकारवालाहरूसँग समन्वय गरी बैठक गर्ने,<br>• निर्णय अभिलेखीकरण गर्ने,<br>• समन्वय बैठकका निर्णयहरुको कार्यान्वयनका लागि पहल गर्ने। |
| बजेट बाँडफाँट | बैठक भत्ता, यातायात खर्च, खाजा, स्टेशनरी, अन्य प्रशासनिक खर्च। |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | बैठक माइन्यूट, बिल तथा भरपाईहरु। |

१९. क्रियाकलापः केन्द्रको भवन परिसर गार्डेनिङ्ग।

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.७९८ | २२५२२ | PLMBIS अनुसार | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रको कार्यालय परिसर, कार्यकक्ष लगायतलाई सुन्दर र वातावरण मैत्री बनाउनका लागी विभिन्न किसिमका फलफुल, बिरुवा, फुलहरु तथा गमलाहरुको व्यवस्थापन गरी आकर्षक बनाउनका लागी यो कार्यकम राखिएको हो। |
| उद्देश्य | कार्यालय परिसर, कार्यकक्ष लगायतलाई सुन्दर र वातावरण मैत्री बनाउनु |
| अपेक्षित प्रतिफल | कार्यालय परिसर, कार्यकक्ष लगायत सुन्दर तथा वातावरण मैत्री हुनेछ। |
| सञ्चालन प्रकृया | आवश्यकताको आधारमा सामग्रीहरुको सूची तयार गर्ने,<br>प्रचलित खरिद ऐन तथा नियमावली अनुसार खरिद गर्ने। |

मा. मन्त्री

| | |
|---|---|
| बजेट बाँडफाँट | स्वीकृत कार्ययोजना अनुसार बजेट बाँडफाँट गरी प्रमुखबाट स्वीकृत गराई खरिद गर्ने |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्ड, कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन, बिल भरपाईहरु |

२०. क्रियाकलापः महामारी व्यब्स्थापनको लागि बफर स्टक सामग्री खरिद।

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१२ | २२५२२ | PLMBIS अनुसार | प्रदेश स्वास्थ्य आपूर्ति व्यबस्थापन केन्द्र | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | भौगालिक बिबिधता, मौसम परिवर्तन तथा प्राकृतिक प्रकोप भैरहने कर्णाली प्रदेशमा उपयुक्त साधन श्रोतको अभावका साथै सम्भावित महामारीको जोखिम रहिरहने स्थितिको पुर्वानुमानको आधारमा आवश्यकता भएका स्थानहरुमा सम्भावित महामारीजन्य संक्रामक रोगहरुको उपचार तथा व्यवस्थापनका लागि औषधी तथा अन्य सामग्री नियमानुसार खरिद गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | महामारी तथा विपद्को समयमा हुने जोखिम न्यूनीकरणका लागी औषधि तथा अन्य सामग्रीको व्यवस्थापन गर्ने। |
| अपेक्षित प्रतिफल | महामारी रोकथाम तथा नियन्त्रणमा सहयोग पुग्नेछ। |
| सचालन प्रकृया | • बफर स्टकका लागि आवश्यक सामग्रीहरुको सूची तयार गर्ने,<br>• प्रचलित कानून बमोजिम खरिद गर्ने,<br>• आवश्यकता अनुसार वितरण गर्ने। |
| बजेट बाँडफाँट | स्वीकृत कार्ययोजना अनुसार विनियोजित बजेटको परिधिभित्र रहेर औषधी तथा अत्यावश्यक सामग्रीहरुका खरिदमा लाग्ने खर्च यसबाट व्यहोर्ने। |
| सन्दर्भ समाग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्ड। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | खरिद ईकाईको निर्णय, खरिद कागजात, दाखिला विवरण। |

२१. क्रियाकलापः औषधि तथा औषधीजन्य सामग्री ढुवानी

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२५.३३३ | २२५२२ | PLMBIS अनुसार | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | औषधि तथा औषधिजन्य सामग्रीहरु, खोप तथा खोपजन्य सामग्रीहरु र अन्य स्वास्थ्य सामग्रीहरु प्रभावकारी रुपमा गन्तव्यसम्म ढुवानी गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | आपूर्ति केन्द्रबाट प्रदेश अन्तर्गतका जन/स्वास्थ्य सेवा कार्यालयहरु तथा अस्पताल सम्म ढुवानी गर्ने। |
| अपेक्षित प्रतिफल | स्वास्थ्य संस्थाहरुमा औषधी तथा औषधीजन्य सामग्रीहरुको नियमित आपूर्ति भएको हुनेछ। |
| सञ्चालन प्रकृया | • प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट अस्पताल र जन/ स्वास्थ्य सेवा कार्यालयको स्टोरसम्म आवश्यकता अनुसार औषधि तथा औषधिजन्य सामग्रीहरु, खोप, खोपजन्य सामग्री तथा अन्य स्वास्थ्य सामग्री ढुवानी गर्ने। |
| बजेट बाँडफाँट | लागत अनुमान, तयार गरी बोलपत्र आह्वान मार्फत खरिद सम्झौता गर्ने। |
| सन्दर्भ सामग्री | प्रचलित खरिद ऐन तथा नियमावली (संशोधन सहित), कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | औषधि तथा औषधिजन्य सामग्रीहरु र खोप तथा खोपजन्य सामग्रीहरु पुगेको ह.फा., दाखिला प्रतिवेदन, बिल भरपाईहरु। |

२२. क्रियाकलापः कार्यालय सुरक्षा तथा भौतिक सम्पत्तिको रेखदेख र सुरक्षाको लागी जनशक्ति करारमा राखे।

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२५.३३४ | २२५२२ | PLMBIS अनुसार | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रको कार्यालय तथा स्टोरको रेखदेख र सुरक्षाका लागी आवश्यक पर्ने जनशक्तिको व्यवस्थापनका लागि यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | कार्यालय तथा भण्डार कक्षहरुको सुरक्षा गर्ने। |
| अपेक्षित प्रतिफल | कार्यालय, भण्डार, औषधि तथा औषधिजन्य सामग्रीहरुको उचित सुरक्षा तथा रेखदेख भई आपूर्ति व्यवस्थापन प्रणालीमा सुधार हुनेछ। |
| सञ्चालन प्रकृया | • कार्यक्रम करार सम्झौता मार्फत पाले लिई काममा लगाउने,<br>• कार्यसम्पादन सन्तोषजनक भएमा विगतमा कार्यरत कर्मचारीलाई निरन्तरता दिन सकिने। |
| बजेट बाँडफाँट | प्रचलित ऐन कानून अनुसार आवश्यक जनशक्तिका लागि करार सम्झौता बमोजिमको पारिश्रमिक व्यवस्थापन। |
| सन्दर्भ सामग्री | प्रचलित कानुन तथा खर्च सम्वन्धी मापदण्ड। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | करार सम्झौता, कर्मचारी हाजिरी विवरण, तलबी भर्पाइ। |

२३. क्रियाकलाप: वेबसाईट अध्यावधिक तथा सञ्चालन।

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२५.४४३ | २२५२२ | PLMBIS अनुसार | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | सूचना व्यवस्थापन प्रणालीलाई व्यवस्थित गरी नागरीकको सहज रुपमा सूचना पाउने हक सुनिश्चित गर्नका साथै कार्यालयको नियमित गतिविधिहरुको सूचना प्रवाह गर्नका लागि यस केन्द्रको वेबसाइट निर्माण, मर्मत, अध्यावधिक तथा सञ्चालन सम्वन्धी क्रियाकलाप राखिएको हो। |
| उद्देश्य | वेबसाइटको मर्मत संभार अध्यावधिक तथा सञ्चालन गर्नु। |
| अपेक्षित प्रतिफल | तथ्याङ्क एवं सूचना प्रवाहमा टेवा पुगेको हुनेछ। |



मा. मन्त्री

| | |
|---|---|
| सञ्चालन प्रकृया | वेवसाईट निर्माण, अध्यावधिक तथा सञ्चालनलाई निरन्तरता दिने। |
| बजेट बाँडफाँट | स्वीकृत कार्ययोजना अनुसार बजेट बाँडफाँट गरी प्रमुखबाट स्वीकृत गराइ खरिद गर्ने। |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्वन्धी मापदण्ड |
| अनुगमन सूचक | सूचारु भइरहेको वेवसाइट, विल भरपाईहरु। |

२४. क्रियाकलापः सार्वजनिक खरिद प्रकृया तथा आधारभूत आपूर्ति व्यवस्थापन सम्वन्धि अभिमुखिकरण कार्यक्रम (जिल्ला तथा पालिकाका फोकल पर्सन सहभागी)।

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२५.४४५ | २२५२२ | PLMBIS अनुसार | प्रदेश स्वास्थ्य आपूर्ति व्यबस्थापन केन्द्र | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | सार्वजनिक खरिद प्रकृया तथा आधारभूत आपूर्ति व्यवस्थापन सम्वन्धी अभिमुखिकरण गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | आपूर्ति व्यवस्थापनसंग सम्वन्धित कर्मचारी तथा पदाधिकारीहरुलाई सार्वजनिक खरिद प्रकृया तथा आधारभूत आपूर्ति व्यवस्थापन सम्वन्धमा अभिमुखीकरण गर्ने। |
| अपेक्षित प्रतिफल | स्वास्थ्य आपूर्ति व्यवस्थापनसंग सम्वन्धित कर्मचारी तथा पदाधिकारीहरुलाई सार्वजनिक खरिद प्रकृया तथा आधारभूत आपूर्ति व्यवस्थापन सम्वन्धमा जानकार भइ आपूर्ति व्यवस्था सुदृढ हुनेछ। |
| सञ्चालन प्रकृया | • जिल्ला तथा स्थानीयतहमा कार्यरत स्वास्थ्य आपूर्ति व्यवस्थापनसंग सम्वन्धित कर्मचारी तथा पदाधिकारीहरु छनौट गर्ने,<br>• पायक पर्ने स्थानमा सार्वजनिक खरिद प्रकृया तथा आधारभूत आपूर्ति व्यवस्थापन सम्वन्धि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने। |
| बजेट बाँडफाँट | स्वीकृत कार्ययोजना अनुसार भ्रमण खर्च, प्रशिक्षक पारिश्रमिक, स्टेसनरी, खाजा लगायतका शीर्षकमा बजेट बाँडफाँड गरी खर्च गर्न सकिनेछ। |

मा. मन्त्री

| | |
|---|---|
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्वन्धी मापदण्ड, कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, बिल भर्पाईहरु। |

२५. क्रियाकलापः प्रदेश स्तरको आपूर्ति व्यवस्थापन र खोप कार्यक्रम समन्वय समितिको त्रैमासिक बैठक संचलानको लागि बैठक खर्च सहयोग।

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८१५ | २२५२२ | PLMBIS अनुसार | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेश स्तरको आपूर्ति व्यवस्थापन र खोपकार्यक्रम समन्वय समितको त्रैमासिक बैठक सञ्चालन गरी आपूर्ति व्यवस्थापनमा रहेका कमी कमजोरी पहिचान गरी समस्याको समाधान गर्न, पृष्ठपोषण गर्नका लागि यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | आपूर्ति व्यवस्थापनमा रहेका समस्याको समाधान गरी व्यवस्थापनमा सुधार ल्याउने |
| अपेक्षित प्रतिफल | आपूर्ति व्यवस्थापनमा सुधार हुनेछ |
| सञ्चालन प्रकृया | • आवश्यता अनुसार सरोकारवाला व्यक्ति/संस्थाहरुलाई बैठकमा आमन्त्रण गर्ने,<br>• प्रदेशस्तरको आपूर्ति व्यवस्थापन र खोप कार्यक्रम समन्वय समितिको बैठक सञ्चालन गर्ने,<br>• बैठकको निर्णय अभिलेखिकरण गर्ने। |
| बजेट बाँडफाँट | बैठक भत्ता, यातायात खर्च, खाजा, स्टेशनरी तथा अन्य प्रशासनिक खर्च |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्वन्धी मापदण्डहरु। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | उपस्थिति, निर्णय पुस्तिका, विल भरपाईहरु। |

२६. क्रियाकलापः निशुल्क स्वास्थ्य सेवाका लागि औषधि खरिद

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| ७.२.९.३ | २७२१३ | PLMBIS | प्रदेश स्वास्थ्य आपूर्ति | स्वीकृत कार्ययोजना अनुसार |

मा. मन्त्री

| | | | | |
|---|---|---|---|---|
| | | अनुसार | व्यवस्थापन केन्द्र | |

| | |
|---|---|
| परिचय | नेपालको संविधान, २०७२ ले प्रत्येक नागरीकलाई राज्यबाट निः शुल्क आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने हक हुनेछ साथै आकस्मिक स्वास्थ्य सेवाबाट कसैलाई पनि वञ्चित गरिने छैन भन्ने उल्लेख गरिएको छ। यसैगरी जनस्वास्थ्य ऐन, २०७५मा पनि निः शुल्क आधारभूत स्वास्थ्य सेवाको प्रत्याभूत गरिएको छ। नेपाल सरकारबाट आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि निः शुल्क तोकिए बमोजिमका औषधि तथा औषधिजन्य सामग्रीहरु उपलब्ध गराउने व्यवस्था भए बमोजिम यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | निः शुल्क आधारभूत स्वास्थ्य सेवा तथा विभिन्न कार्यक्रमका लागि औषधि तथा औषधिजन्य सामग्रीहरुको अभाव सृजना हुन नदिई नागरीकहरुलाई प्रभावकारी सेवा प्रवाह गर्ने। |
| अपेक्षित प्रतिफल | निरन्तर औषधि तथा औषधिजन्य सामग्रीहरुको उपलब्धता भइ प्रभावकारी रूपमा स्वास्थ्य सेवा प्रवाह हुने। |
| सञ्चालन प्रकृया | • निः शुल्क सूचीका औषधीहरुको वार्षिक आवश्यक परिमाण प्रक्षेपण गर्ने,<br>• निः शुल्क आधारभूत स्वास्थ्य सेवाका लागि आवश्यक औषधि तथा औषधिजन्य सामग्रीहरुको खरिद वर्गीकरण सूची अनुसार खरिद गर्ने,<br>• प्रदेशको अख्तियारी सूची बाहेकका निः शुल्क आधारभूत स्वास्थ्य सेवा तथा विभिन्न कार्यक्रमहरुका लागि आवश्यक औषधि तथा औषधिजन्य सामग्रीहरु जन/ स्वास्थ्य सेवा कार्यालयहरु तथा अस्पतालहरुबाट माग भई आएमा खरिद गरी वितरण गर्ने,<br>• औषधि तथा औषधिजन्य सामग्रीहरुको प्रकृति अनुरुप प्याकेज बनाई प्रचलित खरिद कानून अनुसार खरिद विधि छनौट गरी खरिद गर्ने,<br>• स्वीकृत खरिद योजना बमोजिम प्रचलित खरिद कानून अनुसार औषधीको गुणस्तर सुनिश्चित गरेर मात्र औषधी खरिद गर्ने,<br>• खरिद गरिएको औषधि माग र आवश्यकताका आधारमा जन/स्वास्थ्य सेवा कार्यालयहरु तथा अस्पतालहरुमा वितरण गर्ने। |
| बजेट बाँडफाँट | आवश्यकता अनुसार औषधि तथा औषधिजन्य सामग्रीहरुको खरिदका लागि प्याकेज बनाई |


मा. मन्त्री

| | |
|---|---|
| | बजेट बाँडफाँट गरी स्वीकृत गराउने |
| सन्दर्भ सामग्री | आधारभुत स्वस्थ्य सेवाका औषधि तथा औषधिजन्य सामग्रीहरुको खरिद वर्गिकरण, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्ड। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | खरिद ईकाईको निर्णय, खरिद कागजात, eLMIS दाखिला विवरण। |

२७. क्रियाकलाप: हेमोफिलियाको लागि औषधी खरिद (औषधीहरु खरिद)

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट रु. (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| ७.२.९.९ | २७२१३ | PLMBIS अनुसार | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | हिमोफिलिया एक वंशानुगत समस्या हो तर कोही कोहीमा वंशानुगत नभएर अन्य कारणले पनि हुन सक्छ। रगत जमाउन आवश्यक तत्वहरु (Clotting Factors)को कमीको कारण सामान्य चोटपटकमा पनि लामो समय सम्म रक्तश्राव भइरहने अवस्था हिमोफिलिया हो। प्रति १० हजारमा एक व्यक्ति हिमोफिलियायुक्त जन्मिने विश्व स्वास्थ्य संगठनको अनुमान रहेको छ। यस समस्याको लागि आवश्यक फ्याकटर (औषधी)को अभावमा बर्षेनि ३/४ जना हिमोफिलियायुक्त व्यक्तिहरुको मृत्यु हुने गरेको छ। त्यसैले सो औषधीको समयमा नै खरिद गरी हिमोफिलियायुक्त व्यक्तिहरुको मृत्युमा रोकथाम गर्नका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | हिमोफिलियायुक्त व्यक्तिहरुको जीवन रक्षा गर्न आवश्यक औषधीको खरिद गरी प्रभावकारी रुपमा सेवा प्रवाह गर्नु। |
| अपेक्षित प्रतिफल | प्रभावकारी उपचार हुने, हिमोफिलियाको उपचारका लागि आवश्यक औषधीको अभाव सिर्जना हुन नदिने।<br>हिमोफिलियाको उपचार पश्चात् रुग्णता र मृत्युदरमा कमी आउने। |
| सञ्चालन प्रक्रिया | • खरिद इकाईको बैठकको निर्णय अनुसार खरिद प्रकृया अगाडि बढाउने, |

| | |
|---|---|
| | • स्वीकृत खरिद योजना बमोजिम प्रचलित ऐन अनुसार खरिद गरी उचित तापक्रममा राख्ने, <br>• प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले खरिद गर्ने हिमोफिलियाको औषधिहरुको गुणस्तरका लागी WHO-GMP certified हुनुपर्नेछ, <br>• सरकारी अस्पतालहरुमा मागका आधारमा वितरण गर्ने। |
| बजेट बाँडफाँट | आवश्यक औषधी/ फ्याक्टर खरिदका लागि रकम बाँडफाँट गरी स्विकृत गर्ने। |
| सन्दर्भ सामग्री | प्रचलित खरिद कानून तथा खर्च सम्बन्धी मापदण्ड, कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | खरिद ईकाईको निर्णय, खरिद कागजात, दाखिला विवरण |

## २८. क्रियाकलापः स्वास्थ्य सम्बन्धी मेशिनरी औजार उपकरण सामग्री खरिद

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| ११.३.९.३ | ३११२२ | PLMBIS अनुसार | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पताल तथा स्वास्थ्य संस्थाहरुबाट प्रवाह गरिने स्वास्थ्य सेवाहरुको पहुँच तथा गुणस्तर कायम राख्न विभिन्न मेशिनरी औजार तथा उपकरण सामग्रीहरुको आवश्यकता पर्दछ। स्वास्थ्य संस्थाहरको गुणस्तरीय सेवा प्रदान गर्न आवश्यक औजार तथा उपकरण सामग्री खरिद गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | स्वास्थ्य सम्बन्धी औजार तथा उपकरणको समुचित प्रयोगद्वारा स्वस्थ्य संस्था तथा अस्पतालहरुमा गुणस्तरिय सेवा उपलब्ध गराउने। |
| अपेक्षित प्रतिफल | रोगको समयमा नै निदान तथा उपचार भई गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह भएको हुने। |
| सञ्चालन प्रकृया | • आवश्यक मेशिनरी, औजार तथा उपकरणको सूची तयार पार्ने, <br>• स्वीकृत खरिद योजना बमोजिम प्रचलित ऐन अनुसार गुणस्तरीय सामग्रीको सुनिश्चित गरी खरिद गर्ने, |



मा. मन्त्री

| | |
|---|---|
| | • मेशीनरी औजारको प्रकृति तथा आवश्यकता अनुसार प्याकेज बनाई उपयुक्त खरिद विधि अवलम्बन गरी खरिद गर्ने। |
| बजेट बाँडफाँट | विनियोजित बजेटको परिधिभित्र रहेर माग तथा आवश्यकता अनुसार प्याकेज बनाई मेशिनरी औजार उपकरण खरिदका लागि बजेट बाँडफाँट गर्ने। |
| सन्दर्भ सामग्री | प्रचलित खरिद कानून तथा खर्च सम्बन्धी मापदण्ड, कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | खरिद ईकाईको निर्णय, खरिद कागजात, दाखिला विवरण |

२९. क्रियाकलापः चौरजहारी अस्पताल र स्वास्थ्य सेवा कार्यालय सल्यानको लागि डायलाईसिस मेसिन खरिद

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| ११.३.९.१०५ | ३११२२ | PLMBIS अनुसार | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पताल तथा स्वास्थ्य संस्थाहरुबाट प्रबाह गरिने स्वास्थ्य सेवाहरुको पहुँच तथा गुणस्तर कायम राख्न विभिन्न मेशिनरी औजार तथा उपकरण सामग्रीहरुको आवश्यकता पर्दछ। जिल्ला स्तरमा समेत डायलाईसिस सेवा विस्तार गरी बिरामीहरुलाई सेवा प्रदान गर्न आवश्यक भएकोले यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | चौरजहारी अस्पताल र स्वास्थ्य सेवा कार्यालय सल्यानबाट डायलाईसिस सेवा उपलब्ध गराउने। |
| अपेक्षित प्रतिफल | चौरजहारी अस्पताल र स्वास्थ्य सेवा कार्यालय सल्यानबाट डायलाईसिस सेवा प्रवाह भएको हुने। |
| सञ्चालन प्रकृया | • आवश्यक मेशिनरी, औजार तथा उपकरणको सूची तयार पार्ने, <br> • स्वीकृत खरिद योजना बमोजिम प्रचलित ऐन अनुसार गुणस्तरीय सामग्रीको सुनिश्चित गरी खरिद गर्ने, |



मा. मन्त्री

| | |
|---|---|
| | • मेशीनरी औजारको प्रकृति अनुसार प्याकेज बनाई उपयुक्त खरिद विधि अवलम्बन गरी खरिद गर्ने। |
| बजेट बाँडफाँट | चौरजहारी अस्पताल र स्वास्थ्य सेवा कार्यालय सल्यानमा डायलाईसिस सेवा प्रदान गर्नका लागी आवश्यक पर्ने मेशिनरी, औजार तथा उपकरणको खरिद र जडान खर्चका लागि आवश्यकता अनुसार प्याकेज बनाई रकम बाँडफाँट गर्ने। |
| सन्दर्भ सामग्री | प्रचलित खरिद कानून तथा खर्च सम्बन्धी मापदण्ड, कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | खरिद ईकाईको निर्णय, खरिद कागजात, दाखिला विवरण |



प्रदेश सचिव

मा. मन्त्री

घ. मानव संसाधन विकास केन्द्र अन्तर्गतका क्रियाकलापहरु

१. क्रियाकलाप: सुरक्षित गर्भपतन सेवा (First Trimester MVA and MA ) तालिम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७६ | २२५२२ | PLMBIS अनुसार | मानव संसाधन विकास केन्द्र | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | सुरक्षित गर्भपतन सेवाबारे स्वास्थ्यकर्मीहरुलाई तालिम प्रदान गरी सेवा प्रवाहको दर र गुणस्तर बढाउन आवश्यक रहेकोले यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | प्रभावकारी सुरक्षित गर्भपतन सेवा कार्यक्रम सञ्चालन गर्नु। |
| अपेक्षित प्रतिफल | सुरक्षित गर्भपतन सेवाको विस्तार भइ सेवाग्राहीको संख्या बढेको हुनेछ। |
| सञ्चालन प्रकृया | औषधिद्वारा गरिने सुरक्षित गर्भपतनको तालिममा सहभागी संख्या ५ देखि ६ जना सम्म र MVA द्वारा गरिने सुरक्षित गर्भपतन तालिममा ८ देखि १० जनासम्म राख्न सकिनेछ, <br>तालिमका सहभागी छनोट गर्दा यस सम्बन्धी सेवाको पहुँच कम भएका स्थानका स्वास्थ्यकर्मीहरुलाई प्राथमिकता दिइनेछ, <br>नेपाल भित्र रहेका सुचिकृत तालिम साइटहरुसँग समन्वय गरी तालिम सञ्चालन गर्ने, <br>तालिम लिएका सहभागीहरुको संख्या स्वास्थ्य सूचना प्रणालीमा प्रविष्टि गरिनेछ, <br>तालिम सञ्चालन पश्चात मापदण्ड पुगेका सहभागीहरुलाई TIMSमा दर्ता गरी तालिम प्रमाणपत्र प्रदान गर्ने, <br>यस तालिम सञ्चालनका लागी आवश्यक पर्ने तालिम सामग्री छपाई तथा खरिदका लागी पनि बजेट बांडफांड गर्न सकिनेछ, <br>तालिम सञ्चालन गरी बांकी रहेको बजेटबाट तालिम लिएर फर्किएका स्वास्थ्यकर्मीहरुले आफ्नो स्वास्थ्य संस्थामा सेवा दिए नदिएको अनुगमन गर्न जान सकिनेछ। |
| बजेट बाँडफाँट | तालिम सञ्चालन गर्दा राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको सञ्चालन निर्देशिका वा कर्णाली प्रदेश कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ र कर्णाली प्रदेश भ्रमण खर्च नियमावली |

| | |
|---|---|
| | २०७५ बमोजिम गर्न सकिनेछ। |
| सन्दर्भ सामग्री | सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन निर्देशिका २०७८, सुरक्षित गर्भपतन सम्वन्धी राष्ट्रिय नीति २०६०, जनस्वास्वास्थ्य ऐन २०७५, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य ऐन २०७५, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार नियमावली २०७७ तथा गर्भपतन सम्वन्धी अद्यावधिक तालिम पुस्तिकाहरु। |
| अनुगमन सूचक | तालिम सम्पन्न प्रतिवेदन |

## २. क्रियाकलाप: माग र आवश्यक्तामा आधारित स्वास्थ्य सम्वन्धि क्लिनिकल तालिम सञ्चालन

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजार मा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.८०६ | २२५२२ | PLMBIS अनुसार | मानव संसाधन विकास केन्द्र | स्विकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेश तथा स्थानीय तह अन्तर्गत विभिन्न स्वास्थ्य संस्थाहरुमा सेवा प्रवाह गरीरहेका र सो को व्यवस्थापन गरीरहेका स्वास्थ्यकर्मीहरुको क्लिनिकल क्षमता अभिवृद्धि गरी गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | कर्मचारीहरुको क्षमता अभिवृद्धि भई सेवाग्राहीहरुलाई गुणस्तरीय सेवा प्रदान गर्ने। |
| अपेक्षित प्रतिफल | स्वास्थ्य संस्थाहरुमा निरन्तर स्वास्थ्य सेवा प्रदायक दक्ष जनशक्ति तयार हुनेछ। |
| सञ्चालन प्रकृया | • निर्देशनालय,जन/स्वास्थ्य सेवा कार्यालय र स्थानीय तहसंग लिखित वा मौखिक समन्वय गरी कुन तालिम कति जनालाई चाहिने हो सो आवश्यक्ता पहिचान गरी सूची तयार गर्ने। जस्तैः Implant, IUCD,ASRH,VIA,COFP,संक्रमण रोकथाम तथा फोहोरमैला व्यवस्थापन लगायत माग भई आएका अन्य तालिमहरु पनि सञ्चालन गर्ने,<br>• तोकिएको तालिम सञ्चालन गर्न सुविकृत तालिम साईट चाहिने भएमा तालिम साईटहरुसंग समन्वय गरी साईट निर्धारण गर्ने,<br>• तालिममा सहभागीताका लागी सम्बन्धित संस्था वा निकायहरुलाई पत्राचार गर्ने, |

मा. मन्त्री

| | |
|---|---|
| | • प्रशिक्षक तथा सहभागीहरुको संख्या छनौट गर्दा तालिमको प्रकृति र राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको स्वास्थ्य तालिम व्यवस्थापन निर्देशिका २०७५को पछिल्लो संसोधन बमोजिम गर्ने,<br>• तालिम सञ्चालनका लागि हुने खर्चको व्यवस्थापन (दैनिक भ्रमण भत्ता, सहभागी भत्ता प्रशिक्षक भत्ता यातायात लगायत आवश्यक अन्य खर्च) यसै बजेटबाट गर्न सकिने,<br>• तालिम सञ्चालनका लागी आवश्यक रहेका तालिम सामग्री छपाई तथा सामग्री खरिदका लागिपनि यसैबाट बजेट व्यवस्थापन गर्न सकिनेछ। |
| बजेट बाँडफाँट | तालिम सञ्चालन गर्दा राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको सञ्चालन निर्देशिका वा कर्णाली प्रदेश कर्णाली प्रदेश खर्च मापदण्ड २०७५ र कर्णाली प्रदेश भ्रमण खर्च नियमावली २०७५ बमोजिम गर्न सकिनेछ। |
| सन्दर्भ सामग्री | तालिमको प्रकृति अनुसारका सन्दर्भ सामग्रीहरु प्रयोग गर्नुपर्नेछ। |
| अनुगमन सूचक | तालिम सम्पन्न प्रतिवेदन। |

३. क्रियाकलापः अनुगमन तथा मूल्याङ्कन

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.८.१.५ | २२६११ | PLMBIS अनुसार | मानव संसाधन विकास केन्द्र | स्विकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | मानव संसाधन विकास केन्द्र अन्तर्गत स्वास्थ्य तालिम शाखाले प्राविधिक(क्लिनिकल) तथा जनस्वास्थ्य सम्बन्धी विभिन्न तालिम संचाल, व्यवस्थापन साथै तालिमको गुणस्तरीयता निर्धारण गर्ने कार्य गर्दै आइरहेको छ। विभिन्न तालिम कार्यक्रम तथा अनुशिक्षण पश्चात निर्धारित उद्देश्यहरु कति पूर्ति भए वा भएनन् त्यसबाट के कस्तो उपलब्धी भयो, उपलब्धिका कारणहरुको अनुगमन गर्न र समस्या देखिएमा स्थलगतरुपमा नै समाधान गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | तालिममा प्रदान गरिएको ज्ञान तथा सीपको कसरी प्रयोग भइरहेको छ, बाधा तथा |

| | |
|---|---|
| | कठिनाइहरु के के छन् र थप तालिमको आवश्यकता समेत पहिचान गर्ने। |
| अपेक्षित प्रतिफल | सीपमा आधारित तालिमको प्रभावकारिता र उपयोगिताको मूल्याङ्कन भइ भविष्यमा सञ्चालन गरिने तालिमको गुणस्तरमा बृद्धि हुनेछ। |
| सञ्चालन प्रकृया | • कार्यस्थल पहिचान गरी अनुगमन सुपरिवेक्षण कार्ययोजना तथा सुपरिवेक्षण चेकलिष्टचे तयार गर्ने, <br> • अनुगमन तथा सुपरिवेक्षणका लागि कार्य सम्पादनका आधारमा स्वास्थ्य संस्थाको छनोट गरी टीम परिचालन गरिनेछ, <br> • अनुगमन गर्न सुपरिवेक्षण मूल्याङ्कन तथा अनुशिक्षण कार्य योजना अनुसार सहजिकरणमा जाने व्यक्तिले कार्यालय प्रमुखसंग कार्य योजना स्वीकृत गराई तोकिएको स्था जाने। |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश भ्रमण खर्च नियमावली २०७५ बमोजिम गर्न सकिनेछ। |
| सन्दर्भ सामग्री | सुपरीवेक्षण अनुगमन तथा मूल्याकन तथा अनुशिक्षण चेकलिष्ट। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | अनुगमन चेकलिस्ट तथा कार्यक्रम सम्पन्न प्रतिवेदन। |



मा. मन्त्री

ङ. प्रदेश अस्पताल अन्तर्गतका क्रियाकलापहरू

१. क्रियाकलापः प्रदेश अस्पताल सुर्खेतको तला थप कार्यक्रम।

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| ११.१.२.४३५ | ३१११२ | PLMBIS अनुसार | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेश अस्पताललाई प्रदेशको प्रेषण केन्द्रको रुपमा स्थापित गर्न र भविष्यमा स्वास्थ्य प्रतिष्ठान सञ्चालन गर्न उपयुक्त हुनेगरी भवन निर्माण गर्न बहुवर्षीय टेक्का सम्झौता बमोजिम निर्माण कार्य निरन्तर सञ्चालन गर्न यस शिर्षकमा बजेट बिनियोजन गरिएको छ। |
| उद्देश्य | स्वास्थ्य सेवाका लागि आवश्यक पूर्वाधार विस्तार गरी शिक्षण संस्था सञ्चालन गर्न, |
| अपेक्षित प्रतिफल | आवश्यक पूर्वाधार विस्तार भई थप सेवाहरु सञ्चालन गर्न सहज हुने। |
| सचालन प्रकृया | अस्पताल भवनको तला थप निर्माण कार्यको सम्झौता अनुसार प्राविधिकको सुपरिवेक्षण तथा अनुगमनमा सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ बमोजिम निर्माण कार्य निरन्तर सञ्चालन गर्ने। |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम तथा लागत अनुमान अनुसार खर्च गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४। स्वास्थ्य संस्था स्थापना, सञ्चालन र स्तरोन्नति सम्बन्धी २०७०, भवन ऐन २०५५ र यस अन्तरगत जारी भएको नेपाल राष्ट्रिय भवन संहिता र भवन नियमावली २०६६। |
| अनुगमन सूचक | खरिद सम्बन्धी कागजात, बिल, कार्य प्रगति प्रतिवेदन। |

२. क्रियाकलापः कम्प्युटर प्रिन्टर लगायतका आवश्यक पर्ने अन्य मेसिनरी सामग्रीहरु।

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| ११.३.७.१४ | ३११२२ | PLMBIS अनुसार | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना |

मा. मन्त्री

| | | | | |
|---|---|---|---|---|
| | | | | अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालमा अभिलेख, विवरण तथा दैनिक प्रशासनिक कार्य गर्न आवश्यक कम्प्युटर प्रिन्टर साथै रोग निदान र सरसफाइका लागि आवश्यक अन्य मेसिनरी सामग्री खरिद गर्न बजेट बिनियोजन गरिएको छ। |
| उद्देश्य | अभिलेख प्रतिवेदन साथै प्रशासनिक कार्य सहज गर्न। |
| अपेक्षित प्रतिफल | काम छिटो छरितो र दक्षतापूर्ण हुने। |
| सचालन प्रकृया | अस्पताललाई आवश्यक पर्ने कम्प्युटर, प्रिन्टर, इन्टरनेट, नेटवर्किङ तथा सिसिटिभि र अन्य मेसिनरी सामग्रीहरुको सूची तयार गर्ने,<br>आवश्यक सामग्रीहरु नियमानुसार खरिद गर्ने। |
| बजेट बाँडफाटँ | स्वीकृत कार्यक्रम तथा लागत अनुमान अनुसार खर्च गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४। |
| अनुगमन सूचक | खरिद सम्बन्धी कागजात, जिन्सी रजिष्टर। |

३. क्रियाकलापः विरामी कुरुवा घर

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| ११.१.२.५५९ | ३११११२ | PLMBIS अनुसार | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | दुर्गम स्थानबाट थप उपचारका लागि भर्ना भएका बिरामी, बिरामीका आफन्त र कुरुवाहरु अस्पताल बाहिर बसि लामो समयसम्म सेवा लिनुपर्ने भएकाले उनीहरुको आर्थिक भार कम गरी न्यून मूल्यमा बासको व्यवस्था गर्न प्रचलित कानुन बमोजिम ठेक्का बन्दोबस्त गरी निर्माण कार्य निरन्तर सञ्चालन गर्न यस शिर्षकमा बजेट बिनियोजन गरिएको छ। |
| उद्देश्य | दुर्गम स्थानका सेवाग्राहीलाई सुरक्षित बासको व्यवस्था गर्न मद्दत हुने। |

मा. मन्त्री

| | |
|---|---|
| अपेक्षित प्रतिफल | सेवाग्राहीको आर्थिक भारमा कमी आइ पूर्ण उपचार सेवा लिने। |
| सञ्चालन प्रकृया | प्राविधिकबाट लागत अनुमान तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गराइ उपयुक्त स्थानमा सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली अनुसार निर्माण कार्य निरन्तर सञ्चालन गर्ने। |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम तथा लागत अनुमान अनुसार खर्च गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४। |
| अनुगमन सूचक | खरिद सम्बन्धी कागजात, प्राविधिक प्रतिवेदन, अनुगमन। |

४. क्रियाकलापः **Liquid Waste Treatment Plant** खरिद

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| ११.३.२२.३३ | ३११२२ | PLMBIS अनुसार | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालबाट निस्कने हानिकारक Liquid Waste उचित व्यवस्थापन नभएमा जनस्वास्थ्यमा नकारात्मक प्रभाव पार्ने भएकोले त्यस्ता Liquid Waste प्रशोधन गरी व्यवस्थापन गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ। प्रदेश अस्पतालको सेवा विस्तार भएसंगै सेवाग्राहीको संख्यामा वृद्धि हुदा अस्पतालबाट निस्कने Liquid Waste लाई प्रशोधन गरी उचित व्यवस्थापन गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | हानिकारक Liquid Waste को प्रशोधन गरी उचित व्यवस्थापन गर्ने। |
| अपेक्षित प्रतिफल | अस्पतालबाट निस्कने Liquid Waste लाई प्रशोधन गरी जनस्वास्थ्यमा पर्ने नकारात्मक प्रभाव कम हुने। |
| सञ्चालन प्रकृया | • Liquid Waste Treatment Plant भएका स्वास्थ्य संस्थाहरुको अवलोकन भ्रमण गर्ने,<br>• प्राविधिकबाट लागत अनुमान तयार गर्ने,<br>• उपयुक्त स्थानमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको Healthcare Waste |

मा. मन्त्री

| | |
|---|---|
| | Management निर्देशिकामा तोकिए बमोजिम सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली अनुसार खरिद कार्य गर्ने। |
| बजेट बाँडफाँट | दैनिक भ्रमण भत्ता, यातायात खर्च, स्वीकृत कार्यक्रम तथा लागत अनुमान अनुसार खर्च गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्बजनिक खरिद ऐन २०६३, नियमावली २०६४, Healthcare Waste Management निर्देशिका। |
| अनुगमन सूचक | खरिद सम्बन्धी कागजात, प्राविधिक प्रतिवेदन, अनुगमन। |

५. क्रियाकलाप: **P & O Workshop** भवन निर्माण

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| ११.१.२.५७३ | ३११११२ | PLMBIS अनुसार | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | शारीरिक अपांङ्ता भएका व्यक्तिहरुका लागि आवश्यक सहायक सामग्री उत्पादन, मर्मत तथा प्रयोग सम्बन्धी तालिम दिनका लागि भवन निर्माण गर्न ठेक्का भइ सम्झौता भए बमोजिम निर्माण कार्यको निरन्तरताको लागि यस शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | शारीरिक अपाङ्गता भएका व्यक्तिहरुले प्रयोग गर्ने सहायक सामग्रीको उत्पादन, मर्मत गर्नका लागि भवन निर्माण हुने। |
| अपेक्षित प्रतिफल | भवन निर्माण भइ P & O Workshop सञ्चालन हुने। |
| सञ्चालन प्रकृया | प्राविधिकबाट लागत अनुमान तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गराइ उपयुक्त स्थानमा सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली बमोजिम ठेक्का भइ सम्झौता अनुसार निर्माण कार्य निरन्तर सञ्चालन गर्ने। |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम तथा लागत अनुमान अनुसार खर्च गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, भवन |



मा. मन्त्री

| | |
|---|---|
| | ऐन २०५५ र यस अन्तरगत जारी भएको नेपाल राष्ट्रिय भवन संहिता र भवन नियमावली २०६६। |
| अनुगमन सूचक | खरिद सम्वन्धी कागजात, प्राविधिक प्रतिवेदन, अनुगमन। |

६. क्रियाकलाप: पुराना भवनहरुको मर्मत तथा संरचनात्मक सुधार

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| ११.१.३.१ | ३११६१ | PLMBIS अनुसार | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालको मौजुदा भवनहरु तथा संरचनाहरुको आवश्यकता अनुसार मर्मत सुधार गरी प्रयोगमा ल्याइ सेबा सञ्चालन गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | मौजुदा भवनहरु तथा संरचनाहरुको मर्मत सम्भार गरी प्रयोगमा ल्याउनु। |
| अपेक्षित प्रतिफल | भवन तथा संरचनाहरुको मर्मत सम्भार भइ स्वास्थ्य सेबा प्रवाहमा सहजता हुने. |
| सञ्चालन प्रकृया | प्राविधिकबाट लागत अनुमान तयार गरी सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अनुसार मर्मत सुधार कार्य गर्ने साथै सृजित दायित्व भुक्तानी गर्ने। |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम तथा लागत अनुमान अनुसार खर्च गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, भवन ऐन २०५५ र यस अन्तरगत जारी भएको नेपाल राष्ट्रिय भवन संहिता र भवन नियमावली २०६६। |
| अनुगमन सूचक | खरिद सम्वन्धी कागजात, प्राविधिक प्रतिवेदन, अनुगमन। |

७. क्रियाकलाप: **Ortho, Surgery Equipment & Instrument[1], ABR & OAE मेसिन[2], NICU Equipment & Instrument[3] र इण्डोस्कोपी मेसिन[4] खरिद।**

| क्रियाकलाप संकेत | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|


मा. मन्त्री

| नं. | | | | |
|---|---|---|---|---|
| ११.३.२२.३५[१], | ३११२२ | PLMBIS अनुसार | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |
| ११.३.९.१०१[२], | ३११२२ | PLMBIS अनुसार | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |
| ११.३.९.६६[३], | ३११२२ | PLMBIS अनुसार | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |
| ११.३.९.९२[४] | ३११२२ | PLMBIS अनुसार | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालको सेवा बिस्तार गरी सेवाग्राहीहरुलाई नविनतम प्रविधिको प्रयोग गरी अत्याधुनिक उपकरणद्वारा द्रुत र सुलभरुपमा रोगको निदान तथा उपचार सेवा प्रदान गर्नका लागि यी शिर्षकहरुमा बजेट बिनियोजन गरिएको छ। |
| उद्देश्य | अत्याधुनिक उपकरणको जडान तथा प्रयोग भई गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्ने। |
| अपेक्षित प्रतिफल | अत्याधुनिक उपकरणद्वारा रोगको निदान तथा उपचार सहजरुपमा प्रदान गर्न मद्दत भई सेवाग्राहीको संख्यामा वृद्धि हुने। |
| सचालन प्रकृया | अस्पताललाई आवश्यक पर्ने तोकिएको **Equipment & Instrument** को सूची तयार गर्ने,<br>बायोमेडिकल इन्जिनियरबाट प्राविधिक विवरण (Technical Specification) र कार्यक्रम तथा लागत अनुमान तयार गर्ने,<br>सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम खरिद तथा व्यवस्थापन गर्ने। |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम तथा लागत अनुमान अनुसार खर्च गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४। |
| अनुगमन सूचक | खरिद योजना, जिन्सी खाता, प्रतिवेदन, निरिक्षण। |



मा. मन्त्री

८. क्रियाकलापः अस्पताल फर्निचर खरिद।

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| ११.६.१३.४ | ३११२३ | PLMBIS अनुसार | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालमा स्वास्थ्य सेवा प्रदान गर्न साथै कार्यालय प्रयोजनका लागि आवश्यकता पर्ने फर्निचर तथा फिक्चर खरिद गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | आवश्यकता अनुसार फर्निचर तथा फिक्चर आपूर्ती गरी प्रभावकारी सेवा प्रदान गर्न मद्दत हुने। |
| अपेक्षित प्रतिफल | सेवा प्रदायक तथा सेवाग्राहीलाई यथेष्ठ फर्निचरको व्यवस्था भइ सहजरुपमा सेवा लिन साथै प्रदान गर्न सहयोग हुने। |
| सचालन प्रकृया | अस्पताललाई आवश्यक पर्ने फर्निचरको सूची तयार गरी कार्यक्रम तथा लागत अनुमान स्वीकृत गराइ सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम खरिद कार्य गर्ने। |
| बजेट बाँडफाँट | स्वीकृत लागत अनुमान अनुसार खर्च गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४। |
| अनुगमन सूचक | खरिद सम्बन्धी कागजात, जिन्सी खाता, निरिक्षण। |

९. क्रियाकलापः जेष्ठ नागरीकहरू तथा गरीब असहायलाई निःशुल्क स्वास्थ्य सेवा प्रदान।

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.४२९ | २२५२२ | PLMBIS अनुसार | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

मा. मन्त्री

| | |
|---|---|
| परिचय | जेष्ठ नागरीकलाई सम्मान गर्दै आर्थिक अभावका कारण कोही पनि मानिसहरु स्वास्थ्य सेवाबाट बन्चित नहुन भन्ने उद्देश्यले गरीब असहायलाई अस्पतालबाट प्रदान हुने स्वास्थ्य सेवा नि:शुल्क उपलब्ध गराउनका लागि यस शिर्षकमा बजेट बिनियोजन गरिएको छ। |
| उद्देश्य | जेष्ठ नागरीक तथा गरीब असहायलाई नि:शुल्क स्वास्थ्य सेवा प्रदान गर्ने |
| अपेक्षित प्रतिफल | जेष्ठ नागरीक तथा गरीब असहायको स्वास्थ्य सेवामा पहुँच बृद्धि हुनेछ। |
| सचालन प्रकृया | • बजेटको परिधिमा रही तपसिल अनुसार बाँडफाँट गरी कार्यक्रम सञ्चालन गर्ने<br>• <u>औषधि खरिद:</u> अस्पतालमा सेवा लिन आउने जेष्ठ नागरीक तथा गरीब असहाय को अनुमानित संख्या एकिन गरी नि:शुल्क बितरणका लागि औषधि खरिद गर्ने।<br>• <u>सेवा शुल्क:</u> अस्पतालमा जाच गर्ने चिकित्सकको सिफारिसमा तोकिएको फाराम भरी जेष्ठ नागरीकको आर्थिक अवस्था हेरी आंशिक तथा पूर्ण नि: शुल्क गर्ने,<br>• गरीब असहायलाई नि:शुल्क सेवा प्रदान गर्ने,<br>• नि:शुल्क र छुट गरिएको सेवा शुल्क अस्पताल बिकास समितिमा सोधभर्ना गर्ने,<br>• नेपाल सरकारले जेष्ठ नागरीकहरुको नि: शुल्क स्वास्थ्य बीमा गर्ने भएकोले स्वास्थ्य बिमा गराउन उत्प्रेरणा गर्ने र स्वास्थ्य बिमा भएकाहरुलाई यो सुविधा उपलब्ध हुनेछैन। तर स्वास्थ्य बीमाको रकम अपुग भएमा यसै बमोजिम नि:शुल्क सेवा दिन बाधा पर्नेछैन। |
| बजेट बाँडफाँट | औषधि तथा औषधिजन्य सामग्री, सेवा शुल्क, आदि। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४। संघ तथा प्रदेशबाट स्वीकृत निर्देशिकाहरु। |
| अनुगमन सूचक | सेवा रजिष्टर, प्रतिवेदन। |

## १०. क्रियाकलापः अस्पताल सुरक्षा कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.५.४८ | २२५२२ | PLMBIS अनुसार | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना |

| | | | | |
|---|---|---|---|---|
| | | | | अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालमा बिरामी, बिरामीका आफन्त, कर्मचारी लगायत अस्पतालको भौतिक सम्पतीको सुरक्षार्थ यस शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | अस्पतालमा चोरी, अनैतिक कार्य, अवैध वस्तुहरुको प्रयोगमा नियन्त्रण तथा जन धनको सुरक्षा हुने। |
| अपेक्षित प्रतिफल | अस्पतालमा भौतिक सम्पत्तिको निगरानी तथा शान्ति सुरक्षाको प्रत्याभूति हुनेछ। |
| सचालन प्रकृया | वार्षिक बजेटको परिधि भित्र रहि २४ घण्टा अस्पताल सुरक्षाको लागि सेवा करारमा वा व्यक्ति करारमा सुरक्षा गार्ड व्यवस्था गर्ने। |
| बजेट बाँडफाँट | श्रम नियमावली २०७५ बमोजिम स्विकृत वार्षिक बजेटको परिधि भित्र रहि कार्यालय प्रमुखबाट कार्यक्रम स्वीकृत गराइ खर्च गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, श्रम नियमावली २०७५। |
| अनुगमन सूचक | हाजिर रजिष्टर, अनुगमन। |

## ११. क्रियाकलापः सरसफाइ सम्बन्धी प्रयोग हुने सामान।

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.४.१५.१ | २२३१९ | PLMBIS अनुसार | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालमा कर्मचारी, बिरामी तथा बिरामीका आफन्तहरुको आवत जावत बढी हुने भएकोले नियमित सरसफाइ गरी अस्पताललाई सफा र सुन्दर राख्नका लागि प्रयोग हुने बिभिन्न सामग्री खरिद गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | अस्पतालको फोहोर तोकिएको भाडांमा संकलन गरी व्यवस्थित रुपमा बिसर्जन हुने। |



मा. मन्त्री

| | |
|---|---|
| अपेक्षित प्रतिफल | अस्पतालजन्य फोहोरबाट सेवा प्रदायक, सेवाग्राही र समुदायमा हुने जोखिम कम हुने। |
| सचालन प्रकृया | Health Care Waste Management Guideline २०२० अनुसार अस्पतालबाट निस्कने फोहोरमैला व्यवस्थित रुपमा विसर्जन गर्न कार्यक्रम स्वीकृत गराई निम्न कार्य गर्न सकिने छ:<br>• भौतिक पूर्वाधारको मर्मत संभार,<br>• खानेपानी, विद्युत, मेसिनरी औजार उपकरण, सामग्री खरिद तथा मर्मत,<br>• फर्निचर तथा फिक्चर खरिद,<br>• सुरक्षा सामग्री तथा फोहोर व्यवस्थापनका लागि आवश्यक सामग्री खरिद,<br>• मेसिनरी औजार तथा सामग्री खरिद,<br>• कार्यालय सहयोगी करारमा नियुक्ति गर्न सकिने। |
| बजेट बाँडफाँट | सरसफाइका लागि आवश्यक सामग्रीको सूची तयार गरी कार्यक्रम स्वीकृत गराइ खर्च गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४।<br>Health Care Waste Management Guideline २०२०. |
| अनुगमन सूचक | जिन्सी खाता, प्रतिवेदन, निरिक्षण। |

१२. क्रियाकलाप: अस्पतालमा विशेषज्ञ तथा विशेष सेवा व्यवस्थापन[१], विशेषज्ञ स्वास्थ्य सेवा[२]

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.५.४६[१], | २२५२२ | PLMBIS अनुसार | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |
| २.७.२२.१८१४[२] | २२५२२ | PLMBIS अनुसार | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालको स्वीकृत दरबन्दीमा विशेषज्ञ चिकित्सकहरु लगायत अन्य पदहरु पदपूर्ति नभइ विशेषज्ञ सेवा सञ्चालन हुन नसकेकोले र बिरामीको चाप बढी भएका अस्पतालहरुमा सेवा बिस्तार गरी तत्काल विशेषज्ञ सेवा सहज रुपमा प्रदान गर्नका लागि यस शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | विशेषज्ञ तथा विशिष्टकृत सेवाहरु विस्तार भइ नियमित रुपमा सेवा सञ्चालन गर्ने। |
| अपेक्षित प्रतिफल | अस्पतालबाट नियमित रुपमा विशेषज्ञ तथा विशिष्टकृत सेवा उपलब्ध भइ स्वास्थ्य सेवाको पहुँचमा बृद्धि हुने। |
| सचालन प्रकृया | • स्थान विशेष रोगको प्रकोप तथा सेवा विस्तार गरी बिरामीको चाप बढी भएमा आवश्यकता अनुसार कार्यक्रम स्वीकृत गराइ करारमा विशेषज्ञ चिकित्सक लगायत सम्बन्धित सेवा प्रदान गर्न आवश्यक स्वास्थ्यकर्मी तथा अन्य कर्मचारी सेवा करारमा नियुक्ति गर्ने,<br>• स्वास्थ्य सेवा प्रवाह गर्नका लागि आवश्यक पर्ने विशेष प्रकारका जनशक्ति (जस्तैः Consultant Doctors, Medical Officer, Physiotherapist/ Assistant, Lab-Technologist/ Assistant, Biomedical Engineer/ Assistant, Pharmacist/Assistant Audiologist/ Assistant, Staff, Nurse, Ophthalmic Assistant, Dental Hygienist, Psychosocial Counsellor, Anesthesia Assistant लगायत) करार सेवामा व्यवस्था गर्ने,<br>• छात्रवृत्ति करारमा कामकाज गरेका चिकित्सकहरु करार अवधि समाप्त भए पश्चात सोही अस्पतालमा काम गर्न इच्छुक भएमा चिकित्सकलाई करारमा नियुक्ति गर्ने र यस भन्दा अगाडि सोही कार्यक्रम अन्तर्गत कार्यरत कर्मचारीको काम संन्तोषजनक पाइएमा निरन्तरता दिन सकिने। |
| बजेट बाँडफाँट | स्वीकृत वार्षिक बजेटको परिधि भित्र रहि कार्यालय प्रमुखबाट कार्यक्रम स्वीकृत गराइ खर्च गर्ने। |
| सन्दर्भ सामग्री | प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | स्वीकृत कार्यक्रम, सेवा रजिष्टर, प्रतिवेदन, निरिक्षण। |



मा. मन्त्री

१३. क्रियाकलापः कार्यालयको वार्षिक प्रतिवेदन पुस्तिका प्रकाशन।

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.४.१२.५ | २२३१५ | PLMBIS अनुसार | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालमा गत आ.व.मा संचालित क्रियाकलाप, उपलब्धी, समस्या र सुझावहरू समेटिएको वार्षिक प्रतिवेदन तयार गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | अस्पतालले गत आ.व.मा भए/गरेका सेवा, जनशक्ति, भौतिक तथा वित्तिय प्रगतिको जानकारी हुने। |
| अपेक्षित प्रतिफल | कार्यालयको सेवाको अवस्थाबारे जानकारी भइ आगामी योजना, कार्यक्रम र निर्णय प्रकृयामा सूचना एवं तथ्यांकको प्रयोग गरी कार्यक्रम कार्यान्वयनमा सुधार आउने। |
| सचालन प्रकृया | तयारी बैठक, कार्य बाँडफाँड, विषयगत प्रतिवेदन तयारी, समायोजन र कोटेशन मार्फत प्रगति पुस्तिका छपाइ गर्ने,<br>साथै कार्यालयलाई आवश्यक पर्ने विभिन्न फर्म फरमेट आदि छपाई कार्य समेत, |
| बजेट बाँडफाँट | बैठक भत्ता, स्टेशनरी, पारिश्रमिक, छपाइ र वितरण आदि खर्च। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४। |
| सन्दर्भ सामग्री | प्रगति पुस्तिका, जिन्सी रजिष्टर। |

१४. क्रियाकलापः निः शुल्क स्वास्थ्य सेवाका लागि औषधी खरिद

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| ७.२.९.३ | २७२१३ | PLMBIS अनुसार | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |



मा. मन्त्री

| | |
|---|---|
| परिचय | नेपालको संविधानमा प्रत्याभुत गरिएको स्वास्थ्य सेवा निशुल्क पाउने नागरीकको अधिकार सुनिश्चित गर्न तोके बमोजिमका औषधिहरु खरिद गर्न यो क्रियाकलाप राखिएको हो। |
| उद्देश्य | औषधी, औषधीजन्य सामग्री र सर्जिकल सामग्री खरिद गरी प्रभावकारी सेवा प्रवाह गर्ने। |
| अपेक्षित प्रतिफल | • औषधि उपलब्धता भइ प्रभावकारी रूपमा स्वास्थ्य सेवा प्रवाह हुने,<br>• नागरीकले निशुल्क स्वास्थ्य सेवा पाएका हुने,<br>• आधारभुत स्वास्थ्य सेवाको सुनिश्चित भइ सेवाको पँहुचमा अभिबृद्धि हुने। |
| सञ्चालन प्रकृया | • आवश्यक पर्ने औषधी तथा सामग्रीहरुको परिणाम एकिन गर्ने<br>• स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा बिभागबाट र अन्य दातृ निकायहरुबाट उपलब्ध हुन सक्ने औषधी तथा सामग्रीहरुको यकिन गर्ने।<br>• सूचीकृत भएका सप्लायर्सहरुसँग तोकिएको औषधिहरुको दररेट माग गरी सबैको औषतबाट हरेक आईटमको लागत अनुमान तयार गर्ने।<br>• लागत अनुमानको आधारमा स्वीकृत कार्यक्रम र शर्शत अनुदानबाट प्राप्त भएको बजेट परिधिभित्र रही खरिद गर्न सकिने हरेक औषधि तथा अन्य सामग्रीहरुको परिमाण यकिन गर्ने।<br>• आवश्यकता अनुसार औषधि उपकरण सामग्रीहरुको स्पेसिफिकेशन तयार गरी सम्बन्धित अधिकारीबाट प्रमाणित गराउने,<br>• माथि उल्लेखित औषधि एवं सामग्रीहरु आपूर्तिको लागि छनौट भएको पक्षसँग नियम अनुसार निश्चित अवधिभित्र आपूर्ति गर्ने गरी, गुणस्तर एवं स्पेसिफिकेशन अनुसार सुनिश्चित हुने गरी तथा प्रचलित कानूनमा भएका अन्य आवश्यक विषयवस्तु समेत समेटी सम्झौता गर्नुपर्नेछ,<br>• खरिद गरिएको औषधि तथा अन्य सामग्रीहरु सुरक्षित तरिकाले स्टोरले सुरक्षित भण्डारण एवं व्यवस्थित आपूर्ति गर्नुपर्नेछ,<br>• स्विकृत खरिद योजना बमोजिम प्रचलित ऐन अनुसार खरिद गरी सम्बन्धित स्टोरहरुमा राख्ने, गुणस्तरिय औषधी खरिद सुनिश्चित गरेर मात्र औषधि खरिद गर्ने,<br>• सम्बन्धित स्टोरहरुमा सामान्य आपूर्तिको सिधान्त अनुसार Proper Storage, Handling, |

| | |
|---|---|
| | Inventory management लगाएत First Expiry First Out, First In First Out बमोजिम कार्य गर्ने,<br>• खरिद गरेका औषधि उपकरण तथा सामग्रीहरुको समन्वय, अनुगमन, मुल्याङ्कन तथा आवश्यकता अनुसार गुणस्तर परीक्षण मन्त्रालयको स्वास्थ्य सेवा महाशाखाले गर्नुपर्नेछ, |
| बजेट बाँडफाँट | स्वीकृत कार्ययोजना अनुसार विनियोजित बजेटको परिधिभित्र रहेर माग तथा आवश्यकता अनुसार बजेट बाँडफाट गर्ने। |
| सन्दर्भ सामग्री | निशुल्क अत्यावश्यक औषधी सूची, कर्णाली प्रदेश कार्यक्रम सञ्चालन कार्यविधि २०७५, प्रचलित सार्वजनिक खरिद ऐन ०६३ तथा ऐ नियमावली २०६४। |
| अनुगमन सूचक | खरिद सम्बन्धी कागजात, औषधीको विवरण, गुणस्तरको लेखाजोखा, दाखिला विवरण, कार्य सम्पन्न प्रतिवेदन। |

## १५. क्रियाकलापः पोषण पुनर्स्थापना गृह व्यवस्थापन तथा सुदृढीकरण

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.५.९८ | २२५२२ | PLMBIS अनुसार | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालमा स्थापना भएको पोषण पुनर्स्थापना गृहको व्यवस्थापन तथा सेवा सुदृढिकरण गरी गुणस्तरीय पोषण कार्यक्रम सञ्चालन गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | पोषण पुनर्स्थापना गृहको सुदृढीकरण गरी कुपोषणका कारणले हुने शिशु तथा बाल मृत्युदर घटाइ समग्र पोषणको अवस्थामा सुधार ल्याउने। |
| अपेक्षित प्रतिफल | पोषण पुनर्स्थापना स्थापना गृहको सुदृढीकरण भइ पोषण सम्बन्धी गुणस्तरीय सेवा प्रदान हुने। |
| सचालन प्रकृया | कार्यक्रम स्वीकृत गराई पोषण पुनर्स्थापना गृहको सुदृढीकरणका लागि निम्न कार्य गर्न सकिने |

मा. मन्त्री

| | |
|---|---|
| | • भवन तथा भौतिक पूर्वाधारको मर्मत संभार,<br>• खानेपानी, विद्युत, इन्टरनेट, संचार, मेसिनरी औजार उपकरण, सामग्री मर्मत,<br>• फर्निचर तथा फिक्चर खरिद,<br>• अस्पताल फर्निचर मर्मत सुधार,<br>• औषधि खरिद,<br>• पुनर्स्थापना गृहका लागि आवश्यक भाँडाकुडा, ग्यास चुलो, ग्यासको व्यवस्थापन<br>• बेड, मेट्रेस खरिद,<br>• मेसिनरी औजार तथा सामग्री खरिद,<br>• रात्री ड्यिुटी गर्ने १ जना कर्मचारीलाई प्रति रात १५०/- का दरले खाजा खर्च उपलब्ध गराउन सकिने। |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम अनुसार खर्च गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, निर्देशिकाहरु। |
| अनुगमन सूचक | सेवा रजिष्टर, खरिद प्रकृया, गुणस्तरको लेखाजोखा, दाखिला विवरण, कार्य सम्पन्न प्रतिवेदन |

१६. क्रियाकलाप: प्रेषण व्यवस्थापन कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८५ | २२५२२ | PLMBIS अनुसार | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार। |

| | |
|---|---|
| परिचय | नेपालको संविधानले आकस्मिक स्वास्थ्य सेवाको सुनिश्चित गरेकाले कर्णाली प्रदेशका गरीब, असहाय तथा लोपन्मुख बिरामीहरुलाई अस्पतालमा उपचार सम्भव नभइ अन्यत्र प्रेषण गर्नु परेमा वा त्यस्ता बिरामीहरुको उपचार पश्चात घरसम्म पुन्याउने व्यवस्थाका लागि यस शिर्षकमा बजेट बिनियोजन गरिएको छ। |



प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| उद्देश्य | आर्थिक अवस्था कमजोर भइ स्वास्थ्य उपचारबाट बन्छित व्यक्तिको लागि यातायात सेवा उपलब्ध गराउने |
| अपेक्षित प्रतिफल | स्वास्थ्य सेवा पहुचमा वृद्धि भई निकोहुनेदर वृद्धि हुने साथै मृत्युदर कम हुने। |
| सचालन प्रकृया | <u>निम्न कार्य गर्न अस्पताल प्रमुखबाट कार्यक्रम स्वीकृत गराइ खर्च गर्न सकिनेछ:</u><br>• गरीब, असहाय, लोपोन्मुख जातीका बिरामीहरुलाई उपचारका लागि अन्यत्र प्रेषण गर्नु परेमा एम्बुलेन्स भाडा दर अनुसार वा बढीमा ७५००/– सम्म प्रेषणको कागजातको फोटोकपी लिइ भुक्तानी गरिनेछ,<br>• अन्यत्रबाट यस अस्पतालमा प्रेषण सुविधा लिइ उपचार गर्न आएका वा गरीव असहाय सुविधा लिइ उपचार गराएका बिरामीहरु निको भई घर फिर्ता हुदा लाग्ने गाडी भाडा बढीमा २ जनालाई वा एम्बुलेन्स भाडा दर अनुसार वा बढीमा ७५००/- सम्म भुक्तानी गर्न सकिने छ। |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम अनुसार खर्च गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४। |
| अनुगमन सूचक | सेवा रजिष्टर, भाडा बुझाएको रसिद, भरपाई, प्रतिवेदन। |

## १७. क्रियाकलाप: बिरामीका लागि रासन सिदा

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| ७.१.१.१ | २७१११ | PLMBIS अनुसार | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालमा उपचारका लागि अन्तरंग बिभागमा भर्ना भएका विरामीहरुलाई चिकित्सकले सिफारिस गरे बमोजिम तोकिएको स्केल अनुसार दैनिक पोषणयुक्त स्वस्थ खानाको व्यवस्था गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | चिकित्सकको सिफारिस बमोजिम बिरामीलाई पोषणयूक्त खाना उपलब्ध गराइ उपचारमा सहयोग हुने। |



मा. मन्त्री

| | |
|---|---|
| अपेक्षित प्रतिफल | बिरामीलाई आर्थिर भार कम हुने। |
| सचालन प्रकृया | • प्रत्येक वर्षको माघ १ गते देखि पौष मसान्त सम्मका लागि उपचारका लागि भर्ना हुने बिरामीको अनुमानित संख्या एकिन गररे तोकिए बमोजिम को स्केल अनुसार जिल्ला दररेट समितिको निर्णानुसार लागत अनुमान तयार गरी दैनिक खानाको व्यवस्था गर्न सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, संघ तथा प्रदेशबाट स्वीकृत निर्देशिकाहरु बमोजिम खरिद गर्ने, <br>• प्रत्येक दिनको (आईतवार देखि शनिवार) फुडमेनु प्रदर्शन गर्ने। |
| बजेट बाँडफाँट | लागत अनुमान स्वीकृत गरी खर्च गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४। संघ तथा प्रदेशबाट स्वीकृत निर्देशिकाहरु। |
| अनुगमन सूचक | सेवा रजिष्टर, डाइट स्लिप, खरिद सम्बन्धी कागजात, दैनिक रजिष्टर। |

१८. क्रियाकलाप: ल्याब सेवा सचालन तथा व्यवस्थापन

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| ७.२.९.४ | २७२१३ | PLMBIS अनुसार | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | रोगको सहि निदान गरी उपचार गर्न ल्याब सेवाको ठूलो भूमिका रहेको हुन्छ। अस्पतालमा ल्याब सेवा व्यवस्थित गरी समय सापक्ष स्तरवृध्दि गर्दै नियमित सेवा सञ्चालन गर्न आवश्यक केमिकल रिएजेन्ट खरिद गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | प्रयोगशाला व्यवस्थित भइ गुणस्तरीय परीक्षण प्रतिवेदन तयार गरी रोग निदानमा सहयोग हुने |
| अपेक्षित प्रतिफल | गुणस्तरीय परीक्षण भइ उपचारमा सहयोग हुने। |
| सचालन प्रकृया | • अस्पतालको ल्याबको अवस्था हेरी तत्काल सुधार गर्नु पर्ने कार्य साथै आवश्यक |

| | |
|---|---|
| | केमिकल रियजेन्ट उपकरण सामग्रीको सूची तयार गर्ने,<br>• सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ बमोजिम आवश्यक केमिकल रियजेन्ट तथा प्रयोगशाला सम्बन्धी उपकरण, सामग्री खरिद गर्ने। |
| बजेट बाँडफाँट | • लागत अनुमान स्वीकृत गरी खर्च गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४। |
| अनुगमन सूचक | सेवा रजिष्टर, खरिद सम्बन्धी कागजात, जिन्सी रजिष्टर। |

१९. क्रियाकलापः प्रसुती सम्वन्धी अति जटिलताको व्यवस्थापन तथा उपचार

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१०८७ | २२५२२ | PLMBIS अनुसार | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | आमा सुरक्षा कार्यक्रम निर्देशिका अन्तर्गत प्रसुतिका सम्पूर्ण सेवाहरु निशुल्क दिनु पर्ने भएता पनि गम्भीर जटीलता भई लामो समय सम्म अस्पतालमा भर्ना हुने बिरामीलाई उपचार गर्दा तोकिएको ईकाइ रकम अपुग हुने साथै कर्णालीमा बिपन्न, सिमान्तकृत, अल्पसंख्यक र अपाङ्गता भएका बिरामीहरुलाई प्रसुती जटीलताको उपचार गर्न र मृत्युको कारण सम्बोधन गर्न CEONC प्रेषण साइट प्रदेश अस्पताल, सुर्खेतमा यो कार्यक्रममा बजेट बिनियोजन गरिएको छ। |
| उद्देश्य | कर्णालीमा हुने प्रसुती जटीलताहरुलाई प्रभावकारी व्यवस्थापन गरी जटीलताबाट हुने जोखिम र मातृमृत्यु कम हुने। |
| अपेक्षित प्रतिफल | प्रसुति सम्बन्धित जटीलताको पूर्ण उपचार भइ मातृमृत्युमा कमी आउनेछ। |
| सचालन प्रकृया | • प्रसुति जटीलता भइ अस्पतालमा आएका सम्पूर्ण बिरामीहरुलाई निशुल्क सेवा दिन पर्नेछ,<br>• प्रसुती आमा कुनै पनि जटीलता वा समस्या भै व्यवस्थापन, उपचार, शल्यक्रिया गर्न |

| | |
|---|---|
| | आर्थिक समस्या भएमा यो शीर्षक बाट आवस्यक खर्च गर्न सकिनेछ । जसको लागि आवस्यक बिल भरपाई राख्नु पर्ने छ ।<br>• प्रसुति जटीलता भई सघन उपचार (ICU/HDU) कक्षमा भर्ना भएका भएका बिपन्न, अपाङ्गता ,सिमान्तकृत, अल्पसंख्यक, बिरामी जो आर्थीक कारणबाट सेवा लिन कठिनाई भैरहेका उपचारत प्रति बिरामीलाई बढीमा रु. २५०००/- सम्म खर्च गर्न सकिनेछ,<br>• सोधभर्ना गर्न अनुसूची भरि सोहि अनुसार गर्नुपर्ने,<br>• आमा सुरक्षा बाट सोधभर्ना भएको रकमबाट पनि जटीलता व्यबस्थापन खर्च गर्न सकिनेछ। |
| बजेट बाँडफाँट | औषधि तथा औषधिजन्य सामग्री खरिद, सेवा शुल्क सोधभर्ना। |
| सन्दर्भ सामग्री | आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम निर्देशिका २०७८, कर्णाली प्रदेश खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | अनुसूची, सेवा रजिष्टर, प्रतिबेदन। |

२०. क्रियाकलाप: नवजात शिशुको अति जटिलताको व्यवस्थापन तथा उपचार

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१०८८ | २२५२२ | PLMBIS अनुसार | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | नेपालमा नवशिशु मृत्यु दर २१ छ भने कर्णाली प्रदेशमा २६ रहेको छ। दिगो बिकासको लक्ष्यलाई प्राप्ति गर्नको लागि नवजात शिशु बिरामीलाई प्रभावकारी रुपमा व्यवस्थापन गर्नु पर्ने देखिन्छ। प्रदेश अस्पताल सुर्खेतमा नवजात शिशु निशुल्क कार्यक्रम लागु भएता पनि उक्त कार्यक्रमको सोधभर्ना रकमले लामो समय सम्म उपचार गर्ने बिरामीको हकमा बजेट अपुग हुने भएकोले बिरामी भई प्रदेश अस्पतालको सघन कक्षमा लामो समय भर्ना गरी उपचार गर्नुपर्ने नवजात शिशुलाई निशुल्क उपचार दिन यो |


मा. मन्त्री

| | |
|---|---|
| | कार्यक्रममा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | नवजात शिशु जटीलतालाई व्यवस्थापन गरी नवजातशिशु मृत्यु दर कम गर्न। |
| अपेक्षित प्रतिफल | नवजात शिशु जटीलता को उचित व्यवस्थापन भई नवजात शिशु मृत्यु दर कम हुने। |
| सचालन प्रकृया | • नवजात शिशु बिरामी भई भर्ना भएका बिरामीलाई व्यवस्थापन गर्न यस शिर्षकबाट खर्च गर्न सकिने छ.<br>• नवजात शिशु कम्तिमा ५ दिन वा सो भन्दा बढी सघन कक्षमा भर्ना भई उपचार गरेको हुनुपर्नेछ, यसको लागि लक्षित वर्ग आमा बुवा वा अभिभावक विपन्न, अपाङ्गता, अल्पसंख्यक , सिमान्तकृत, आमा बुवा नभएको वा आर्थिक कारणले सेवा लिन नासक्ने भन्ने कुरा विकाश समितिको अध्यक्ष, अस्पताल निर्देशक, र आ. शि. यु. इन्चार्जले सिफारिश गर्न सक्ने छन्।<br>• सोधभर्ना गर्न अनुसूची भरि सोहि अनुसार गर्नुपर्नेछ.<br>• बिरामीलाई उपचार (औषधि तथा सेवा शुल्क) बापत आमा सुरक्षा तथा नवशिशु कार्यविधि बाट सोधभर्ना बाहेक यो शिर्षक बाट प्रति बिरामीको जटिलताको उपचार गरे बापत १००००/- सोधभर्ना गर्न सकिने छ। |
| बजेट बाँडफाँट | औषधि तथा औषधिजन्य सामग्री, सेवा शुल्क, आदि |
| सन्दर्भ सामग्री | आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम निर्देशिका २०७८, कर्णाली प्रदेश खर्च मापदण्ड २०७५। |
| अनुगमन सूचक | अनुसूची, सेवा रजिष्टर, प्रतिवेदन। |

## २१. क्रियाकलाप: स्वास्थ्य बीमा कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| ७.२.२२.५७ | २२५२२ | PLMBIS अनुसार | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेशमा स्वास्थ्य बीमामा आवद्ध बिमितहरुको संख्या बढ्दै गएकोले अस्पतालमा सेवाग्राहीहरुलाई स्वास्थ्य बीमा सेवा छिटो छरितो तथा प्रभावकारी रुपमा सञ्चालन गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | स्वास्थ्य बिमाका बिमितहरुलाई छिटो छरितो तथा प्रभावकारी रुपमा सेवा उपलब्ध हुने। |
| अपेक्षित प्रतिफल | बिमितहरुलाई प्रभावकारी सेवा उपलब्ध भइ बीमामा आवद्ध हुने संख्यामा वृद्धि हुने। |
| सचालन प्रकृया | • कार्यक्रम स्वीकृत गराइ स्वास्थ्य बिमा सेवालाई छिटो छरितो तथा प्रभावकारी रुपमा प्रदान गर्न छुट्टै स्वास्थ्य बीमा कक्ष स्थापना गरी सञ्चालन गर्ने,<br>• अस्पतालमा आवश्यक कोठाको व्यवस्था गरी मर्मत, रंगरोगन,फर्निचर तथा पर्दा, कार्पेट, पंखा विद्युत, कम्प्युटर, प्रिन्टर, यु= पि= एस=/इन्भरटर आदि आवश्यक सामग्रीको व्यवस्था गर्ने,<br>• सेवाग्राहीको बढ्दो संख्या अनुसार करार सेवामा आवश्यक जनशक्ति नियुक्ति गर्ने,<br>• मसलन्द, इन्टरनेट, संचार, मर्मत आदिमा खर्च गर्ने। |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम अनुसार खर्च गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, निर्देशिकाहरु। |
| अनुगमन सूचक | सेवा रजिष्टर, खरिद सम्बन्धी कागजात, जिन्सी रजिष्टर, नियुक्ति पत्र। |

## २२. क्रियाकलापः अस्पतालमा अक्सिजन प्लान्ट व्यवस्थापन

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.४२७ | २२५२२ | PLMBIS अनुसार | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालमा उपचारका लागि भर्ना भएका सिकिस्त बिरामीलाई निरन्तर अक्सिजन, भ्याकुम र एअरको आपूर्ति अक्सिजन प्लान्टबाट भइराखेकोले प्लान्टको नियमित सर्भिसिङ, मर्मत |

मा. मन्त्री

| | |
|---|---|
| | गरी दुरुस्त राख्न यस शिर्षकमा बजेट बिनियोजन गरिएको छ। |
| उद्देश्य | अक्सिजन प्लान्टबाट नियमित पाइपद्वारा बिरामीहरुलाई अक्सिजन, भ्याकुम र एअरको आपूर्ति गर्न। |
| अपेक्षित प्रतिफल | अस्पतालमा नियमित रुपमा अक्सिजनको उपलब्धता भइ बिरामीको उपचारमा सहयोग हुने। |
| सञ्चालन प्रकृया | प्रचलित ऐन नियमानुसार बजेटको परिधि भित्र रही अक्सिजन उत्पादन प्रणालीको व्यवस्थापन, सर्भिसिङ, मर्मत सम्भार गर्ने, <br>अक्सिजन आपूर्ति गर्न आबश्यक पाइप लाईन, Bed headed panel लगायतका सामग्रीहरु व्यवस्थापन गर्ने, <br>प्राविधिक प्रतिवेदन, स्पेशिफिकेशन, लागत अनुमान स्वीकृत गराइ प्रकिया अगाडि बढाउने। |
| बजेट बाँडफाँड | प्रचलित ऐन नियमानुसार स्वीकृत बजेटको परिधि भित्र रही खरिद योजना बनाइ कार्यालय प्रमुखसंग स्वीकृत गराइ खरिद गर्ने। |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४(संशोधित), कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन, प्राविधिक प्रतिवेदन। |

२३. क्रियाकलापः महामारी तथा दैवी प्रकोप व्यवस्थापन कार्यक्रम।

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८४ | २२५२२ | PLMBIS अनुसार | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | महामारी, दैवीप्रकोप तथा सवारी दुर्घटना र बिषालु खानाबाट प्रभावित मानिसहरुको समयमा नै उद्धार गरी उपचार तथा व्यवस्थापन गरी मानविय क्षति कम गर्न यस शिर्षकमा बजेट बिनियोजन गरिएको छ। |

| | |
|---|---|
| उदेश्य | महामारी, दैवी प्रकोप, सवारी दुर्घटना र विषालु खानाबाट प्रभावित मानिसहरुको समयमा नै उपचार तथा व्यवस्थापन गर्ने। |
| अपेक्षित प्रतिफल | महामारी, दैवी प्रकोप, सवारी दुर्घटना र विषालु खानाबाट हुने अङ्गभङ्ग तथा मानविय क्षति कम हुने। |
| सञ्चालन प्रकृया | महामारी, दैवी प्रकोप, सवारी दुर्घटना र विषालु खाना लगायतका अन्य आपतकालीन अवस्थामा निम्न कार्यमा खर्च गर्ने:<br>• उपचार खर्च (औषधी तथा औषधी जन्य सामग्री खरिद, सेवा शुल्क सोधभर्ना)<br>• यातायात खर्च (एम्बुलेन्स खर्च) |
| बजेट बाडफाड | उपचार खर्च, यातायात, औषधि तथा औषधिजन्य सामग्री। |
| सन्दर्भ समाग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४। |
| अनुगमन सूचक | अभिलेख, प्रतिवेदन, खरिद आदेश, दाखिला प्रतिवेदन। |

२४. क्रियाकलाप: फिष्टुला केन्द्र सञ्चालन तथा व्यवस्थापन

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७८९ | २२५२२ | PLMBIS अनुसार | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रजनन् स्वास्थ्य रुग्णता अन्तरगत महिलाहरुमा हुने प्रसव फिष्टुलाका कारण महिलाले घर परिवार तथा समाजबाट बहिष्कृत हुनु पर्ने अवस्था रहेकोले उक्त समस्याको उपचारका लागि प्रदेश अस्पताल र साइनिङ्ग अस्पताल सुर्खेत बीच भएको सम्झौता बमोजिम अस्पताल हाता भित्र फिष्टुला भवन निर्माण भई सन २०१८ मे देखि साइनिङ्ग अस्पतालको सहयोगमा प्रसव फिष्टुला भएका महिलाहरुको निः शुल्क उपचार सेवा सञ्चालन हुँदै आइरहेकोमा आ.व. ०८१/०८२ देखि साइनिङ्ग अस्पताल सुर्खेतलाई दाताहरुबाट प्राप्त हुने सहयोग न्यून भएकोले उक्त सेवा निरन्तर प्रदान गरी महिलालाई स-सम्मान रुपमा घर परिवारमा |



मा. मन्त्री

| | |
|---|---|
| | पुनर्स्थापना गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | प्रसव फिष्टुलाको समयमा उपचार भइ समग्र स्वास्थ्य अवस्थामा सुधार ल्याउने। |
| अपेक्षित प्रतिफल | प्रसव फिष्टुलाको उपचार पश्चात स्वास्थ्य अवस्थामा सुधार आइ घर परिवारमा पुर्नस्थापित हुने। |
| सचालन प्रकृया | फिष्टुला केन्द्र सञ्चालनका लागि निम्न कार्य गर्न सकिनेछ:<br>• खानेपानी, विधुत, इन्टरनेट, संचार, मेसिनरी औजार उपकरण, सामग्री मर्मत<br>• फर्निचर तथा फिक्चर खरिद,<br>• अस्पताल फर्निचर मर्मत सुधार,औषधि खरिद, बेड, मेट्रेस खरिद, मेसिनरी औजार तथा सामग्री खरिद,<br>• केन्द्र सञ्चालनका लागि आवश्यक जनशक्ति (स्टाफनर्स, अ.न.मी., भान्से, कार्यालय सहयोगी) करार सेवामा नियुक्ति गर्ने,<br>• Night Duty गर्ने नर्सिङ्ग कर्मचारीलाइ प्रति रात २००/- र कार्यालय सहयोगीलाई प्रति रात १००/- का दरले खाजा खर्च उपलब्ध गराउन सकिने,<br>यस भन्दा पहिला सोही कार्यक्रम अन्तर्गत कार्यरत कर्मचारीको काम संन्तोषजनक पाइएमा निरन्तरता दिन सकिने। |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम अनुसार खर्च गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४। निर्देशिकाहरु। |
| अनुगमन सूचक | सेवा रजिष्टर, गुणस्तरको लेखाजोखा, दाखिला विवरण, कार्य सम्पन्न प्रतिवेदन। |

२५. क्रियाकलाप: **ई-हेल्थ (टेलिमेडिसिन, EHR/EMR, eHMIS)**

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८१३ | २२५२२ | PLMBIS अनुसार | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

मा. मन्त्री

| | |
|---|---|
| परिचय | ई-हेल्थ भन्नाले विधुतीय उपकरणको माध्यमवाट श्रव्य, दृश्य र अन्य संचार माध्यमवाट एक  भौगोलिक स्थानमा रहेको बिरामी वा चिकित्सकले अर्को भौगोलिक स्थानमा रहेको विशेषज्ञ  चिकित्सकसँग परामर्श तथा उपचार व्यवस्थापन गर्ने र सेवाको अभिलेख तथा प्रतिवेदन गर्ने विधि हो।  विशेषज्ञ चिकित्सकवाट दुर्गम र दूरदराजमा सूचना तथा संचार प्रविधि(। CT) मार्फत चिकित्सकीय विज्ञता प्रयोग गरी गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन यो कार्यक्रम राखिएको छ। त्यसैगरी विधुतीय संचारका माध्यमवाट गुणस्तरीय स्वास्थ्य सेवा उपलव्ध गराउन तथा सेवाग्राहीहरुको अभिलेख चुस्त दुरुस्त राखि प्रतिवेदन गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | पहुँचबाहिर रहेका नागरीकहरुलाई बिशेषज्ञ सेवा सहितको गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा वृद्धि गर्नु। |
| अपेक्षित प्रतिफल | • दूर चिकित्सा सेवाको बिस्तार हुने,<br>• विधुतीय स्वास्थ्य मार्फत सेवाग्राहीहरुको अभिलेख राख्न र प्रतिवेदन गर्न सकिने,<br>• गम्भीर प्रकारका रोगहरूको समयमा नै निदान तथा उपचार हुने,<br>• प्रेषण अस्पताल वा विशेषज्ञ अस्पतालवाट प्रदान हुने सेवाको गुणस्तरमा अभिवृद्धि हुने,<br>• सामाजिक तथा आर्थिक रूपमा विपन्न तथा सिमान्तकृत समुदायले स्थानीय तहमा नै विशेषज्ञ स्वास्थ्य सेवा प्राप्त हुने। |
| सञ्चालन प्रकृया | • सामाजिक विकास मन्त्रालयवाट अद्यावधिक स्वीकृत दूर चिकित्सा सेवा तथा विधुतीय स्वास्थ्य सेवा सम्बन्धी निर्देशिका अनुसार कार्यक्रम सञ्चालन हुने साथै EHR/EMR, eHMIS सञ्चालनका लागि कार्यक्रम स्वीकृत गराइ निम्न कार्य गर्न सकिने छ,<br>• अस्पतालमा हाल सञ्चालनमा रहेको विधुतीय स्वास्थ्य अभिलेख तथा प्रतिवेदन प्रणाली निरन्तर सञ्चालन गर्ने,<br>• थप मोडुल आवश्यक भएमा प्राविधिकवाट लागत अनुमान तयार गर्ने साथै Software जडान गर्नु अघि आवश्यक तयारी बैठक गर्ने,<br>• अस्पतालहरुवाट विधुतीय स्वास्थ्य अभिलेख तथा प्रतिवेदन सञ्चालन गर्नको लागि स्वास्थ्य व्यवस्थापन तथा सुचना प्रणाली र DHIS२ संग compatible हुने खालको |



मा. मन्त्री

| | |
|---|---|
| | सफ्टवेयर जडानको लागी आवश्यक उपकरण (जस्तै Server Upgrade, High end Desktop, Chromebook, laptop, core switch, Router, Wifi AP, Networking & components, Cloud Storage/Networking, laser printer, barcode reader, Battery Backup AC, आदि) तथा अन्य अति आवश्यक सामग्रीहरू खरिद गरी सञ्चालनमा ल्याउने, खरिद भएका सामग्रीहरुको मर्मत संभार गर्ने,<br>• प्राविधिक सेवा बापतको शुल्क भुक्तानी गर्न सकिने,<br>• आवश्यकता अनुसार Software Module थप गर्न सकिने।<br>टेलिमेडिसन नियमित सञ्चालनका लागि १ जना पाँचौ तहको अपरेटर (स्वास्थ्य प्राविधिक) करारमा नियुक्ति गर्न सकिने वा कार्यसम्पादन सन्तोजनक पाइएमा यस अघि कार्यरत कर्मचारीलाई निरन्तरता दिन सकिने,<br>प्रचलित ऐन कानूनको अधिनमा रही तोकिए बमोजिम खरिद तथा जडान कार्य गर्ने। |
| बजेट बाँडफाटँ | कर्णाली खर्च मापदण्ड २०७५ तथा प्रचलित नियम अनुसार जनशक्ति, पूर्वाधार तथा क्षमता विकासका लागि खर्चको बाँडफाँट गर्ने। |
| सन्दर्भ सामग्री | दूर चिकित्सा तथा विद्युतीय स्वास्थ्य सेवा कार्यक्रम सम्बन्धी निर्देशिका, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | दूर चिकित्सा स्वास्थ्य सेवा विस्तार भएका पालिकाहरूको संख्या, दूर चिकित्सा सेवा लिएका सेवाग्राहीहरूको संख्या, अस्पतालमा स्थापना भएको पूर्वाधार तथा ICT व्यवस्थापन। |

## २६. क्रियाकलाप: CT Scan मेसिन मर्मत सम्भार

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.३.२.२० | २२२२१ | PLMBIS अनुसार | प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालमा रोग निदानका लागि संचालित CT Scan मेसिनको नियमित सर्भिसिङ्ग तथा मर्मत |

मा. मन्त्री

| | |
|---|---|
| | सम्भार गरी सेवा निरन्तर सञ्चालन भई विरामीलाइ सहजरुपमा सेवा प्रदान गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | CT scan मेसिनको सर्भिसिङ्ग तथा मर्मत सम्भार गरी सेवा निरन्तर सञ्चालन गर्ने। |
| अपेक्षित प्रतिफल | रोगको निदान गर्न सहज भइ उपचारमा सहयोग हुने। |
| सञ्चालन प्रकृया | • प्रचलित ऐन नियमानुसार बजेटको परिधि भित्र रही CT Scan मेसिनको प्रणालीको व्यवस्थापन, सर्भिसिङ, मर्मत सम्भार गर्ने,<br>• CT scan मेसिनको Accessories लगायतका सामग्रीहरु व्यवस्थापन गर्ने,<br>• प्राविधिक प्रतिवेदन, स्पेशिफिकेशन, लागत अनुमान स्वीकृत गराइ प्रक्रिया अगाडि बढाउने। |
| बजेट बाँडफाँड | प्रचलित ऐन नियमानुसार स्वीकृत बजेटको परिधि भित्र रही खरिद योजना बनाइ कार्यालय प्रमुखसंग स्वीकृत गराइ खरिद गर्ने। |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ (संशोधित) |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन, प्राविधिक प्रतिवेदन। |

च. मेहेलकुना अस्पताल अन्तर्गतका क्रियाकलापहरू

१. क्रियाकलापः कम्प्युटर, प्रिन्टर/अस्पताल मेशीन उपकरण/जेनेरेटर लगायतका सामग्रीहरु मर्मत सम्भार।

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.३.२.६ | २२२२१ | PLMBIS अनुसार | मेहेलकुना अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालका अभिलेख, विवरणतथा दैनिक प्रशासनिक कार्य गर्न आवश्यक कम्प्युटर प्रिन्टर साथै रोग निदान र सरसफाइका लागि आवश्यक लगायत अन्य मेसिनरी सामग्री खरिद गर्न बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | अभिलेख तथा प्रतिबेदन साथै प्रशासनिक कार्य र रोग निदान गर्न सहज हुने। |
| अपेक्षित प्रतिफल | काम छिटो छरितो र दक्षतापूर्ण हुने। |
| सचालन प्रकृया | अस्पताललाई आवश्यक पर्ने कम्प्युटर, प्रिन्टर, इन्टरनेट, नेटवर्किङ तथा सिसिटिभि र अन्य मेसिनरी सामग्रीहरुको सूची तयार गरी नियमानुसार मर्मत सम्भार गर्ने। |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम तथा लागत अनुमान अनुसार खर्च गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४। |
| अनुगमन सूचक | मर्मत सम्बन्धी कागजात, जिन्सी रजिष्टर। |

२. क्रियाकलापः प्रयोगशालामा आवश्यक पर्ने मेसिन तथा सामग्री खरिद।

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| ११.३.९.९६ | ३११२२ | ५०० | मेहेलकुना अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रयोगशालाको क्षमता वृद्धि तथा गुणस्तरियता कायम गर्न र प्रयोगशालाको लगि आवश्यक केमिकल रिएजेन्ट तथा उपकरण सामग्री खरिद गर्न यस शिर्षकमा बजेट बिनियोजन गरिएको छ। |
| उद्देश्य | प्रयोगशालाको क्षमता वृद्धि गर्न उपकरण सामग्री तथाकेमिकल रिएजेन्ट खरिद गरी परीक्षणको गुणस्तरीयता ल्याउने। |
| अपेक्षित प्रतिफल | निदान तथा उपचारमा सहयोग भई गुणस्तरियता कायम हुने। |
| सचालन प्रकृया | अस्पताललाई आवश्यक पर्ने उपकरण सामग्रीको सूची बनाइ प्राविधिक विवरण (Technical Specification) तयार गरी कार्यालय प्रमुखबाट कार्यक्रम तथा लागत अनुमान स्वीकृत गरी सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम खरिद कार्य गर्ने। |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम तथा लागत अनुमान अनुसार खर्च गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४। |
| अनुगमन सूचक | खरिद योजना, जिन्सी खाता, प्रतिवेदन, निरिक्षण। |

३. क्रियाकलाप: पुराना भवनहरुको मर्मत तथा संरचनात्मक सुधार

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| ११.१.३.१ | ३११६१ | PLMBIS अनुसार | मेहेलकुना अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालको मौजुदा भवनहरु तथा संरचनाहरुको आवश्यकता अनुसार मर्मत सुधार गरी प्रयोगमा ल्याइ सेवा सञ्चालन गर्न यस शिर्षकमा बजेट बिनियोजन गरिएको छ। |
| उद्देश्य | मौजुदा भवनहरु तथा संरचनाहरुको मर्मत सम्भार गरी प्रयोगमा ल्याउनु। |
| अपेक्षित प्रतिफल | भवन तथा संरचनाहरुको मर्मत सम्भार भई स्वास्थ्य सेवा प्रवाह सहज हुने। |
| सञ्चालन प्रकृया | प्राविधिकबाट लागत अनुमान तयार गर्ने, |



मा. मन्त्री

| | |
|---|---|
| | सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली अनुसार निर्माण कार्य गर्ने। |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम तथा लागत अनुमान अनुसार खर्च गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, भवन ऐन २०५५ र यस अन्तरगत जारी भएको नेपाल राष्ट्रिय भवन संहिता र भवन नियमावली २०६६। |
| अनुगमनसूचक | खरिद सम्बन्धी कागजात,प्राविधिक प्रतिवेदन, अनुगमन। |

४. क्रियाकलापः अस्पताल फर्निचर खरिद।

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| ११.६.१२.४ | ३११२२ | PLMBIS अनुसार | मेहेलकुना अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालमा स्वास्थ्य सेवा प्रदान गर्न साथै कार्यालय प्रयोजनका लागि आवश्यकता पर्ने फर्निचर तथा फिक्चर खरिद गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | फर्निचर तथा फिक्चर खरिद भइ प्रभावकारी सेवा प्रदान गर्न। |
| अपेक्षित प्रतिफल | सेवा प्रदायक तथा सेवाग्राहीलाई सहजरुपमा सेवा प्रदान गर्न सहयोग हुने। |
| सचालन प्रकृया | • अस्पताललाई आवश्यक पर्ने फर्निचरको सूची तयार गर्ने,<br>• सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम खरिद कार्य गर्ने। |
| बजेट बाँडफाँट | स्वीकृत लागत अनुमान अनुसार खर्च गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४। |
| अनुगमनसूचक | खरिद सम्बन्धी कागजात, जिन्सी खाता, निरिक्षण। |



मा. मन्त्री

५. क्रियाकलाप: अस्पताल सुरक्षा कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२५.३४४ | २२५२२ | PLMBIS अनुसार | मेहेलकुना अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालमा बिरामी, बिरामीका आफन्त, कर्मचारी लगायत अस्पतालको भौतिक सम्पतीको सुरक्षार्थ यस शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | अस्पतालमा चोरी, अनैतिक कार्य, अवैध वस्तुहरुको प्रयोगमा नियन्त्रण तथा जन धनको सुरक्षा हुने। |
| अपेक्षित प्रतिफल | अस्पतालमा भौतिक सम्पत्तिको निगरानी तथा शान्ति सुरक्षाको प्रत्याभूति हुनेछ। |
| सचालन प्रकृया | स्विकृत बार्षिक बजेटको परिधि भित्र रही २४ घण्टा अस्पताल सुरक्षाको लागि सेवा करारमा वा व्यक्ति करारमा सुरक्षा गार्ड व्यवस्था गर्ने। |
| बजेट बाँडफाँट | श्रम नियमावली २०७५ बमोजिम स्विकृत बार्षिक बजेटको परिधि भित्र रहि कार्यालय प्रमुखबाट कार्यक्रम स्वीकृत गराइ खर्च गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, श्रम नियमावली २०७५। |
| अनुगमन सूचक | हाजिर रजिष्टर, अनुगमन। |

६. क्रियाकलाप: सरसफाइ सम्बन्धी प्रयोग हुने सामान।

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.४.१५.१ | २२३१९ | PLMBIS अनुसार | मेहेलकुना अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |



मा. मन्त्री

| | |
|---|---|
| परिचय | अस्पतालमा कर्मचारी, बिरामी तथा बिरामीका आफन्तहरुको आवत जावत बढी हुने भएकोले नियमित सरसफाइ गरी अस्पताललाई सफा र सुन्दर राख्नका लागि प्रयोग हुने विभिन्न सामग्री खरिद गर्नका लागि यस शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | अस्पतालको फोहोर तोकिएको भाडांमा संकलन गरी व्यवस्थित रुपमा विसर्जन हुने। |
| अपेक्षित प्रतिफल | अस्पतालजन्य फोहोरबाट सेवा प्रदायक,सेवाग्राही र समुदायमा हुने जोखिम कम हुने। |
| सचालन प्रकृया | Health Care Waste Management Guideline २०२० अनुसार अस्पतालबाट निस्कने फोहोरमैला व्यवस्थित रुपमा विसर्जन गर्न कार्यक्रम स्वीकृत गराई निम्न कार्य गर्न सकिने छ<br>• भौतिक पूर्वाधारको मर्मत संभार,<br>• खानेपानी, विद्युत, मेसिनरी औंजार उपकरण, सामग्री खरिद तथा मर्मत,<br>• फर्निचर तथा फिक्चर खरिद,<br>• सुरक्षा सामग्री तथा फोहोर व्यवस्थापनका लागि आवश्यक सामग्री खरिद,<br>• मेसिनरी औंजार तथा सामग्री खरिद,<br>• कार्यालय सहयोगी करारमा नियुक्ति गर्न सकिने। |
| बजेट बाँडफाँट | सरसफाइका लागि आवश्यक सामग्रीको सूची तयार गरी कार्यक्रमस्वीकृत गराइ खर्च गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४। Health Care Waste Management Guideline २०२०. |
| अनुगमन सूचक | जिन्सी खाता, प्रतिवेदन, निरिक्षण। |

७. क्रियाकलापः अस्पतालमा विशेषज्ञ तथा विशेष सेवा व्यवस्थापन[१], विशेषज्ञ स्वास्थ्य सेवा[२]

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.७६१[१] | २२५२२ | PLMBIS अनुसार | मेहलकुना अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |
| २.७.२२.१८१४[२] | २२५२२ | PLMBIS अनुसार | मेहेलकुना अस्पताल | स्वीकृत कार्ययोजना |


मा. मन्त्री

| | | | | |
|---|---|---|---|---|
| | | | | अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालको स्वीकृत दरबन्दीमा विशेषज्ञ चिकित्सकहरु लगायत अन्य पदहरु पदपूर्ति नभइ विशेषज्ञ सेवा सञ्चालन हुन नसकेकोले र बिरामीको चाप बढी भएका अस्पतालहरुमा सेवा बिस्तार गरी तत्काल विशेषज्ञ सेवा सहज रुपमा प्रदान गर्नका लागि यस शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | विशेषज्ञ तथा विशेष प्रकृतिका सेवा नियमित रुपमा सञ्चालन गर्ने। |
| अपेक्षित प्रतिफल | अस्पतालबाट नियमित रुपमा विशेषज्ञ सेवा उपलब्ध भइ स्वास्थ्य सेवाको पहुँचमा वृद्धि हुने। |
| सञ्चालन प्रकृया | • स्थान विशेष रोगको प्रकोप तथा बिरामीको चाप बमोजिम आवश्यकता अनुसार कार्यक्रम स्वीकृत गराइ करारमा विशेषज्ञ चिकित्सक लगायत सम्बन्धित सेवा प्रदान गर्न आवश्यक स्वास्थ्यकर्मी तथा अन्य कर्मचारी सेवा करारमा नियुक्ति गर्ने,<br>• स्वास्थ्य सेवा प्रवाह गर्नका लागि आवश्यक पर्ने विशेष प्रकारका जनशक्ति (जस्तै: Consultant Doctor, Medical Officer, Physiotherapist/ Assistant, Lab-Technologist/ Assistant, Biomedical Engineer/ Assistant, Pharmacist/Assistant Audiologist/ Assistant, Staff Nurse, Ophthalmic Assistant, Dental Hygienist, Psycho- Social Counsellor, Anesthesia Assistant लगायत) करार सेवामा व्यवस्था गर्ने,<br>• छात्रवृत्ति करारमा कामकाज गरेका चिकित्सकहरु करार अवधि समाप्त भए पश्चात सोही अस्पतालमा काम गर्न इच्छुक भएका चिकित्सकलाई करारमा नियक्ति गर्ने र यस भन्दा अगाडि सोही कार्यक्रम अन्तर्गत कार्यरत कर्मचारीको काम संन्तोषजनक पाइएमा निरन्तरता दिन सकिने। |
| बजेट बाँडफाँट | स्वीकृत बार्षिक बजेटको परिधि भित्र रही कार्यालय प्रमुखबाट कार्यक्रम स्वीकृत गराइ खर्च गर्ने। |
| सन्दर्भ सामग्री | प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड। कर्णाली खर्च मापदण्ड २०७५ |



मा. मन्त्री

| | |
|---|---|
| अनुगमनसूचक | स्वीकृत कार्यक्रम, सेवा रजिष्टर, प्रतिवेदन, निरिक्षण। |

८. क्रियाकलाप: वार्षिक प्रगति प्रतिवेदन छपाइ।

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२५.३४० | २२५२२ | PLMBIS अनुसार | मेहेलकुना अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालमा गत आ.ब.मा संचालित क्रियाकलाप, उपलब्धी, समस्या र सुझावहरू समेटिएको वार्षिक प्रतिवेदन तयार गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | अस्पतालले गत आ.ब.मा भए/गरेका सेवा, भौतिक तथा वित्तिय प्रगतिको अभिलेख तथा प्रतिवेदन गर्ने |
| अपेक्षित प्रतिफल | कार्यालयको सेवाकोअवस्थाबारे जानकारी भइ आगामी योजना, कार्यक्रम र निर्णय प्रकृयामा सूचना एवं तथ्यांकको प्रयोग भइ कार्यक्रम कार्यान्वयनमा सुधार आउने। |
| सचालन प्रकृया | तयारी बैठक, कार्य बाँडफाँड, विषयगत प्रतिवेदन तयारी, समन्वय बैठक, समायोजन र कोटेशन मार्फत प्रगति पुस्तिका छपाइ गर्ने। |
| बजेट बाँडफाँट | बैठक, स्टेशनरी, पारिश्रमिक, छपाइ र वितरण आदि खर्च। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४। |
| सन्दर्भ सामग्री | प्रगति पुस्तिका, जिन्सी रजिष्टर। |

९. क्रियाकलाप: प्रेषण व्यवस्थापन कार्यक्रम

| क्रियाकलाप सकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.४४५ | २२५२२ | PLMBIS अनुसार | मेहेलकुना अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |



मा. मन्त्री

| | |
|---|---|
| परिचय | नेपालको संविधानले आकस्मिक स्वास्थ्य सेवाको सुनिश्चित गरेकोले कर्णाली प्रदेशका गरीब, असहाय तथा लोपन्मुख बिरामीहरुलाई अस्पतालमा उपचार सम्भव नभइ अन्यत्र प्रेषण गर्नु परेमा वा त्यस्ता बिरामीहरुको उपचार पश्चात  घरसम्म पुऱ्याउने व्यवस्थाका लागि यस शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | आर्थिक अवस्था कमजोर भइ स्वास्थ्य उपचारबाट बन्छित व्यक्तिका लागि यातायात सेवा उपलब्ध गराउने |
| अपेक्षित प्रतिफल | स्वास्थ्य सेवा पहुचमा बृद्धि भई निकोहुनेदर बृद्धि हुने साथै मृत्युदर कम हुने। |
| सचालन प्रकृया | • निम्न कार्य गर्न अस्पताल प्रमुखबाट कार्यक्रम स्वीकृत गराइ खर्च गर्न सकिनेछ,<br>• गरीब, असहाय, लोपोन्मुख जातीका बिरामीहरुलाई उपचारका लागि अन्यत्र प्रेषण गर्नु परेमा एम्बुलेन्स भाडा दर अनुसार वा बढीमा ७५००/- सम्म प्रेषणको कागजातको फोटोकपी लिइ भुक्तानी गरिनेछ,<br>• अन्यत्रबाट यस अस्पतालमा प्रेषण सुविधा लिइ उपचार गर्न आएका वा गरीब असहाय सुविधा लिइ उपचार गराएका बिरामीहरु निको भई घर फिर्ता हुदा लाग्ने गाडी भाडा बढीमा २ जनालाई वा एम्बुलेन्स भाडा दर अनुसार वा बढीमा ७५००/- सम्म भुक्तानी गर्न सकिनेछ। |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम अनुसार खर्च गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४। |
| अनुगमन सूचक | सेवा रजिष्टर, भाडा बुझाएको रसिद, भरपाई, प्रतिवेदन। |

१०.    क्रियाकलाप: बिरामीका लागि रासन सिदा

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| ७.१.१.१ | २७१११ | PLMBIS अनुसार | मेहेलकुना अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालमा उपचारका लागि अन्तरंग विभागमा भर्ना भएका बिरामीहरुलाई चिकित्सकले सिफारिस गरे बमोजिम तोकिएको स्केल अनुसार दैनिक पोषणयुक्त स्वस्थ खानाको व्यवस्था गर्न यस शिर्षकमा बजेट बिनियोजन गरिएको छ। |
| उद्देश्य | चिकित्सकको सिफारिस बमोजिम बिरामीलाई पोषणयूक्त खाना उपलब्ध गराइ उपचारमा सहयोग हुने। |
| अपेक्षित प्रतिफल | बिरामीलाई आर्थिक भार कम हुने। |
| सचालन प्रकृया | • प्रत्येक वर्षको माघ १ गते देखि पौष मसान्तसम्मका लागि उपचारका लागि भर्ना हुने बिरामीको अनुमानित संख्या एकिन गरेर तोकिए बमोजिमको स्केल अनुसार जिल्ला दररेट समितिको निर्णानुसार लागत अनुमान तयार गर्ने,<br>• दैनिक खानाको व्यवस्था गर्न सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, संघ तथा प्रदेशबाट स्वीकृत निर्देशिकाहरु बमोजिम खरिद गर्ने,<br>• प्रत्येक दिनको (आइतबार देखि शनिबार ) फुड मेनु प्रदर्शन गर्ने। |
| बजेट बाँडफाँट | लागत अनुमान स्वीकृत गरी खर्च गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, संघ तथा प्रदेशबाट स्वीकृत निर्देशिकाहरु। |
| अनुगमन सूचक | सेवा रजिष्टर, डाइट स्लिप, खरिद सम्बन्धी कागजात, दैनिक रजिष्टर। |

११. क्रियाकलापः ल्याब सेवा सञ्चालनको लागि आवश्यक रियजेन्ट किट लगायतका सामग्री खरिद।

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| ७.२.९.१३ | २७२१३ | PLMBIS अनुसार | मेहेलकुना अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | रोगको सहि निदान गरी उपचार गर्न ल्याब सेवाको ठूलो भूमिका रहेको हुन्छ। |



मा. मन्त्री

| | |
|---|---|
| | अस्पतालमा ल्याब सेवा व्यवस्थितगरी समय सापक्ष स्तरवृध्दि गर्दै नियमित सेवा सञ्चालन गर्न आवश्यक केमिकल रिएजेन्ट खरिद गर्न यस शिर्षकमा बजेट बिनियोजन गरिएको छ। |
| उद्देश्य | प्रयोगशाला व्यवस्थित भइ गुणस्तरीय परीक्षण प्रतिवेदन तयार गरी रोग निदानमा सहयोग हुने। |
| अपेक्षित प्रतिफल | गुणस्तरीय स्वास्थ्य परीक्षण गरी रोग निदानमा सहयोग हुनेछ। |
| सचालन प्रकृया | • अस्पतालको ल्याबको अवस्था हेरी तत्काल सुधार गर्नु पर्ने कार्य साथै आवश्यक केमिकल रियजेन्ट उपकरण सामग्रीको सूची तयार गर्ने, <br>• सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ बमोजिम आवश्यक केमिकल रियजेन्ट तथा प्रयोगशाला सम्वन्धी उपकरण, सामग्री खरिद गर्ने। |
| बजेट बाँडफाँट | लागत अनुमान स्वीकृत गरी खर्च गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४। |
| अनुगमन सूचक | सेवा रजिष्टर, खरिद सम्वन्धी कागजात, जिन्सी रजिष्टर। |

१२. क्रियाकलाप: स्वास्थ्य सम्वन्धी जानकारीमूलक सूचना प्रसारण प्रकाशन

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.४४३ | २२५२२ | PLMBIS अनुसार | मेहेलकुना अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | स्वास्थ्यको विद्यमान अवस्था, रोगको भार, विभिन्न नीति तथा कार्यक्रमहरु साथै उपलब्ध सेवा, प्राथमिकता बारेमा पत्रकार र संचारकर्मीहरुलाई जानकारी गराई आम नेपाली नागरीकहरुमा चेतना फैलाउन सहयोग गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | स्वास्थ्य सम्वन्धी जानकारी गराइ आम नेपाली नागरीकहरुमा चेतना फैलाउनका साथै सकारात्मक व्यवहार परिवर्तनमा सघाउ पुर्‍याउनु। |
| अपेक्षित प्रतिफल | अस्पतालबाट उपलब्ध गराउने स्वास्थ्य सेवाहरुको अधिकतम उपयोग हुने। |



मा. मन्त्री

| | |
|---|---|
| सञ्चालन प्रकृया | • स्वास्थ्यको विद्यमान अवस्था, विभिन्न स्वास्थ्य सम्बन्धी दिवस, रोगको भार, विभिन्न नीति तथा कार्यक्रमहरु साथै उपलव्ध सेवा, प्राथमिकता बारेमा श्रव्य दृश्य सामग्रीहरुबाट सूचना प्रकाशन प्रशारण गर्ने,<br>• नेपाल पत्रकार महासंघको सम्वन्धित जिल्ला समिति तथा अन्य सञ्चार सम्वन्धी संस्थाहरुसंगको समन्वयमा क्रियाशील सबै स्थानीय तहका पत्रकार/संचारकर्मी, स्वास्थ्यकर्मी तथा सरोकारवालाहरुलाई समेटिने गरी सञ्चालन गर्नु पर्नेछ। |
| बजेट बाँडफाँट | कर्णाली खर्च मापदण्ड निर्देशीका २०७५ अनुसार छपाई तथा प्रशारण गर्ने |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु। |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

१३. क्रियाकलाप: MPDSR तथा Birth Defect कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.४५० | २२५२२ | PLMBIS अनुसार | मेहेलकुना अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | आकस्मिक प्रसूति सेवा (EOC) को आवश्यकता भएका सम्पूण महिलाहरुले ती सेवाहरु उपभोग नगरे सम्म मातृ मृत्युदर घटाउने उद्देश्य पुरा हुन सक्दैन। त्यसैले MPDSR अन्तरगत मातृ तथा पेरिनेटल मृत्युको पहिचान गर्ने सुचितिकरण गर्ने र मृत्युको समीक्षा गरी आवस्यक कार्ययोजना बनाई कार्यान्वयन गरेर मृत्युलाई घटाउनका लागी यो बजेट बिनियोजन गरिएको छ। |
| उदेश्य | मातृ तथा पेरीनेटल मृत्युको संख्यामा कमि ल्याउने। |
| अपेक्षित प्रतिफल | आकस्मिक प्रसूति सेवाको आवश्यकता भएका महिलाहरुको पहिचान गरी समयमै प्रसुति सम्बन्धि जटिलताको व्यवस्थापन भएको हुनेछ। |
| सञ्चालन प्रक्रिया | (क) आकस्मिक प्रसुति सेवाको अभिमुखिकरण तथा समीक्षा |



मा. मन्त्री

| | |
|---|---|
| | • कार्यक्रम सञ्चालन गर्नुपुर्व कार्यक्रमका विषयवस्तुका सम्बन्धमा पुर्वतयारी गर्न तथा समन्वय गर्नुपर्नेछ।<br>• यो कार्यक्रम सञ्चालन कार्यक्रम फोकल पर्सनले २ दिन मध्ये १ दिन अभिमुखिकरण र १दिन समीक्षा गर्ने गरी गर्नुपर्नेछ।<br>• यो कार्यक्रम सञ्चालन गर्दा EOC Monitoring Guideline अनुरुप गर्नुपर्नेछ।<br>• यसरी EOC Review गर्दा EOC Met need कम भएका स्वास्थ्य संस्थाहरुलाई प्राथमित्का दिनुपर्नेछ।<br>(ख) परिवार कल्याण महाशाखाको समुदायस्तरको मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य (MPDSR) को अद्यावधिक निर्देशिका बमोजिम गरिनेछ।<br>• (MPDSR) को २ दिन अभिमुखिकरण वा १ दिनको समीक्षा स्थानीय तह र अन्तरगतका स्वास्थ्य संस्थालाई समेटेर गर्नु पर्नेछ।<br>(ग) कार्यक्रम सञ्चालनका लागी आवश्यक फर्म फर्मेट छपाई गरी दिन सकिनेछ।<br>• यदि यी माथि उल्लेखित कुनै कार्यक्रम संघीय ससर्त मार्फत दोहोरिन गएमा नदोरिएको कार्यक्रमलाई प्राथमित्का दिनुपर्नेछ। |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ र कर्णाली प्रदेश खर्च नियमावली २०७५ बमोजिम गर्नुपर्नेछ। |
| सन्दर्भ सामग्री | आकस्मिक प्रसुतिसेवा अनुगमन निर्देशिका र एम.पि.डि.एस.आर.कार्य सञ्चालन निर्देशिका |
| अनुगमन सुचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## १४. क्रियाकलाप: अत्यावश्यक औषधि खरिद

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| ७.२.९.१ | २७२१३ | PLMBIS अनुसार | मेहेलकुना अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |



मा. मन्त्री

| | |
|---|---|
| परिचय | जनस्वास्थ्य ऐन, २०७५ तथा नियमावली २०७७ ले आधारभुत स्वास्थ्य सेवाको प्रत्याभुत गरिएकोले स्वास्थ्य सेवाका लागि नि: शुल्क रूपमा अत्यावश्यक औषधि समेत उपलब्ध गराउने व्यवस्था बमोजिम यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | अत्यावश्यक औषधिहरूको अभाव सृजना हुन नदिई नागरीकहरुलाई प्रभावकारी सेवा प्रवाह गर्ने। |
| अपेक्षित प्रतिफल | निरन्तर औषधि उपलब्धता भइ प्रभावकारी रूपमा स्वास्थ्य सेवा प्रवाह हुने। |
| सञ्चालन प्रकृया | • नेपाल सरकारले तोके बमोजिम अत्यावश्यक औषधीहरुको बार्षिक आवश्यक परिमाण प्रक्षेपण गर्ने, <br>• स्वीकृत खरिद योजना बमोजिम प्रचलित ऐन अनुसार खरिद गरी सम्बन्धित स्टोरहरुमा राख्ने, गुणस्तरीय औषधी खरिद सुनिश्चित गरेर मात्र औषधि खरिद गर्ने, <br>• माग र आवश्यकता भएको अवस्थामा अत्यावश्यक औषधिका साथै अन्य औषधिको व्यवस्थापन गर्न सकिने छ, <br>• खरिद गरिएको औषधिहरू आवश्यकता अनुसार अस्पतालमा बितरण गर्ने। |
| बजेट बाँडफाँट | स्वीकृत बजेटबाट औषधी र सर्जिकल सामग्रीहरुका लागि बाँडफाँट गरी सम्बन्धित प्रमुखबाट स्वीकृत गराइ खरिद गर्ने |
| सन्दर्भ सामग्री | अत्यावश्यक औषधी सूची, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु, कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | खरिद प्रकृया, दररेट, औषधीको बिबरण, गुणस्तरको लेखाजोखा, दाखिला बिबरण, |

१५. क्रियाकलाप: अस्पतालहरुमा EWARS सम्बन्धी अभिमुखिकरण तथा सेन्टिनेल साईटहरुको सञ्चालन खर्च।

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.५.१५० | २२५२२ | PLMBIS अनुसार | मेहेलकुना अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |


प्रदेश सचिव
मा. मन्त्री

| | |
|---|---|
| परिचय | तोकिएका सेन्टिनल साइटहरुबाट विभिन्न संक्रामक तथा महामारीजन्य रोगहरुको तत्काल र साप्ताहिक रुपमा निरन्तर प्रतिवेदन गर्ने प्रणाली नै EWARS (Early Warning and Reporting System) हो। रोगहरुको निरन्तर, समयमा, पूर्ण र गुणस्तरीय प्रतिवेदन गर्नाका लागि EWARS Sentinel Site मा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई अभिमुखिकरण तथा सेन्टिनल साइट सञ्चालन गर्नका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | संक्रामक तथा महामारीजन्य रोगहरुको तथ्याङ्क, अभिलेख, व्यवस्थापन र सीघ्र प्रतिवेदनको सुनिश्चितता गर्नु |
| अपेक्षित प्रतिफल | • EWARS मा प्रतिवेदन गर्नुपर्ने रोगहरुको तोकिएको समयमा नै नियमित एवम् गुणस्तरीय प्रतिवेदन हुनेछ।<br>• महामारीजन्य रोगहरुका बारेमा समयमा नै जानकारी प्राप्तगरी सम्भावित महामारीको रोकथाम तथा प्रतिकार्यमा सहयोग हुनेछ। |
| सञ्चालन प्रकृया | • अभिमुखिकरण कार्यक्रम पूर्व कार्ययोजना तयार गरी कार्यलय प्रमुखबाट स्वीकृत गराइ सञ्चालन गर्नुपर्नेछ,<br>• श्रोत व्यक्तिका रुपमा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट, EDCD, स्वास्थ्य सेवा निर्देशनालय, स्वास्थ्य सेवा कार्यालय/अस्पतालका तालिम प्राप्त व्यक्ति र मेडिकल रेकर्डर हुन सक्नेछन्,<br>• सेन्टिनल साइटमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मीहरु, RRT सम्पर्क व्यक्ति र अन्य स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मी समेत अभिमुखिकरण कार्यक्रममा सहभागी हुन सक्नेछन्,<br>• सञ्चालनका लागि इन्टरनेट, कम्प्यूटर/ल्यापटम मर्मत, प्रिन्टर खरिद तथा मर्मत, तथ्याङ्क विश्लेषण गरी त्यसको प्रस्तुतिकरण, रिपोटिङ कार्यमा आवश्यक पर्ने अन्य सामग्री खरिद तथा मर्मत गरिनेछ। |
| बजेट बाँडफाँट | कार्यक्रम सञ्चालनका लागि दैनिक भ्रमण भत्ता, यातायात खर्च, श्रोत व्यक्ति पारिश्रमिक, आदिका लागि बजेटको बाँडफाँट गरिनेछ। |
| सन्दर्भ सामग्री | EWARS तथा सेन्टिनल साइट सञ्चालन निर्देशिका, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु। कर्णाली खर्च मापदण्ड २०७५ |

मा. मन्त्री

| | |
|---|---|
| अनुगमन सूचक | अभिमुखिकरण कार्यक्रम सम्पन्न प्रतिवेदन |

१६. क्रियाकलापः ई-हेल्थ (टेलिमेडिसिन, EHR/EMR, eHMIS)

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८१३ | २२५२२ | PLMBIS अनुसार | मेहेलकुना अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | ई-हेल्थ भन्नाले विद्युतीय उपकरणको माध्यमबाट श्रव्य, दृश्य र अन्य सञ्चार माध्यमबाट एक भौगोलिक स्थानमा रहेको बिरामी वा चिकित्सकले अर्को भौगोलिक स्थानमा रहेको विशेषज्ञ चिकित्सकसँग परामर्श तथा उपचार व्यवस्थापन गर्ने र सेवाको अभिलेख तथा प्रतिवेदन गर्ने विधि हो। विशेषज्ञ चिकित्सकबाट दुर्गम र दूरदराजमा सूचना तथा संचार प्रविधि (ICT) मार्फत चिकित्सकीय विज्ञता प्रयोग गरी गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन यो कार्यक्रम राखिएको छ। त्यसैगरी विद्युतीय सञ्चारका माध्यमबाट गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन तथा सेवाग्राहीहरुको अभिलेख चुस्त दुरुस्त राखि प्रतिवेदन गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | पहुँचबाहिर रहेका नागरीकहरुलाई विशेषज्ञ सेवा सहितको गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा वृद्धि गर्नु<br>सेवा दिएका सेवाग्राहीको विद्युतीय अभिलेख राखि तोकिएको ढाँचामा समयमा नै नियमित प्रतिवेदन गर्ने |
| अपेक्षित प्रतिफल | • दूर चिकित्सा सेवाको विस्तार हुने,<br>• विद्युतीय स्वास्थ्य मार्फत सेवाग्राहीहरुको अभिलेख राख्न र प्रतिवेदन गर्न सकिने<br>• गम्भीर प्रकारका रोगहरूको समयमा नै निदान तथा उपचार हुने,<br>• प्रेषण अस्पताल वा विशेषज्ञ अस्पतालबाट प्रदान हुने सेवाको गुणस्तरमा अभिवृद्धि हुने,<br>• सामाजिक तथा आर्थिक रूपमा विपन्न तथा सिमान्तकृत समुदायले स्थानीय तहमा नै |

मा. मन्त्री

| | |
|---|---|
| | विशेषज्ञ स्वास्थ्य सेवा प्राप्त हुने। |
| सञ्चालन प्रकृया | • सामाजिक विकास मन्त्रालयबाट स्वीकृत दूर चिकित्सा सेवा तथा विद्युतीय स्वास्थ्य सेवा सम्बन्धी निर्देशिका अनुसार कार्यक्रम सञ्चालन हुने साथै EHR/EMR, eHMIS सञ्चालनका लागि कार्यक्रम स्वीकृत गराइ निम्न कार्य गर्न सकिने छ,<br>• अस्पतालमा हाल सञ्चालनमा रहेको विद्युतीय स्वास्थ्य अभिलेख तथा प्रतिवेदन प्रणाली निरन्तर सञ्चालन गर्ने,<br>• थप मोडुल आवश्यक भएमा प्राविधिकबाट लागत अनुमान तयार गर्ने साथै Software जडान गर्नु अघि आवश्यक तयारी बैठक गर्ने,<br>• अस्पतालहरूबाट विधुतीय स्वास्थ्य अभिलेख तथा प्रतिवेदन सञ्चालन गर्नको लागि स्वास्थ्य व्यवस्थापन तथा सुचना प्रणाली र DHIS२ संग compatible हुने खालको सफ्टवेयर जडानको लागी आवश्यक उपकरण (जस्तै Server Upgrade, High end Desktop, Chromebook, laptop, core switch, Router, Wi-Fi AP, Networking & components, Cloud Storage/Networking, laser printer, barcode reader, Battery Backup AC, आदी) तथा अन्य अति आवश्यक सामग्रीहरू खरिद गरी सञ्चालनमा ल्याउने। खरिद भएका सामग्रीहरुको मर्मत संभार गर्ने,<br>• प्राविधिक सेवा बापतको शुल्क भुक्तानी गर्न सकिने,<br>• आवश्यकता अनुसार Software Module थप गर्न सकिने,<br>• टेलिमेडिसन नियमित सञ्चालनका लागि १ जना पाँचौ तहको अपरेटर (स्वास्थ्य प्राविधिक) करारमा नियुक्ति गर्न सकिने वा कार्यसम्पादन सन्तोजनक पाइएमा यस अघि कार्यरत कर्मचारीलाई निरन्तरता दिन सकिने,<br>• प्रचलित ऐन कानूनको अधिनमा रही तोकिए बमोजिम खरिद तथा जडान कार्य गर्ने। |
| बजेट बाँडफाटँ | कर्णाली खर्च मापदण्ड २०७५ तथा प्रचलित नियम अनुसार जनशक्ति, पूर्वाधार तथा तालिमका लागि खर्चको बाँडफाँट गर्ने। |
| सन्दर्भ सामग्री | दूर चिकित्सा तथा विधुतीय स्वास्थ्य सेवा कार्यक्रम सम्बन्धी निर्देशिका, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु। |



मा. मन्त्री

| | |
|---|---|
| अनुगमन सूचक | दूर चिकित्सा स्वास्थ्य सेवा विस्तार भएका पालिकाहरूको संख्या, दूर चिकित्सा सेवा लिएका सेवाग्राहीहरूको संख्या, अस्पतालमा स्थापना भएको पूर्वाधार तथा ICT व्यवस्थापन |

छ. प्रदेश जनस्वास्थ्य प्रयोगशाला अन्तर्गतका क्रियाकलापहरु

१. क्रियाकलाप: प्रयोगशालामा कार्यरत का.स.हरुलाई संक्रमण रोकथाम ओरिएन्टेसन (३ दिने)

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७६७ | २२५२२ | PLMBIS अनुसार | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | स्वीकृत कार्य योजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेश अन्तर्गत संचालित प्रयोगशालामा कार्यरत नयाँ करार कार्यालय सहयोगी कर्मचारीहरुको संक्रमण रोकथाम (Infection prevention) सम्बन्धी ज्ञान, सीप र क्षमता विकास गर्न संक्रमण रोकथाम सम्बन्धी अभिमुखिकरण कार्यक्रम राखिएको हो। |
| उद्देश्य | प्रयोगशालामा कार्यरत का.स. कर्मचारीहरुको संक्रमण रोकथाम सम्बन्धी क्षमता, ज्ञान तथा सीप विकास गरी गुणस्तरीय सेवा प्रवाह गर्नु। |
| अपेक्षित प्रतिफल | कार्यालय सहयोगीहरुको संक्रमण रोकथाम सम्बन्धी ज्ञान, सीप तथा क्षमता अभिवृद्धि भइ प्रयोगशालामा हुनसक्ने सम्भावित संक्रमण रोकथाम तथा नियन्त्रण हुनेछ। |
| अपेक्षित प्रतिफल | स्वास्थ्य संस्थाहरुमा औषधी तथा औषधी जन्य सामग्रीहरुको नियमित आपुर्ति भएको हुनेछ। |
| सञ्चालन प्रकृया | प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्रबाट जिल्लाको स्टोर र जिल्ला बाट पालिकासम्म आवश्यकता अनुसार आयुर्वेद औषधी तथा औषधीजन्य सामग्रीहरु साथै अन्य स्वास्थ्य सामग्री ढुवानि गर्ने। |
| बजेट बाँडफाँट | ढुवानी, दै.भ्र.भ, इन्धन,यातायात आदी |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्वन्धी मापदण्डहरु। |
| अनुगमन सूचक | समय समयमा औषधी औषधीजन्य सामग्रीहरु पुगेको ह.फा.,दाखीला प्रतिवेदन |

## २०. क्रियाकलाप: अस्पताल सुरक्षा कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.५.४८ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालमा बिरामी, बिरामीका आफन्त, कर्मचारी लगायत अस्पतालको भौतिक सम्पत्तिको सुरक्षार्थ यस शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | आयुर्वेद अस्पतालमा चोरी, अनैतिक कार्य, अवैध वस्तुहरुको प्रयोगमा नियन्त्रण तथा भौतिक सम्पतीको सुरक्षा हुने। |
| अपेक्षित प्रतिफल | अस्पतालमा भौतिक सम्पत्तिको निगरानी तथा शान्ति सुरक्षाको प्रत्याभुति भएको हुनेछ। |
| सञ्चालन प्रकृया | स्वीकृत वार्षिक बजेटको परिधि भित्र रहि कार्यालय प्रमुखबाट कार्यक्रम स्वीकृत गराइ सुरक्षा |



मा. मन्त्री

| | |
|---|---|
| | सामग्री खरिद(सी.सी. क्यामरा लगायत अन्य) खरिद साथै २४ घण्टा अस्पताल सुरक्षाको लागि सेवा करारमा रहेको सुरक्षा गार्डलाई निरन्तरता दिने। |
| बजेट बाँडफाँट | स्विकृत वार्षिक बजेटको परिधि भित्र रहि कार्यालय प्रमुखबाट कार्यक्रम स्वीकृत गराइ खर्च गर्ने। |
| सन्दर्भ सामग्री | प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड। |
| अनुगमनसूचक | हाजिर रजिष्टर, अनुगमन |

२१. क्रियाकलाप: अध्ययन अनुसन्धान र तालिम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.१३.१४९ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशका आयुर्वेद तथा वैकल्पिक चिकित्सा, जडिबुटी, खनिजको साथै अन्य विभिन्न आर्थिक, सामाजिक र भौगोलिक तथा अन्य स्वास्थ्यका निर्धारक तत्वहरुको अध्ययन गरी स्वास्थ्यका क्षेत्रमा परिणाममुखी योजना बनाउन र विभिन्न आयुर्वेदका विषयमा अध्ययन अनुसन्धान र यसका लागी आवश्यक पर्ने तालिम समेत दिनका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | प्रदेशमा आयुर्वेद स्वास्थ्य अवस्थाको प्रोफाइल तयार गर्ने। |
| अपेक्षित प्रतिफल | प्रदेशको हाल आयुर्वेद तथा वैकल्पिक चिकित्सा, जडिबुटी र सेवा प्रवाहको अवस्था बारे थाहा भएको हुनेछ। |
| सञ्चालन प्रक्रिया | • आयुर्वेद तथा वैकल्पिक चिकित्सा, जडिबुटी,खनिजको क्षेत्रका विषय छनोट गरी अध्ययन अनुसन्धान आवश्यक पर्ने समिति तथा समूहको गठन गरी नेपाल अनुसन्धान परिषद्ले तोकेको मापदण्ड पुरा हुने गरी बजेटको परिधिमा रहि अध्ययन अनुसन्धान कार्य गर्ने,<br>• कार्यालयको Standard Operating Procedure (SOP) र निर्देशिकाहरु तयार गर्ने र संचालनमा ल्याउने, |



मा. मन्त्री

| | |
|---|---|
| | • अध्ययन तथा अनुसन्धानका लागि स्वास्थ्य क्षेत्रका अनुसन्धानका विषयहरुको पहिचान गर्ने,<br>• पहिचान भएका अध्ययनका विषयहरुलाई कार्यालय प्रमुखबाट स्वीकृत गरी अध्ययनको कार्य अघि बढाउन सकिनेछ,<br>• अध्ययन भैसकेको विषयको बिज्ञहरुसँग राय लिने। प्रतिफल वा निश्कर्षको सरोकारवालाको बीचमा जानकारी समेत गराउने,<br>• सामाजिक बिकास मन्त्रालयबाट स्वीकृत गरेको अनुसन्धान सम्बन्धी सञ्चालन कार्यविधि अनुसार गर्ने,<br>• आयुर्वेद तथा बैकल्पिक चिकित्सा सम्बन्धि चिकित्सक स्वास्थ्यकर्मि लगायत अन्यका लागि अती आवश्यक सेवा सँग सम्बन्धित तालिमको समेत संचालन गर्ने,<br>• अनुसन्धान कार्यका लागि आवश्यक सामग्रीहरु खरिद गर्ने। |
| बजेट बाँडफाँट | स्विकृत वार्षिक बजेटको परिधि भित्र रहि बजेट बाँडफाँट गरी कार्यालय प्रमुखबाट कार्यक्रम स्वीकृत गराइ खर्च गर्ने। |
| सन्दर्भ सामग्री | प्रादेशिक स्वास्थ्य प्रगति प्रतिवेदन, नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण २०२२, राष्ट्रिय जनगणना २०७८ तथा राष्ट्रिय अनुसन्धान परिषदबाट बिभिन्न समयमा प्रकाशित सामग्रीहरु र प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु, कर्णाली खर्च मापदण्ड निर्देशिका २०७५ |
| अनुगमन सूचक | छनौट भएका विषयहरु, सम्पन्न अध्ययन/अनुसन्धानको प्रतिवेदन स्वास्थ्य प्रोफाइल प्रतिबेदन, समन्वय बैठकका निर्णयहरु |

२२. क्रियाकलापः च्यवनप्रास उत्पादन

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७८६ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा पाइने जडीबुटी र कच्चा पदार्थहरुबाट च्यवनप्रास उत्पादन गर्न यो कार्यक्रम |



मा. मन्त्री

| | |
|---|---|
| | राखिएको हो। |
| उद्देश्य | आयुर्वेद फार्मेसीबाट च्यवनप्रास निर्माण गरी उत्पादन भएको च्यवनप्रास आयुर्वेद कार्यालयहरूमा व्यवस्थित रूपमा वितरण गर्ने। |
| अपेक्षित प्रतिफल | लक्षित समूहले सुरक्षित प्रभावकारी गुणस्तरीय च्यवनप्रास निः शुल्क रुपमा प्राप्त गर्ने छन्। प्रदेशमा भएका जडिबुटी खनिज स्रोतसाधनको समुचित प्रयोगमा आउनेछ। |
| सञ्चालन प्रकृया | • कर्णाली प्रदेशका स्थानीय स्तरमा उपलब्ध आयुर्वेदिक जडीबुटी र खनिजलाई प्राथमिकता दिइ च्यवनप्रास उत्पादन गर्ने,<br>• जडीबुटी, कच्चापदार्थ, आवश्यक अन्य सामग्री खरिदका साथै च्यवनप्राश निर्माण गरी लेवलिङ प्याकिग गर्ने,<br>• च्यावनप्रास उत्पादन गर्दा कार्यालय समयभन्दा अघि पछि उत्पादन कार्यमा खटीएका चिकित्सक स्वास्थ्यकर्मि र अन्य कर्मचारीहरुलाई आवश्यक निर्णय अनुसार बजेट तथा नियम कानुनको परिधीभित्र रहि थप सुविधा उपलब्ध गराउन सकिनेछ,<br>• माग अनुसार प्रदेश भित्रका आयुर्वेद संस्थाहरुमा वितरणको लागी च्यवनप्राश आपूर्ति गरी अनुगमन गर्ने। |
| बजेट बाँडफाँट | जडीबुटी, कच्चा पदार्थ खरिद, आवश्यक प्राविधिक तथा अन्य जनशक्ति व्यवस्थापन, ढुवानी, भ्रमण खर्च, भत्ता, मर्मत, खाजा खर्च तथा अन्य सञ्चालन खर्च। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ नियमावली,आयुर्वेद संस्थाहरुमा गुणस्तरीय औषधी निर्माणका लागि पूर्वाधार एवम् मापदण्ड सम्बन्धी निर्देशिका २०६२ मापदण्ड, कार्यविधि आदि |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन, हस्तान्तरण फारम आदी |

## २३. क्रियाकलापः शिलाजित प्रशोधन कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७८५ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा पाइने कच्चा शिलाजित प्रशोधन गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | कच्चा शिलाजितको प्रशोधीत गर्ने र अस्पतालमा आउने सेवाग्राहीलाई व्यवस्थित रुपमा रोग अनुसार शिलाजितको वितरण गर्ने। |
| अपेक्षित प्रतिफल | प्रशोधीत शिलाजित प्राप्त भएको हुनेछ। |
| सञ्चालन प्रकृया | • कर्णाली प्रदेशका स्थानीय स्तरमा उपलब्ध कच्चा शिलाजितको संकलन गर्ने,<br>• कच्चा शिलाजितलाई प्रशोधनका लागि विज्ञ जनशक्ति सहित अन्य कर्मचारी परिचालन गरी विधिपुर्वक प्रशोधन गर्ने,<br>• यसका लागि आवश्यक कच्चापदार्थ, अन्य सामग्री खरिद गर्ने,<br>• प्रशोधीत शिलाजितको उचित लेवलिङ प्याकिग गर्ने,<br>• माग अनुसार आयुर्वेद संस्थाहरुमा वितरणको लागी शिलाजितको आपूर्ति गर्ने,<br>• आपुर्ति गरिएको प्रशोधीत शिलाजितको उचित भण्डारण तथा वितरण भए/नभएको एकिन गर्न आयुर्वेद संस्थाहरुको अनुगमन गर्न सकिने छ। |
| बजेट बाँडफाँट | जडीबुटी, कच्चा पदार्थ खरिद, आवश्यक प्राविधिक तथा अन्य जनशक्ति व्यवस्थापन, ढुवानी, भ्रमण खर्च, भत्ता, मर्मत, खाजा खर्च तथा अन्य सञ्चालन खर्च। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ नियमावली, मापदण्ड, कार्यविधि आदि |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन, हस्तान्तरण फारम, वितरणको विवरण आदी |

## २४. क्रियाकलाप: फिजियोथेरापी सेवा संञालन तथा व्यवस्थापन

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.७२७ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |



मा. मन्त्री

| | |
|---|---|
| परिचय | विश्व बैंक तथा विश्व स्वास्थ्य संगठनद्वारा जारी गरिएको अपाङ्गता सम्बन्धी प्रतिवेदनका अनुसार कुल जनसंख्याको १५प्रतिशत मानिसहरुमा कुनै न कुनै प्रकारको अपाङ्गता भएको पाईन्छ। राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालको कुल जनसंख्या करिब २ प्रतिशत अपाङ्गता भएका व्यक्तिहरु रहेका छन्। हाल नसर्ने रोगको व्यापकता बढेसंगैअल्पकालीन र दीर्घकालीन अपाङ्गतामा समेत बृद्धि भएको पाइन्छ। ती व्यक्तिहरूको दैनिक जीवनयापनमा सहजता ल्याउनको लागि फिजियोथेरापी तथा पुर्नस्थापना सेवाको दीर्घकालीन आवश्यकता पर्ने भएकाले फिजियोथेरापी सेबालाई थप सुदृढिकरण गर्नको लागि यस कार्यक्रमको व्यवस्था गरिएको छ। |
| उद्देश्य | गुणस्तरीय फिजियोथेरापी तथा पुनर्स्थापना सेवा प्रदान गर्ने। |
| अपेक्षित प्रतिफल | गुणस्तरीय फिजियोथेरापी तथा पुनर्स्थापना सेवा सहज रुपमा प्राप्त गर्नेछन्। |
| सञ्चालन प्रकृया | • अस्पतालको फिजियोथेरापी इकाईमा आएका बिरामीहरुको assessment गरी फिजियोथेरापी तथा पुनर्स्थापना सेवा प्रदान गर्ने,<br>• फिजियोथेरापी सेवा प्रदान गर्न आवश्यक सामग्री खरिद गर्ने,<br>• यस कार्यक्रमबाट फिजियोथेरापी सेवा प्रदायक जनशक्तिको व्यवस्थापन गर्ने।<br>• सेवा प्राप्त गरेका व्यक्तिहरुको अभिलेख राख्ने। |
| बजेट बाँडफाँट | फिजियोथेरापी इकाईमा कार्यरत फिजियोथेरापिस्टको पारिश्रमिक उपलब्ध गराउन र बजेटको परिधि भित्र रहि अन्य सेवाप्रवाह गर्न आवश्यक सामग्री र अन्य व्यवस्थापन समेत गर्ने। |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | फिजियोथेरापि तथा पुर्नस्थापना सेवा प्राप्त गरेका लाभग्राहिहरुको अभिलेख विवरण। |

## २५. क्रियाकलाप: आयुर्वेद औषधी निर्माण तथा आयुर्वेद संस्थाहरूमा वितरण व्यवस्थापन कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.७२४ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |



मा. मन्त्री

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा पाइने जडीबुटीजन्य कच्चापदार्थहरुबाट आयुर्वेद औषधी उत्पादन गरी आयुर्वेद संस्थाहरुमा तथा आयुर्वेद सेवा सञ्चालन भएका पालिकाहरुमा रहेका आयुर्वेद औषधालय, नागरीक आरोग्य सेवा केन्द्रमा आयुर्वेदिक औषधी आपुर्ति गर्न यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | औषधी उत्पादन भइ आयुर्वेद कार्यालयहरुमा व्यवस्थित रुपमा वितरण गर्ने। |
| अपेक्षित प्रतिफल | लक्षित समूहले सुरक्षित प्रभावकारी गुणस्तरीय आयुर्वेद औषधीहरु निः शुल्क रुपमा प्राप्त गर्ने छन्। |
| सञ्चालन प्रकृया | • कर्णाली प्रदेशका स्थानीय स्तरमा उपलब्ध आयुर्वेदिक जडीबुटीलाई प्राथमिकता दिइ औषधी उत्पादनका लागि जडीबुटी खरिद गरिने छ,<br>• उत्पादनका लागि आवश्यक जडीबुटी, कच्चापदार्थ, आवश्यक अन्य सामग्री खरिद गरी जनशक्तिको व्यवस्थापन सहित आयुर्वेद फार्मेसीमा गुणस्तरीय आयुर्वेद औषधी निर्माण गर्ने,<br>• खनिजको प्रशोधन गरी औषधी उत्पादन गरी लेवलिङ्ग प्याकिंग गर्ने,<br>• औषधी उत्पादन गर्दा विहान साझ कर्मचारी खटीदा खटिनेहरुका लागि खाजा, खाना बापत प्रतिव्यक्ति रु. ५०० सम्म खर्च गर्न सकिनेछ,<br>• माग अनुसार आयुर्वेद संस्थाहरु मार्फत निः शुल्क वितरणको लागी औषधीहरुको आपूर्ति गरी सोही अनुसार वितरण भए नभएको अनुगमन गर्न सकिने। |
| बजेट बाँडफाँट | आवश्यक मेशीन, जडीबुटी, तेल कच्चापदार्थ खरिद, आवश्यक प्राविधिक तथा अन्य जनशक्ति व्यवस्थापन, ढुवानी, भ्रमण खर्च, मर्मत तथा अन्य सञ्चालन खर्च। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ नियमावली,संहिताहरु मापदण्ड, कार्यविधि आदि |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन, हस्तान्तरण फारम, |

२६. क्रियाकलापः प्रदेशमा रहेका जडिबुटीको खती संरक्षण प्रवर्धन महत्व तथा प्रयोग सम्वन्धी अभिमुखिकरण कार्यक्रम

| क्रियाकलाप संकेत | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|



मा. मन्त्री

| | | | | |
|---|---|---|---|---|
| नं. | | | निकाय | |
| २.७.२२.७२९ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेशमा भएका जडिबुटीहरुको खेती संरक्षण प्रवर्धन महत्व तथा प्रयोग सम्वन्धि अभिमुखीकरण गर्नका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | जडिबुटीको खेती संरक्षण प्रवर्धन महत्व तथा यसको प्रयोग सम्वन्धि अभिमुखीकरण दिने। |
| अपेक्षित प्रतिफल | जडिबुटी खेती संरक्षण प्रवर्धन महत्व सम्वन्धी ज्ञान, सिप तथा क्षमतामा अभिवृद्दि भएको हुनेछ। |
| सञ्चालन प्रक्रिया | • प्रदेश भित्रका जिल्ला,पालिकामा रहेका औषधालय नागरीक आरोग्य केन्द्रहरुसँगको समन्वयमा अभिमुखीकरण कार्यक्रम संञ्चालन गर्ने,<br>• कार्यक्रममा आयुर्वेद चिकित्सक, आयुर्वेद स्वास्थ्यकर्मी, जडिबुटि खेति गर्ने कृषक, समाजसेवी र अन्य सरोकारवाला सहित कम्तिमा २५ जनाको सहभागितामा कार्यक्रम सञ्चालन गर्ने,<br>• गुणस्तरीय जडीबुटी खेति भण्डारण सम्वन्धी जानकारी दिने सूचनामूलक सामग्री छपाई गर्ने। |
| बजेट बाँडफाट | दै.भ्र.भ., यातायात खर्च, प्रशिक्षक भत्ता, स्टेशनरी, मसलन्द सामग्री तथा अन्य खर्च नर्म्स अनुसार। |
| सन्दर्भ सामग्री | जडीबुटी खेति संरक्षण भण्डारण सम्वन्धि निर्देशिका,प्रचलित कानून तथा खर्च सम्वन्धी मापदण्ड। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, |

२७. क्रियाकलाप: जडीबुटी संकलन भण्डारण प्रशोधन र बजारीकरण सम्बन्धी कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.७३१ | २२५२२ | PLMBIS | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

मा. मन्त्री

| | | | | |
|---|---|---|---|---|
| | | अनुसार | | |

| | |
|---|---|
| परिचय | जडिबुटि क्षेत्रमा काम गर्ने अन्य आम मानिसहरुलाई जडिबुटिको संकलन, भण्डारण, प्रशोधन, बजारीकरण सम्बन्धी आवश्यक जानकारी दिन यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | जनतालाई जडीबुटीको संकलन भण्डारण प्रशोधन र बजारीकरण सम्बन्धि जानकारी दिने। |
| अपेक्षित प्रतिफल | जडीबुटीको संकलन, भण्डारण, प्रशोधन, बजारीकरण संरक्षण सम्बन्धी ज्ञान हासिल भएको हुनेछ। |
| सञ्चालन प्रकृया | • आयुर्वेद स्वास्थ्य संस्थासँगको समन्वयमा जडीबुटीको क्षेत्रमा काम गर्ने संघ संस्थाहरुको सहभागितामा जडिबुटीको संकलन औषधी र जडिबुटीको भण्डारण प्रशोधन र बजारीकरण सम्बन्धि अभिमुखीकरण कार्यक्रम संञ्चालन गर्ने।<br>• जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र र स्थानीय तहमा रहेका औषधालय नागरीक आरोग्य केन्द्रसँग समन्वयनमा प्रदेशका जिल्ला तथा पालिकाहरुमा कार्यक्रम संञ्चालन गरिने,<br>• कार्यक्रममा कम्तिमा २५ जना सहभागि रहने छन्,<br>• अभिमुखीकरण कार्यक्रममा स्थानीय स्तरमा उपलब्ध जडीबुटीको परिचय र उपयोगिता,संकलन,भण्डारण,प्रशोधन,बजारीकरण Good Agriculture and Collection Practices (GACP) सम्वन्धी जानकारी दिने,<br>• कार्यक्रम संञ्चालन गर्न आवश्यक सूचनामूलक सामग्री छपाई गर्ने। |
| बजेट बाँडफाँट | स्विकृत बार्षिक बजेटको परिधि भित्र रहि कार्यालय प्रमुखबाट कार्यक्रम स्वीकृत गराइ खर्च गर्ने। |
| सन्दर्भ सामग्री | विभिन्न सूचनामुलक सामग्रीहरू, कर्णाली खर्च मापदण्ड २०७५, Good Agriculture and Collection Practices (GACP) Guideline तथा निर्देशिका,मापदण्ड,कार्यविधि आदि |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, उपस्थिति |

२८. क्रियाकलापः कर्णाली प्रदेशमा उपलब्ध जडिबुटीबाट आयुर्वेदिक औषधी उत्पादन

| क्रियाकलाप संकेत | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| | | | | |

मा. मन्त्री

| नं. | | | निकाय | |
|---|---|---|---|---|
| २.७.२२.४४० | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेश जडिबुटीहरूको धनि प्रदेश भएकाले यहाँका बहुमुल्य जडिबुटीहरूको कम मुल्यमा बाहिर प्रदेश वा देशमा निर्यात हुने र सो बाट निर्मित औषधीहरूलाई बढी मूल्य तिरेर खरिद गर्नुपर्ने बाध्यतालाई कम गरी स्थानिय जडिबुटीहरूलाई सदुपयोग गर्न र कृषकहरूको मनोबल उच्च राख्न यो क्रियाकलाप राखिएको हो। |
| उद्देश्य | आयुर्वेद औषधी अभाव सृजना हुन नदिइ नागरीकहरुलाई निःशुल्क स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक पर्ने औषधीजन्य जडिबुटी खरिद गरी प्रभावकारी सेवा प्रवाह गर्ने |
| अपेक्षित प्रतिफल | औषधी उपलब्धता भइ प्रभावकारी रूपमा स्वास्थ्य सेवा प्रवाह भएको हुनेछ |
| सञ्चालन प्रकृया | • औषधी निर्माणका लागी आवश्यक कर्णाली प्रदेशमा पाईने जडिबुटीहरु र खनिजलाई प्राथामिकतमा राखी खरिद गर्ने।<br>• कर्णालीमा उपलब्ध नहुने जडिबुटी वा खनिजलाई अन्य स्थानबाट खरिद गरी औषधी निर्माण गर्ने।<br>• उत्पादीत औषधीहरुको गुणस्तर मापन गर्ने।<br>• औषधी उत्पादन गर्दा बिहान साझ कर्मचारी खटीदा खटिनेहरूका लागि खाजा, खाना बापत प्रतिव्यक्ति रू. ५०० सम्म खर्च गर्न सकिनेछ,<br>• माग बमोजिम व्यवस्थीत तरिकाले आयुर्वेद संस्थाहरुमा वितरण गर्ने। |
| बजेट बाँडफाँट | कच्चा जडिबुटीहरु, तेलहरु, बट्टा स्टीकर सिल तथा आवश्यक सामग्री खरिद गर्ने तथा अन्य व्यवस्थापन गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश कार्यक्रम सञ्चालन कार्यविधि २०७५, प्रचलित सार्वजनिक खरिद ऐन संहिताहरु तथा नियमावली |
| अनुगमन सूचक | खरिद प्रकृया, दररेट, औषधीको विवरण, गुणस्तरको लेखाजोखा, खरिद आदेश तथा दाखिला प्रतिवेदन। |



मा. मन्त्री

२९. क्रियाकलापः योग सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.७७५ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | नेपालमा उपलब्ध स्वास्थ्य सूचकहरूको आधारमा भन्नुपर्दा संक्रामक रोगहरू चुनौतिको साथै नसर्ने प्रकृतिका रोगहरू प्रकोप पनि बढ्दै गएको छ। नसर्ने रोगको रोकथाम, नियन्त्रण र निवारण गर्नका लागि यस तालिम कार्यक्रम राखिएको हो। |
| उद्देश्य | नसर्ने रोगहरूको न्यूनीकरण भइ कर्मचारीहरुको क्षमता अभिवृद्धि गरी स्वास्थ्य प्रबर्धन गर्ने। |
| अपेक्षित प्रतिफल | योग सम्बन्धी सिप क्षमता अभिवृद्धि भइ नसर्ने रोगहरूको न्यूनिकरण भएको हुनेछ। |
| सञ्चालन प्रकृया | • आयुर्वेद स्वास्थ्य केन्द्र कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मिहरू यस अघि योग सम्बन्धी तालिम प्राप्त नगरेका कर्मचारीहरुको सहभागितामा तालिम संचालन गर्ने,<br>• बजेटको परिधिमा रहि प्रशिक्षकको व्यवस्था गरी योग सम्बन्धी प्रशिक्षण प्रशिक्षक तालीम कार्यक्रम संचालन गर्ने,<br>• सहभागिका लागि आवश्यक योग प्रशिक्षण प्रशिक्षक पुस्तकको छपाई गर्ने,<br>• जिल्लामा रहेका आयुर्वेद संस्थामा कार्यरत योग फोकल पर्सन जसले हरेक दिन योगका अभ्यासहरु संचालन गरीरहेका र गर्न सक्ने कर्मचारी लाई मात्र कार्यक्रममा सहभागि गराउने। |
| बजेट बाँडफाँट | भ्रमण खर्च, बैठक भत्ता, खाजा, स्टेशनरी, योग गर्ने कपडा लगाएत स्विकृत बार्षिक बजेटको परिधि भित्र रहि कार्यालय प्रमुखबाट कार्यक्रम स्वीकृत गराइ खर्च गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड निर्देशीका २०७५, कर्णाली भ्रमण खर्च नियमाबली २०७५ |
| अनुगमन सूचक | हाजिरी रजिष्टर, बिल तथा अन्य कागजातहरु, कार्यक्रम, सम्पन्न प्रतिवेदन |

३०. क्रियाकलापः फर्निचर तथा फिक्चर्स खरिद।

| क्रियाकलाप संकेत | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|

| नं. | | | निकाय | |
|---|---|---|---|---|
| ११.६.१३.६ | ३११२३ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | आयुर्वेद उत्पादन केन्द्रको प्रयोजनका लागि आवश्यकता पर्ने फर्निचर तथा फिक्चर्स खरिद गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | सेवा प्रदान गर्न सहज हुने। |
| अपेक्षित प्रतिफल | सेवाग्राहीलाई सहजरुपमा सेवा प्रदान गर्न सहयोग हुने। |
| सञ्चालन प्रकृया | • केन्द्रलाई आवश्यक पर्ने फर्निचर तथा फिक्चर्सको सूची तयार गर्ने, <br>• कार्यक्रम तथा लागत अनुमान स्वीकृत गराइ सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली अनुसार आवश्यक फर्निचर तथा फिक्चर खरिद कार्य गर्ने, <br>• आयुर्वेद औषधी उत्पादन शाखामा निर्मित औषधी भण्डारणका लागि आवश्यक प्याक दराज लगायत अन्य फर्निचरहरु खरिद गर्ने। |
| सन्दर्भ सामग्री | प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड। |
| अनुगमन सूचक | जिन्सी खाता, निरिक्षण। |

## ३१. क्रियाकलापः औषधी उत्पादन शाखामा औषधी निर्माण गर्ने मेशिनरी खरिद

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| ११.३.२२.१३ | ३११२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | औषधीको उत्पादन गर्न र गुणस्तर कायम राख्न विभिन्न मेशिनरी औजार तथा उपकरण सामग्रीहरुको आवश्यकता पर्दछ। औषधी उत्पादन शाखामा औषधी निर्माण गर्नका लागि आवश्यक पर्ने मेशिनरी औजारहरू खरिद गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | आयुर्वेद औषधीको उत्पादन गरी गुणस्तर कायम गर्ने। |
| अपेक्षित प्रतिफल | गुणस्तरीय आयुर्वेद औषधी समयमा नै उत्पादन भएको हुनेछ। |



मा. मन्त्री

| | |
|---|---|
| सञ्चालन प्रकृया | प्रचलित ऐन कानुनको अधिनमा रहि खरिद योजना अनुसार आयुर्वेद औषधी उत्पादन केन्द्रका लागी आवश्यक पर्ने मेशिनरी औजार तथा उपकरण र अन्य आवश्यक सामग्रीको को सूची तयार पार्ने।<br>लागत अनुमान तयार गरी लागत अनुमान स्वीकृत गराइ सार्वजनिक खरिद ऐन तथा सार्बजनिक खरिद नियमावली बमोजिम खरिद कार्य गर्ने। |
| सन्दर्भ सामग्री | प्रचलित कानून र स्वीकृत खर्च सम्वन्धी मापदण्ड। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | खरिद योजना, जिन्सी खाता, प्रतिवेदन, सेवा रजिष्टर, निरिक्षण। |

३२. क्रियाकलापः **CME PROGRAMM**

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२२४ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालमा आउने बिरामीहरु धेरै प्रकारका हुने हुदा बिरामीहरको उपयुक्त व्यवस्थापन र दैनिक कार्यप्रणालीलाइ सजिलो बनाउन नियमित चिकित्सा शिक्षाको अति आवश्यक हुन्छ। अस्पताल सेवा सामुहिक कार्य सम्पादनवाट प्रभावकारी रुपमा सञ्चालन हुन्छ। एक्लैले गर्दा मानिसको ज्यान बचाउने कार्य सारै कठीन हुन जान्छ। कुनै पनि सेवा ग्राहीको समस्या समयमै पत्ता लगाइ उचित व्यवस्थापन गर्ने र समस्या पछिसम्म रहि अशक्तता हुनवाट र अपांगता हुनवाट बचाउन पनि एक आपसमा सामुहिक छलफलवाट समस्या सजिलै समाधान गर्न सकिन्छ।<br>अस्पतालमा नियमित मेडीकल शिक्षाको जरुरी पर्दछ। कम्तीमा हप्तामा एकपटक अस्पतालमा कार्यरत सबै चिकित्सक, स्वास्थ्य कर्मी, नर्सिङ र अन्य सबै सेवाका कर्मचारीहरु सामुहिक रुपमा पालै पालो CME सञ्चालन गर्न जरुरी हुने भएकोले यो कार्यक्रम राख्नु परेको हो। |
| उद्देश्य | • कर्मचारीहरुको नियमित मेडीकल शिक्षावाट अस्पतालको कार्य सम्पादनमा प्रभावकारिता बढ्न गै सेवाग्राहीहरुले समुचित सेवा समयमै प्राप्त गर्ने छन। |

| | |
|---|---|
| | • अस्पतालमा कार्यरत कर्मचारीहरुको ज्ञान सिप र व्यवहारमा निरन्तर परिवर्तन आइ कार्य दक्षतामा बृद्धि हुनेछ। |
| अपेक्षित प्रतिफल | गुणस्तरीय सेवामा प्रभावकारिता बढेको हुनेछ। |
| सञ्चालन प्रकृया | • प्रत्येक हप्तामा १ दिन पाले पालो १ हप्ता अगाडी नै विषयवस्तुको कार्य विभाजन गरी सहजकर्ताले पूर्व तयारी गरी कक्षा सञ्चालन गर्ने, <br>• सहजकर्ताका रुपमा अस्पतालको विभिन्न शाखामा कार्यरत कर्मचारी र स्वास्थ्य क्षेत्र वा अन्य कार्यालयमा कार्यरत कार्यक्रम सम्बद्ध कर्मचारीहरु हुन सक्ने, <br>• समयानुकुलको परिमार्जित विषयवस्तुको बारेमा छलफल गर्नु पर्ने, <br>• सहभागीहरुलाइ बर्षमा एकपटक मात्र बर्षभरी पुग्ने खालको स्टेशनरी दिइ सबै बिषयको नोट गरी सोही अनुसार कार्य गर्नु पर्ने, <br>• बजेटको परिधिभित्र रहि नियमित मेडीकल शिक्षा भएको दिन मात्र खाजाको व्यवस्था गर्न सकिने। |
| बजेट बाँडफाटँ | आर्थिक ऐन नियमावलीको परिधीभित्र रहि प्रशिक्षणका लागि आवश्यक पर्ने सामग्री, सहभागीहरुलाई स्टेशनरी र खाजा खर्चमा खर्च हुने गरी बजेट बिनियोजन गरिएको छ। |
| सन्दर्भ सामग्री | हरेक सेवा प्रदानका लागि तोकिएका प्रचलित निर्देशिकाहरु, कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | अस्पतालको मासिक सेवामा वृद्धी गुणस्तरिय सेवा को अवस्था नियमित प्रतिवेदनको अवस्था। |

## २३. क्रियाकलापः नसर्ने रोग सम्बन्धी सचेतना कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७०० | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | बार्षिक कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | जनस्वास्थ्यविद्हरूले नेपालमा हरेक दिन मुटु तथा रक्त नलीसम्बन्धी, मधुमेह, दीर्घ श्वासप्रश्वाससम्बन्धी तथा क्यान्सरजस्ता नसर्ने रोगहरू मृत्युको "प्रमुख कारण बन्नु चिन्ताको विषय भएको कुरा बताएका छन्। उनीहरुका बुझाइमा नसर्ने रोगको प्रकोप बढ्नुमा |



मा. मन्त्री

| | |
|---|---|
| | मानिसहरुको जीवनशैलीका साथै "रोकथामको साटो उपचारमा केन्द्रित हुने पनि जिम्मेवार रहेको बताएका छन्। रोग लाग्नुभन्दा लाग्नै नदिनका लागि मानिसले आहार, विहार र स्वस्थ्यकर बानी व्यवहारमा परिवर्तन गरी स्वास्थ्य सचेतना फैलाउन यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | मानिसहरुमा रोग लाग्न नपाउने अवस्थाको सिर्जना गर्नु। |
| अपेक्षित प्रतिफल | सेवाग्राहीहरुको स्वास्थ्य संरक्षण, प्रवर्धन र पुर्नस्थापनमा सघाउ पुगी रोग लाग्नेदरमा कमी आउनेछ |
| सञ्चालन प्रकृया | • मेरो स्वास्थ्य मेरो जिम्मेवारी भन्ने नारा लाई सार्थकता दिंदै नसर्ने रोग सँग सम्वन्धी अभिमुखिकरण कार्यक्रम गर्ने,<br>• योग, आहार, विहार, जिवनशैली परिवर्तन, प्राकृतिक खानपान, भान्सा सुधार सम्वन्धी अभियानलाई विभिन्न पालिकाको समन्वयनमा सचेतना दिने खाले कार्यक्रम संचालन गर्ने,<br>• कार्यक्रमसँग सम्बन्धित सूचना सामग्रीहरु उत्पादन तथा वितरण गर्ने। |
| बजेट बाँडफाटँ | विभिन्न स्वास्थ्य सम्वन्धी सचेतना दिने कार्यक्रम सञ्चालनका लागि बजेटको बाँडफाँट गरी खर्च गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५ तथा निर्देशिका, मापदण्ड, कार्यविधि आदि |
| अनुगमन सूचक | उत्पादन भएका स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार सम्वन्धी सामग्रीहरु, वितरण तथा सचेतनामूलक अन्य कार्यक्रमहरु सञ्चालनको प्रतिवेदन |

## ३४. क्रियाकलापः प्राथमिक उपचारका औषधीहरु खरिद

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१६९७ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | वार्षिक कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रथमिक उपचारका लागि आवश्यक पर्ने औषधी तथा यन्त्र उपकरण खरिद गर्न यो कार्यक्रम राखिएको हो। |

मा. मन्त्री

| | |
|---|---|
| उद्देश्य | गुणस्तरीय प्राथमीक सेवा उपलब्ध गराउने। |
| अपेक्षित प्रतिफल | रोगको समयमा नै निदान तथा उपचार भई गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह भएको हुनेछ। |
| सञ्चालन प्रकृया | • आवश्यक पर्ने यन्त्र तथा उपकरण र औषधीको सूची तयार पार्ने, <br>• प्राथमीक उपचार सेवाका लागि अत्यावश्यक यन्त्र उपकरण र औषधी खरिद गर्ने, <br>• स्वीकृत खरिद योजना बमोजिम प्रचलित ऐन निमावलि अनुसार खरिद गर्ने <br>• औषधी खरिद गर्दा उपलब्ध भएसम्म WHO-GMP certified कम्पनीहरुबाट खरिद गर्नुपर्नेछ। |
| बजेट बाँडफाटँ | स्वीकृत बजेटबाट मेशिनरी, औजार, उपकरण, औषधी खरिदका लागि बाँडफाँट गरी सम्बन्धित प्रमुखबाट स्वीकृत गराइ खरिद गर्ने। |
| सन्दर्भ सामग्री | प्रचलित खरिद ऐन तथा खर्च सम्बन्धी मापदण्ड। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | खरिद ईकाइको बैठक तथा निर्णयदा, दाखिला प्रतिवेदन। |

३५. क्रियाकलाप: इ-हेल्थ (टेलिमेडिसिन,EHR/EMR, eHMIS)

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८१३ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | बार्षिक कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | आयुर्वेद स्वास्थ्य व्यवस्थापन सुचना प्रणाली (AHMIS) लाई व्यवस्थित रुपमा संचालन गर्नका लागि अनलाईन रेकर्डिङ र रिपोर्टिङ प्रणाली लागु गरी सेवा प्रवाहलाई व्यवस्थित बनाउनका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | अस्पतालबाट प्रदान गरिने सेवाको तथ्याङ्कलाई विद्युतीय माध्यमबाट व्यवस्थित बनाउने। |
| अपेक्षित प्रतिफल | आयुर्वेद स्वास्थ्य व्यवस्थापन सुचना प्रणाली (AHMIS) मा देखीएका समस्याहरु पहिचान गरी समाधानका लागि अनलाईन अभिलेखन र प्रतिबेदन प्रणालि लागु भएको हुनेछ। |
| सञ्चालन प्रक्रिया | • प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्रको EMR प्रणाली लागु गर्नका लागि जनशक्तिको व्यवस्थापन गर्ने, |

मा. मन्त्री

| | |
|---|---|
| | • अनलाईन प्रणाली सञ्चालनका लागि कर्मचारीको क्षमता अभिवृद्धि गर्ने। |
| बजेट बाँडफाट | कर्णाली प्रदेशको खर्च सम्बन्धी मापदण्ड निर्देशिका २०७५ अनुसार। |
| सन्दर्भ सामग्री | AHMIS प्रतिवेदन अवस्था, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | जनशक्ति नियुक्ति र कार्य सम्पादन मूल्याङ्कन |

३६. क्रियाकलाप: नागरीक स्वास्थ्य परीक्षण

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८१२ | २२५२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | वार्षिक कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | हरेक वर्ष नसर्ने रोग सम्बन्धी समस्याका कारण रोगको भार वढ्न गई उपचारमा ठुलो धनराशि खर्च भई थप गरीवी बढ्ने भएकाले यस रोगको रोकथाम, नियन्त्रण र उपचार गर्नका लागि स्वास्थ्य परीक्षण, उपचार साथै स्वास्थ्य सम्बन्धी सचेतना फैलाउन यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | रोगहरूको जोखिम न्यूनिकरण गर्न समुदायमा सो सम्बन्धी सचेतना जगाउने। |
| अपेक्षित प्रतिफल | रोगको रोकथाम तथा जोखिम न्यूनिकरण भएको हुनेछ। |
| सञ्चालन प्रक्रिया | सामाजिक विकास मन्त्रालयबाट स्वीकृत नागरिक स्वास्थ्य परीक्षण सम्बन्धी कार्यविधि अनुसार सञ्चालन गर्ने। |
| बजेट बाँडफाँट | प्रचलित मापदण्डमा आधारित भई आवश्यकताको आधारमा कार्यक्रम सञ्चालन गर्ने। |
| सन्दर्भ सामग्री | नागरीकको स्वास्थ्य परीक्षण सम्बन्धी कार्यविधि, कर्णाली खर्च मापदण्ड तथा निर्देशिका २०७५, मार्गदर्शन तथा निर्देशिकाहरु। |
| अनुगमन सूचक | कार्यक्रम सम्पादन प्रतिवदेन |



मा. मन्त्री

३७. क्रियाकलापः कम्प्युटर ल्यापटप फोटोकपी प्रिन्टर जेनेरेटर क्यामेरा मोबाइल स्क्यानर इन्भर्टर सोलार।

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| ११.३.७.१ | ३११२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | वार्षिक कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालका अभिलेख, विवरण तथा दैनिक प्रशासनिक कार्य गर्न आवश्यक कम्प्युटर प्रिन्टर साथै रोग निदान र सरसफाइका लागि आवश्यक लगायत अन्य मेसिनरी सामग्री खरिद गर्न बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | अभिलेख तथा प्रतिवेदन साथै प्रशासनिक कार्य र रोग निदान गर्न सहज हुने। |
| अपेक्षित प्रतिफल | काम छिटो छरितो र दक्षतापूर्ण हुने। |
| सचालन प्रकृया | • अस्पताललाई आवश्यक पर्ने कम्प्युटर ल्यापटप फोटोकपी प्रिन्टर जेनेरेटर क्यामेरा मोबाइल स्क्यानर, टाई माइक, इन्भर्टर सोलार र अन्य मेसिनरी सामग्रीहरुको सूची तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गराइ नियमानुसार खरिद कार्य गर्ने। |
| बजेट बाडफाट | स्वीकृत कार्यक्रम तथा लागत अनुमान अनुसार खर्च गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४। |
| अनुगमन सूचक | खरिद सम्बन्धी कागजात, जिन्सी रजिष्टर। |

३८. क्रियाकलापः IPD सञ्चालनका लागी प्रिफेव भवन निर्माण

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| ११.५.२२.३२ | ३११२७ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | वार्षिक कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेश आयुर्वेद अस्पतालमा IPD सेवा विस्तार र अन्य आवश्यक भौतिक संरचना निर्माण गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ। |

| | |
|---|---|
| उद्देश्य | भवन निर्माण भइ सेवा सहज रुपमा सञ्चालन हुने। |
| अपेक्षित प्रतिफल | भवन निर्माण सगै सेवाको विस्तार हुनेछ र सेवाग्राहिले गुणस्तरिय सेवा पाउने। |
| सञ्चालन प्रकृया | • प्राविधिकबाट लागत अनुमान तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गराइ उपयुक्त स्थानमा सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली अनुसार निर्माण कार्य गर्ने,<br>• पुर्वकर्म/पंचकर्म, फिजियोथेराषी सेवा सहितको IPD संचालनार्थ प्रिफेब भवन निर्माण गर्ने,<br>• आयुर्वेद औषधी उत्पादन शाखाको भवनलाई आयुर्वेद औषधी उत्पादन कार्यका लागि मापदण्ड अनुरुप (GMP Module ) अनुरुप भौतिक संरचना निर्माण तथा पूजिगत सुधार मर्मत संभार लगाएतका कार्य गर्ने,<br>• अस्पतालको सेवा विस्तारको लागि आवश्यक थप भौतिक संरचनाको निर्माण तथा भएका संरचनाको पुजिगत सुधार कार्य गर्ने। |
| बजेट बाडफाँट | स्वीकृत कार्यक्रम तथा लागत अनुमान अनुसार खर्च गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, भवन ऐन २०५५ र यस अन्तरगत जारी भएको नेपाल राष्ट्रिय भवन संहिता र भवन नियमावली २०६६। |
| अनुगमन सूचक | खरिद सम्बन्धी कागजात, प्राविधिक प्रतिवेदन, अनुगमन। |

३९. क्रियाकलापः USG मेसिन खरिद

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| ११.३.९.१०३ | ३११२२ | PLMBIS अनुसार | प्र.आ.अ.अ.के | वार्षिक कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालमा उपचारका लागि आउने बिरामीलाई UDG सेवा नियमित दिनका लागि यस शिर्षकमा बजेट बिनियोजन गरिएको छ। |
| उद्देश्य | विभिन्न रोगको निदान पहिचान गरी निरन्तर गुणस्तरीय सेवाको प्रदान गर्ने। |



मा. मन्त्री

| | |
|---|---|
| अपेक्षित प्रतिफल | USG सेवा नियमित बिरामीहरुलाई प्राप्त गर्न। |
| सञ्चालन प्रकृया | प्रचलित ऐन नियमानुसार स्पेशिफिकेशन, लागत अनुमान स्वीकृत गराइ बजेटको परिधि भित्र रही USG मेसिन खरिद प्रक्रिया अगाडि बढाउने।<br>USG मेसिन खरिद लगायत आवश्यक अन्य सामग्री व्यवस्थापन गर्ने। |
| बजेट बाँडफाँड | प्रचलित ऐन नियमानुसार स्वीकृत बजेटको परिधि भित्र रही खरिद योजना बनाइ कार्यालय प्रमुखसंग स्वीकृत गराइ खरिद गर्ने। |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन २०६३, नियमावलि २०६४(संशोधित) |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन, प्राविधिक प्रतिवेदन। |

प्रदेश सचिव

मा. मन्त्री

झ. स्वास्थ्य सेवा कार्यालय तथा जनस्वास्थ्य सेवा कार्यालय अन्तर्गतका क्रियाकलापहरु

१. क्रियाकलापः विशेषज्ञ स्वास्थ्य सेवा

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८१४ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, कालीकोट, जाजरकोट, डोल्पा, दैलेख, मुगु, रुकुम पश्चिम, सल्यान, हुम्ला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालको स्वीकृत दरबन्दीमा विशेषज्ञ चिकित्सकहरु लगायत अन्य पदहरु पदपूर्ति नभई विशेषज्ञ सेवा सञ्चालन हुन नसकेकोले र बिरामीको चाप बढी भएका अस्पतालहरुमा तत्काल विशेषज्ञ स्वास्थ्य सेवा सहज रुपमा सञ्चालन गर्नका लागि यस शीर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | विशेषज्ञ तथा विशेष प्रकृतिका सेवा नियमित रुपमा सञ्चालन भई सेवा विस्तार हुने। |
| अपेक्षित प्रतिफल | अस्पतालबाट नियमित रुपमा गुणस्तरीय विशेषज्ञ सेवा उपलब्ध भई सेवाग्राहीको संख्यामा बृद्धि हुनेछ। |
| सञ्चालन प्रक्रिया | • स्थान विशेष रोगको प्रकोप तथा बिरामीको चाप बमोजिम आवश्यकता अनुसार कार्यक्रम स्वीकृत गराई करारमा विशेषज्ञ चिकित्सक लगायत सम्बन्धित सेवा प्रदान गर्न आवश्यक स्वास्थ्यकर्मी तथा अन्य कर्मचारी सेवा करारमा नियुक्ति गर्ने। यसका लागि स्वास्थ्य सेवा प्रवाह गर्नका लागि आवश्यक पर्ने विशेष प्रकारका जनशक्ति (जस्तैः Physiotherapist/Assistant, Lab Technologist/Technician, Biomedical Engineer/Technician, Pharmacist/Assistant, Ophthalmic Assistant, Staff Nurse, Dental Hygienist, Psycho-social Counsellor, Anesthesia Assistant लगायत) करार सेवामा व्यवस्था गर्ने।<br>• यस कार्यक्रम अन्तर्गत सम्झौता भई करार सेवामा कार्यरत कर्मचारीहरुको विवरण |



मा. मन्त्री

| | |
|---|---|
| | सामाजिक विकास मन्त्रालय र स्वास्थ्य सेवा निर्देशनालयमा नियमित पेश गर्ने। |
| बजेट बाँडफाँट | स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही कार्यालय प्रमुखबाट कार्यक्रम स्वीकृत गराई खर्च गर्ने। |
| सन्दर्भ सामग्री | प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | सेवा रजिस्टर, प्रतिवेदन, हाजिरी। |

२. क्रियाकलाप: विरामीका लागि रासन सिदा

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| ७.१.१.१ | २७१११ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, कालीकोट, जाजरकोट, मुगु, दैलेख, सल्यान, हुम्ला, डोल्पा र रुकुम पश्चिम | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालमा उपचारका लागि अन्तरंग विभागमा भर्ना भएका विरामीहरुलाई चिकित्सकले सिफारिस गरे बमोजिम तोकिएको स्केल अनुसार दैनिक खानाको व्यवस्था गर्न यो कार्यक्रममा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | चिकित्सकको सिफारिस बमोजिम विरामीलाई पोषणयुक्त खाना उपलब्ध गराई उपचारमा सहयोग हुनेछ। |
| अपेक्षित प्रतिफल | विरामीलाई आर्थिक भार कम हुने र पूर्ण उपचार गराई जानेछन्। |
| सञ्चालन प्रक्रिया | • अस्पतालमा उपचारका लागि भर्ना हुने विरामीको अनुमानित संख्या यकिन गरेर तोकिए बमोजिमको स्केल अनुसार जिल्ला दररेट समितिको निर्णयानुसार लागत अनुमान तयार गरी दैनिक खानाको व्यवस्था गर्ने।<br>• रासन सिदा अटुट रुपमा प्रदान गर्नको लागि प्रत्येक आर्थिक वर्षमा माघ १ गते देखि आगामी आ.व.को पौष मसान्तसम्मको लागि प्रचलित सार्वजनिक खरिद ऐन तथा |



मा. मन्त्री

| | |
|---|---|
| | नियमावली अनुसार खरिद प्रक्रिया पुरा गरी व्यवस्थापन गर्ने।<br>• प्रत्येक दिनको फुड मेनु प्रदर्शन गर्ने। यस सम्बन्धी विवरण अनुसूची-२ मा उल्लेख गरिएको छ। |
| बजेट बाँडफाँट | लागत अनुमान स्वीकृत गरी खर्च गर्ने। |
| सन्दर्भ सामग्री | प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | भर्ना भएका बिरामीहरुको सूची। |

३. क्रियाकलाप: फिजियोथेरापी सेवा सञ्चालन तथा व्यवस्थापन

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.७२७ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, कालीकोट, डोल्पा, मुगु र रुकुम पश्चिम | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अपाङ्गता भएका व्यक्तिहरूको दैनिक जीवनयापनमा सहजता ल्याउनको लागि फिजियोथेरापी तथा पुर्नस्थापना सेवाको दीर्घकालीन आवश्यकता पर्ने भएकाले फिजियोथेरापी सेवालाई थप सुदृढीकरण गर्नको लागि यस कार्यक्रमको व्यवस्था गरिएको छ। |
| उद्देश्य | कर्णाली प्रदेशका जिल्लाहरुमा रहेका अपाङ्गता भएका व्यक्तिहरु तथा अन्य पुर्नस्थापना सेवाको आवश्यकता भएका व्यक्तिहरुलाई गुणस्तरीय फिजियोथेरापी तथा पुनर्स्थापना सेवा प्रदान गर्ने। |
| अपेक्षित प्रतिफल | अपाङ्गता भएका व्यक्तिहरुले गुणस्तरीय फिजियोथेरापी तथा पुनर्स्थापना सेवा सहज रुपमा प्राप्त गर्नेछन्। |
| सञ्चालन प्रक्रिया | • यस कार्यक्रमबाट आवश्यक फिजियोथेरापी सेवा प्रदायक जनशक्तिको व्यवस्थापन गर्ने।<br>• यस कार्यक्रम अन्तर्गत सम्झौता भई करार सेवामा कार्यरत कर्मचारीहरुको विवरण सामाजिक विकास मन्त्रालय र स्वास्थ्य सेवा निर्देशनालयमा पेश गर्ने। |



मा. मन्त्री

| | |
|---|---|
| बजेट बाँडफाँट | फिजियोथेरापी इकाईमा कार्यरत फिजियोथेरापिस्ट/फिजियोथेरापी सहायकको पारिश्रमिक उपलब्ध गराउन सकिनेछ। |
| सन्दर्भ सामग्री | प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | हाजिरी, फिजियोथेरापी तथा पुर्नस्थापना सेवा प्राप्त गरेका सेवाग्राहीहरुको अभिलेख। |

४. क्रियाकलाप: जिन एक्सपर्ट परीक्षण तथा व्यवस्थापन खर्च

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२८१ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, दैलेख, सल्यान र मुगु | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | द्रुत परीक्षणमा प्रयोग हुने अटोमेटिक पि.सि.आर. सेवा सुचारु गर्न जिन एक्सपर्ट सेवामा आवश्यक हुने परीक्षण व्यवस्थापन र online reporting का लागि इन्टरनेट सेवा उपलब्ध गराउन यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | जिन एक्सपर्ट सेवा नियमित र अविछिन्न रुपमा उपलब्ध गराउनुका साथै क्षयरोग परीक्षणको तथ्याङ्क वास्तविक समयमा उपलब्ध गराउने। |
| अपेक्षित प्रतिफल | जिन एक्सपर्ट सेवा नियमित सञ्चालन हुने र क्षयरोग परीक्षणको तथ्याङ्क वास्तविक समयमा उपलब्ध हुनेछ। |
| सञ्चालन प्रक्रिया | जिन एक्सपर्ट परीक्षण तथा व्यवस्थापन अन्तर्गत निम्न कार्य बापत रकम उपलब्ध गराउने:<br>• क्षयरोग निदान भएका विरामीलाई परीक्षण नतिजा उपलब्ध भएको साथै उपचारमा दर्ता भएको सुनिश्चित गर्ने।<br>• NTPMIS र DHIS२ मा रेकर्ड भएको विवरणका आधारमा रकम उपलब्ध गराउने।<br>• Online reporting का लागि internet उपलब्ध हुन नसकेका Gene Xpert परीक्षण केन्द्रलाई internet खर्च उपलब्ध गराउने र सबै संस्थाले अनिवार्य online reporting गर्ने। |



मा. मन्त्री

| | |
|---|---|
| बजेट बाँडफाँट | प्रति जिन एक्सपर्ट सफल परीक्षण वापत रू.५० सम्वन्धित जिन एक्सपर्ट केन्द्रलाई उपलव्ध गराउनु पर्ने तर Error, Invalid र No result नतिजा भएका परीक्षणका लागि रकम उपलव्ध गराउन नहुने। इन्टरनेट खर्च वास्तविक खर्चका आधारमा गर्ने। संघीय सशर्त अनुदान बजेट अन्तर्गत जन-स्वास्थ्य सेवा कार्यालयमा बजेट विनियोजन भएको अवस्थामा सो अनुसार खर्च गर्ने। |
| सन्दर्भ सामग्री | राष्ट्रिय क्षयरोग नियन्त्रणबाट प्रकाशन भएका जिन एकस्पर्ट परीक्षण सम्वन्धी निर्देशिका, कार्यविधि तथा स्वीकृत मापदण्डहरु। कर्णाली खर्च मापदण्ड २०७५ |

५. क्रियाकलापः इ-हेल्थ (टेलिमेडिसिन, EHR/EMR, eHMIS)

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८१३ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, कालीकोट, जाजरकोट, डोल्पा, दैलेख, मुगु, रुकुम पश्चिम, सल्यान, हुम्ला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | दूर चिकित्सा सेवा भन्नाले श्रव्य, दृश्य र अन्य विद्युतीय सञ्चार माध्यमबाट एक भौगोलिक स्थानमा रहेको चिकित्सकले अर्को भौगोलिक स्थानमा रहेको विशेषज्ञ चिकित्सकसँग परामर्श तथा उपचार व्यवस्थापन गर्ने चिकित्सकीय विधि हो। विशेषज्ञ चिकित्सकबाट दुर्गम र दूरदराजमा सूचना तथा सञ्चार प्रविधि (ICT) मार्फत चिकित्सकीय विज्ञता प्रयोग गरी गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन साथै जिल्ला अस्पताल र स्वास्थ्य संस्थाहरुमा e-Governance प्रवर्द्धन गर्न अनलाइनमा रेकर्डिङ गर्ने कार्य महत्वपूर्ण भएकाले विद्युतीय स्वास्थ्य सूचना अभिलेख प्रतिवेदन प्रणालीहरू इ-हेल्थ (टेलिमेडिसिन, EHR/ EMR/ EHIRRS/ eHMIS) को सञ्चालन, आवश्यक सामग्री खरिद एवं व्यवस्थापन गर्न यो कार्यक्रम राखिएको छ। |


मा. मन्त्री

| | |
|---|---|
| उद्देश्य | कर्णाली प्रदेशका दुर्गम स्थानमा विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचमा वृद्धि भई गुणस्तरीय स्वास्थ्य सेवाको प्रवाहमा अभिबृद्धि गर्नु तथा अस्पताल र स्वास्थ्य संस्थाहरूमा भएको सेवा प्रवाहलाई छिटो छरितो एवं कागजमुक्त वनाई अनलाइनमा रेकर्डिङ गरी मासिक रूपमा अनलाइनबाट नै रिपोर्ट तयार गरी नियमित स्वास्थ्य सूचना प्रणालीमा पठाउने। |
| अपेक्षित प्रतिफल | दूर चिकित्सा सेवाको विस्तार तथा विद्युतीय माध्यमबाट अभिलेख तथा प्रतिवेदन कार्य व्यवस्थित भएको हुनेछ। |
| सञ्चालन प्रक्रिया | यस कार्यक्रममा विनियोजित बजेटको परिधि भित्र रही आवश्यकतानुसार निम्न क्रियाकलापहरु गर्न सकिनेछ:<br>• दूर दराजमा रहेका विपन्न, सीमान्तकृत तथा आकस्मिक स्वास्थ्य सेवा आवश्यक भएका विरामीहरूलाई स्वास्थ्य चौकी, आधारभूत अस्पताल, जिल्ला अस्पतालमा रहेका जनशक्ति मार्फत तोकिएका विशेषज्ञ चिकित्सकहरूसँग निर्धारित टेलिमेडिसिन प्रणाली मार्फत स्वास्थ्य जाँच तथा परामर्श सेवा उपलब्ध गराउने।<br>• eHMIS सञ्चालनका लागि जनशक्ति छुट भएका जिल्लाहरुमा जनशक्ति निरन्तरता।<br>• दूर चिकित्सा तथा विद्युतीय स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८० बमोजिम खर्च गर्ने।<br>• दूर चिकित्सा स्वास्थ्य सेवा लिएका सेवाग्राहीहरुको अभिलेख राख्ने र सोको प्रतिवेदन नियमित रुपमा सामाजिक विकास मन्त्रालय र स्वास्थ्य सेवा निर्देशनालयमा पठाउने।<br>• आवश्यकता अनुसार स्वास्थ्यकर्मीहरूलाई EHR/EMR/EHIRRS/eHMIS सम्बन्धी तालिम व्यवस्था गर्ने।<br>• जिल्ला अस्पतालमा हाल सञ्चालनमा रहेका EHR/EMR/Telemedicine सम्बन्धी software हरुको maintenance तथा upgrade मा खर्च गर्ने।<br>• IT सेवा प्रदायक संस्थासँग सम्झौता गरी विद्युतीय स्वास्थ्य सूचना अभिलेख प्रणाली चलाउनको लागि नयाँ संस्थाको लागि युजर खरिद गर्ने। हाल EHR/EMR/EHIRRS/eHMIS लागु गरिएका स्वास्थ्य संस्थाहरुको सुदृढीकरण गर्न नवीकरण गरी नियमित सञ्चालन गर्ने। |



मा. मन्त्री

| | |
|---|---|
| | • EHR/EMR/Telemedicine/EHIRRS/eHMIS सम्बन्धी समीक्षा गर्ने, योजना तयार गर्ने तथा जनशक्तिको क्षमता अभिबृद्धि गर्न सकिनेछ।<br>• बजेटले पुग्ने भएमा यस कार्यक्रमबाट mobile health (mHealth) बारे अभिमुखीकरण समेत सञ्चालन गर्न सकिनेछ। |
| बजेट बाँडफाँट | प्रचलित नियमानुसार जनशक्ति, भवन मर्मत, टेलिमेडिसिन प्रोत्साहन रकम, software खरिद वा नवीकरण, तालिममा दै.भ्र.भ., स्थानीय यातायात खर्च, खाजा, पानी, स्टेशनरी, मसलन्द, इन्टरनेट आदि। |
| सन्दर्भ सामग्री | दूर चिकित्सा तथा विद्युतीय स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८०, संघीय दूर चिकित्सा सेवा मापदण्ड २०७६, प्रचलित कानुन, मापदण्डहरु, कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | विभिन्न प्रतिवेदनहरु, उपस्थिति, कार्यक्रम सम्बन्धी फोटो। |

६. क्रियाकलापः अस्पतालमा अक्सिजन प्लान्ट व्यवस्थापन

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.४२७ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, डोल्पा, दैलेख र कालिकोट | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | आकस्मिक बिरामीहरुको लागि अस्पतालहरुमा निरन्तर अक्सिजनको आवश्यकता भइरहने तर टाढा-टाढाबाट खरिद गरेर ढुवानी गर्दा असजिलो, नियमित आपूर्तिमा कठिनाइ तथा महंगो समेत पर्ने हुँदा अक्सिजनको सहज उपलब्धता गराउन यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | अक्सिजन प्लान्ट वा पाइपिङ्ग प्रणाली जडान गरी अस्पतालमा निरन्तर अक्सिजनको उपलब्धता गराउने। |
| अपेक्षित प्रतिफल | अस्पतालमा नियमित रुपमा अक्सिजन उपलब्धता भई बिरामीहरुको स्वास्थ्यमा सुधार आउनेछ। |



प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| सञ्चालन प्रक्रिया | • प्रचलित ऐन तथा नियमानुसार बजेटको परिधिभित्र रही स्थान अनुसारको उपयुक्त अक्सिजन उत्पादन वा पाइपिङ प्रणाली जडान गरी व्यवस्थापन गर्ने।<br>• प्रत्येक आ.व.को मसान्तमा जिन्सी निरीक्षण गरी आवश्यकताका आधारमा मर्मत गर्ने। |
| बजेट बाँडफाँट | प्रचलित कानुन तथा स्वीकृत बजेटको परिधिभित्र रही खरिद योजना बनाई स्वीकृत गराई खरिद गर्ने। |
| सन्दर्भ सामग्री | प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन, मर्मत अभिलेख। |

७. क्रियाकलाप: अस्पतालजन्य फोहोरमैला व्यवस्थापन कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८८ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, सल्यान, डोल्पा, दैलेख, रुकुम पश्चिम, कालिकोट, जाजरकोट, मुगु र हुम्ला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालबाट दुई प्रकारका फोहोरमैला; सामान्य र अस्पतालजन्य फोहोर निस्कने हुँदा सामान्य प्रकारको फोहोरलाई डम्पिङ साइटमा फाल्न मिल्छ भने अस्पतालजन्य फोहोरलाई निर्मलीकरण गरी बिसर्जन गर्नुपर्ने हुँदा यस शीर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | अस्पतालजन्य फोहोरमैला निर्मलीकरण गरी व्यवस्थित रुपमा बिसर्जन गर्ने। |
| अपेक्षित प्रतिफल | अस्पतालजन्य फोहोरबाट सेवा प्रदायक र समुदायमा हुने जोखिम कम हुने। |
| सञ्चालन प्रक्रिया | स्वीकृत बजेटको परिधि भित्र रही निम्न क्रियाकलापहरु मध्येबाट आवश्यकतानुसार गर्न सकिनेछ:<br>• HCWMG (Health Care Waste Management Guidelines) सम्बन्धी अभिमुखीकरण वा तालिम गर्ने। |


मा. मन्त्री

| | |
|---|---|
| | • Health Care Waste Management सम्बन्धी नीति २०७९, Health Care Waste Management SOP २०२० अनुसार अस्पतालबाट निस्कने फोहोरमैला व्यवस्थित रुपमा विसर्जन गर्ने।<br>• अस्पतालको फोहोरमैला व्यवस्थापन गर्न जनशक्ति अभावका कारण कठिनाई भएमा सोको व्यबस्थापन समेत गर्ने। |
| बजेट बाँडफाँट | अभिमुखीकरण वा तालिममा सहजकर्ता पारिश्रमिक, सहभागी यातायात खर्च, खाजा आदि, अस्पतालबाट निस्कने फोहोरमैला व्यवस्थापनका लागि आवश्यक पर्ने सामग्री खरिद, जनशक्तिको पारिश्रमिक आदि। |
| सन्दर्भ सामग्री | Health Care Waste Management सम्बन्धि नीति २०७९, संक्रमण रोकथाम तथा फोहोरमैला व्यवस्थापन तालिम पुस्तिका २०७९, प्रचलित कानुन तथा मापदण्डहरु, कर्णाली खर्च मापदण्ड २०७५। |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, दाखिला प्रतिवेदन, हाजिरी। |

८. क्रियाकलाप: अस्पताल सुरक्षा कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.५.४८ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, कालीकोट, जाजरकोट, डोल्पा, दैलेख, मुगु, रुकुम पश्चिम, सल्यान र हुम्ला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | अस्पतालमा बिरामी, बिरामीका आफन्त, कर्मचारी लगायत अस्पतालको भौतिक सम्पत्तिको सुरक्षाका लागि यस शीर्षकमा बजेट बिनियोजन गरिएको छ। |
| उद्देश्य | अस्पतालमा चोरी, अनैतिक कार्य, अवैध वस्तुहरुको प्रयोगमा नियन्त्रण तथा भौतिक सम्पतिको सुरक्षा हुने। |



प्रदेश सचिव

मा. मन्त्री

| | |
|---|---|
| अपेक्षित प्रतिफल | अस्पतालमा भौतिक सम्पत्तिको निगरानी तथा शान्ति सुरक्षाको प्रत्याभूति हुनेछ। |
| सञ्चालन प्रक्रिया | • स्वीकृत वार्षिक बजेटको परिधि भित्र रही कार्यालय प्रमुखबाट कार्यक्रम स्वीकृत गराई २४ घण्टा अस्पताल सुरक्षाको लागि तालिम प्राप्त व्यक्तिलाई सेवा करार वा व्यक्ति करारमा सुरक्षा गार्ड व्यवस्था गर्ने साथै आवश्यक सुरक्षा सामग्रीको व्यवस्थापन समेत।<br>• यस कार्यक्रम अन्तर्गत सम्झौता भई करार सेवामा कार्यरत कर्मचारीहरुको विवरण सामाजिक विकास मन्त्रालय र स्वास्थ्य सेवा निर्देशनालयमा नियमित रुपमा पेश गर्ने। |
| बजेट बाँडफाँट | स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही कार्यालय प्रमुखबाट कार्यक्रम स्वीकृत गराई खर्च गर्ने। |
| सन्दर्भ सामग्री | प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | हाजिर रजिष्टर, अनुगमन। |

९. क्रियाकलाप: **Nutrition Rehabilitation Home**

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७८४ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय दैलेख, रुकुम पश्चिम, डोल्पा, कालिकोट, मुगु, सल्यान, जाजरकोट र हुम्ला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | गम्भीर खालका कुपोषित बालबालिकालाई अन्तरङ्ग चिकित्सकीय उपचार तथा पोषणयुक्त खाना उपलब्ध गराउन अस्पतालमा Stabilization Centre तथा पोषण पुनर्स्थापना केन्द्र संचालनार्थ आवश्यक व्यवस्थापनका लागि यो क्रियाकलाप राखिएको छ। |
| उद्देश्य | अस्पतालमा Stabilization Centre तथा पोषण पुनर्स्थापना केन्द्र नियमित रुपमा सञ्चालन गर्ने। |
| अपेक्षित प्रतिफल | अस्पतालको Stabilization Centre तथा पोषण पुनर्स्थापना केन्द्रमा देखिएका समस्याहरुको समाधान गरी नियमित रुपमा गुणस्तरीय सेवा प्रवाह हुने। |



मा. मन्त्री

| | |
|---|---|
| सञ्चालन प्रक्रिया | • वार्षिक बजेटको परिधि भित्र रही दैलेख बाहेकका स्वास्थ्य सेवा कार्यालयहरुले स्वीकृत कार्ययोजना अनुसार Stabilization Centre स्थापना तथा सुदृढीकरणका लागि आवश्यकतानुसार खर्च गर्न गर्न सकिनेछ।<br>• यो कार्यक्रमबाट स्वास्थ्य सेवा कार्यालय दैलेखका हकमा हाल सञ्चालनमा रहेको पोषण पुनर्स्थापना केन्द्रलाई थप सुदृढीकरण गर्न सकिनेछ। |
| बजेट बाँडफाँट | स्वीकृत वार्षिक बजेटको परिधि भित्र रही कार्यक्रम स्वीकृत गराई खर्च गर्ने। |
| सन्दर्भ सामग्री | प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, पोषण पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका २०७९। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन, कार्यक्रम सम्पन्न प्रतिवेदन। |

१०. क्रियाकलापः **CME Programme**

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२२४ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, रुकुम पश्चिम, दैलेख, सल्यान, जाजरकोट, कालिकोट, मुगु, हुम्ला, डोल्पा | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | रोगहरुको उपचार पद्धति तथा नयाँ-नयाँ रोगहरु साथै स्वास्थ्य सेवा व्यवस्थापनका विविध पक्षका बारेमा जानकारी गराउन अस्पतालहरुमा नियमित चिकित्सा शिक्षा (CME) को आवश्यकता पर्दछ। कम्तीमा हप्तामा एकपटक अस्पतालमा कार्यरत सबै स्वास्थ्यकर्मी, नर्सिङ, चिकित्सक र अन्य सबै सेवाका कर्मचारीहरुका लागि सामूहिक रुपमा पालैपालो कक्षा सञ्चालन गर्न जरुरी हुने भएकोले यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | रोगहरुको उपचार पद्धति तथा नयाँ-नयाँ रोगहरु लगायत स्वास्थ्य सेवा व्यवस्थापनमा विविध पक्षका बारेमा अद्यावधिक जानकारी प्रदान गर्ने। |



मा. मन्त्री

| | |
|---|---|
| अपेक्षित प्रतिफल | सेवा प्रदायकको ज्ञानमा अभिवृद्धि भई सेवामा प्रभावकारिता बढ्ने। |
| सञ्चालन प्रक्रिया | • हरेक हप्तामा एक दिन पालैपालो गरी एक हप्ता अगाडि विषयवस्तुको कार्य विभाजन गरी सहजकर्ताले पूर्वतयारी गरी कक्षा सञ्चालन गर्नुपर्ने।<br>• सहजकर्ता अस्पतालको विभिन्न शाखामा कार्यरत कर्मचारी र स्वास्थ्य सेवा कार्यालयमा कार्यरत कार्यक्रम सम्वद्ध कर्मचारीहरु हुनसक्ने।<br>• समयानुकुल परिमार्जित विषयवस्तुको बारेमा छलफल गर्नुपर्ने।<br>• सहभागीहरुलाई सबै विषयवस्तुको नोट/Hands Out उपलब्ध गराउने।<br>• विषयवस्तुको विज्ञ भएसम्म विज्ञकै नेतृत्वमा कक्षा सञ्चालन गर्नुपर्ने। |
| बजेट बाँडफाँट | वार्षिक बजेट कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिकाको परिधिभित्र रही प्रशिक्षणका लागि आवश्यक पर्ने सामग्री सहभागीहरुलाई स्टेशनरी, खाजा र अन्यमा खर्च हुने गरी बजेट विनियोजन गरिएको छ। |
| सन्दर्भ सामग्री | विषयवस्तु अनुसारको शैक्षिक सामग्री तयारी गर्नपर्ने। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | उपस्थिति र प्रतिवेदन। |

## ११. क्रियाकलाप: एकीकृत जनस्वास्थ्य अभियान तथा विशेषज्ञ स्वास्थ्य शिविर

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१० | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, सल्यान, कालिकोट, डोल्पा, दैलेख, रुकुम पश्चिम, जाजरकोट, हुम्ला र मुगु जनस्वास्थ्य सेवा कार्यालय, जुम्ला र सुर्खेत | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | न्यून मानव विकास सूचकाङ्क भएका तथा महामारी तथा प्रकोपबाट पटक पटक प्रभावित क्षेत्र तथा विशेषज्ञ स्वास्थ्य सेवाको पहुँच नभएका स्थानीय तहहरुसंग समन्वय गरी एकीकृत |

| | |
|---|---|
| | रुपमा स्वास्थ्य सेवाका साथै विशेषज्ञ सेवा दिन यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | • एकीकृत जनस्वास्थ्य अभियानमा स्वास्थ्य प्रवर्द्धनात्मक तथा प्रतिकारात्मक क्रियाकलापहरु सञ्चालन गरी सचेतना अभिवृद्धि गर्नु।<br>• समुदायस्तरमा विशेषज्ञ स्वास्थ्य शिविर मार्फत पहुँच बाहिर रहेका नागरीकहरुलाई विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचमा वृद्धि गर्नु। |
| अपेक्षित प्रतिफल | आधारभूत स्वास्थ्य सेवाबाट वञ्चित समुदायमा स्वास्थ्य सेवा सुधार भएको हुनेछ। |
| सञ्चालन प्रक्रिया | यस कार्यक्रममा स्वीकृत बाँडफाँडका आधारमा विनियोजित बजेटको परिधि भित्र रही आवश्यकतानुसार निम्न क्रियाकलापहरु गर्न सकिनेछ:<br>• जिल्ला भित्र रहेका सेवाको पहुँचबाट टाढा रहेका सीमान्तकृत तथा पिछडिएका वर्ग र क्षेत्रको स्वास्थ्य आवश्यकता पहिचान गर्ने र सोका आधारमा अभियानमा प्रदान गरिने सेवाहरुको प्याकेज तय गर्ने।<br>• स्थान छनौट गर्दा दुर्गम स्थानलाई प्राथमिकतामा राख्ने ।<br>• वार्षिक बजेटको परिधिलाई हेरी विशेषज्ञ शिविरको संख्या र सेवाहरु तय गर्ने। शिविरमा स्वास्थ्य आवश्यकताका आधारमा सामान्य चिकित्सा, दन्त, नाक, कान र घाँटी, आँखा, छाला तथा यौनरोग, महिला तथा प्रजनन स्वास्थ्य, बालरोग, मानसिक स्वास्थ्य, हाडजोर्नी आदि उपलब्ध गराउन सकिनेछ।<br>• बजेटको परिधि भित्र रही समुदायस्तरमा सञ्चालित शिविर तथा रोग स्किनिङ कार्यक्रममा पहिचान भएका बिरामीहरुलाई थप उपचारका लागि जिल्ला अस्पताल वा सुविधा भएको स्थानीय आधारभूत अस्पतालमा छुट्टै शल्यचिकित्सा शिविर सञ्चालन गरी सेवा प्रदान गर्न सकिनेछ।<br>• शिविरस्थलमा प्रमुख स्वास्थ्य समस्याहरुमा आधारित भई विभिन्न व्यवहार परिवर्तन संचार सामग्रीहरुको प्रदर्शनी तथा वितरण, पोषण कर्नर, लक्षित समूह अनुसार स्वास्थ्य शिक्षा सेसनहरु सञ्चालन, भूमिका अभिनय, सचेतनामूलक सांगीतिक तथा सांस्कृतिक प्रस्तुति, योग शिविर आदि प्रवर्द्धनात्मक क्रियाकलापहरु सञ्चालन गर्ने।<br>• कार्यक्रम सञ्चालन हुने स्थान र मिति तय भए पछि लक्षित सेवाग्राहीको सहभागितालाई |

| | |
|---|---|
| | सुनिश्चित गर्न कम्तीमा १० दिन अघि देखि कार्यक्रम बारे आमसञ्चार माध्यम (एफ.एम.) बाट व्यापक प्रचार-प्रसार गर्ने तथा कार्यक्रम सञ्चालन हुने स्थानमा गई कार्यक्रम हुनुभन्दा अगावै जनप्रतिनिधि, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका लगायत सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया मार्फत कार्यक्रम बारे जानकारी गराई व्यापक प्रचारप्रसार गराउन सकिने।<br>खटिने कर्मचारीहरु:<br>जनस्वास्थ्य अभियान तथा विशेषज्ञ शिविरमा आवश्यक पर्ने जनशक्तिहरु उपलब्ध गराइने सेवा तथा शिविरको संख्या अनुसार स्वीकृत बजेटको परिधिभित्र रही परिचालन गर्ने। |
| बजेट बाँडफाँट | • कार्यक्रममा खटिने जनशक्तिलाई कर्णाली प्रदेश भ्रमण खर्च नियमावली अनुसार दैनिक भ्रमण भत्ता प्रदान गर्ने,<br>• यो कार्यक्रमबाट शिविरमा आवश्यक पर्ने औषधि, स्वास्थ्य जाँच सम्बन्धी उपकरण, स्वास्थ्य शिक्षा सामग्री, अभिलेख रजिस्टर तथा अन्य आवश्यक पर्ने सामग्रीको व्यवस्थापन गर्ने।<br>• शिविरको दिन कार्यक्रममा खटिने स्थानीय कर्मचारी तथा प्रवर्द्धनात्मक क्रियाकलापहरुमा खटिने स्थानीय स्वास्थ्य शिक्षा सेसन सहजकर्ता, योग प्रशिक्षक तथा कलाकारहरुलाई पारिश्रमिक कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ अनुसार प्रदान गर्ने।<br>• शिविरमा खटिने स्थानीय बाहेकका गैह्र सरकारी व्यक्तिलाई दैनिक भत्ता तथा भ्रमण खर्च उपलब्ध गराउँदा कर्णाली प्रदेश भ्रमण खर्च नियमावली २०७५ मा व्यवस्था भए अनुसार गर्ने।<br>• यो कार्यक्रमबाट शिविरमा यातायात तथा ढुवानी कार्यका लागि आवश्यकतानुसार गाडी भाडामा लिन सकिनेछ। |
| सन्दर्भ सामग्री | प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु, प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | सेवाग्राहीको अभिलेख, शिविर सञ्चालन प्रतिवेदन, कार्यक्रम सम्बन्धी फोटो। |

मा. मन्त्री

१२. क्रियाकलाप: स्वास्थ्य विमा कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.५७ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, सल्यान, जाजरकोट, रुकुम पश्चिम, कालीकोट, डोल्पा, दैलेख, मुगु र हुम्ला<br>जनस्वास्थ्य सेवा कार्यालय, सुर्खेत र जुम्ला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा स्वास्थ्य बिमाका बिमितहरुको संख्या बढ्दै गएकोले अस्पतालमा सेवाग्राहीहरुलाई स्वास्थ्य बिमा सेवा छिटो छरितो तथा प्रभावकारी रुपमा प्रदान गर्न स्वास्थ्य बिमा कक्षको स्तरोन्नति गरी सेवा प्रवाह गर्न यस शीर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | स्वास्थ्य बिमाको पहुँच वृद्धि गर्ने तथा बिमितहरुलाई प्रभावकारी स्वास्थ्य बिमा सेवा प्रदान गर्ने। |
| अपेक्षित प्रतिफल | बिमितहरुले छिटो छरितो तथा प्रभावकारी रुपमा सेवा पाउनेछन्। |
| सञ्चालन प्रक्रिया | यस कार्यक्रममा विनियोजित बजेटको परिधि भित्र रही आवश्यकतानुसार निम्न क्रियाकलापहरु गर्न सकिनेछ:<br>• विपन्न नागरीक स्वास्थ्य बिमा तथा स्वास्थ्य उपचार सहयोग कार्यविधि, २०८० वा पछिल्लो परिमार्जित कार्यविधि अनुसार खर्च गर्नुपर्नेछ।<br>• यस कार्यक्रमबाट ७० बर्ष माथिका जेष्ठ नागरीक, क बर्गका अपाङ्ग लगायत स्वास्थ्य बिमाको सहुलियत पाउने बर्गलाई स्वास्थ्य बिमामा आवद्ध गर्न सहजीकरण गर्न तथा जनसमुदायलाई स्वास्थ्य बिमा कार्यक्रम बारे सचेतनामूलक तथा प्रवर्द्धनात्मक क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ। |
| बजेट बाँडफाँट | यस प्रयोजनका लागि बार्षिक बजेटको परिधि भित्र रही स्वीकृत कार्ययोजना अनुसार बजेटको |

| | |
|---|---|
| | बाँडफाँट गरी कार्यालय प्रमुखबाट स्वीकृति लिई कार्यक्रम सञ्चालन गर्ने। |
| सन्दर्भ सामग्री | प्रचलित कानुन, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५। |
| अनुगमन सूचक | सेवा रजिस्टर, खरिद सम्बन्धी कागजात, जिन्सी रजिस्टर। |

## १३. क्रियाकलाप: कैदी बन्दीहरुका लागि मासिक स्वास्थ्य सेवा प्रवाह

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२०२ | २२५२२ | PLMBIS अनुसार | जनस्वास्थ्य सेवा कार्यालय, सुर्खेत र जुम्ला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | जिल्लामा रहेका कारागारका कैदी बन्दीहरुको आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले यो क्रियाकलापमा बजेट विनियोजन गरिएको हो। |
| उद्देश्य | कैदी बन्दीहरुको स्वास्थ्य सेवामा पहुँच वृद्धि गर्ने। |
| अपेक्षित प्रतिफल | कैदी बन्दीहरुलाई प्रभावकारी स्वास्थ्य सेवा प्रदान भई स्वास्थ्य सुधार भएको हुनेछ। |
| सञ्चालन प्रक्रिया | कारागारमा रहेका कैदी बन्दीहरुको विवरण तथा निजहरुमा रहेको स्वास्थ्य समस्याहरु समेत पहिचान गर्ने गरी नियमित स्वास्थ्य सेवा प्रवाह गर्ने। |
| बजेट बाँडफाँट | • वार्षिक बजेटको परिधि भित्र रही स्वास्थ्य सेवा प्रवाह गर्दा आवश्यक पर्ने औषधि, स्वास्थ्य जाँच सम्बन्धी उपकरण, प्रयोगशाला परीक्षण सम्बन्धी सामग्री, मुख्य स्वास्थ्य समस्याहरु बारे स्वास्थ्य शिक्षा सामग्री, अभिलेख रजिस्टर तथा अन्य आवश्यक पर्ने सामग्रीको व्यवस्थापन गर्ने।<br>• स्वास्थ्य बिमा बोर्डले जारी गरेको कैदी तथा थुनुवाहरुलाई स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध गर्ने कार्यविधि २०७९ अनुसार स्वास्थ्य बिमाका लागि सहजीकरण गर्ने।<br>• कार्यक्रममा खटिने जनशक्तिलाई नियमानुसार दैनिक भत्ता, यातायात खर्च, खाजा खर्च, विविध आदि। |
| सन्दर्भ सामग्री | कैदी तथा थुनुवाहरुलाई स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध गर्ने कार्यविधि २०७९, प्रचलित |



मा. मन्त्री

| | |
|---|---|
| | नीति कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु। कर्णाली खर्च मापदण्ड, २०७५ |
| अनुगमन सूचक | सेवाग्राहीको अभिलेख, कार्यक्रम सम्पन्न प्रतिवेदन, कार्यक्रम सम्बन्धी फोटो। |

## १४. क्रियाकलाप: खोप सेवा व्यवस्थापनका लागि जनशक्ति व्यवस्थापन

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८०१ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, जाजरकोट | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | जन/स्वास्थ्य सेवा कार्यालयबाट सञ्चालन गरिने खोप कार्यक्रमका क्रियाकलापहरुमा सहजीकरण गर्नुका साथै कोल्ड रुमको व्यवस्थापनका लागि आवश्यक जनशक्ति समयमै व्यवस्था गर्नको लागि यो कार्यक्रमको व्यवस्था गरिएको छ। |
| उद्देश्य | • जिल्ला तथा स्थानीय तहमा सञ्चालन गरिने नियमित खोप तथा अभियानका क्रियाकलापहरुको व्यवस्थापन, सञ्चालन र सहजीकरणमा थप सहयोग पुर्‍याउने।<br>• जिल्ला कोल्ड रुमको प्रभावकारी व्यवस्थापन गर्ने।<br>• खोप कार्यक्रमको सूक्ष्मयोजना, अभिलेख तथा प्रतिवेदन तयारीमा सहजीकरण गर्ने। |
| अपेक्षित प्रतिफल | • पूर्ण खोप सुनिश्चितता र दिगोपनाको कार्यक्रममा निरन्तरता हुनेछ।<br>• जिल्ला तथा स्थानीय तहको क्रियाकलापहरुमा प्राविधिक सहयोग उपलब्ध भई कार्यक्रमहरु प्रभावकारी हुनेछ।<br>• गुणस्तरीय खोप सेवाको सुनिश्चितता हुनेछ।<br>• सूक्ष्म योजना सबै तहको अद्यावधिक हुनेछ। |
| सञ्चालन प्रक्रिया | • खोप सेवा निरन्तर सञ्चालन गर्नुपर्ने भएकोले आर्थिक बर्षको सुरुमा नै करार सेवामा कर्मचारी व्यवस्थापन गर्नुपर्नेछ।<br>• जिल्लालाई छुट्टयाइएको संख्या र उपलब्ध बजेटको आधारमा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम कर्मचारी सेवा करारको व्यवस्थापन गर्ने र नतिजा |

| | |
|---|---|
| | प्राप्त गर्ने गराउने जिम्मेवारी सम्बन्धित कार्यालयको हुनेछ।<br>• यो कार्यको लागि करार सेवामा नियुक्ति हुने व्यक्तिको न्यूनतम शैक्षिक योग्यता सामान्य चिकित्सा वा नर्सिङ विषयमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण भई सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ।<br>• यसरी करार नियुक्त भएका व्यक्तिलाई कार्य जिम्मेवारी दिनु अगाडि आधारभूत खोप कोल्डचेन सम्बन्धी ज्ञान अभिवृद्धि गर्न कम्तीमा १ हप्ता स्वास्थ्य सेवा कार्यालय प्रमुख, खोप अधिकृत र कोल्डचेन अधिकृतहरुले जिल्ला कोल्डरुम, नजिकको खोप केन्द्रमा Clinical अभ्यास गराउने र अभिमुखीकरण समेत गरेर मात्र कामकाजको जिम्मेवारी दिने व्यवस्था गर्नुपर्दछ।<br>जनशक्तिको मुख्य जिम्मेवारी:<br>• भ्याक्सिन तथा अन्य खोप सामग्रीहरुको वितरण तथा व्यवस्थापन गर्ने,<br>• निर्धारित फाराम/रजिस्टरमा अभिलेख राख्ने र मासिक प्रतिवेदन तयार गरी सम्बन्धित स्वास्थ्य सेवा कार्यालयमा बुझाउने।<br>• जिल्ला खोप भण्डारणको व्यवस्थापन र सञ्चालनमा सहयोग गर्ने।<br>• स्वास्थ्य सेवा कार्यालयको निर्देशन र अनुगमनमा खोपसँग सम्बन्धित तालिम, गोष्ठी, बैठकहरुको सञ्चालन व्यवस्थापन र सहजीकरणमा सहयोग गर्ने।<br>• पूर्ण खोप सुनिश्चितता निर्देशिका अनुसार पूर्ण खोप सुनिश्चितता र दिगोपनाको कार्य तथा सरसफाइ प्रवर्द्धनको क्रियाकलाप सञ्चालनमा प्रत्यक्ष संलग्न भई स्थानीय तह र वडाहरुमा सहजीकरण र अनुगमन गर्ने।<br>• अभियानको रूपमा सञ्चालन हुने खोप कार्यक्रममा सहयोग र सहजीकरण गर्ने।<br>• जिल्लाभरिको खोप कार्यक्रमको प्रगतिको समायोजन, विश्लेषण र पृष्ठपोषण कार्यमा सहयोग गर्ने।<br>• स्वास्थ्य सेवा कार्यालयले दिएको थप कार्य र करार सम्झौतामा भए अनुसारको जिम्मेवारी वहन गर्ने।<br>करार भङ्ग गर्ने र नयाँ करार गर्ने |

| | |
|---|---|
| | • करार सेवामा लिएको व्यक्तिले सम्झौता अनुसार कुनै महिनामा सेवा प्रदान नगरेमा वा कार्यालयले दिएको जिम्मेवारी वहन नगरेमा निज व्यक्तिसँग भएको करार सम्झौता जुनसुकै वेला भङ्ग गरी अर्को व्यक्तिबाट सेवा सञ्चालन गर्ने व्यवस्था मिलाउने।<br>पारिश्रमिक रकम:<br>• बिनियोजित बजेटबाट तलब सुविधा उपलब्ध गराउने गरी बजेट व्यवस्था गरिएको छ। अन्य सेवा सुविधाको हकमा सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।<br>सेवा दिने/कार्यक्रम सञ्चालन गर्ने निकाय:<br>• कर्मचारी करार सेवामा लिने प्रमुख जिम्मेवारी सम्बन्धित कार्यालयको हुनेछ।<br>• यो कार्यक्रमको व्यवस्थापन, सञ्चालन र अनुगमन गर्ने प्रमुख जिम्मेवारी सम्बन्धित कार्यालय र खोप तथा कोल्डचेन शाखाको हुनेछ। |
| बजेट बाँडफाँट | माथि उल्लेखित करार जनशक्तिको तलबभत्ता भुक्तानी। कर्णाली खर्च मापदण्ड २०७५ |
| सन्दर्भ सामग्री | प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली, कर्णाली प्रदेश खर्च मापदण्ड। |
| अनुगमन सूचक | कर्मचारी करार सेवा सम्बन्धी विज्ञापन, छनौट समितिको निर्णय, हाजिरी। |

१५. क्रियाकलाप: भ्याक्सिन स्टोर तथा सबस्टोर तथा कोल्ड चेन व्यवस्थापन

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.११८ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, रुकुम पश्चिम, सल्यान, दैलेख, डोल्पा, हुम्ला र मुगु जनस्वास्थ्य सेवा कार्यालय, जुम्ला र सुर्खेत | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | खोप सेवालाई नियमित र गुणस्तरीय बनाउन सबै तहमा कोल्डचेन सामग्री निरन्तर सञ्चालनमा सहयोगको लागि यो कार्यक्रमको व्यवस्था गरिएको छ। भ्याक्सिन स्टोर तथा भ्याक्सिन वितरण केन्द्रहरुमा कोल्डचेन कायम गरी भ्याक्सिनको सुरक्षित भण्डार तथा |



मा. मन्त्री

| | |
|---|---|
| | लक्षित वर्गसम्म सेवा उपलब्ध गराउनुपर्ने हुन्छ। यो कार्य नियमित रुपमा मासिक, त्रैमासिक, वार्षिक कार्ययोजना अनुसार सञ्चालन गर्नुपर्दछ। |
| उद्देश्य | • उपयुक्त कोल्डचेन व्यवस्थापन गरी गुणस्तरीय खोप सेवा उपलब्ध गराउने।<br>• खोप सेसन साइटमा भ्याक्सिन भायल राख्न जिप लक तथा फोम प्याड खरिद गर्ने।<br>• खोप कोल्डचेन व्यवस्थापनको लागि निरन्तर अनुगमन तथा सुपरिवेक्षण प्रभावकारी बनाउने। |
| अपेक्षित प्रतिफल | खोप कोल्डचेन भण्डारणमा गुणस्तर कायम हुनेछ। खोप सेवा निरन्तर र गुणस्तरीय हुनेछ। भ्याक्सिन खेर जाने दर समेत घट्नेछ। निरन्तर रुपमा जिपलक, फोमप्याड उपलब्ध गराई खोप कोल्डचेनको गुणस्तर कायम गर्न मद्दत पुग्नेछ। |
| सञ्चालन प्रक्रिया | लक्षित संस्थाहरु:<br>• खोप कोल्डचेन भण्डारण तथा वितरण गर्ने भ्याक्सिन स्टोर, खोप शाखा, भ्याक्सिन वितरण केन्द्र, सब स्टोर र स्वास्थ्य संस्थाहरु।<br>सञ्चालन गर्ने अवधि:<br>• खोप कोल्ड चेन भण्डारणमा गुणस्तर कायम गर्न आवश्यकता अनुसार निरन्तर।<br>• जिप लक तथा फम प्याडको हकमा पहिलो त्रैमासिकमा नै आवश्यकता निर्धारण गरी वर्षभरिको लागि खरिद गरी वितरण गर्ने।<br>सञ्चालन विधि:<br>• जिल्ला भ्याक्सिन स्टोरहरुबाट जिल्ला भित्रका भ्याक्सिन वितरण केन्द्रमा इन्धन उपलब्ध गराउनुपर्ने भएमा सोको औचित्य सहित योजना बनाई कम्तीमा ३ महिनाको लागि उपलब्ध गराउनु पर्दछ।<br>• प्रत्येक भ्याक्सिन स्टोरले मट्टितेल/डिजेलबाट चल्ने जेनेरेटरको लगबुक अद्यावधिक गरी प्रतिवेदन समेत पेश गर्नुपर्नेछ।<br>• जिल्लामा रहेका भ्याक्सिन सबस्टोर र भ्याक्सिन वितरण केन्द्रहरुमा कोल्डचेन उपकरणहरु निरन्तर सञ्चालन गर्न विद्युत नभएका तथा विद्युत निरन्तरता नहुने भ्याक्सिन स्टोरहरुलाई प्राथमिकतामा राखी इन्धन उपलब्ध गराई विवरण अद्यावधिक |

मा. मन्त्री

| | |
|---|---|
| | गर्नुपर्नेछ। <br>• जिप लक र फोम प्याड खरिद गर्दा जिप लक गुणस्तरीय किसिमको, राम्रो लक लाग्ने तथा नच्यातिने र फम प्याड (कम्तीमा ३० मि.मि. मोटाई भएको) मा खोलेको भायल अडिने र भ्याक्सिन क्यारियरमा भएको तापक्रम कायम रहिरहने खालको हुनुपर्दछ। यस्तो खालको सामग्री जिल्लामा नपाइएको खण्डमा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रसँग समन्वय गरी सो सामग्री आपूर्ति गर्ने आपूर्तिकर्तासँग वर्षभरिका लागि आवश्यक परिमाणको सामग्री खरिद गर्नुपर्दछ। <br>• जिल्लाको स्वास्थ्य संस्थाको विवरण (प्रा.स्वा.के., स्वास्थ्य चौकी र अन्य खोप सञ्चालन गर्ने संस्थाहरु) लिई सोही अनुसार बजेटको परिधिमा रही प्रत्येक स्वास्थ्य संस्थालाई २ बटा फोम प्याड र कम्तीमा २० बटा जिपलक उपलब्ध हुने गरी खरिद योजना बनाई खोप कोल्डचेनसँगै उपलब्ध गराउने व्यवस्था गर्ने। <br>• फोमप्याड स्थानीय स्तरमा खरिद गर्दा विगतमा नयाँ भ्याक्सिन क्यारियर प्राप्त हुँदा उपलब्ध गुणस्तरीय फोमप्याडको नमुना अनुसार (मोटाइ, साइज र रङ आदि) खरिद गरी गुणस्तर कायम गर्ने। <br>• रेफ्रिजिरेटर, जेनेरेटरको मर्मत र जिल्लाका भ्याक्सिन स्टोर तथा स्थानीय तहका सबस्टोरमा रहेका कोल्डचेन सामग्रीहरु तथा आवश्यक कोल्डचेन सामग्रीहरु खरिद तथा कोल्डचेन व्यवस्थापन गर्ने। <br>• नियमित खोप सेवा र आकस्मिक अवस्थामा जिल्लाबाट भ्याक्सिन, खोप सामग्री र खोप तथा सरसफाइ प्रवर्द्धनसँग सम्बन्धित अन्य सामग्रीको व्यवस्थापन गर्ने। |
| बजेट बाँडफाँट | जिप लक र फोम प्याड खरिद, इन्धन व्यवस्थापन, मर्मत सम्भार खर्च आदि। |
| सन्दर्भ सामग्री | EVM मापदण्ड निर्देशिका, परिवार कल्याण महाशाखाबाट विभिन्न समयमा जारी भएका निर्देशिका तथा प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्ड। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, दाखिला प्रतिवेदन, जिन्सी रजिस्टर अभिलेख। |


प्रदेश सचिव
मा. मन्त्री

१६. क्रियाकलापः स्थानीय तहका भ्याक्सिन सबसेन्टरहरूका सम्बद्ध कर्मचारीलाई कोल्डचेन व्यवस्थापन तालिम

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.२१६ | २२५२२ | PLMBIS अनुसार | जनस्वास्थ्य सेवा कार्यालय, सुर्खेत | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | भ्याक्सिनलाई सुरक्षित राखी वितरण तथा प्रयोगसम्म पुर्याउनको लागि भ्याक्सिन स्टोर तथा सबस्टोरहरुमा राष्ट्रिय मापदण्डहरुका आधारमा कोल्डचेन व्यवस्थापन गनुपर्ने भएकोले यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | स्थानीय तहमा रहेका भ्याक्सिन सबस्टोरमा कार्यरत कर्मचारीहरुको कोल्डचेन व्यवस्थापन सम्बन्धी क्षमता विकास गर्ने। |
| अपेक्षित प्रतिफल | दक्ष स्वास्थ्यकर्मीहरुबाट भ्याक्सिन सबस्टोरहरु सञ्चालन व्यवस्थित रुपमा हुने। |
| सञ्चालन प्रक्रिया | स्थानीय तहहरुका भ्याक्सिन सबस्टोरहरुमा कार्यरत यस अघि तालिम नलिएका कर्मचारीहरु छनौट गरी तालिम सन्चालन गर्ने। |
| बजेट बाँडफाँट | दैनिक भ्रमण खर्च, दैनिक भत्ता, खाजा र विविध आदि। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड निर्देशिका २०७५, तालिम तथा प्रयोगात्मक पुस्तिकाहरु। |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन। |

१७. क्रियाकलापः समुदायस्तरीय मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य कार्यक्रम (MPDSR) विस्तार

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८१७ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, जाजरकोट | स्वीकृत कार्ययोजना अनुसार |
| २.७.२२.१८१८ | २२५२२ | PLMBIS | स्वास्थ्य सेवा कार्यालय, रुकुम | स्वीकृत कार्ययोजना |

| | | | | |
|---|---|---|---|---|
| | | अनुसार | पश्चिम | अनुसार |

| | |
|---|---|
| परिचय | नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा स्थापित गरेको छ। सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ तथा जनस्वास्थ्य सेवा ऐन, २०७५ ले प्रजनन स्वास्थ्य तथा सुरक्षित मातृत्व र नबजात शिशु स्वास्थ्यलाई आधारभूत स्वास्थ्य सेवा मार्फत हरेक नागरीकलाई निः शुल्क रुपमा सेवा पुर्‍याउने लक्ष्य लिएको छ। संविधान तथा ऐनमा प्रदत्त हकमा कुनै पनि महिलाहरुले सन्तान जन्माउँदा ज्यान गुमाउनु हुँदैन भन्ने कुरालाई यस कार्यक्रमले मान्यता दिएको छ। मातृ मृत्यु निगरानी तथा प्रतिकार्यले समुदाय तथा स्वास्थ्य संस्थास्तरमा हुने मातृ मृत्युलाई घटाउन सहयोग पुर्‍याउने भएकोले कर्णाली प्रदेशमा यस अघि सो कार्यक्रम लागु नभएका स्वास्थ्य सेवा कार्यालयहरुमा बजेट व्यवस्थापन गरिएको छ। |
| उद्देश्य | समुदायमा भएका मातृ मृत्युको पहिचान गर्ने, गणना गर्ने, मृत्युको कारण पहिचान गर्ने, मृत्युको समीक्षा गरी भविष्यमा मातृ मृत्यु हुन नदिन स्वास्थ्य संस्था तथा समुदायस्तरमा आवश्यक क्रियाकलापहरु सञ्चालन गर्ने। |
| अपेक्षित प्रतिफल | • समुदायमा हुने सबै १२ देखि ५५ वर्षका महिलाहरुको मृत्यु सुचित भई मातृ मृत्यु पहिचान हुने र सो को समीक्षा गरी प्रतिकार्य भएको हुनेछ।<br>• आगामी वर्षहरुमा मातृ मृत्युको संख्या घटेको हुनेछ। |
| सञ्चालन प्रक्रिया | बजेटको परिधि भित्र रही यस कार्यक्रमबाट निम्नानुसार क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछः<br>• जिल्लास्तरमा सरोकारवालाहरुलाई अभिमुखीकरण- १ दिन<br>सहभागीहरुः एम.पि.डि.एस.आर. समितिका पदाधिकारीहरु, पत्रकार, राजनैतिक दलका प्रतिनिधि, अन्य सहयोगी संस्थाका प्रतिनिधिहरु आदि।<br>• जिल्ला/पालिकास्तरमा स्वास्थ्यकर्मीहरुलाई अभिमुखीकरण- २ दिन<br>सहभागीहरुः स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख, प्रजनन स्वास्थ्य तथा सुरक्षित मातृत्व कार्यक्रम फोकल पर्सन लगायत सबै स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी एवं तथ्याङ्क |

| | |
|---|---|
| | सम्बन्धी काम गर्ने कर्मचारीहरु। <br>• महिला सामुदायिक स्वास्थ्य स्वयमंसेविकाहरुलाई अभिमुखीकरण- १ दिन <br>• माथि उल्लेखित अभिमुखीकरणहरु सञ्चालन गर्दा आवश्यक पर्ने तालिम सामग्री र अन्य सामग्री पनि यसैबाट व्यवस्थापन गर्न सकिनेछ। <br>• एम.पि.डि.एस.आर. मार्गदर्शन तथा कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम मौखिक परीक्षण (verbal autopsy), समिति गठन, सूचीतीकरण (notification), प्रारम्भिक पहिचान गरी अनलाइन ईन्ट्री गर्नका लागि पनि यसै शीर्षकबाट बजेट व्यवस्थापन गर्न सकिनेछ भने स्वास्थ्य सेवा कार्यालय तथा सम्बन्धित स्थानीय तहहरुले अनिवार्य रुपमा यी क्रियाकलापहरु सञ्चालन भएको सुनिश्चितता गर्नुपर्नेछ। |
| बजेट बाँडफाँट | दैनिक भ्रमण भत्ता, सहभागी यातायात खर्च, खाजा, पानी, स्टेशनरी, मसलन्द लगायत विविध, बैठक खर्च, मौखिक परीक्षण (verbal autopsy), सूचीतीकरण (notification) तथा प्रारम्भिक पहिचान गरी अनलाइन ईन्ट्री खर्च। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, कर्णाली प्रदेश भ्रमण खर्च नियमावली २०७५, एम.पि.डि.एस.आर. मार्गदर्शन २०७८ र एम.पि.डि.एस.आर. कार्यक्रम सञ्चालन निर्देशिका। |

### १८. क्रियाकलाप: नागरीक स्वास्थ्य परीक्षण

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८१२ | २२५२२ | PLMBIS अनुसार | जनस्वास्थ्य सेवा कार्यालय, जुम्ला, स्वास्थ्य सेवा कार्यालय, कालीकोट, जाजरकोट, डोल्पा, दैलेख, मुगु, रुकुम पश्चिम, सल्यान र हुम्ला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | हरेक वर्ष नसर्ने रोगहरु जस्तै उच्च रक्तचाप, मधुमेह तथा दीर्घ श्वासप्रश्वास सम्बन्धी रोगको |

मा. मन्त्री

| | |
|---|---|
| | भार बढ्दै गइरहेको परिप्रेक्ष्यमा कर्णाली प्रदेशमा पनि त्यसको असर बढिरहेको छ। रोगको बढ्दो प्रकोप कम गर्न र उपचारमा लाग्ने आर्थिक व्ययभार कम गर्न समुदायस्तरसम्म पुगी समयमा नै रोगको पहिचान गरी प्रभावित जनसंख्यालाई उपचारको पहुँचमा ल्याउन तथा सचेतनामूलक गतिविधिहरु सञ्चालन गर्न अत्यावश्यक भएकोले यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | प्रमुख नसर्ने रोगहरु– उच्च रक्तचाप, मधुमेह तथा दीर्घ श्वासप्रश्वास सम्बन्धी रोगको समुदायस्तरमा नै पहिचान गरी उपचारमा पहुँच अभिवृद्धि गर्ने। |
| अपेक्षित प्रतिफल | नसर्ने रोगका बिरामीहरु पहिचान गरी उपचारको दायरामा अभिवृद्धि हुनेछ साथै रोगको भार र मृत्युदर घटेको हुनेछ। |
| सञ्चालन प्रक्रिया | सामाजिक विकास मन्त्रालयबाट जारी भएको पछिल्लो नागरीक स्वास्थ्य परीक्षण सम्बन्धी कार्यविधि अनुसार सञ्चालन गर्नु पर्नेछ। |
| बजेट बाँडफाँट | यस प्रयोजनका लागि स्वीकृत बजेटको परिधि भित्र रही कार्ययोजना अनुसार बजेटको बाँडफाँट गरी कार्यालय प्रमुखबाट स्वीकृति लिई कार्यक्रम सञ्चालन गर्ने। |
| सन्दर्भ सामग्री | नागरीक स्वास्थ्य परीक्षण सम्बन्धी कार्यविधि, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ लगायत मार्गदर्शन तथा निर्देशिकाहरु। |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदनहरु |

## १९. क्रियाकलापः नसर्ने रोग व्यवस्थापन कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१६ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, सल्यान, दैलेख, कालिकोट, डोल्पा, रुकुम पश्चिम, जाजरकोट, मुगु र हुम्ला<br>जनस्वास्थ्य सेवा कार्यालय, सुर्खेत र जुम्ला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | नसर्ने रोगहरु जस्तै मुटु तथा रक्तनलीको रोग, मधुमेह, क्यान्सर तथा दीर्घ श्वासप्रश्वास सम्बन्धी रोगको भार बढ्दै गइरहेको परिप्रेक्ष्यमा त्यसको समयमा नै निदान तथा उपचार गर्न तथा रोकथामका लागि सचेतनामूलक गतिविधिहरु सञ्चालन गर्न अत्यावश्यक भएकोले यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | प्रमुख नसर्ने रोगहरु- मुटु तथा रक्तनलीको रोग, मधुमेह, क्यान्सर तथा दीर्घ श्वासप्रश्वास सम्बन्धी रोगको पहिचान गरी उपचारमा पहुँच अभिवृद्धि गर्ने साथै नसर्ने रोगको रोकथामका लागि जनचेतनामूलक क्रियाकलाप सञ्चालन गर्ने। |
| अपेक्षित प्रतिफल | नसर्ने रोगका बिरामीहरु पहिचान गरी उपचारको दायरामा अभिवृद्धि हुनेछ साथै रोगको भार र मृत्युदर घटेको हुनेछ। |
| सञ्चालन प्रक्रिया | यस कार्यक्रममा विनियोजित बजेटको परिधि भित्र रही आवश्यकतानुसार निम्न क्रियाकलापहरु गर्न सकिनेछ:<br>• स्थानीय तहहरुको समन्वयमा स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत तोकिएको लक्ष्य र बजेटको परिधि भित्र रही स्थानीय तहको संख्या यकिन गरी एक दिने बृहत स्क्रिनिङ्ग शिविर आयोजना गर्ने,<br>• मधुमेहका लागि ग्लुकोमिटरबाट परीक्षण, रक्तचाप मापन, मोटोपना परीक्षण गर्ने र शिविरस्थलमा नसर्ने रोगका प्रमुख ४ कारक तत्व न्यूनीकरण सम्बन्धी जनचेतना जगाउने जिङ्गल, पोस्टर, फलेक्स एवं अन्य स्वास्थ्य शिक्षा सामग्रीहरु मार्फत स्वास्थ्य सन्देश प्रवाह गर्ने,<br>• पत्ता लागेका बिरामीहरुलाई स्वास्थ्य संस्थामा प्रेषण गर्ने,<br>• भि.आइ.ए. स्क्रिनिङ्ग क्यामप सञ्चालन गर्दा सम्भव भएसम्म यो क्रियाकलापलाई सँगसँगै सञ्चालन गर्न सकिने,<br>• स्वीकृत कार्ययोजना तथा बाँडफाँट अनुसार बजेटले पुग्ने भएमा यस कार्यक्रमबाट स्वास्थ्यकर्मीहरुको लागि नसर्ने रोग सम्बन्धी तालिम (PEN Training) सञ्चालन गर्न सकिनेछ,<br>• यसका लागि सामाजिक विकास मन्त्रालय र स्वास्थ्य सेवा निर्देशनालयसँग समन्वय गरी |

| | |
|---|---|
| | सञ्चालन गर्ने। मानव संसाधन विकास केन्द्र, स्वास्थ्य तालिम शाखासँग समन्वय गरी सहभागीको TIMS मा दर्ता गर्ने व्यवस्था मिलाउनु पर्नेछ। |
| बजेट बाँडफाँट | शिविर तयारीका साथै संचालनार्थ स्वास्थ्य शिक्षा सामग्री प्रकाशन, ग्लुकोमिटर सेट, बिपी सेट आदि खरिद गर्ने, दै.भ्र.भ., सहजकर्ता भत्ता, स्थानीय यातायात खर्च, खाजा, स्टेशनरी लगायतमा खर्च गर्न सकिने। |
| सन्दर्भ सामग्री | प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु, नसर्ने रोग सम्बन्धी तालिम पुस्तिका २०७५। |
| अनुगमन सूचक | सेवाग्राहीको सूची, सहभागी हाजिरी, कार्यक्रम सम्पन्न प्रतिवेदन। |

## २०. क्रियाकलाप: मानसिक स्वास्थ्य सम्वन्धी तालिम

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१६७ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, सल्यान, कालिकोट, दैलेख, मुगु, जाजरकोट, डोल्पा, रुकुम पश्चिम र हुम्ला जनस्वास्थ्य सेवा कार्यालय, सुर्खेत र जुम्ला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | विश्वव्यापी रुपमा देखिएका सबै किसिमका स्वास्थ्य समस्याहरु मध्ये १४% समस्या वा रोगको भार मानसिक स्वास्थ्य समस्या, नसालु पदार्थ तथा लागु औषधको प्रयोगले ओगटेको छ। सन् २०१७ मा विश्व स्वास्थ्य संगठनले सार्वजनिक गरेको प्रतिवेदन अनुसार विश्वभर ३२२ मिलियन जनसंख्या डिप्रेसन र २४४ मिलियन जनसंख्या चिन्ताजन्य रोगबाट ग्रसित रहेको पाइएको छ। यस्तो खालको समस्या नेपालमा पनि रहेको छ। नेपालमा पनि मानसिक स्वास्थ्य समस्या दिनानुदिन बढ्दै गएको अवस्थामा सो सेवाको दायरा बढाउन नसकिएको अवस्था छ। मानसिक स्वास्थ्य सेवालाई पनि अन्य स्वास्थ्य सेवा जस्तै |


प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | एकीकृत गरी समुदायमा उपलब्ध गराउनका लागि सामुदायिक मानसिक स्वास्थ्य सेवा प्याकेज २०७४ जारी गरी लागु गरिएको छ। प्याकेज अनुसार समुदायमा कार्यरत स्वास्थ्यकर्मी तथा महिला सामुदायिक स्वास्थ्य स्वयमंसेविकाहरुको मानसिक स्वास्थ्यका विषयमा ६ किसिमका तालिम सञ्चालन गरिने भएकोले सोही कार्यक्रमहरु आवश्यकताका आधारमा सञ्चालन गर्नका लागि कर्णाली प्रदेशका दशवटै जन/स्वास्थ्य सेवा कार्यालयहरुमा बजेटको व्यवस्थापन गरिएको छ। |
| उद्देश्य | स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी र महिला सामुदायिक स्वास्थ्य स्वयमंसेविकाहरुलाई तालिम प्रदान गरी गुणस्तरीय मानसिक स्वास्थ्य सेवा प्रवाहमा अभिवृद्धि गर्ने। |
| अपेक्षित प्रतिफल | • तालिम प्राप्त सेवा प्रदायकहरुको संख्यामा वृद्धि भई स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय मानसिक स्वास्थ्य सेवा उपलब्ध हुनेछ।<br>• मानसिक स्वास्थ्य समस्या र सेवाको अन्तर घटेको हुनेछ। |
| सञ्चालन प्रक्रिया | यस कार्यक्रममा विनियोजित बजेटको परिधि भित्र रही आवश्यकतानुसार निम्न क्रियाकलापहरु गर्न सकिनेछ:<br>• जन/स्वास्थ्य कार्यालयले विभिन्न साझेदार संस्थाको सहकार्यमा मानसिक स्वास्थ्य सम्बन्धी समस्या भएका स्थानहरु र विद्यमान स्वास्थ्य जनशक्तिको क्षमताको अवस्था पहिचान गर्ने।<br>• पहिचान भएका मानसिक स्वास्थ्य समस्याहरुको आधारमा कार्यक्रम सञ्चालन योजना तयार गर्ने।<br>• स्वास्थ्यकर्मीहरुको क्षमता विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपर्ने भएमा स्वीकृत कार्यक्रम र बजेटको परिधिभित्र रही राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले तोकेको मोड्युलहरु प्रयोग गरी तालिम सञ्चालन गर्ने।<br>• मानव संसाधन विकास केन्द्रसंग समन्वय गरी सहभागीलाई TIMS मा दर्ता गरी प्रमाणपत्रको व्यवस्था मिलाउनुपर्नेछ।<br>• कार्यक्रम सञ्चालनका लागि आवश्यक तालिम सामग्रीहरुको व्यवस्थापन पनि यसै बजेटबाट गर्न सकिनेछ। |



मा. मन्त्री

| | |
|---|---|
| बजेट बाँडफाँट | दैनिक भ्रमण भत्ता, सहभागी यातायात खर्च, खाजा, पानी, स्टेशनरी, मसलन्द लगायत विविध। |
| सन्दर्भ सामग्री | मनोसामाजिक रणनीतिक कार्ययोजना २०७९, मानसिक स्वास्थ्य सम्बन्धी आधारभूत तालिम पुस्तिका, विभिन्न समयमा प्रकाशित सूचना, सञ्चार तथा परामर्श सम्बन्धी सामग्रीहरु, प्रचलित कर्णाली प्रदेश खर्च मापदण्ड तथा निर्देशिकाहरु। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, उपस्थिति, कार्यक्रम सम्बन्धी फोटो। |

## २१. क्रियाकलाप: QC का लागि टि.बी. र मलेरिया स्लाइडको ढुवानी

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.४०२ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, दैलेख र सल्यान | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा रहेका प्रयोगशालाहरुमा संकलित स्लाइडहरुको गुणस्तर कायम तथा नियन्त्रण गर्न क्षयरोग र मलेरियाका स्लाइडहरु पुनः जाँच गर्नका लागि संकलित नमुनाहरुको ढुवानी गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | प्रयोगशाला सेवाको गुणस्तरीयता कायम राख्ने। |
| अपेक्षित प्रतिफल | सेवा प्रवाह छिटो र गुणस्तरीय हुनेछ। |
| सञ्चालन प्रक्रिया | • स्थानीय तह तथा जिल्लाका प्रयोगशालामा जाँच गरिएका क्षयरोग र मलेरियाका स्लाइडहरुलाई प्रदेश जनस्वास्थ्य प्रयोगशालासम्म ल्याई गुणस्तर जाँच गर्ने।<br>• प्रत्येक चार महिनाको अन्त्यमा एक पटक गरी वर्षको ४ पटक QC का लागि टि.बी. र मलेरिया स्लाइडको ढुवानी गर्ने।<br>• बजेटले पुग्ने भएमा आवश्यकतानुसार अन्य रोगसँग सम्बन्धित नमुनाहरु पनि ढुवानी गर्न सकिनेछ। |
| बजेट बाँडफाँट | बजेटको परिधिभित्र रही ढुवानीका लागि कार्ययोजना स्वीकृत गराई सञ्चालन गर्ने। |



मा. मन्त्री

| | |
|---|---|
| सन्दर्भ सामग्री | प्रयोगशाला क्षयरोग तथा मलेरिया जाँच सम्बन्धी अद्यावधिक प्रोटोकलहरू, प्रचलित कानुन र स्वीकृत खर्च सम्बन्धि मापदण्ड। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | चौमासिक रिपोर्ट तथा सलाइडहरु, QC रिपोर्ट फारम र भ्रमण आदेश। |

## २२. क्रियाकलाप: TB/HIV-CABA संक्रमित बालबालिकाहरूका लागि पोषण बापतको सहयोग

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१२४ | २२५२२ | PLMBIS अनुसार | जनस्वास्थ्य सेवा कार्यालय, सुर्खेत | स्वीकृत कार्ययोजना अनुसार |
| २.७.५.७५ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, दैलेख र सल्यान | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | राष्ट्रिय एच.आइ.भी. रणनीतिक योजना २०२१-२०२६ ले परिलक्षित गरे अनुसार एच.आई.भी संक्रमित तथा प्रभावित बालबालिकाहरूको संरक्षण र स्याहारको लागि परिवार र समुदायको क्षमता अभिवृद्धि गर्ने कुरामा नेपाल सरकारले प्रतिवद्धता व्यक्त गरेको छ। यसै प्रतिबद्धतालाई पूरा गर्दै एच.आई.भी.बाट संक्रमित तथा प्रभावित बालबालिकाहरूलाई पोषण बापत सहयोग उपलब्ध गराउन यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | एच.आइ.भी. संक्रमित बालबालिकाहरुको पोषणको अवस्थामा सुधार ल्याउने। |
| अपेक्षित प्रतिफल | HIV संक्रमित बालबालिकामा हुन सक्ने विभिन्न प्रकारका दुर्व्यवहार, शोषण, भेदभाव, हिसा र हेलचेक्राइबाट संरक्षणका लागि वातावरण तयार गर्ने, परिवार र समुदायमा माया, ममता, अपनत्व तथा सम्मानपूर्ण जीवनयापन लगायत उनीहरूको शिक्षा, स्वास्थ्य, पोषण र स्याहार लगायतका आधारभूत बालअधिकारको सुनिश्चित गर्ने। |
| सञ्चालन प्रक्रिया | जिल्ला CABA कार्यान्वयन समितिको निर्णयानुसार एच.आई.भी. संक्रमितहरूलाई एकमुष्ठ रकम रू.१२००० बैंक खातामा जम्मा गरी भुक्तानी हुनेछ। उक्त रकमवाट नियमित रूपमा विद्यालय पठाउने, नियमित रूपमा स्थानीय स्वास्थ्य संस्थामा जाँच गराउने र |



मा. मन्त्री

| | |
|---|---|
| | एन्टिरेट्रोभाइरल उपचारका लागि सहयोगको दायित्व बालबालिकाको अभिभावकको हुनेछ। जिल्ला CABA कार्यान्वयन समिति गठन नभएको जिल्लाको हकमा जन/स्वास्थ्य सेवा कार्यालय प्रमुख, अस्पताल प्रमुख र ए.आर.टी.मा कार्यरत स्वास्थ्यकर्मी, फोकल पर्सन तथा सम्बन्धित साझेदार संस्थाहरूसँग बैठकमा निर्णय गराई माग भई आएमा एच.आइ.भी. संक्रमित बालबालिकाहरूको लागि सामाजिक संरक्षण अनुदान सञ्चालन कार्यविधि २०७० अनुसार भुक्तानी हुनेछ। यसको अभिलेख समेत अद्यावधिक गर्नुपर्ने छ। |
| बजेट बाँडफाँट | पोषण खर्च नगद अनुदान, बैठक भत्ता, खाजा आदि। |
| सन्दर्भ सामग्री | राष्ट्रिय एच.आइ.भी. रणनीतिक योजना २०२१-२०२६, नेपाल एच.आइ.भी. भिजन २०२०, एच.आइ.भी. संक्रमित बालबालिकाहरूको लागि सामाजिक संरक्षण अनुदान सञ्चालन कार्यविधि २०७०, प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु। |
| अनुगमनको सूचक | कार्य सम्पन्न प्रतिवेदन, सेवाग्राहीको सूची, भुक्तानी दिएको अभिलेख। |

२३. क्रियाकलाप: अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामग्री तथा पुनर्स्थापन कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.५.७५ | २२५२२ | PLMBIS अनुसार | जनस्वास्थ्य सेवा कार्यालय, सुर्खेत र जुम्ला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा जन्मजात तथा जन्म पश्चात् हुने अपाङ्गता भएका जनसंख्या अन्य प्रदेशको तुलनामा बढी रहेको विभिन्न तथ्यहरुबाट देखिन्छ। तसर्थ अपाङ्गता भएका व्यक्तिहरुलाई उपयुक्त र गुणस्तरीय सहायक सामग्री प्रदान गरी सहज जीवनयापनमा सहयोग गर्न तथा अपाङ्गता भएका व्यक्तिहरू सहितको समावेशी समाज निर्माण गर्नका लागि कर्णाली प्रदेशका अपांगता भएका व्यक्तिहरुका लागि सहयोगार्थ यो कार्यक्रमको व्यवस्था गरिएको छ। |
| उद्देश्य | सेवाको पहुँचबाट टाढा रहेका व्यक्तिहरुको पहिचान गरी गमनशीलता सम्बन्धी सहायक सामग्री सेवा प्रदान गरी उनीहरुको गुणस्तरीय जीवनयापनमा टेवा पुऱ्याउने। |


मा. मन्त्री

| | |
|---|---|
| अपेक्षित प्रतिफल | अपाङ्गता पहिचान भई उनीहरूलाई प्रदान गरिएको सहायता सामग्री साथै सहयोग/समन्वयबाट उनीहरूको जीवनयापन सहज हुने। |
| सञ्चालन प्रक्रिया | • अपाङ्गता सम्बन्धी कार्य गर्ने संघसंस्थाहरूको समन्वय र सहकार्यमा स्वास्थ्यकर्मीहरुले अपाङ्गता परीक्षण, पहिचान, वर्गीकरण, परामर्श तथा प्रेषण गर्ने।<br>• समुदायमा आधारित पुनर्स्थापना (CBR) सेवाहरु क्रमशः फिजियोथेरापी सेवा, सहायक तथा गमनशीलता सामग्री नापजाँच र वितरण, परामर्श सेवा प्रदान तथा सामाजिकीकरणमा सहयोग गर्ने।<br>• अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामग्री खरिद तथा व्यवस्थापन गर्ने।<br>• माथिका सेवाहरू सञ्चालन गर्दा यस क्षेत्रमा कार्यरत विभिन्न संघसंस्थाहरुसँग समन्वय, सहकार्य गर्न सकिनेछ। |
| बजेट बाँडफाँट | यस प्रयोजनका लागि स्वीकृत बजेटको परिधि भित्र रही कार्ययोजना अनुसार बजेटको बाँडफाँट गरी सञ्चालन गर्ने। |
| सन्दर्भ सामग्री | Priority assistive product list of Nepal, अपाङ्गता रोकथाम, नियन्त्रण र उपचार सम्बन्धी विभिन्न निर्देशिका, प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | अपाङ्गता भएका व्यक्तिहरुको विवरण, सहायक सामग्री लिएकाको विवरण। |

२४. क्रियाकलापः प्रकोप महामारी नियन्त्रणका लागि प्रदेश र जिल्लामा आर.आर.टी. परिचालन

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.३६ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, सल्यान, मुगु, दैलेख, डोल्पा, रुकुम पश्चिम, कालिकोट, जाजरकोट र हुम्ला जनस्वास्थ्य सेवा कार्यालय, सुर्खेत र जुम्ला | स्वीकृत कार्ययोजना अनुसार |

मा. मन्त्री

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशको मौसम तथा भौगोलिक विविधताका कारण समय, स्थान र परिवेश अनुसार विभिन्न प्रकोप, विपद तथा महामारीहरुको समस्या न्यूनीकरण गर्न पूर्व तयारी तथा तत्काल प्रतिकार्य गर्न RRT Mobilization गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | महामारी तथा विपदबाट हुन सक्ने सम्भावित क्षतिको समयमै न्यूनीकरण प्रतिकार्य, रोकथाम निगरानी तथा व्यवस्थापन गर्ने। |
| अपेक्षित प्रतिफल | जिल्ला, स्थानीय तह र समुदायमा पूर्व तयारी तथा प्रतिकार्य मार्फत सम्भावित महामारी तथा विपद नियन्त्रण तथा व्यवस्थापन हुने। |
| सञ्चालन प्रक्रिया | • द्रुत प्रतिकार्य टोली तथा आपतकालीन चिकित्सकीय समूह परिचालन सम्बन्धी निर्देशिका, २०७९ बमोजिम जिल्लास्तरमा आर.आर.टी. गठन गरी पूर्व तयारी तथा समीक्षा बैठक बस्ने।<br>• प्रकोप व्यवस्थापनका लागि द्रुत प्रतिकार्य टोली (RRT) परिचालन गर्ने। जिल्लामा उपलब्ध भएसम्म तालिम प्राप्त फिल्ड इपिडिमियोलोजिस्टलाई आर.आर.टी. मा महामारी विज्ञको रुपमा सहभागी गराई परिचालन गराउनुपर्नेछ।<br>• विपद व्यवस्थापनका लागि आवश्यकतानुसार सरोकारवालाहरु बीच समन्वय बैठकहरु सञ्चालन गर्ने। साथै, जिल्ला विपद व्यवस्थापन समितिको बैठकमा सहभागिता जनाई स्वास्थ्य क्षेत्रबाट भएका पूर्व तयारी तथा प्रतिकार्य बारे जानकारी गराउने र महामारी नियन्त्रणका लागि अन्य विषयगत क्षेत्रबाट हुने सहयोगका लागि समन्वय गर्ने।<br>• जिल्लास्तरको विपद प्रतिकार्य योजना (Contingency Plan) बनाई सोही योजना अनुसार काम गर्ने।<br>• स्थानीय तहका RRT सदस्यहरुको क्षमता अभिवृद्धि गर्ने।<br>• महामारीको अवस्था निम्तिन सक्ने सम्भाव्य रोगहरु (outbreak prone diseases) को तथ्याङ्कीय तथा इपिडिमियोलोजिकल विश्लेषणद्वारा नियमित सर्भिलेन्स गर्नुपर्नेछ।<br>• पानीजन्य रोगको नियन्त्रणका लागि नियमित पानी परीक्षण तथा सर्भिलेन्स कार्यक्रम सञ्चालन गर्ने। |



मा. मन्त्री

| | |
|---|---|
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका अनुसार बैठक भत्ता, औषधि खरिद, गाडी भाडा, दै.भ्र.भ., एम्बुलेन्स परिचालन, सञ्चार खर्च, मर्मत, ईन्धन तथा स्थानीय तहहरुका लागि १ दिने तालिम/अभिमुखीकरण साथै आवश्यकता अनुसार अन्य खर्च। |
| सन्दर्भ सामग्री | द्रुत प्रतिकार्य टोली तथा आपतकालीन चिकित्सकीय समूह परिचालन सम्बन्धी निर्देशिका, २०७९, प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | विपद पुर्वतयारी प्रतिकार्य योजना, बैठक माइन्युट तथा प्रतिवेदनहरु। |

## २५. क्रियाकलाप: महामारी नियन्त्रणका लागि बफर स्टक सामग्री खरिद

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.९२ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, सल्यान, कालिकोट, जाजरकोट, दैलेख, मुगु, रुकुम पश्चिम र हुम्ला<br>जनस्वास्थ्य सेवा कार्यालय, जुम्ला र सुर्खेत | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | भौगालिक विविधता तथा मौसम परिवर्तन भइरहने कर्णाली प्रदेशमा उपयुक्त साधन श्रोतको अभावका साथै सम्भावित महामारीको जोखिम रहिरहने स्थितिको पुर्वानुमान गरी आवश्यकता भएका स्थानहरुको सूची तयार पारी सम्भावित महामारीजन्य संक्रामक रोगहरुको उपचार तथा व्यवस्थापनका लागि योजना बनाई प्रदेश, जिल्ला र पालिकास्तरमा तोकिएको औषधि तथा अन्य सामग्री नियमानुसार खरिद गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | Public Health Risk and Emergency को आधारमा जिल्लास्तरको विपद प्रतिकार्य योजना र स्वास्थ्य तथा पोषण इकाइको प्रतिकार्य योजना अनुसार गर्ने। |
| अपेक्षित प्रतिफल | सम्भावित महामारी रोकथाम तथा नियन्त्रणमा सहयोग पुग्नेछ। |
| सञ्चालन प्रक्रिया | बफर स्टकका लागि आवश्यक औषधि तथा अन्य सामग्रीहरुको सूची तयार गरी |



मा. मन्त्री

| | |
|---|---|
| | स्वीकृत गराई सोको आधारमा वार्षिक बजेटको परिधिभित्र रही नियमानुसार खरिद गर्ने। |
| बजेट बाँडफाँट | • स्वीकृत कार्ययोजना अनुसार विनियोजित बजेटको परिधि भित्र रहेर माग तथा आवश्यकता अनुसार बजेट बाँडफाँट गर्ने।<br>• स्वीकृत बजेटबाट औषधि, प्रयोगशाला किट (जस्तैः हेपाटाइटिस ए र ई, इन्फ्लुन्जा, हैजा, टाइफाइड आदि) तथा अन्य अत्यावश्यक सामग्रीहरुका लागि बाँडफाँट गरी स्वीकृत गराई सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खरिद गर्ने। |
| सन्दर्भ समाग्री | अत्यावश्यक औषधि सूची, प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | खरिद इकाइको निर्णय, दाखिला प्रतिवेदन तथा हस्तान्तरण फारम। |

२६. क्रियाकलापः महामारी व्यवस्थापनका लागि बफर स्टक सामग्री खरिद

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.५.४४ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, डोल्पा | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | भौगालिक विविधता तथा मौसम परिवर्तन भइरहने कर्णाली प्रदेशमा उपयुक्त साधन श्रोतको अभावका साथै सम्भावित महामारीको जोखिम रहिरहने स्थितिको पुर्वानुमान गरी आवश्यकता भएका स्थानहरुको सूची तयार पारी सम्भावित महामारीजन्य संक्रामक रोगहरुको उपचार तथा व्यवस्थापनका लागि योजना बनाई प्रदेश, जिल्ला र पालिकास्तरमा तोकिएको औषधि तथा अन्य सामग्री नियमानुसार खरिद गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | Public Health Risk and Emergency को आधारमा जिल्लास्तरको विपद प्रतिकार्य |


मा. मन्त्री

| | |
|---|---|
| | योजना र स्वास्थ्य तथा पोषण इकाइको प्रतिकार्य योजना अनुसार गर्ने। |
| अपेक्षित प्रतिफल | सम्भावित महामारी रोकथाम तथा नियन्त्रणमा सहयोग पुग्नेछ। |
| सञ्चालन प्रक्रिया | बफर स्टकका लागि आवश्यक औषधि तथा अन्य सामग्रीहरुको सूची तयार गरी स्वीकृत गराई सोको आधारमा वार्षिक बजेटको परिधिभित्र रही नियमानुसार खरिद गर्ने। |
| बजेट बाँडफाँट | • स्वीकृत कार्ययोजना अनुसार विनियोजित बजेटको परिधि भित्र रहेर माग तथा आवश्यकता अनुसार बजेट बाँडफाँट गर्ने।<br>• स्वीकृत बजेटबाट औषधि, प्रयोगशाला किट (जस्तैः हेपाटाइटिस ए र ई, इन्फ्लुन्जा, हैजा, टाइफाइड आदि) तथा अन्य अत्यावश्यक सामग्रीहरुका लागि बाँडफाँट गरी स्वीकृत गराई सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खरिद गर्ने। |
| सन्दर्भ समाग्री | अत्यावश्यक औषधि सूची, प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | खरिद इकाइको निर्णय, दाखिला प्रतिवेदन तथा हस्तान्तरण फारम। |

## २७. क्रियाकलापः खानेपानी गुणस्तर परीक्षण तथा निगरानी

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१३४ | २२५२२ | PLMBIS अनुसार | जनस्वास्थ्य सेवा कार्यालय, सुर्खेत र जुम्ला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | समुदायस्तरमा खानेपानीको अवस्था र गुणस्तरीयता कायम गर्नका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी राष्ट्रिय मापदण्ड अनुसार सबै तहका सबै समुदायमा वितरण गरिएको खानेपानीको गुणस्तर परीक्षण तथा निगरानी कार्य गर्नका लागि स्थान छनौट समेत गर्न बजेट विनियोजन गरिएको हो। |



मा. मन्त्री

| | |
|---|---|
| उद्देश्य | नागरीकलाई स्वस्थ तथा गुणस्तरीय खानेपानी उपलब्धताको सुनिश्चितता गर्ने। |
| अपेक्षित प्रतिफल | सुरक्षित तरिकाले व्यवस्थित स्वस्थ तथा स्वच्छ खानेपानी व्यवस्थापन भएको हुनेछ। |
| सञ्चालन प्रक्रिया | • सम्बन्धित समुदायस्तरका जनप्रतिनिधि, खानेपानी उपभोक्ता समिति, जिल्ला स्थित खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय लगायत स्वास्थ्य र सरसफाइका सरोकारवालाहरुलाई पूर्व जानकारी गराई नमुना संकलन गरी जिल्लामा परीक्षण गराउने र सोको प्रतिवेदन सम्बन्धित निकायमा बुझाउने।<br>• खानेपानीको मुहान, खानेपानी टयाङ्की, धारा, घरधुरी, बजारक्षेत्र तथा स्वास्थ्य संस्था र शैक्षिक संस्थाबाट पानीको नमुना संकलन गरी अर्धवार्षिक रुपमा परीक्षण गर्ने।<br>• पानी परीक्षणको नतिजा सम्बन्धित सरोकारवालाहरुलाई सहभागी गराई सार्वजनिक गर्ने।<br>• पानी शुद्धिकरणका लागि सचेतनामूलक क्रियाकलापहरु सञ्चालन गर्ने तथा पानी शुद्ध गर्ने केमिकल तथा सामग्रीको लागि खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालयसँग समन्वय गर्ने। |
| बजेट बाँडफाँट | प्रचलित खर्च मापदण्ड तथा नियमानुसार दैनिक भ्रमण भत्ता, यातायात खर्च, दैनिक भत्ता, खाजा, किट र केमिकल खरिद आदि स्वीकृत बजेटको परिधिमा रहेर गर्ने। |
| सन्दर्भ सामग्री | कार्यसञ्चालन निर्देशिका तथा कर्णाली प्रदेश खर्च सम्बन्धी मापदण्ड अनुसार। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | कार्यक्रमसंग सम्बन्धित प्रतिवेदनहरु। |

## २८. क्रियाकलाप: ल्याब सेवा सञ्चालन तथा व्यवस्थापन कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१९७ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, सल्यान, डोल्पा, दैलेख, रुकुम पश्चिम, कालीकोट, हुम्ला, जाजरकोट र मुगु | स्वीकृत कार्ययोजना अनुसार |

| | | | | |
|---|---|---|---|---|
| | | | जनस्वास्थ्य सेवा कार्यालय, जुम्ला र सुर्खेत | |

| | |
|---|---|
| परिचय | जिल्लामा संचालित प्रयोगशालाहरुमा मौजुदा उपकरण, केमिकल, रिएजेन्ट र टेस्ट किटहरुको प्रभावकारीरुपले प्रयोग भई प्रयोगशाला सेवा नियमित सञ्चालन गर्न र प्रयोगशालामा कार्यरत कर्मचारीहरुले उपकरणहरुको सही प्रयोगका लागि क्षमता अभिवृद्धि गर्न प्रयोगशाला सञ्चालन तथा व्यवस्थापनको लागि तथा प्रदेशमा रहेका स्वास्थ्य कार्यालयहरुबाट प्रयोगशाला सेवा सहज रुपमा सञ्चालन तथा व्यवस्थापन गरी गुणस्तरीय सेवा प्रवाह गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | प्रयोगशालाबाट गुणस्तरीय सेवा प्रवाह गर्ने। |
| अपेक्षित प्रतिफल | प्रयोगशाला सेवा सहज रुपमा सञ्चालन तथा व्यवस्थापन गरी गुणस्तरीय सेवा प्रवाह हुनेछ। |
| सञ्चालन प्रक्रिया | प्रयोगशालामा आवश्यक उपकरण, केमिकल, रिएजेन्ट र टेस्ट किटहरुको खरिद तथा मौज्दातमा रहेका सामग्रीहरुको सही व्यस्थापन गर्ने। |
| बजेट बाँडफाँट | आवश्यकतानुसार बजेटको परिधिमा रहेर कार्यक्रमको बाँडफाँट गरी खर्च गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड निर्देशिका २०७५ लगायत अन्य सम्वन्धित खर्च मापदण्डहरु। |
| अनुगमन सूचक | खरिद आदेश, दाखिला रिपोर्ट, सेवा रजिस्टर। |

## २९. क्रियाकलाप: HMIS तथ्यांक भेरिफिकेशन तथा फलोअप मिटिङ

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.११२ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, दैलेख, जाजरकोट, रुकुम पश्चिम, कालिकोट, डोल्पा, हुम्ला, सल्यान र मुगु<br>जनस्वास्थ्य सेवा कार्यालय, सुर्खेत र जुम्ला | स्वीकृत कार्ययोजना अनुसार |



मा. मन्त्री

| | |
|---|---|
| परिचय | तथ्याङ्कलाई आधार वनाएर नीति निर्माण तथा योजना तर्जुमा लगायतका महत्वपूर्ण कामहरू गरिने भएकाले यसको विश्वसनीयता र शुद्धता अपरिहार्य हुन्छ। त्यसैले नियमित रुपमा तथ्याङ्कको अध्ययन, अनुगमन, स्थलगत अनुशिक्षण र शुद्धीकरण गर्नु अत्यावश्यक हुने भएकाले यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | नियमित सूचना व्यवस्थापन प्रणाली सुदृढीकरण गर्ने। |
| अपेक्षित प्रतिफल | तथ्याङ्क गुणस्तरमा सुधार भएको तथा तथ्यमा आधारित योजना तर्जुमा भएको हुनेछ। |
| सञ्चालन प्रक्रिया | • समयमा प्रतिवेदन नहुने तथा तथ्याङ्कमा एकरूपतामा समस्या भएका स्वास्थ्य संस्थाहरू पहिचान गरी रिपोर्टिङ तथा अभिलेख फर्मेट अनुसारको गुणस्तरीयता र एकरूपताको लेखाजोखा गरी सुधार गर्न लगाउने।<br>• सम्बन्धित स्वास्थ्य संस्थामा गई कार्यस्थलमा अनुशिक्षण गरी पृष्ठपोषण प्रदान गर्ने। |
| बजेट बाँडफाँट | दैनिक भ्रमण भत्ता, खाजा, सहभागी यातायात लगायतका खर्च। |
| सन्दर्भ सामग्री | HMIS Tools, DHIS२ प्रतिवेदन, फर्म-फर्मेट, तथ्याङ्क भेरिफिकेशन सम्बन्धी निर्देशिका, प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | HMIS/DHIS२ प्रतिवेदन तथा तथ्यांकीय गुणस्तरको अवस्था। |

### ३०. क्रियाकलाप: HMIS/LMIS/eLMIS/DHIS२ रिफ्रेसर तथा अभिमुखीकरण

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१७४२ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा कार्यालय, जाजरकोट र दैलेख, डोल्पा र रुकुम पश्चिम, कालिकोट र मुगु, सल्यान र हुम्ला<br>जनस्वास्थ्य सेवा कार्यालय, सुर्खेत र जुम्ला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | नीति निर्माण तथा तथ्यमा आधारित योजना तर्जुमा गर्दा तथ्याङ्कलाई आधार बनाई महत्वपूर्ण |

| | |
|---|---|
| | कामहरू गरिने भएकाले परिमार्जित HMIS Tools अनुसारको विश्वसनीयता र शुद्धता कायम गर्न साथै औषधिहरु तथा औषधिजन्य वस्तुहरुको आपूर्ति व्यवस्थापन सरल र सहज तरिकाबाट गर्न सो कार्यमा संलग्न स्वास्थ्यकर्मीहरुलाई रिफ्रेसर तथा अभिमुखीकरण, अनुशिक्षण मार्फत ज्ञान र सीप विकासमा क्षमता अभिवृद्धि गर्न यो कार्यक्रमको राखिएको छ। |
| उद्देश्य | HMIS/LMIS/eLMIS/DHIS२ /LMIS सम्बन्धी आधारभूत ज्ञान, सीप अभिवृद्धि गर्ने। |
| अपेक्षित प्रतिफल | HMIS/LMIS/eLMIS/DHIS२ /LMIS सम्बन्धी ज्ञानको विकास भई अनलाइन प्रतिवेदनमा सुदृढीकरण हुनेछ। |
| सञ्चालन प्रक्रिया | • परिमार्जित HMIS/LMIS/eLMIS/DHIS२ सम्बन्धमा स्वास्थ्यकर्मीहरुलाई रिफ्रेसर तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।<br>• यो कार्यक्रम गर्दा आवश्यकता अनुसार स्वास्थ्य सेवा निर्देशनालय तथा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रसँग समन्वय गर्न सकिनेछ। |
| बजेट बाँडफाँट | दैनिक भ्रमण भत्ता, भ्रमण खर्च, सहभागी यातायात खर्च, खाजा, पानी, स्टेशनरी, मसलन्द लगायत विविध। |
| सन्दर्भ सामग्री | संशोधित HMIS Tools, LMIS, प्रचलित कानुन तथा खर्च सम्बन्धी मापदण्डहरु। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | HMIS/LMIS/eLMIS/DHIS२ का प्रतिवेदन तथा सूचकहरु। |

## ३१. क्रियाकलाप: प्रदेश तथा प्रदेश अन्तर्गत गठन भएका तथ्यांक व्यवस्थापन समितिको नियमित बैठक बसी तथ्याङ्कको विश्लेषण र पृष्ठपोषण गर्ने

| सञ्चालन प्रकृया | • प्रचलित कानुन ऐन निर्देशिका को अधिनमा रहि सेवाग्राहीको चाप अनुसार अपुग जनशक्तिको निश्चित गर्ने,<br>• स्वास्थ्य सेवालाई छिटो छरितो तथा प्रभावकारी रुपमा प्रदान गर्ने। कार्यसम्पादन सन्तोषजनक भएमा पहिले करार सेवामा रहेका कर्मचारीलाई निरन्तरता दिन सकिने छ,<br>• आवश्यक चिकित्सक, स्वास्थ्यकर्मी, सरसफाइकर्मी/कार्यालय सहयोगी तथा अन्य जनशक्ति करारमा व्यवस्था गर्ने। |
| सन्दर्भ सामग्री | प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड। कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | सूचना, सम्झौता पत्र, नियुक्ति पत्र, सेवा तथा हाजिरी रजिष्टर। |

ट. कर्णाली प्रदेशमा सञ्चालित USAID/G2G Program अन्तर्गतका क्रियाकलापहरु

१. क्रियाकलापः नीति, रणनीति, निर्देशिका, मापदण्ड विकास, प्रकाशन, सार्वजनिकिकरण, अभिमुखिकरण तथा समीक्षा समेत

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१९२० | २२५२२ | PLMBIS अनुसार | सामाजिक बिकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | बिभिन्न रणनीति, निर्देशिका/मापदण्डहरुको बिकास, हालसम्मका नीतिगत व्यवस्था, कार्यान्वयनको अवस्थाको समीक्षा, अभिमुखिकरण तथा थप योजना तर्जुमा गर्न अपरिहार्य देखिन्छ। यो आवश्यकता परिपूर्तिका लागि सम्बद्व सरोकारवालाहरुसँग समन्वय तथा सहकार्य गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | स्वास्थ्य सम्बन्धीहरू बिभिन्न नीतिगत सामग्रीहरुको उत्पादन, कार्यान्वयनको अवस्थाको |



मा. मन्त्री

| | |
|---|---|
| | समीक्षा तथा सरोकारवालाहरुलाई अभिमुखिकरण प्रदान गर्नु |
| अपेक्षित प्रतिफल | नीति, रणनीति, निर्देशिका, मापदण्ड विकास, समीक्षा तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन हुनेछ। |
| सञ्चालन प्रकृया | • सामाजिक विकास मन्त्रालयसँग सम्बन्धित विभिन्न नीति, रणनीति, मापदण्ड, निर्देशिकाको तर्जुमा, विकास, विभिन्न अध्ययन तथा अनुसन्धान एवम् कार्यान्वयनको बारेमा समीक्षा गरिनेछ,<br>• सामाजिक विकास मन्त्रालयबाट उत्पादित विभिन्न नीत/रणनीति/निर्देशिका तथा मापदण्डहरुको बारेमा जानकारी गराउन लक्षित समूह तथा सरोकारवालाहरुसँग अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ,<br>• आवश्यकता अनुसार नीति कानून तथा मापदण्डहरु बनाउनका लागि प्राविधिक समिति गठन गरिनेछ र उक्त समितिले सहजीकरण गर्नेछ,<br>• नीति, रणनीति, समीक्षा तथा अभिमुखिकरण स्वास्थ्य सेवाको पहुँच बाहिर रहेका नागरीकहरलाई केन्द्रबिन्दुमा राखी सञ्चालन गरिनेछ।<br>• यस शीर्षक अन्तर्गत बैठक, अन्तर्क्रिया, अभिमुखिकरण, प्रकाशन तथा कार्यक्रम व्यवस्थापनमा खर्च गरिनेछ।<br>• विभिन्न अध्ययन तथा अनुसन्धानका लागि गठित कार्यदलको सञ्चालन तथा व्यवस्थापन खर्च यस शिर्षकबाट गर्न सकिनेछ। |
| बजेट बाँडफाटँ | कर्णाली खर्च मापदण्ड २०७५ अनुसार खर्चको बाँडफाँट र खर्च गरिनेछ। |
| सन्दर्भ सामग्री | संघ/प्रदेश सरकारबाट स्वीकृत विभिन्न नीति रणनीति, निर्देशिका, मापदण्ड, कार्ययोजना |
| अनुगमन सूचक | प्राविधिक समिति गठन, विभिन्न नीतिगत दस्तावेजहरुको उत्पादन, कार्यान्वयनको समीक्षा, अभिमुखिकरण प्रतिवेदन। |

## २. क्रियाकलापः स्थानीय सरकारसँग समन्वय, समीक्षा र योजना कार्यशाला

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१९७९ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय, सबै जन/स्वास्थ्य सेवा कार्यालयहरु | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | स्थानीय तहका निर्वाचित जनप्रतिनिधिहरु, प्रशासकिय अधिकृत तथा स्वास्थ्य शाखा प्रमुख/उपप्रमुखहहरुलाई नीतगत पक्षमा अभिमुखिकरण गर्ने, स्वास्थ्य सेवाको कार्यान्वयन तथा उपलब्धीको समीक्षा र तथ्यमा आधारित योजना तर्जुमा गर्नका लागि २ दिने समन्वय, समीक्षा तथा योजना तर्जुमा गोष्ठीको व्यवस्था गरिएको छ। |
| उद्देश्य | स्थानीय तहका जनप्रतिनिधिहरुलाई प्रमुख स्वास्थ्य सूचकहरुको अवस्था, तीन तहका सरकार बीचको समन्वय, प्राथमिकता, योजना तथा बजेट तर्जुमा गर्नु। |



मा. मन्त्री

| | |
|---|---|
| अपेक्षित प्रतिफल | स्थानीय तहले आधारभुत स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखि आवश्यकता अनुसारको बजेट विनियोजन तथा प्रभावकारी कार्यान्वयन गरिएको सुनिश्चित गर्नेछ। |
| सञ्चालन प्रकृया | • प्रदेशस्तरमा स्थानीय तहका मेयर/अध्यक्ष– हरेक तहबाट १ जना, संलग्न हुने गरी १ दिने प्रादेशिक समन्वयात्मक कार्यशाला गोष्ठी सञ्चालन गर्ने,<br>• सहजीकरणका लागि संघीय, प्रादेशिक तथा स्थानीय तहका विज्ञहरु छनौट गर्ने,<br>• गोष्ठी सञ्चालनका लागि आवश्यक पूर्वतयारी तथा विषयवस्तु तयार गरी स्वीकृत गर्ने,<br>• दीगो विकास लक्ष्य, संघ तथा प्रदेशले निर्धारण गरेका नीति रणनीति र मापदण्डहरुमा आधारित रहेर स्वास्थ्य योजना तर्जुमा जस्ता विषयमा छलफल गर्ने,<br>• त्यसै गरी जिल्लास्तरमा स्थानीयतहका निर्वाचित जनप्रतिनिधिहरु, स्थानीय तहमा कार्यरत प्रशासकिय अधिकृत तथा स्वास्थ्य शाखा प्रमुखहरुलाई संलग्न गराई दुई दिने योजना तर्जुमा, समीक्षा कार्यशाला गोष्ठी सञ्चालन गर्ने,<br>• कार्यक्रम सञ्चालन गर्दा सामाजिक विकास मन्त्रालय, जन/स्वास्थ्य सेवा कार्यालयहरुसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने। |
| | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ अनुसार दैनिक भ्रमण भत्ता, यातायात तथा गोष्ठी संचालनार्थ खर्चको बाँडफाँट गर्ने |
| सन्दर्भ सामग्री | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा प्रादेशिक स्वास्थ्य हेर्ने मन्त्रालयले निर्धारण गरेका विभिन्न नीति, रणनीति, मापदण्डहरु तथा विभिन्न योजना तथा प्रतिवेदनहरु, |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

३. क्रियाकलाप: प्रदेशमा स्वास्थ्य सम्वन्धी समन्वय बैठक (विभिन्न समिति बैठक, DMC तथा अन्य विविध)

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८४० | २२५२२ | PLMBIS अनुसार | सामाजिक विकास मन्त्रालय, स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | संघ तथा प्रदेश सरकारले नीति नियम तथा प्राथमिकता प्राप्त कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्न, स्वास्थ्य तथा जनसंख्यासँग सम्बन्धित विषयगत क्षेत्रको नीतिगत बिचार विमर्श गर्न कार्यक्रमकहरुको प्रगति तथा समीक्षा गर्न, स्वास्थ्य सूचना व्यवस्थापन गर्न सरोकारावालाहरुसँग प्रभावकारी समन्वय गर्न बिभिन्न समितिहरुको प्रावधान गरिएको हुन्छ। तसर्थ स्थानीय तह तथा प्रदेशमा रहेका यी समितिहरुको समन्वयात्मक बैठक सञ्चालनार्थ यो क्रियाकलाप राखिएको हो। |
| उद्देश्य | स्वास्थ्यसँग सम्बद्ध मुद्दाहरुको समाधानका हेतु सरोकारवालाहरुसँग समन्वय, समन्वय तथा |



मा. मन्त्री
प्रदेश ...

| | |
|---|---|
| | सहकार्य गर्नु। |
| अपेक्षित प्रतिफल | स्वास्थ्य प्रणालीको सुदृढीकरण भई नागरीकले गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा अभिवृद्धि हुनेछ। |
| सञ्चालन प्रकृया | • कानून तथा नीतिमा उल्लेख भएका विभिन्न विषयगत समितिहरुको निरन्तर बैठक सञ्चालन गर्ने,<br>• समितिले समितिले गरेका निर्णयहरुको कार्यान्वय तथा समीक्षा गर्ने,<br>• समितिका पदाधिकारीहरुलाई स्थलगत अवलोकन वा अनुगमन गराउने,<br>• आवश्यकता अनुसार लक्षित समूह तथा साझेदारहरुसँग थप समन्वात्मक बैठक तथा अन्तर्क्रिया सञ्चालन गर्ने। |
| बजेट बाँडफाँट | आवश्यकता अनुसार दैनिक भ्रमण भत्ता, यातायात, खाजा/नास्ता, स्टेशनरी, हलभाडा तथा प्रतिवेदन तयारीका लागि बजेट बाँडफाँट गर्नुपर्नेछ। |
| सन्दर्भ सामग्री | कर्णाली भ्रमण खर्च नियमावली २०७५,<br>कर्णाली प्रदेश सार्वजनिक खरिद नियमावली २०७८, |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, अनुगमन प्रतिवेदन आदि |

४. क्रियाकलापः प्रशासन, आन्तरिक नियन्त्रण तथा वित्तीय सुशासन सम्वन्धी कृयाकलापहरु (अनुगमन, मूल्याङ्कन र भ्रमणका लागि सवारी साधन भाडा इन्धन समेत)

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८८० | २२५२२ | PLMBIS अनुसार | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेश सरकार सामाजिक बिकास मन्त्रालयबाट सञ्चालित स्वास्थ्य लगायत अन्य क्षेत्रका कार्यक्रमकहरु मितव्ययी, नियमित, प्रभावकारी, दक्षतापूर्ण र गुणस्तरीय बनाउन मजबूत स्वास्थ्य सेवा प्रणालीको बिकास गरी बजेट योजनाले अपेक्षा गरेका विषयहरूलाई आन्तरिक कार्यसम्पादन तथा वित्तीय प्रणाली मार्फत नियन्त्रण, नियमन र सहजीकरण गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | स्वास्थ्य सेवाको समयानुकूल विकास गर्न पारदर्शिता, जवाफदेहिता, उत्तरदायी सदाचारयुक्त र आधुनिक प्रविधिमा आधारित रही भरपर्दो, सुलभ, गुणस्तरीय र पहुँचयोग्य बनाउनु |
| अपेक्षित प्रतिफल | स्वास्थ्य सेवा भरपर्दो, सुलभ, गुणस्तरीय र पहुँचयोग्य हुनेछ। |
| सञ्चालन प्रकृया | • आवश्यकता अनुसार प्रदेशको नियमित तथा आकस्मिक स्वास्थ्य सम्बन्धी क्रियाकलापहरुको अनुगमन तथा सुपेरिवेक्षण गर्ने,<br>• स्वास्थ्य प्रशासन, बित्त तथा योजनासँग सम्बन्धित कर्मचारीहरुलाई प्रशासन तथा वित्तीय |

| | |
|---|---|
| | सुदृढीकरणका लागि क्षमता विकास तालिम तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने, <br>• सामाजिक विकास मन्त्रालय तथा मातहतका कार्यालयहरुमा प्रशासन, आन्तरिक नियन्त्रण तथा वित्तीय सुशासन प्रणालीको लागि आवश्यक सूचना प्रणालीको व्यवस्थापन तथा कर्मचारीको क्षमता अभिवृद्दि गर्ने, <br>• अनुगमन मूल्याङ्कन र अन्य आवश्यक भ्रमणका लागि यातायात तथा ईन्धन खर्चको व्यवस्थापन गर्ने, कार्यालय सञ्चालन, व्यवस्थापन (सवारी मर्मत, सवारी ईन्धन, मेशिनरी मर्मत, विविध तथा अन्य सञ्चालन खर्च) <br>• स्वास्थ्य क्षेत्रका प्रगतिका बारेमा सरोकारवालाहरुसँग अन्तर्क्रिया तथा पृष्ठपोषण लिइनेछ । |
| बजेट बाँडफाटँ | बजेटको परिधि भित्र रही मन्त्रालयले आवश्यकता अनुसार बजेट बाँडफाँट स्वीकृती गरी खर्च लेखाङ्कन गर्न सक्ने। |
| सन्दर्भ सामग्री | नेपालको संविधान २०७२, कर्णाली स्वास्थ्य नीति, २०७६, पहुँच बाहिर रहेका नागरीकहरुलाई समेटने रणनीति २०७७, जनस्वास्थ्य नियमावली २०७५, सम्बन्धित ऐन, नियमावली तथा निर्देशिकाहरू रस्थानीय सरकार सञ्चालन ऐन २०७४, कर्णाली खर्च मापदण्ड, २०७५ |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## ५. क्रियाकलापः MSNP रोल आउट (पोषण कृयाकलाम र प्रशिक्षण तालिम)

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८६१ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय, सबै जन/ स्वास्थ्य सेवा कार्यलयहरु | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | नेपालको पुडकोपनाको दरलाई घटाउन निर्णायक तहका स्थानीय जनप्रतिनिधिहरुलाई नीतिगत, प्राथमिकता र कार्यक्रमका बारेमा परिचयात्मक कार्यक्रम र स्वास्थ्यकर्मीहरुलाई कुपोषित किशोरी, महिला तथा बालबालिकामा हुने सबै प्रकारका कुपोषणको पहिचान गर्न, लेखाजोखा गरी आवश्यक परामर्श गर्न, गम्भीर प्रकारका कुपोषित बालबालिकालाई सम्बन्धित स्वास्थ्य संस्था र अस्पतालका प्रेषण गर्ने क्षमता बढाउन यस किसिमको तालिम राखिएको हो। |
| उद्देश्य | किशोरी, महिला तथा ५ वर्षमुनिका बालबालिकाहरुमा हुने सबै प्रकारका कुपोषणको पहिचान, उपचार र व्यवस्थापन गर्नु |
| अपेक्षित प्रतिफल | कडा शीघ्र लगायत सबै प्रकारका कुपोषणको व्यवस्थापन भएको हुनेछ। |
| सञ्चालन प्रक्रिया | • तेस्रो चरणको बहुक्षेत्रीय पोषण योजनाका बारेमा पहुँच बाहिर रहेका नागरीकहरुको कुपोषणको उच्च दरका आधारमा स्थानीय तह तथा अन्तर्गतका स्वास्थ्यकर्मीहरुको छनौट गरिनेछ, <br>• तालिमका लागि प्रशिक्षक लगायत आवश्यक श्रोत सामग्रीको व्यवस्थापन गरिनेछ, <br>• जनप्रतिनिधिहरुलाई नीतिगत विषयमा प्रशिक्षण दिइनेछ भने स्वास्थ्यकर्मीहरुलाई प्राविधिक |



प्रदेश सचिव मा. मन्त्री

| | |
|---|---|
| | विषयमा तालिम दिइनेछ, <br>• तालिमको अवधि कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम हुनेछ, <br>• तालिम अवधिका पोसिलो खाना प्रर्दशनी र परामर्श पनि गरिनेछ भने स्थानीय मौसमी खाद्य उत्पादन र उपभोगलाई उच्च प्राथमिकता दिइनेछ, <br>• यस बाहेक MSNP को कार्यान्वयन गर्न उल्लेख भएका कियाकलापहरुको आवश्यकता तथा प्राथमिकता अनुसार क्रियाकलापहरुको सञ्चालन गर्ने |
| बजेट बाँडफाँड | नियमानुसार दैनिक तथा भ्रमण भत्ता, यातायात खर्च, कार्यालय प्रमुखबाट कार्यक्रम स्वीकृत गराई प्रचलित नियम र निर्देशिका अनुसार खर्च गर्ने जसमा पोषण सामग्री खरिद, तालिम भत्ता, प्रचार प्रसार, स्टेशनरी |
| सन्दर्भ सामग्री | वृहत पोषण प्याकेज तालिम पुस्तिका र फिलिप चार्ट, आईमाम निर्देशिका, पोषण मैत्री स्वास्थ्य संस्था घोषणा निर्देशिका, २०७९ र बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन निर्देशिका। |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, बिल, भर्पाइ, दाखिला प्रतिवेदन, तालिमका उपस्थितहरुको हाजिरी अभिलेख |

६. क्रियाकलाप: SRHR सुदृढीकरण कार्यक्रम (प्रशिक्षण, IEC/BCC, किशोर मैत्री स्वास्थ्य संस्था)

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१९८० | २२५२२ | PLMBIS अनुसार | मानव संसाधन विकास केन्द्र, सबै जन/स्वास्थ्य सेवा कार्यालयहरु | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | स्वास्थ्य सेवाबाट उपलब्ध हुने यौन तथा प्रजनन स्वास्थ्य सेवाहरु किशोर/किशोरीहरुले सहज र मैत्रीपूर्ण वातावरणमा प्राप्त गर्न सक्ने अवस्था सिर्जना गर्नुपर्दछ। किशोरकिशोरीहरुमा हुने यौन तथा प्रजनन स्वास्थ्यका क्षेत्रमा स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि गरी किशोरकिशोरीहरुमा यौन तथा प्रजनन स्वास्थ्य समस्याका सम्बन्धमा सकारात्मक परिवर्तन ल्याउने अभिप्रायले यस किसिमको प्रशिक्षण कार्यक्रम राखिएको हो। |
| उद्देश्य | किशोरकिशोरीहरुमा यौन तथा प्रजनन स्वास्थ्यका बारेमा जनचेतना अभिवृद्धि गर्ने |
| अपेक्षित प्रतिफल | किशोरकिशोरीहरुको यौन तथा प्रजनन स्वास्थ्यमा सकारात्क परिवर्तन भई किशोरकिशोरीसंग समग्र स्वास्थ्यबारे जनचेतनामा ज्ञान र सीपको अभिवृद्धि भएको हुनेछ। |
| सञ्चालन प्रकृया | • चालु आ.व. मा किशोर किशोरी मैत्री स्वास्थ्य संस्थाहरुको छनौट गरी स्वास्थ्यकर्मीहरुलाई तालिम प्रदान गरिनेछ, <br>• किशोरकिशोरीमा हुने यौन तथा प्रजनन स्वास्थ्यका समस्याहरुका बारेमा स्वास्थ्यकर्मीहरुको ज्ञान तथा सीपको विकास गरिनेछ, <br>• किशोरकिशोरीमा हुने यौन तथा प्रजनन स्वास्थ्यका बारेमा विभिन्न सूचनामूलक सामग्रीको उत्पादन तथा वितरण गरिनेछ, <br>• विद्यालय स्वास्थ्य कार्यक्रम अन्तर्गत तालिम प्राप्त जनशक्तिको स्वास्थ्य संस्थालाई किशोर |


मा. मन्त्री

| | |
|---|---|
| | किशोरी मैत्री बनाउनुपर्नेछ भने किशोर किशोरीहरुमा यौन तथा प्रजनन अधिकारका बारेमा जनचेतनाको विकास गराउनुपर्नेछ,<br>• प्रजनन स्वास्थ्य सम्बन्धी साथी शिक्षा तथा स्वास्थ्य सूचना कर्नरको स्थापना गर्न सकिनेछ। |
| बजेट बाँडफाँट | कर्णाली खर्च नियमावली २०७५ अनुसार आवश्यक दैनिक भ्रमणभत्ता, यातायात खर्च, प्रशिक्षक पारिश्रमिक साथै सचेतनामूलक शैक्षिक सामग्री उत्पादन शीर्षक लगायत |
| सन्दर्भ सामग्री | किशोरकिशोर मैत्री स्वास्थ्य सेवा सञ्चालन निर्देशिका २०७९,जनस्वास्थ्य नियमावली २०७७, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार नियमावली २०७७ |
| अनुगमन सूचक | तालिम सम्पन्न प्रतिवेदन तथा व्यवहार परिवर्तन सम्बन्धी शैक्षिक र सूचनामूलक सामग्रीको विकास, उत्पादन तथा वितरण |

## ७. क्रियाकलापः बाल आँखा स्वास्थ्य परीक्षण सहित विद्यालय स्वास्थ्य कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८४१ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय, सबै जन/ स्वास्थ्य सेवा कार्यालयहरु | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | बालबालिकामा हुने जटिल प्रकारका आँखा सम्बन्धी स्वास्थ्य समस्या तथा नवजात शिशुमा देखिने अन्धोपन (मोतिबिन्दु) लगायतका समस्याहरुलाई न्यूनीकरण गर्नका लागि यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | नवजात शिशुमा हुने अन्धोपन र बालबालिकामा आँखा दृष्टी सम्बन्धी समस्याहरुको प्रारम्भिक पहिचान गरी प्रतिरोधात्मक क्षमता अभिवृद्धि गर्ने |
| अपेक्षित प्रतिफल | नवजात शिशुहरुको अन्धोपन र बालबालिकाहरुको आँखा स्वास्थ्य सम्बन्धी समस्याहरुको वर्तमान अवस्थाको पहिचान भई समयमै उपचार समेत हुनेछ। |
| सञ्चालन प्रकृया | • खोपसँगै आँखा जाँच कार्यक्रम सञ्चालन गर्नका लागि खोप कार्यकर्ताहरुलाई खोप तालिमसँगै आँखा जाँच प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गर्ने,<br>• विद्यालयमा रहेका बालबालिकाहरुको आँखा स्वास्थ्य परीक्षणका लागि विद्यालयहरुमा स्क्रिनिङ क्याम्प सञ्चालन गर्ने,<br>• स्वास्थ्यकर्मीहरु, विद्यालय नर्स र विद्यालयका शिक्षकहरुलाई आँखा जाँच प्रशिक्षक प्रशिक्षण तालिम दिने,<br>• यस कार्यक्रम सञ्चालनका लागि विद्यालय नर्स भएमा निजको सहकार्यमा र विद्यालय नर्स नभएको हकमा विद्यालयहरुका शिक्षकहरुलाई परिचालन गरी कार्यक्रम सञ्चालन गर्ने,<br>• समस्या पहिचान भएका बालबालिकाहरुको थप परिक्षण तथा उपचारका लागि अभिभावक तथा सम्बन्धित स्वास्थ्य संस्थासँग समन्वय तथा सहजीकरण गर्ने। |

मा. मन्त्री

| | |
|---|---|
| बजेट बाँडफाँट | खोप कार्यकर्ताहरुका लागि आँखा परीक्षण सम्बन्धी तालिम, नवजात शिशु आँखा जाँच तथा आवश्यकता अनुसार विद्यालय आँखा स्वास्थ्य परीक्षण शिविर सञ्चालनका लागि बजेटको बाँडफाँट गरिनेछ। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०७५ तथा प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु। |
| अनुगमन सूचक | आँखा परीक्षण गरिएका नवजात शिशु तथा बालबालिकाहरुको संख्या, आँखा स्वास्थ्य शिविर सञ्चालन प्रतिवेदन, उत्पादित शैक्षिक सामग्रीहरु। |

## ८. क्रियाकलापः आयुर्वेद र वैकल्पिक चिकित्सा र खुला व्यायाम साला स्थापना

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८८१ | २२५२२ | PLMBIS अनुसार | प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र, सबै जिल्ला स्थित आयुर्वेद स्वास्थ्य केन्द्र | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | आयुर्वेद संस्थामा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचारीहरुलाई आयुर्वेद तथा वैकल्पिक चिकित्साको बारेमा क्षमता अभिवृद्धिका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | आयुर्वेद उपचार पद्दतिलाई व्यवस्थित बनाउने। |
| अपेक्षित प्रतिफल | आयुर्वेद चिकित्सा सेवा प्रणालीको बारेमा चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचारीहरुको ज्ञान, सिप तथा क्षमतामा अभिवृद्धि हुनेछ। |
| सञ्चालन प्रकृया | • खुल्ला व्यायामशाला निर्माण तथा जडान भएका उपकरणहरुको मर्मत सम्भार गर्ने,<br>• वैकल्पिक चिकित्सा कक्ष व्यवस्थापन गर्ने र सोसँग सम्बन्धित तालिम सञ्चालन गर्ने,<br>• आयुर्वेद संस्थामा कार्यरत आयुर्वेद चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचारीहरुको क्षमता बिकास तालिम सञ्चालन गर्ने,<br>• आयुर्वेद सुचना प्रणालीको निरन्तरता दिन AHMIS तालिम कार्यक्रम सञ्चालन गर्ने। |
| बजेट बाँडफाँट | दैनिक भ्रमण भत्ता यातायात खर्च, प्रशिक्षक भत्ता, स्टेशनरी, मसलन्द र अन्य सामग्री, अन्य खर्च नर्म्स अनुसार। |
| सन्दर्भ सामग्री | निर्देशिका, मापदण्ड, कार्यविधि आदि |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, बील भरपाई |

## ९. क्रियाकलापः पुनःस्थापना गतिविधिहरू (स्वास्थ्कर्मीलाई ज्ञान स्थानान्तरण/सीप हस्तान्तरण), प्रदेशमा P&O इकाई स्थापना

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८४२ | २२५२२ | PLMBIS | स्वास्थ्य सेवा निर्देशनालय, प्रदेश | स्वीकृत कार्ययोजना |

| | | | | |
|---|---|---|---|---|
| | | अनुसार | अस्पताल, सबै जन/स्वास्थ्य सेवा कार्यालयहरु | अनुसार |

| | |
|---|---|
| परिचय | अपाङ्गता भएका नागरीकले आधारभूत तथा विशेषज्ञ स्वास्थ्य सेवा मार्फत पूर्णरुपमा पुनर्स्थापना सेवा प्राप्त गर्न सकेका छैनन्। सन् २०२० मा गरिएको Rapid Assistive Technology Assessment अनुसार पनि कर्णाली प्रदेशमा ८.९ प्रतिशत व्यक्तिहरुलाई सहायक सामग्रीको आवश्यकता रहेको र उक्त सहायक सामग्रीको आवश्यकता भएका व्यक्तिहरु मध्ये १७.९ प्रतिशत अझै पनि यो सेवाबाट बन्चित रहेको अवस्था छ। कर्णाली प्रदेशका अस्पतालमा भर्खरै पुनर्स्थापना इकाइ स्थापना भएको छ तर त्यहाँ काम गर्ने जनशक्तिको अभाव भने उस्तै छ। त्यसैले स्थानीय रुपमा कार्यरत जनशक्तिको सीप हस्तान्तरण मार्फत क्षमता अभिवृद्धि गरी सेवा प्रवाहमा सरलता ल्याउन र अपाङ्गता भएका नागरीकहरुको उपचार गर्न प्रदेशस्तरको अस्पतालमा Prosthetics and Orthotics (*P&O*) इकाइ स्थापना तथा सञ्चालन गर्नका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | सीप हस्तान्तरण मार्फत क्षमता अभिवृद्धि गरी स्वास्थ्य पुनर्स्थापना सेवा प्रवाहमा सरलता ल्याउन नागरीकहरुको क्रियात्मक क्षमतामा अभिवृद्धि गर्नु |
| अपेक्षित प्रतिफल | क्षमता अभिवृद्धि भइ गुणस्तरीय स्वास्थ्य पुनर्स्थापना सेवा प्रवाह हुनेछ। |
| सञ्चालन प्रक्रिया | • स्वास्थ्यकर्मी/पुनर्स्थापनाकर्मीको क्षमता अभिवृद्धि गर्न पुनर्स्थापना विषयमा सीप हस्तान्तरण सम्बन्धी तालिम प्रदान गर्ने,<br>• प्रदेश अस्पतालमा P&O इकाइको स्थापना तथा सञ्चालनका लागि आवश्यक तालिम प्राप्त जनशक्तिको व्यवस्थापन गर्ने,<br>• जिल्लास्तरमा रहेका पुनर्स्थापना इकाइमा कार्यरत जनशक्तिको पहिचान गरी क्षमता विकास तालिम सञ्चालन गर्ने,<br>• जिल्लामा स्वास्थ्य पुनर्स्थापना सेवा प्रदान गर्नका लागि सेवा प्रदायक संस्थाहरुको समन्वय वा सेवा करार सम्झौता मार्फत पुनर्स्थापना (सहायक सामग्री सहित) कार्यक्रम सञ्चालन गर्ने,<br>• स्वास्थ्य पुनर्स्थापना सेवाको लागि कार्यरत साझेदार संस्थाहरु र स्थानीय तहसँग समन्वय तथा सहकार्य गरी थप श्रोत व्यवस्थापन तथा समन्वात्मक क्रियाकलाप सञ्चालन गर्ने। |
| वजेट बाँडफाँड | जनशक्तिको व्यवस्थापन खर्च, क्षमता विकास तथा सीप हस्तान्तरण तालिम सञ्चालन खर्च, सेवा करार सम्झौता खर्च, |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४(संशोधित), स्वास्थ्य पुनर्स्थापनाका लागि प्राथमिक सहायक सामग्री सूची, पुनर्स्थापना क्लिनिकल प्रोटोकल |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन, करार सम्झौता, कार्यक्रम सम्पन्न प्रतिवेदन |



मा. मन्त्री

१०. क्रियाकलापः स्वास्थ्यमा निजी क्षेत्रको संलग्नता सम्वन्धी गतिविधि

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१९६१ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय, सबै जन/स्वास्थ्य सेवा कार्यालयहरु | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेश स्वास्थ्य सेवा ऐन २०७८ दफा (२) को (च) मा उल्लेख भए बमोजिम स्थापना भएका र विगतमा सञ्चालन भएतापनि स्वीकृत लिन बाँकी रहेका प्रादेशिकस्तरमा रहेका निजी स्वास्थ्य संस्थाहरुको दर्ता, स्वीकृती तथा सेवा प्रवाहका बारेमा सुपरिवेक्षण तथा अनुगमन गर्नु नियमन निकायको जिम्मेवारी रहन्छ। निजीस्तरबाट संचालित स्वास्थ्य संस्थाको लागत संकलन तथा अनुगमन निरिक्षण गरी त्यसमा देखिएका कमी कमजोरीलाई सुधार गर्न र रोगको निदान तथा चिकित्साको सेवालाई व्यवस्थित बनाई राज्यले प्रदान गरेका सेवाहरु निजीस्तरबाट समेत प्रभावकारी रुपमा उपलब्ध गराउनका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | जिल्लामा रहेका निजीस्तरबाट संचालित अस्पताल, निदान केन्द्र, आयुर्वेद तथा होमियोप्याथिक स्वास्थ्य संस्थाको नियमन गर्ने। |
| अपेक्षित प्रतिफल | प्रदेशको निगरानीभित्र पर्ने स्वास्थ्य संस्थाहरु मापदण्ड अनुरुप संचालित भएका हुनेछन। |
| सञ्चालन प्रकृया | • प्रदेश तथा जिल्लामा रहेका निजीस्तरबाट संचालित एलोपेथिक, आयुर्वेद, निदान केन्द्र, आदि स्वास्थ्य संस्थाको इजाजत, नवीकरण, पूर्वाधार, जनशक्तिको व्यवस्थापन लगायत नियमानुसार सञ्चालन भए/नभएको अनुगमन निरिक्षण गरी मापदण्ड बमोजिम सञ्चालन गर्न निर्देशन दिने,<br>• आवश्यकता अनुसार अनुगमन टोली गठन गरी कानूनमा व्यवस्था भए बमोजिम कार्य गर्ने,<br>• निजी स्वास्थ्य सेवा प्रदायकहरुसँग सरकारका प्राथमिकता प्राप्त कार्यक्रमका बारेमा जानकारी गराउने,<br>• निजी क्षेत्रबाट प्रदान गरिएको सेवाको निरन्तररुपमा स्वास्थ्य सूचना प्रणालीमा पठाउन सहजीकरण गर्ने,<br>• उन्मूलन, निवारण, नियन्त्रण गरिने रोगहरुको व्यवस्थापन बारेमा जानकारी उपलब्ध गराउने,<br>• Notifiable रोगहरुको तत्काल सम्वन्धित स्वास्थ्य कार्यालयमा सूचना उपलब्ध गराउने व्यवस्था गर्ने। |
| बजेट बाँडफाँट | दैनिक भ्रमण भत्ता, यातायात, खाजा, अनुगमन चेकलिष्ट, स्टेशनरी तथा आवश्यकता अनुसार आवश्यक खर्चमा बजेटको बाँडफाँट गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५ तथा निर्देशिका, मापदण्ड, कार्यविधि, आदि |


मा. मन्त्री

११. क्रियाकलाप: मुख स्वास्थ्य कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१९२१ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | मुख स्वास्थ्यलाई विश्व स्वास्थ्य संगठनले मुख एवं अनुहारको दुखाई, मुख तथा घाँटीको क्यान्सर, मुखको संक्रमण, जन्मदै तालु तथा ओठ चिरेको (खुँडे), गिजा सम्वन्धी रोग, दाँत किराले खाने तथा झर्ने, दाँतमा प्वाल पर्ने तथा अन्य मुख सम्बन्धी रोगहरुवाट मुक्त हुने अवस्थाको रुपमा व्याख्या गरेको छ। मुख सम्बन्धी रोगहरुको रोकथाम गर्न सकिने भएता पनि विश्वभरिका धेरै मानिसहरु यस रोगवाट प्रभावित छन्। मुख सम्वन्धी रोगहरु विशेषगरी दाँत किराले खाने, गिजा सम्वन्धी रोग, मुखको क्यान्सर विकसित र अल्प विकसित सबै देशहरुमा जनस्वास्थ्य समस्याको रुपमा रहेकाले यस सम्वन्धी बिभिन्न सचेतनामूलक जनस्वास्थ्य प्रवर्धनका लागि यस किसिमको कार्यक्रम राखिएको हो। |
| उद्देश्य | मुख स्वास्थ्य सम्वन्धी जनस्वास्थ्य प्रवर्धनात्मक कार्यक्रम सञ्चालन गरी नसर्ने रोगहरूको न्यूनिकरण भई स्वास्थ्य प्रवर्धन गर्नि। |
| अपेक्षित प्रतिफल | मुख स्वास्थ्य सम्बन्धी जनस्वास्थ्य प्रवर्धनात्मक कार्यक्रमले मुख स्वास्थ्यमा सुधार भइ गम्भीर प्रकारका रोगमा न्यूनीकरण हुनेछ। |
| सञ्चालन प्रकृया | • डेण्टल शिक्षण संस्तासँग समन्वय र सहकार्य गरी मुख स्वास्थ्यको स्किनिङ्ग गर्ने र आवश्यकता अनुसार विशेषज्ञ शिविर सञ्चालन गर्ने,<br>• बिभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन हुनेछ,<br>• सुर्तिजन्य पदार्थको सेवन सम्वन्धी विद्यमान कानूनको पालना गराउनका लागि सरोकारवालाहरसँग अन्तर्क्रियात्मक कार्यक्रम सञ्चालन गरिनेछ<br>• सार्वजनिक स्थानमा सुर्तिजन्य पदार्थको सेवनलाई निषेध गर्ने कार्यलाई सफल पार्न सहकार्य गर्ने,<br>• मुख स्वास्थ्यको पहुँचबाहिर रहेका नागरीकका लागि अस्पताल, स्वास्थ्य संस्था, बिद्यालय/ समुदायस्तरमा परीक्षण कार्यक्रम सञ्चालन गरी रोगको निदान, रोकथाम तथा उपचार र आवश्यक परेमा प्रेषणको व्यवस्था गरिनेछ। |
| बजेट बाँडफाँट | दैनिक भ्रमण भत्ता, यातायात, औषधि, मुख स्वास्थ्य परिक्षण उपकरण र कार्यक्रम सञ्चालन खर्च |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड निर्देशीका २०७५, कर्णाली भ्रमण खर्च नियमावली २०७५<br>मुख स्वास्थ्य नीति २०७०, सुर्तिजन्य पदार्थ नियमन तथा नियन्त्रण ऐन २०६८ |
| अनुगमन सूचक | हाजिरी विवरण, विल तथा भुक्तानी सम्वन्धी कागजातहरु, कार्यक्रम सम्पन्न प्रतिवेदन |



मा. मन्त्री

१२. क्रियाकलापः आधारभूत स्वास्थ्य सेवा प्रवाह सुदृढीकरणका लागि स्थानीय सरकारसँगको सहकार्य

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१९६२ | २२५२२ | PLMBIS अनुसार | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | जनसांख्यिक स्वास्थ्य सर्भेक्षण २०२२ अनुसार कर्णाली प्रदेशका ५८ प्रतिशत नागरीक ३० मिनेटको दुरी पार गरेर स्वास्थ्य संस्था पुग्न सक्छन्। राष्ट्रिय स्वास्थ्य नीति २०७६, प्रादेशिक स्वास्थ्य नीति २०७६, पहुँच बाहिर रहेका नागरीकहरुलाई समेट्ने रणनीति २०७७, संघीय/प्रादेशिक स्वास्थ्य क्षेत्र रणनीतिक कार्ययोजना २०८०–८७ र स्वास्थ्यमा सर्वव्यापी पहुँचको मान्यता अनुसार Preventive, Curative, Rehabilitative, Promotive and Palliative स्वास्थ्य सेवाहरु पर्दछन्। कर्णाली प्रदेशको भूगोल, रोगको भार, स्वास्थ्य संरचना, सामाजिक तथा आर्थिक अवस्थालाई ध्यानमा राखी सामुदायिक स्वास्थ्य इकाइ, शहरी स्वास्थ्य क्लिनिक, बर्थिङ सेन्टरहरुको स्थापना गरिएकाले ती संस्थाहरुबाट अविछिन्न गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच बढाउन यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | सामुदायिक स्वास्थ्य इकाइ, आधारभूत स्वास्थ्य सेवा केन्द्र, शहरी स्वास्थ्य क्लिनिक, बर्थिङ सेन्टरहरुको स्तरोन्नति गरी गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने |
| अपेक्षित प्रतिफल | गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा वृद्धि भई नागरीकहरुले अभिछिन्न आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्नेछन्। |
| सञ्चालन प्रकृया | • आधारभूत स्वास्थ्य सेवाको प्याकेज तथा त्यसको प्रभावकारी कार्यान्वयनको वारेमा स्थानीय तहसँग छलफल तथा अन्तर्क्रिया गर्ने, र संयुक्त अनुगमन सुपरिवेक्षण तथा मूल्याङ्कन गर्ने,<br>• आधारभूत स्वास्थ्य सेवाको उपलब्धता, पहुँच तथा उपभोग अवस्थाको विश्लेषण गर्ने,<br>• स्थानीय तहका बिभिन्न स्थानमा स्थापना भएका आधारभूत स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको अवस्था र प्रभावकारिता र गुणस्तर अभिवृद्धिका लागि सहकार्य गर्ने,<br>• ती आधारभूत स्वास्थ्य सेवा प्रदायक संस्थाहरुका स्वास्थ्य प्रणाली सुधार गर्नका लागि जनशक्ति लगायत उपकरण, सूचना व्यवस्थापन लगायतका क्षेत्रमा आवश्यकता अनुसार सहकार्य गर्ने, |
| बजेट बाँडफाटँ | आवश्यकता अनुसार स्थापना भएका सेवा प्रदायक स्वास्थ्यको जनशक्ति, औषधि/उपकरण तथा सूचना व्यवस्थापनका लागि खर्चको बाँडफाँट गर्ने |
| सन्दर्भ सामग्री | सामुदायिक स्वास्थ्य इकाइ, बर्थिङ सेन्टर, शहरी स्वास्थ्य केन्द्र सञ्चालन मापदण्ड<br>जनस्वास्थ्य नियमावली २०७७, कर्णाली स्वास्थ्य सेवा ऐन २०७८, प्रजनन स्वास्थ्य अधिकार सम्बन्धी ऐन २०७५ तथा नियमावली २०७७, कर्णाली भ्रमण खर्च नियमावली |



मा. मन्त्री

| | |
|---|---|
| | २०७५, विभिन्न कार्यक्रमहरुको अनुगमन तथा सुपरिवेक्षण निर्देशिका। |
| अनुगमन सूचक | जनशक्ति परिचालनका लागि बजेटको बाँडफाँट तथा निकासा सम्बन्धी विवरण, कार्यक्रम सम्पन्न प्रतिवेदन, अनुगमन प्रतिवेदन, आदि |

१३. क्रियाकलाप: क्लिनिकल र नन क्लिनिकल तालिमहरु (Medicolegal, ASBA, SBA, OTTM, ECCT, CTS, इम्प्लान्ट/IUCD/CoFP, SBC, PMTCT, PoP, IMNCI, RUSG, HMIS, MLP, ASRH, PTC/BLS, Data Analysis, PHA, GIS, procurement forecasting, Leadership and management training)

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१९६३ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय, मानव संशाधन विकास केन्द्र, प्रदेश अस्पताल, मेहलकुना अस्पताल, सबै जन/स्वास्थ्य सेवा कार्यालयहरु, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेश सरकार र स्थानीय तहबाट सञ्चालन भइरहेका विभिन्न स्वास्थ्य सेवा सम्बन्धी मातृशिशु स्वास्थ्य, परिवार नियोजन, समुदायमा आधारित एकीकृत बाल रोग व्यवस्थापन कार्यक्रम सञ्चालनका क्रममा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा बृद्धि गर्न साथै सूचना व्यवस्था, मेडिगो लिगल, SBA, RUSG, SBC, PMTCT लगायत माथि उल्लेख गरिएका विभिन्न किसिमका सेवासँग सम्बन्धित क्षमता विकास तालिम आवश्यक पर्ने भएकाले यो क्रियाकलाप राखिएको छ। यस किसिमको तालिम तथा अभिमुखिकरण सामाजिक विकास मन्त्रालय, स्वास्थ्य सेवा निर्देशनालय, मानव संशाधन केन्द्र लगायतका सेवा प्रदायक सबै निकायबाट सञ्चालन हुने भएकाले खर्चको बाँडफाँट सोही बमोजिम गरिएको छ। |
| उद्देश्य | स्वास्थ्यकर्मीहरुको ज्ञान तथा सीप विकास गरी गुणस्तरीय स्वास्थ्य सेवा मार्फत रोगको भारमा कमी ल्याउने |
| अपेक्षित प्रतिफल | समयमा नै रोगको निदान भइ रोकथाम, नियन्त्रण तथा उपचार हुनेछ साथै गुणस्तरीय सूचना व्यवस्थापन हुनेछ। |
| सञ्चालन प्रकृया | • सेवा प्रदायकहरुको ज्ञान तथा सीपमा अभिवृद्धि गर्न माथि उल्लेख गरिएका सेवाकालीन तालिम उपलब्ध गराउन सहभागी छनौट, प्रशिक्षक, प्रशिक्षण सामग्री, प्रशिक्षण स्थान तथा प्रशिक्षण अवधिका बारेमा स्वीकृत कार्यविधि बमोजिम गर्ने,<br>• तालिमको मापदण्ड अनुसार गुणस्तरीय तालिम प्रदान गर्ने, |

| | |
|---|---|
| | • गुणस्तरीयता सुनिश्चित गर्न तालिम अवधि तथा तालिम पश्चात् अनुगमन तथा सुपरिवेक्षण गर्ने,<br>• सहभागीहरुलाई तालिम लिएको प्रमाणपत्र उपलब्ध गराउने,<br>• तालिमको खर्च प्रदेश सरकार वा नेपाल सरकारले व्यवस्था गरेको नियमावली अनुसार गर्ने गराउने,<br>• क्लिनिकल तालिम पश्चात् तालिममा प्राप्त सीपलाई सेवा प्रदायकले उपयोग गरेको/ नगरेको लेखाजोखा गर्ने,<br>• मापदण्ड अनुसार क्लिनिकल सीपहरु प्रदान गर्न नसकेको खण्डमा सम्बन्धित सेवा प्रदायकहरुलाई कार्यस्थलमा नै गइ कोचिङ, मेन्टरिङ गर्ने<br>• नवीन प्रविधिका सिकाइका औजारहरु प्रयोग गरी तालिम उपलब्धीमूलक बनाउने,<br>• सैद्धान्तिक ज्ञान भन्दा पनि सीपमा बढी ध्यान दिने। |
| बजेट बाँडफाटँ | आवश्यकता अनुसार बिभिन्न तालिमको प्रकृतिका आधारमा बजेटको बाँडफाँट गर्ने |
| सन्दर्भ सामग्री | कर्णाली भ्रमण खर्च नियमावली २०७५, स्वास्थ्य तालिम व्यवस्थापन निर्देशिका २०७५, अनुशिक्षण तथा अनुगमन निर्देशिका, अनुगमन/अनुशिक्षण चेकलिष्ट |
| अनुगमन सूचक | तालिम कार्यक्रम सम्पन्न प्रतिवेदन, अनुगमन/कोचिङ/मेन्टरिङ प्रतिवेदन आदि |

### १४. क्रियाकलाप: कोचिङ मेन्टरिङ विकास र परिचालन (MNH, IMNCI, RDQA, RUSG, Immunization, DHIS, Surveillance र FP)

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१९२२ | २२५२२ | PLMBIS अनुसार | सामाजिक विकास मन्त्रालयल, स्वास्थ्य सेवा निर्देशनालय, सबै जन/स्वास्थ्य सेवा कार्यालयहरु | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | राष्ट्रिय/प्रादेशिक स्वास्थ्य नीति २०७६ मा उल्लेख भए बमोजिम मातृ तथा नवशिशु स्वास्थ्य एकीकृत बालरोग व्यवस्थापन, गुणस्तरीय तथ्याङ्कको लेखाजोखा, ग्रामीण अल्ट्रासाउण्ड, खोप, रोगहरुको निगरानी जस्ता पेशागत ज्ञान तथा सीपलाई प्रभावकारी तथा विश्वसनीय बनाउन आवश्यक भएकाले यस पेशामा संलग्न स्वास्थ्यकर्मीहरुलाई स्थलगत अनुशिक्षण मार्फत ज्ञान र सिपमा अभिवृद्दि गर्न यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | पेशागत ज्ञान, सीप र दक्षतामा अभिवृद्धि गर्ने। |
| अपेक्षित प्रतिफल | सेवाग्राहीहरुले गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्नेछन् भने गुणस्तरीय तथ्याङ्क उपलब्ध हुनेछ। |
| सञ्चालन प्रकृया | • मातृ तथा नवशिशु स्वास्थ्य एकीकृत बालरोग व्यवस्थापन, गुणस्तरीय तथ्याङ्कको |



मा. मन्त्री

| | |
|---|---|
| | लेखाजोखा, ग्रामीण अल्ट्रासाउण्ड, खोप, रोगहरुको निगरानी जस्ता पेशागत सीपमा स्थलगत अनुशिक्षण तथा कोचिङ गरिनेछ.<br>• कोचिङ तथा मेन्टरिङका लागि प्रशिक्षकहरुको सुनिश्चित गर्ने जो अनुभवी र दक्ष हुनुपर्ने,<br>• मेन्टरिङ तथा कोचिङका अवसरमा अनुगमन तथा सुपरिवेक्षण गरी पृष्ठपोषण दिनुपर्नेछ,<br>• यो कार्यक्रम सञ्चालन गर्दा स्वास्थ्य सेवा निर्देशनालयसँग समन्वय गरी सञ्चालन गर्नुपर्नेछ। |
| बजेट बाँडफाँट | दैनिक भ्रमण भत्ता, यातायात, खाजा, स्टेशनरी, तालिम सामग्री तथा आवश्यकताका आधारमा अन्य खर्च। |
| सन्दर्भ सामग्री | प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड निर्देशिका। |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## १५. क्रियाकलापः प्रयोगशाला कर्मचारीहरूको क्षमता विकास र यसको नेटवर्क स्थापना

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८४३ | २२५२२ | PLMBIS अनुसार | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | परिवर्तित रोगको अवस्था (Emerging/Reemerging) मा रोगको पहिचान गरी रोग नियन्त्रण कार्यक्रमका लक्ष्यहरु हाँसिल गर्न प्रयोगशालाको महत्वपूर्ण भूमिका हुने भएकोले जनस्वास्थ्य एवं चिकित्सकीय– Clinical सेवासंग सम्बन्धित कार्यहरु जस्तैः रोगको खोजपडताल, निदान, रोकथाम, उपचार, अनुसन्धान र स्वास्थ्य प्रवर्धनका कार्यहरु प्रभावकारी कार्यान्वयनका लागि विश्वसनीय प्रयोगशाला सेवा आवश्यक हुन्छ। अधिकांश निर्णयहरु प्रयोगशालाका नतिजामा भर पर्ने हुँदा प्रयोगशालाको महत्वलाई आत्मसात गर्दै नेपालमा स्वास्थ्य प्रयोगशालालाई समयसापेक्ष विश्वसनीय र गुणस्तरीय बनाउदै स्थानीय स्वास्थ्य संस्थासम्म प्रयोगशाला सेवाको संयन्त्र बनाउन जरुरी छ। त्यसैले कर्णाली प्रदेश जनस्वास्थ्य प्रयोगशाला, प्रदेश, जिल्ला स्थानीय तहमा कार्यरत प्रयोगशालाकर्मीहरुको दक्षतामा वृद्धि गर्न, पेशागत सीप विकास साथै मौजुदा उपकरणहरु प्रभावकारी रुपले सञ्चालन गर्न र प्रादेशिक प्रयोगशालाबाट लिइने नमूना संकलन, परिक्षण विधि नागरीकहरुलाई सरल तथा सहज किसिमले समेत उपलब्ध गराउन र प्रदेशभित्रका अन्य प्रयोगशालालाई सहजीकरण गर्न समेत यस किसिमको कार्यक्रम राखिएको हो। |
| उद्देश्य | प्रयोगशालामा कार्यरत जनशक्तिको क्षमता विकास गर्ने र बिधुतीय सञ्चार मार्फत प्रयोगशालाकर्मीहरुको संयन्त्र– Network स्थापना गर्ने |
| अपेक्षित प्रतिफल | प्रयोगशालाबाट प्राप्त नतिजाको विश्वसनियता कायम भइ गुणस्तरिय सेवा प्रवाह हुनेछ। |



मा. मन्त्री

| | |
|---|---|
| सञ्चालन प्रकृया | • कर्णाली प्रदेश अन्तर्गतका प्रयोगशालामा कार्यरत प्रयोगशालाकर्मीहरुको लागि तालिमको आवश्यकता पहिचान गरिनेछ,<br>• आवश्यकता तथा तथ्यका आधारमा त्यसको प्राथमिकता, प्रभावकारिता, विश्वसनियता समेतलाई ध्यानमा दिइ तालिम प्रकार सुनिश्चित गरिनेछ र योग्यताका आधारमा तालिमका सहभागीहरु छनौट गरी स्वीकृत मापदण्ड बमोजिमको तालिम सञ्चालन गरिनेछ,<br>• कर्णाली प्रदेशका प्रयोगशालामा कार्यरत जनशक्ति, पूर्वाधार, सेवा प्रवाह, आदि लगायतका विषयहरुको नक्शाङ्कन गरिनेछ र प्रयोगशालाको सेवालाई पारस्परिक सिकाइ तथा नमूना परिक्षण माध्यम बनाइनेछ,<br>• नेटवर्किङ बनिसकेपछि प्रयोगशालाका कार्यरत प्रयोगशाला सूचना र नमूना आर्मीको क्षमता, कार्यसम्पादनको गुणस्तरिताका बारेमा कोचिङ, मेन्टरिङ कार्यक्रम समेत सञ्चालन गरिनेछ |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ र कर्णाली प्रदेश भ्रमण खर्च नियमावली २०७५ अनुसार हुनेछ। |
| सन्दर्भ सामग्री | तालिम सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०७५, स्वास्थ्य प्रयोगशाला स्थापना तथा सञ्चालन मापदण्ड सम्बन्धी निर्देशिका २०७३ |
| अनुगमन सूचक | तालिमका सहभागी हाजिरी, पूर्वपरिक्षा/अन्तिम परिक्षाको नतिजा, प्रमाणपत्रको नमूना, कार्यक्रम सम्पन्न प्रतिवेदन |

## १६. क्रियाकलाप: MNH Road Map को अभिमुखिकरण

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१९२३ | २२५२२ | PLMBIS अनुसार | मानव संशाधन केन्द्र, सबै जन/स्वास्थ्य सेवा कार्यालयहरु | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य सेवाको सर्वव्यापि पहुँच र महिलाको अधिकारलाई सुनिश्चित र स्वास्थ्य सेवा प्रणालीलाई सुदृढिकरणका लागी स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखाले Safe Motherhood and Neonatal Health Roadmap 2030, जारी गरेको छ। जीवनचक्र शैलीमा स्वास्थ्य सेवा सम्बोधन गर्ने अभिप्रायले अभिमुखिकण कार्यक्रम सन्चालन गर्न यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | Safe Motherhood and Neonatal Health Roadmap 2030, २०७७, Continuum of care (ANC to PNC) र सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन तथा कार्यक्रम निर्देशिका २०७८ बारे अभिमुखिकरण र समीक्षा गर्ने। |
| अपेक्षित प्रतिफल | सुरक्षित मातृत्व सेवामा बृद्धि भइ मातृमृत्युमा कमी आउनेछ। |



मा. मन्त्री

| | |
|---|---|
| सञ्चालन प्रकृया | Safe Motherhood and Neonatal Health Roadmap 2030, Continuum of care (ANC to PNC) र सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन तथा कार्यक्रम निर्देशिका २०७८ बारे प्याकेज बनाई कार्यक्रम सञ्चालन गर्ने। |
| बजेट बाँडफाँट | गाडी भाडा, दै.भ्र.भ., प्रशिक्षक भत्ता, स्टेशनरी, मसलन्द सामग्री तथा आवश्यकता अनुसार अन्य खर्च यस शिर्षकमा भएको रकम नियमानुसार खर्च गर्ने। |
| सन्दर्भ सामग्री | Safe Motherhood and Neonatal Health Roadmap 2030,, Continuum of care (ANC to PNC) र सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन तथा कार्यक्रम निर्देशिका २०७८, सुरक्षित मातृत्व तथा प्रजनन अधिकार ऐन २०७५ तथा नियमावली २०७७, नेपाल स्वास्थ्य क्षेत्र रणनीति २०३० प्रचलित कानून तथा खर्च सम्वन्धी मापदण्डहरु। |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

१७. क्रियाकलापः Skill Lab स्थापना र तालिम केन्द्र सुदृढीकरण

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१९८१ | २२५२२ | PLMBIS अनुसार | मानव संशाधन केन्द्र, प्रदेश अस्पताल | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | Skill Lab भन्ने बित्तिकै भविश्यमा दक्षजनशक्ति उत्पादनका लागि सीप, पुनर्सीप स्तरोन्नति गर्ने लक्ष्य अनुसार स्थापना हुने प्रयोगात्मक कक्ष हो किनकी सेवामा नियुक्त हुने बित्तिकै सबै स्वास्थ्यकर्मीहरु पूर्णरुपमा दक्ष हुन्छन् भन्न सकिन्न त्यसैले स्वास्थ्य क्षेत्रमा कार्यरत जनशक्तिका लागि खोप, सुरक्षित मातृत्व, आमा सुरक्षा, परिबार नियोजन, मानसिक स्वास्थ्य तथा परामर्श, नवशिशु स्याहार, औषधिको प्रयोग, आदि क्षेत्रमा व्यवस्थापकीय पेशागत दक्षता बिकास गर्न आवश्यक रहेको हुँदा यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | स्वास्थ्य पेशामा कार्यरत जनशक्तिको दक्षता प्रमाणिकरण गर्नु। |
| अपेक्षित प्रतिफल | स्वास्थ्य क्षेत्रमा कार्यरत जनशक्तिको पेशागत दक्षतामा बिकास भई गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा अभिवृद्धि हुनेछ। |
| सञ्चालन प्रकिया | • Skill Lab का लागि आवश्यक उपकरण तथा सामग्रीको खरिद तथा जडान<br>• Skill ल्यायका लागि जडान भएका उपकरण तथा सामग्रीका बारेमा प्रारम्भिक अभिमुखिकरण<br>• सीपसँग सम्बन्धित तालिम सामग्रीहरुको प्रयोग तथा व्यवस्थापन<br>• Skill Labका लागि प्रयोग हुने सामग्रीहरुको सुरक्षित संचित तथा पुनर्प्रयोग |
| बजेट बाडफांड | सामग्री खरिदका लागि बजेटको बाँडफाँट, तालिमका लागि दैनिक भ्रमणभत्ता तथा यातायात खर्च, स्टेशनरी, |
| सन्दर्भ सामग्री | तालिम सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०७५,<br>कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ |



मा. मन्त्री

| अनुगमन सुचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |
|---|---|

१८. क्रियाकलाप: प्रेषण केन्द्र (एम्बुलेन्स प्रशिक्षण) र रेफरल प्रणाली सुदृढिकरण

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८६२ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | नेपालको संविधान २०७२ को धारा ३५ को स्वास्थ्य सम्बन्धी हकको उपधारा (१) मा आकश्मिक स्वास्थ्य सेवाबाट कसैलाई पनि बञ्चित गरिनेछैन भनि उल्लेख गरिएको छ। राष्ट्रिय एम्बुलेन्स निर्देशिका २०७८ अनुसार देशभरका एम्बुलेन्सहरुलाई प्रेषण केन्द्र मार्फत सञ्चालन गर्नुपर्ने र आकश्मिक स्वास्थ्य सेवाको सम्पर्कका लागि तीन अंकको टेलिफोन नं. १०२ बाट सम्पर्क गर्नुपर्नेछ। प्रदेशमा प्रादेशिक प्रेषण केन्द्र स्थापना भइसकेको सन्दर्भमा प्रेषण केन्द्रमा आवद्ध भएका एम्बुलेन्स चालकहरुलाई तालिम प्रदान गर्न रेफरल सम्बन्धी प्रादेशिक निर्देशिका तयार गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | एकीकृत एम्बुलेन्स निर्देशिका बमोजिम प्रेषण केन्द्र मार्फत बिरामीहरुको प्रेषण गर्ने |
| अपेक्षित प्रतिफल | सबै आकश्मिक बिरामीहरु प्रेषण केन्द्र मार्फत तत्काल गुणस्तरीय सेवा लिने अवसर प्राप्त गर्नेछन्। |
| सञ्चालन प्रकृया | • प्रदेशभरका सबै एम्बुलेन्सहरुलाई प्रेषण प्रणाली मार्फत सञ्चालन गर्न एम्बुलेन्सहरुको भैतिक म्यापिङ्ग, GPS प्रणाली स्थापना गर्ने,<br>• प्रेषण केन्द्रमा दर्ता भएका बाँकी एम्बुलेन्स चालकहरुलाई नीति नियम प्रक्रिया सेवा तथा शुल्क लगायतका विषयमा तालिम उपलब्ध गराइ उनीहरुको क्षमता बिकास गर्ने,<br>• प्रेषण केन्द्र सञ्चालनका लागि अनुभवी तथा तालिम प्राप्त जनशक्तिको निरन्तरता दिने,<br>• प्रेषण केन्द्र कक्षका लागि आवश्यक इन्टरनेट, फोन लगायत अन्य सञ्चालन खर्च, एम्बुलेन्स व्यवस्थापन समितिको बैठक तथा अन्य समन्वय खर्च व्यवस्था गर्ने।<br>• नागरीकहरलाई प्रेषण केन्द्र मार्फत प्रेषण हुनका लागि विभिन्न जानकारी मूलक सामग्रीहरुको उत्पादन वितरण गर्ने तथा सञ्चार माध्यम मार्फत पनि सूचनाको निरन्तर प्रवाह गर्ने,<br>• अभिलेख तथा प्रतिवेदन तयार गर्ने, |
| बजेट बाँडफाँट | बिरामीको प्रेषण गर्दा आकश्मिक उपचारको सुनिश्चित गरी प्रेषण बापतको यातायात खर्च तालिमको दैनिक भत्ता तथा भ्रमण भत्ता र अन्य व्यवस्थापकीय खर्च। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४। |
| अनुगमन सूचक | तालिम प्राप्त एम्बुलेन्स चालकहरुको विवरण प्रेषण भएका बिरामीहरुको अभिलेख तथा प्रतिवेदन |



मा. मन्त्री

१९. क्रियाकलापः वातावरणीय स्वास्थ्य जलवायु परिवर्तन सम्वन्धि गतिविधि/एक स्वास्थ्य गतिविधि/ IHR लगायत

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८८२ | २२५२२ | PLMBIS अनुसार | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | नेपालमा पनि पशुपंक्षी र मानव बीच एकआपसमा सर्न सक्ने र वातावरणमा लामो समयसम्म रहन सक्ने विभिन्न रोगहरुको कारकतत्वको संक्रमणबाट वर्षेनी धेरै संख्यामा मानवीय तथा पशुधनको क्षती भइरहेको छ। मानिस पशुपंक्षी र वातावरण बीचको अन्तरसम्बन्धबाट उत्पन्न हुने रोगहरुके पहिचान गर्दै अधिकतम स्वास्थ्य लाभ प्राप्त गर्न एक स्वास्थ्य अवधारणा अनुरुप बहुक्षेत्रीय र बहुपक्षीय निकायहरुको सहकार्य आवश्यक छ। प्रदेशस्तरमा One Health Approach अन्तर्गत अन्तर मन्त्रालय समन्वय सहकार्य गर्न International Health Regulation तथा जलवायु परिवर्तन सम्बन्धी सचेतना फैलाउने खालका विभिन्न क्रियाकलापहरु गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | वातावरणीय, जलवायु परिवर्तन तथा पेशागत स्वास्थ्यको बारेमा समुदायलाई जानकारी गराई सम्भावित जोखिमहरुको बारेमा जानकारी गराउने।<br>प्रदेशस्तरमा One Health Approach र International Health Regulation सम्बन्धी समन्वय सहकार्य तथा बहस पैरवी गर्ने |
| अपेक्षित प्रतिफल | वातावरणीय, जलवायु परिवर्तन तथा पेशागत स्वास्थ्यको बारेमा समुदायलाई जानकारी गराई सम्भावित जोखिमहरुको बारेमा जानकारी गराइनेछ<br>प्रदेशस्तरमा One Health Approach र International Health Regulation सम्बन्धी समन्वय सहकार्य तथा बहस पैरवी गरिनेछ। |
| सञ्चालन प्रक्रिया | जलवायु परिवर्तन तथा वातावरणीय स्वास्थ्यका बारेमा सरोकारवालाहरुसँगको सहभागितामा अन्तरक्रिया, सचेतना कार्यक्रम सञ्चालन गर्ने<br>प्रदेशस्तरीय One Health Approach समिति गठन गर्ने र नियमित बैठक बस्ने<br>International Health Regulation का प्रावधानहरु र प्रदेशमा त्यसको वर्तमान अवस्थाको विश्लेषण गरी सरोकारवालाहरुसँग समीक्षा गर्ने,<br>जुनोटिक रोगहरुको न्युनीकरणका लागि अन्तरमन्त्रालय समन्वय तथा सहकार्य गर्ने |
| बजेट बाँडफाँट | नियमानुसार यातायात खर्च, खाजा, स्टेशनरी, दै.भ्र.भ र मसलन्द |
| सन्दर्भ सामग्री | वातावरणीय सरसफाई, जलवायु परिवर्तन सम्बन्धी विभिन्न सामग्री, ब्रोसर, पम्पलेट तथा अन्य सन्दर्भ सामग्रीहरु<br>एक स्वास्थ्य रणनीति २०७६, कर्णाली स्वास्थ्य नीति २०७६, स्वास्थ्य क्षेत्र रणनीतिक योजना २०३०, International Health Regulation 2005 |

| | |
|---|---|
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन र बैठक निर्णय पुस्तिका |

२०. क्रियाकलाप: स्वास्थ्य आपतकालीन प्रतिकार्य कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१९२४ | २२५२२ | PLMBIS अनुसार | सामाजिक विकास मन्त्रालय, स्वास्थ्य सेवा निर्देशनालय, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, प्रदेश अस्पताल, जनस्वास्थ्य प्रयोगशाला, सबै जन/स्वास्थ्य सेवा कार्यालयहरु | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | विभिन्न किसिमका सम्भावित रोगहरुको महामारीको जोखिम रहिरहने स्थितिको पुर्वानुमान, आवश्यकता भएका स्थानहरुको सूची तयार, सम्भावित महामारीजन्य संक्रामक रोगहरुको उपचार तथा व्यवस्थापनको योजना तयार गरी प्रदेश, जिल्ला र पालिकास्तरमा पहिचान प्रतिकार्य योजना प्रतिकार्य र व्यवस्थापन गर्नका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | Public Health Risk and Emergency को आधारमा जिल्लास्तरको विपद्का कारण सिर्जित आपतकालीन तत्काल स्वास्थ्य सेवा पुर्‍याउने |
| अपेक्षित प्रतिफल | सम्भावित जनस्वास्थ्य विपदको प्रतिकार्य तथा महामारीको रोकथाम तथा नियन्त्रण हुनेछ |
| सञ्चालन प्रकृया | • बहुप्रकोप तथा मनसून पूर्वतयारी योजनाको समीक्षा गरी कार्ययोजना तयार गर्ने तथा आवश्कता अनुसार परिमार्जन गर्ने,<br>• प्रकोपको अवस्था पहिचान गरी जनशक्ति परिचालन गरी जनस्वास्थ्यका अभियानहरु सञ्चालन गर्ने,<br>• जनशक्ति परिचालनका लागि यातायात तथा ईन्धन खर्चको व्यवस्थापन गर्ने,<br>• संक्रामक रोगको निगरानी, नियन्त्रण तथा महामारीको अनुसन्धान, खोजपडताल तथा व्यवस्थापन गर्ने,<br>• महामारीको सम्भावनालाई ध्यानमा राखी आवश्यक सामग्रीको बफर स्टकका लागि खरिद तथा संचितकरण गर्ने,<br>• आवश्यकताका आधारमा प्रकोप प्रभावित क्षेत्रमा औषधि तथा औषधिजन्य सामग्रीको ढुवानी तथा वितरण गर्ने र<br>• प्रतिकार्यमा स्थानीय तहसँग समन्वय तथा सहकार्य गर्ने। |
| बजेट बाँडफाँट | स्वीकृत कार्ययोजना अनुसार बिनियोजित बजेटको परिधिभित्र रहेर माग तथा आवश्यकता अनुसार बजेट बाँडफाँट गर्ने।<br>स्वीकृत बजेटबाट औषधी तथा अत्यावश्यक सामग्रीहरुका लागि बाँडफाँट गरी सम्बन्धित प्रमुखबाट स्वीकृत गराइ खरिद गर्ने |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु। |

मा. मन्त्री

| अनुगमन सूचक | प्रभावितहरुको सूची<br>आवश्यकताको पहिचान विवरण<br>खरिद ईकाइको निर्णय, दाखिला प्रतिवेदन तथा हस्तान्तरण प्रतिवेदन |
|---|---|

## २१. क्रियाकलाप: स्वास्थ्य सम्वन्धी अनुसन्धान

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१९४४ | २२५२२ | PLMBIS अनुसार | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | भौगोलिकरुपमा दुर्गम क्षेत्रहरु अत्यधिक भएको कर्णाली प्रदेशमा यथार्थ प्रमाणहरु जुटाउन विभिन्न स्वास्थ्य तथा सामाजिक क्षेत्रका विषयमा अध्ययन गरी यसमा भएका कमी कमजोरीहरुलाई एकीकृतरुपमा समाधान गर्न अध्ययन तथा अनुसन्धानले मद्दत पुर्याउँछ। आर्थिक, सामाजिक र भौगोलिक तथा अन्य स्वास्थ्यका निर्धारक तत्वहरुको अध्ययन गरी स्वास्थ्यका क्षेत्रमा परिणाममुखी योजना बनाउन यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | आर्थिक, सामाजिक, भौगोलिक तथा स्वास्थ्यका निर्धारक तत्वहरुलाई केन्द्रबिन्दुमा राखी अध्ययन र यसका सुझावहरुको आधारमा विभिन्न रणनैतिक योजना तयार पार्नु। |
| अपेक्षित प्रतिफल | स्वास्थ्य क्षेत्रलाई समेटने गरी समुदायस्तरमै गएर वर्तमान स्वास्थ्य तथा सामाजिक क्षेत्रका दरारहरुलाई अध्ययन गरी सोको निश्कर्ष निकाल्ने र यसका Findings हरुलाई अन्तर्राष्ट्रिय Journal हरुमा प्रकाशन गर्ने |
| सञ्चालन प्रकृया | • कर्णाली प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय मार्फत गरिने अध्ययन तथा अनुसन्धानका लागि वर्तमान स्वास्थ्य चुनौतीका रुपमा रहेको विषयवस्तुलाई आधार मानी अनुसन्धानका विषयहरुको पहिचान गरिनेछ<br>• लागत अनुमानका आधारमा अध्ययन तथा अनुसन्धानका लागि बजेटको बाँडफाँट गरी आवश्यकता अनुसार तेस्रो पार्टीबाट अनुसन्धानका लागि सेवा खरिद गरिनेछ,<br>• पहिचान भएका अध्ययनका विषयहरुलाई मन्त्रालयबाट स्वीकृत गरी एउटा अध्ययनका लागि बढीमा ५ लाख सम्मको खर्च गर्ने,<br>• अध्ययन भैसकेको विषयको प्रतिफल वा निश्कर्षको सरोकारवालाको बीचमा जानकारी समेत गराउने।<br>• कर्णाली प्रदेशको जनस्वास्थ्यसँग सम्बन्धित विभिन्न व्यक्ति तथा निकायले गरेका अनुसन्धानहरुको अभिलेखिकरण गर्न Webinar आयोजना गर्ने, सम्मान गर्ने वा अन्य क्रियाकलापहरु सञ्चालन गर्ने,<br>• अध्ययन अनुसन्धानको राष्ट्रिय तथा अन्तराष्ट्रिय Journal हरुमा प्रकाशित गर्न पहल गर्ने। |



मा. मन्त्री

| | |
|---|---|
| | • विभिन्न अध्ययन तथा अनुसन्धानका लागि गठित कार्यदलको सञ्चालन तथा व्यवस्थापन खर्च यस शिर्षकबाट गर्न सकिनेछ। |
| बजेट बाँडफाँट | अनुसन्धानको विषय, प्रस्ताव, उद्देश्य, विधि तथा तथ्याङ्क संकलनका आधारहरु, लागत अनुमान, छलफल गर्नुपर्ने विषयहरु, निष्कर्ष तथा सुझाव सहितको कम्तीमा ३० पेज माथिको अनुसन्धानको प्रतिवेदन र अनुसन्धानकर्ता बढिमा १ अध्ययनका लागि १० जना |
| सन्दर्भ सामग्री | प्रादेशिक स्वास्थ्य प्रगति प्रतिवेदन, नेपाल जनसाँख्यिक स्वास्थ्य सर्वेक्षण २०२२, राष्ट्रिय जनगणना २०७८ तथा राष्ट्रिय अनुसन्धान परिषदबाट विभिन्न समयमा प्रकाशित सामग्रीहरु र नेपाल स्वास्थ्य अनुसन्धान परिषदबाट नैतिक प्रमाणिकरण लिएको हुनुपर्ने। |
| अनुगमन सूचक | छनौट भएका विषयहरु, सम्पन्न अध्ययन/अनुसन्धानको प्रतिवेदन |

## २२. स्वास्थ्य क्रियाकलापः सूचना व्यवस्थापन प्रणाली (ToT eLMIS तालिम)

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८९४ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजा अनुसार |

| | |
|---|---|
| परिचय | औषधिहरु तथा औषधिजन्य उपकरण। बस्तुहरुको आपुर्ति व्यवस्थापन सरल र सहज तरिकाबाट गर्न सो कार्यमा संलग्न स्वास्थ्यकर्मीहरुको ज्ञान सीप र व्यवहारमा अभिवृद्दि गर्न यो तालिम कार्यक्रम राखिएको छ। |
| उद्देश्य | e-LMIS/LMIS सम्बन्धि आधारभूत ज्ञान तथा सीप अभिवृद्दि गर्ने। |
| अपेक्षित प्रतिफल | भण्डारण व्यवस्थापनमा सुधार भएको हुनेछ। |
| सञ्चालन प्रकृया | • भण्डारण व्यवस्थापनमा काम गर्ने कर्मचारीहरुका लागि e-LMIS/LMIS सम्बन्धि अनसाइट कोचिङ्ग तथा अभिमुखिकरण<br>• यो कार्यक्रम सञ्चालन गर्दा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र तथा निर्देशनालयसँग समन्वय गरी सञ्चालन गर्नुपर्नेछ। |
| बजेट बाँडफाँट | दैनिक भ्रमण भत्ता,दैनिक भत्ता,यातायात, खाजा र अन्य प्रशासनिक खर्च। |
| सन्दर्भ सामग्री | प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड निर्देशिका। |
| अनुगमन सूचक | e-LMIS/LMIS तालिम सम्पन्न प्रतिवेदन |

## २३. क्रियाकलापः स्वास्थ्य गतिविधिहरूको एकीकृत सुपरिवेक्षण र अनुगमन

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|

मा. मन्त्री

| | | | | |
|---|---|---|---|---|
| २.७.२२.१८९५ | २२५२२ | PLMBIS अनुसार | सामाजिक विकास मन्त्रालय, स्वास्थ्य सेवा निर्देशनालय, सबै जन/स्वास्थ्य सेवा कार्यालयहरु | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेश सरकार र स्थानीय तहबाट सञ्चालन गरिएका स्वास्थ्य सम्बन्धी कृयाकलापहरुको सहजिकरण, समन्वय, नियमित अनुगमन, पृष्ठपोषण, सुपरीवेक्षणका लागि यो कृयाकलाप राखिएको छ। |
| उद्देश्य | नियमित आवधिक अनुशिक्षण,अनुगमन, सुपरिवेक्षण गर्ने |
| अपेक्षित प्रतिफल | स्वास्थ्यका सूचकहरुमा अपेक्षित सुधार हुने |
| सञ्चालन प्रक्रिया | • त्रैमासिक रुपमा अनुगमन कार्ययोजना निर्माण गरी स्वीकृत गराउने<br>• अनुगमन तथा सुपरिवेक्षणमा कार्यक्रमहरु (खोप, महामारी, प्रकोप, सुरक्षित मातृत्व, पोषण, बालरोग, कीटजन्य, औलो, कालाजार, तथ्याकं, जनसङ्ख्या, आयुर्वेद, क्षयरोग, एच.आई.भी., कुष्ठरोग, मानसिक स्वास्थ्य, नसर्ने रोग, श्वासप्रश्वास, सामुदायिक इकाइ, बर्थिङ सेन्टर, प्रयोगशाला) आदि समेतको अनुगमन सुपरिवेक्षण मुल्यांकन गरी प्रमुख समक्ष प्रतिवेदन पेश गर्ने।<br>• अनुगमनबाट पत्ता लागेका विषयहरुको प्रदेशस्तरमा समीक्षा बैठक राख्ने र प्रस्तुत गर्ने<br>• अनुगमन पश्चात पाइएका विषयहरुको निरन्तरता तथा सुधारका लागि कार्ययोजना निर्माण गर्ने र सम्बन्धित तहमा पृष्ठपोषण दिने। |
| बजेट बाँडफाँट | आवश्यकता अनुसार। |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु। |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, अनुगमन प्रतिवेदन आदि |

## २४. क्रियाकलापः जनसंख्या कार्यक्रम/व्यवसायिक स्वास्थ्य गतिविधि

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८४४ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय, सबै जन/स्वास्थ्य सेवा कार्यालयहरु | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | विगतका जनगणना र २०७८ को जनगणना प्रतिवेदन हेर्दा जनसंख्या वृद्दि देखिएको तर वृद्दि दर प्रतिस्थापन दर भन्दा कम हुदै गएको देखिन्छ साथै बैदेशिक रोजगार तथा बौदिक जनशक्ति पलायन भैरहेको हुदा आगामी दिनमा जनशक्तिको अपर्याप्त नहोला भन्न सकिदैन तिसैले जनसंख्या व्यवस्थापन कार्यक्रम राखिएको हो। |

| | |
|---|---|
| उद्देश्य | स्वास्थ्य तथा जनसंख्या सम्बन्धी विषयहरूमा चेतना अभिवृद्दि गरी व्यवहार परिवर्तन गर्नु हो। |
| अपेक्षित प्रतिफल | जनसंख्या व्यवस्थापन सम्बन्धमा सरोकारवाला तथा नागरीकहरुको जनचेतनामा वृद्धि भएको हुनेछ। |
| सञ्चालन प्रक्रिया | • जनसंख्याको अवस्था जन्म, मृत्यु तथा त्यसको कारण, वैवाहिक अवस्था, सम्बन्ध विच्छेद, बसाइसराइ, वैदेशिक रोजगार लगायतका विषयवस्तुहरुको जिल्ला तहमा सूचना केन्द्र स्थापना गर्ने,<br>• जनसंख्या दिवसको अवसर पारी विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,<br>• शिक्षा क्षेत्र शिक्षक, नेपाल प्रहरी, संचारकर्मीहरू, गैससका प्रतिनिधि, तथ्यांक कार्यालयका प्रतिनिधि, तथा स्थानीय तहसँग समीक्षा तथा अन्तर्किया कार्यक्रम सञ्चालन गर्ने, |
| बजेट बाँडफाँड | आवश्यकता अनुसार बजेटको बाँडफाँट गरी खर्च गरिनेछ। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड निर्देशीका २०७५ कर्णाली भ्रमण खर्च नियमावली २०७५, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट स्वीकृत निर्देशिका अनुसार |
| अनुगमन सूचक | कार्यक्रमको प्रतिवेदन |

## २५. क्रियाकलापः डिजिटल स्वास्थ्य (EHR/EMR, वेभसाइट तथा सूचना प्रणाली, e-HMIS, टेलिमेडिसिन) सुदृढीकरण, क्षमता अभिवृद्धि, व्यवस्थापन र सञ्चालन)

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८८३ | २२५२२ | PLMBIS अनुसार | सामाजिक विकास मन्त्रालय, स्वास्थ्य सेवा निर्देशनालय, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, मानव संशाधन विकास केन्द्र, प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र, मेहलकुना अस्पताल, सबै जन/स्वास्थ्य सेवा कार्यालयहरु | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| कार्यक्रमको परिचय | स्वास्थ्य क्षेत्रमा गुणस्तरीय सेवा प्रवाह, समयको उचित व्यावस्थापन तथा थोरै जनशक्तिबाट अधिकत्तम धेरै सेवा प्रदान गर्न, दूर चिकित्सा सेवालाई Nepal HER Software मार्फत प्रभावकारी बनाउन, सीपमूलक तालिम लिएका जनशक्तिहरुको अभिलेखलाई अद्यावधिक गर्न र स्वास्थ्य संस्थाहरुमा Paperless Recording & Reporting को concept अनुसार परिमार्जित HMIS Recording & Reporting अनुसारको Software सेवा खरिद गरी प्रयोगमा ल्याउन यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | स्वास्थ्य व्यवस्थापन सुचना प्रणालीलाइ अधिकतमरुपमा प्रयोग गरिएको **Paper Based** रेकर्डिङ प्रणालीलाइ क्रमश कम गर्दै लैजाने। |
| अपेक्षित प्रतिफल | स्वास्थ्यका सबै सेवाहरु विद्युतीय Recording & Reporting हुनेछ भने नागरीकले द्रुतगतिमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा वृद्धि हुनेछ। |
| सञ्चालन प्रकृया | • मन्त्रालय मातहतका स्वास्थ्य संस्थाहरुमा हाल सञ्चालमा रहेको EHR र टेलिमेडिसिन |

| | |
|---|---|
| | कार्यक्रमहरुको थप प्रभावकारी सञ्चालनको व्यवस्था मिलाउने,<br>• अस्पतालमा EMR सफ्टवेयर खरिद तथा स्तरोन्नती गर्ने<br>• यस कार्यक्रममा रहेको बजेटबाट प्रदेश अन्तरगतका स्वास्थ्य संस्थाहरूमा विद्युतीय स्वास्थ्य सूचना अभिलेख प्रणाली विस्तारका लागि स्थानीय तहहरु सगँ समन्वय गरी स्वास्थ्य संस्थाहरू छनौट गर्ने, छनौट गरिएका स्वास्थ्य संस्थाहरुमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वास्थ्य संस्थाहरुबाट विद्युतीय माध्यमबाट स्वास्थ्य सेवा प्रवाह तथा सेवाग्राहीको विवरण दर्ता व्यवस्थापन गर्ने प्रणाली (eHMIS) को विकास, स्थापना र सञ्चालन सम्बन्धी मार्गदर्शनको आधारमा सेवा प्रदायक संस्थासंग समझौता गरी eHMIS प्रणालीको सञ्चालन गर्ने तथा यस अघि सुचारू गरिएका स्वास्थ्य संस्था प्रयोगकर्ताको नविकरण गर्ने,<br>• टेलिमेडिसिन, EHR/EMR सँग सम्बन्धित वार्षिक मर्मत, प्राविधिक खर्च, इन्टरनेटको व्यवस्थापन खर्च र कार्यविधिले तोके अनुसारको अन्य खर्च गर्ने,<br>• प्रदेशस्तरमा तालिम प्राप्त जनशक्तिको विवरण अद्यावधिक गर्ने, आवश्यक उपकरण तथा क्षमता विकासका कार्यहरु सञ्चालन गर्ने। |
| बजेट बाँडफाँड | विद्युतीय सूचना सेवा खरिद तथा नविकरण, दै.भ्र.भ. खाजा यातायात क्षमता विकासका लागि तालिम तथा अनसाइट कोचिङ्ग, सामग्री तथा आवश्यक उपकरण खरिद |
| अभिलेख तथा प्रतिवेदन | HMIS TOOLS, TIMS, EHR/ EMR (eHMIS), Dashboard विकास |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, कार्यक्रम निर्देशिका र आर्थिक नियम तथा मापदण्ड, स्वास्थ्य संस्थाहरुबाट विद्युतीय माध्यमबाट स्वास्थ्य सेवा प्रवाह तथा सेवाग्राहीको विवरण दर्ता व्यवस्थापन गर्ने प्रणाली (eHMIS) को विकास, स्थापना र सञ्चालन सम्बन्धी मार्गदर्शन, कर्णाली प्रदेशको दूर चिकित्सा तथा विद्युतीय स्वास्थ्य सेवा सञ्चालन कार्यविधि, २०८०। |
| अनुगमन सूचकहरु | कार्यक्रम सम्पन्न प्रतिवेदन जिन्सी अभिलेख रजिष्टर |

## २६. क्रियाकलाप: PHLMC मा स्टोर व्यवस्थापनका लागि जनशक्ति

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१९८२ | २२५२२ | PLMBIS अनुसार | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमा प्राप्त हुने औषधि तथा उपकरणहरुको भण्डारण अभिलेखिकरण प्याकिङ्ग/रिप्याकिङ्ग ढुवानी तथा वितरण प्रक्रियालाई प्रभावकारी बनाउन जनशक्तिको आवश्यकता महसुस भएकाले राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्डका आधारमा सामग्रीहरुको संचिति तथा आपूर्ति श्रृंखलामा संलग्न हुनेगरी एक जना जनशक्ति व्यवस्थापन |

| | |
|---|---|
| | गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | आपूर्ति श्रृंखला व्यवस्थापनमा सहजता ल्याउने कुनैपनि परिस्थितिमा आपूर्ति स्टक सून्य नहुने अवस्था सिर्जना गर्नु र सेवाग्राहीसम्म गुणस्तरीय सामग्रीको पहुँच बढाउनु। |
| अपेक्षित प्रतिफल | आपूर्ति श्रृंखला व्यवस्थापनमा सहजता ल्याउने कुनैपनि परिस्थितिमा आपूर्ति स्टक सून्य नहुने अवस्था सिर्जना गर्नु र सेवाग्राहीसम्म गुणस्तरीय सामग्रीको उपभोग गर्नेछन् |
| सञ्चालन प्रक्रिया | जनशक्ति व्यवस्थापनका लागि योग्यता र अनुभव सहितको कर्मचारी आवश्यकता सम्बन्धी बिज्ञापन जारी गरिनेछ<br>योग्यताका आधारमा लिखित तथा अन्तर्वार्ता माध्यम मार्फत निवेदकहरु मध्येबाट उत्कृष्ठ जनशक्ति छनोट गरी नियुक्त गरिनेछ<br>गत आ.व.मा कार्यरत रहेका कर्मचारीको कार्यसम्पादन सन्तोषजनक भएमा निरन्तरता दिन सकिनेछ<br>नियुक्त व्यक्तिले आपूर्ति श्रृखला निर्देशिका २०८१ बमोजिम सामग्रीको माग, आपूर्ति तथा अभिलेख चुस्तरुपमा राख्नुपर्नेछ<br>LMIS/eLMIS मा व्यवस्था भए बमोजिम सामग्रीहरुको खरिद भइसकेपछि त्यको संचिति ढुवानी र बितरणमा प्रत्यक्ष संलग्न हुनुपर्नेछ<br>e-LMIS प्रतिवेदनलाई चुस्त र दुरुस्त राख्न नियमित अनुगमन तथा पृष्ठपोषण दिनुपर्नेछ। |
| बजेट बाँडफाँट | करार सम्झौता सम्बन्धी बिभिन्न शिर्षकमा खर्चको बाँडफाँट |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद एन तथा नियमावली कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

२७. स्वास्थ्य क्रियाकलापः फोहोर व्यवस्थापन र म्याद समाप्त औषधि व्यवस्थापन

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१९४५ | २२५२२ | PLMBIS अनुसार | मानव संसाधन केन्द्र, स्वास्थ्य सेवा निर्देशनालय, प्रदेश अस्पताल, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, मेहलकुना अस्पताल,प्रदेश आयुर्वेद अस्पताल, सबै जन/स्वास्थ्य सेवा कार्यालयहरु | स्वीकृत कार्ययोजना अनुसार |



मा. मन्त्री

| | |
|---|---|
| परिचय | अस्पतालबाट दुई प्रकारका फोहोरमैला; सामान्य र अस्पतालजन्य फोहोर निस्कने हुदा सामान्य प्रकारको फोहोरलाई डम्पीङ साइडमा फाल्न मिल्छ भने अस्पतालजन्य फोहोरलाई निर्मलिकरण गरी बिसर्जन गर्नु पर्ने हुदा यस शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | अस्पतालजन्य फोहोरमैला निर्मलिकरण गरी व्यवस्थित रुपमा बिसर्जन हुने। |
| अपेक्षित प्रतिफल | अस्पतालजन्य फोहोरबाट सेवा प्रदायक र समुदायमा हुने जोखिम कम हुने। |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका अस्पतालहरु। |
| सञ्चालन प्रकृया | • HCWMG (health care waste management guidelines) सम्बन्धी अभिमुखिकरण गर्ने<br>• Health Care Waste Management सम्बन्धी नीति २०७९, Health Care Waste Management SOP २०२० आयुअनुसार अस्पतालबाट निस्कने फोहोरमैला व्यवस्थित रुपमा विसर्जन गर्ने। |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम तथा लागत अनुमान अनुसार खर्च गर्ने। |
| सन्दर्भ सामग्री | Health Care Waste Management SOP 2020, HCWMG प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु। |
| अनुगमन सूचकहरु | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## २८. क्रियाकलापः BMET सुदृढीकरण कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१९६४ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | विज्ञान र प्रविधिको निरन्तर विकासले हरेक वर्ष नयाँ नयाँ किसिमका चिकित्सकीय उपकरण तथा सामग्रीको उपलब्धता बढ्दै गएको छ। त्यसैले चिकित्सा क्षेत्रमा प्रयोग भइरहेका यी उपकरणहरुबाट नागरीकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नका लागि यसको प्रयोग, मर्मत सम्भार आवश्यक हुने भएकाले विद्यमान जनशक्तिहरुलाई यस सम्बन्धी तालिम उपलब्ध गराइ सीप विकास गर्न यस किसिमको कार्यक्रम राखिएको हो। |
| उद्देश्य | बायोमेडिकल उपकरणहरुको खरिद, प्रयोग, मर्मत सम्भार गर्नका लागि क्षमता विकास तालिम सञ्चालन गर्ने। |
| अपेक्षित प्रतिफल | स्वास्थ्य क्षेत्रमा प्रयोग भएका चिकित्सकीय उपकरण तथा सामग्रीको निरन्तर प्रयोग भइ सर्वव्यापी स्वास्थ्यको पहुँचमा वृद्धि हुनेछ। |



मा. मन्त्री

| | |
|---|---|
| सञ्चालन प्रकृया | • प्रदेशमा रहेको बायोमेडिकल मर्मत इकाइको सञ्चालन तथा थप सुदृढीकरणका लागि आवश्यक व्यवस्था गर्ने, <br>• बयोमेडिकल इञ्जिनियरिङ सम्बन्धी क्षमता विकास तालिम सञ्चालनका लागि राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र तथा CTEVT सँग समन्वय गर्ने र आवश्यकता अनुसार तालिम सञ्चालन गर्ने। |
| बजेट बाँडफाँट | बायोमेडिकल मर्मत इकाइको सञ्चालन, प्राविधिक व्यवस्थापन, उपकरण ओसारप्रसार तथा मर्मत खर्चको बाँडफाँट। |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्वन्धी मापदण्डहरु। |
| अनुगमन सूचक | तालिम सम्पन्न प्रतिवेदन तथा कार्यक्रम सञ्चालनको बिल तथा अन्य कागजातहरु, उपस्थिति, प्रतिबेदन |

२९. क्रियाकलापः औषधिको उचित प्रयोग र एन्टी माइक्रोबियल प्रतिरोधी गतिविधिहरु

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१९८३ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, सबै जन/स्वास्थ्य सेवा कार्यालयहरु | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रतिजैविक प्रतिरोध Antimicrobial Resistant (AMR) विश्वव्यापी जनस्वास्थ्य संकट बनेको छ, जसले औषधिहरूलाई अकार्यक्षम बनाउँदै लाखौंको ज्यान लिइरहेको छ। यसले विश्वको अर्थतन्त्रमा समेत ठूलो प्रभाव पार्दै सन् २०५० सम्ममा करोडौंलाई गरिबीमा धकेल्ने अनुमान छ। समस्या समाधानका लागि विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय पहलहरू अघि सारिएका छन्। नेपालमा पनि प्रतिजैविक प्रतिरोध न्यूनीकरणका लागि कानुनी व्यवस्था, नीतिगत पहल, र "एक स्वास्थ्य रणनीति" लागू गरिएका छन्, जसले औषधिको दुरुपयोग रोक्न र सचेतना अभिवृद्धि गर्न ध्यान केन्द्रित गरेको छ। Antimicrobial Resistant (AMR) न्यूनिकरणका साथै संक्रमणको भयावक अवस्था आउन नदिन प्रदेशस्तरमा One Health Approach अन्तर्गत अन्तर मन्त्रालय समन्वय सहकार्य गर्न तथा सचेतना फैलाउने खालका बिभिन्न क्रियाकलापहरु गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | एन्टीबायोटिकको अनुचित प्रयोगबाट हुन सक्ने एन्टिमाईक्रोबियल प्रतिरोधकको अवस्था बारे जानकारी गराउने। |
| अपेक्षित प्रतिफल | प्रतजैविक प्रतिरोधको अवस्था, यसबाट हुन सक्ने जोखिम तथा रोकथामका बारेमा सरोकारवाला तथा समुदायमा जानकारी भएको हुनेछ। |


मा. मन्त्री

| | |
|---|---|
| सञ्चालन प्रकृया | • सम्वन्धित सरोकारवालाहरूलाई समुचित औषधि प्रयोग तथा एन्टिमाईक्रोवियल प्रतिरोधकको बारेमा अभिमुखीकरण गर्ने,<br>• सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुमा सचेतना फैलाउनका लागि विद्यालय लक्षित कार्यक्रमहरु आयोजना गरिनेछ,<br>• समुचित औषधि प्रयोग तथा एन्टिबायोटिकको प्रतिरोध सम्बन्धी चेतनामूलक सन्देश तयारी, प्रकाशन तथा प्रसारण गरी सचेतना कार्यक्रम सञ्चालन गर्न सकिने,<br>• सरकारी, निजि तथा गैरसरकारी अस्पतालहरुमा समन्वय गरी एन्टिबायोटिकको प्रतिरोध तथा औषधीको समुचित प्रयोग सम्बन्धी क्रियाकलाप गर्ने,<br>• विश्व एन्टिमाईक्रोबियल सचेतना सप्ताहमा विभिन्न कार्यक्रमहरु आयोजनाका लागि समेत बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्न सकिने,<br>• प्रदेश जनस्वास्थ्य प्रयोगशालाले अन्य अस्पतालसँग समन्वय गरी एन्टिमाईक्रोबियल प्रतिरोधको निगरानी गर्ने,<br>• राष्ट्रिय तथा प्रादेशिक तहमा रहेका संघ संस्थाहरुको समन्वयमा कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ। |
| बजेट बाँडफाँट | दैनिक भ्रमण भत्ता, खाजा, स्टेशनरी, हल भाडा, अन्य खर्च |
| सन्दर्भ सामग्री | प्रतिजैविक प्रतिरोध राष्ट्रिय कार्ययोजना (NAP-AMR) २०८०/८१-८४/८५, प्रचलित नियम, निर्देशिका तथा मापदण्डहरु |
| अनुगमन सूचक | कार्यक्रम सञ्चालनको बिल तथा अन्य कागजातहरु, उपस्थिति, प्रतिवेदन,प्रकाशित शैक्षिक सामग्रीहरु |

### ३०. क्रियाकलाप: MSS फलोअप र प्राविधिक सहयोग र MSS नतिजाको आधारमा सुदृढिकरण

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८६३ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, प्रदेश अस्पताल, मेहलकूना अस्पताल, सबै जन/स्वास्थ्य सेवा कार्यालयहरु, आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | प्रदेश स्तरका अस्पतालहरु तथा स्वास्थ्य संस्थाहरुको न्युनतम सेवा मापदण्डको अनुगमन, फलोअप तथा समीक्षा गर्न यस कार्यक्रम राखिएको हो। |
| उद्देश्य | प्रदेश स्तरका अस्पतालहरु न्युनतम सेवा मापदण्डको अनुगमन गरीआवश्यकता अनुसार सुदृढिकरण गर्ने। |
| अपेक्षित प्रतिफल | प्रदेशस्तरका अस्पतालहरु न्युनतम सेवा मापदण्डको हाल सम्मको उपलब्धी र समस्याको |


मा. मन्त्री

| | |
|---|---|
| | पहिचान भई निरन्तर सुदृढिकरण भई स्वास्थ्य संस्थाहरुले दिने सेवाको गुणस्तरमा वृद्वि भएको हुनेछ। |
| कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत। |
| सञ्चालन प्रकृया | • प्रदेशस्थित अस्पतालहरुको न्युनतमको सेवा मापदण्ड वर्षको २ पटक फलोअप गर्नुपर्ने,<br>• प्रदेश स्थित अस्पतालहरु, आयुर्वेद स्वास्थ्य केन्द्र र स्वास्थ्य संस्थाहरुको न्युनतमको सेवा मापदण्ड सम्बन्धित प्रदेशस्तरीय समीक्षा गर्नुपर्ने,<br>• न्यूनतम सेवा मापदण्डमा पत्ता लागेका समस्याहरुको समाधानका लागि आवश्यक सामग्री तथा उपकरणहरुको खरिद तथा व्यवस्थापन गर्ने। |
| बजेट बाँडफाँट | प्राप्त बजेटबाट प्रदेश/नेपाल सरकारको आर्थिक ऐन नियमानुसार दैनिक भ्रमण भत्ता, यातायात र समस्या समाधानका लागि सामग्रीहरुको खरिद व्यवस्थापन |
| सन्दर्भ सामग्री | उपचारात्मक सेवा महाशाखाले तयार गरेको MSS Tools र निर्देशिका तथा सार्वजनिक खरिद एन २०६३ तथा नियमावली २०६४ |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## ३१. क्रियाकलाप: पानी / खाद्य गुणस्तर निगरानी सम्बन्धी कृयाकलाप

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८९६ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय, प्रदेश जनस्वास्थ्य प्रयोगशाला | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | समुदायस्तरमा खानेपानी तथा सरसफाइ सम्बन्धका गतिविधिहरु विशेष गरी खानेपानीको अवस्था र गुणस्तरियता कायम गर्नका लागी खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धि राष्ट्रिय मापदण्ड अनुसार सबैतहका सबै समुदायमा वितरण गरिएको खानेपानीको गुणस्तर परिक्षण तथा निगरानि कार्य गर्नका लागी स्थान छनोट समेत गर्नका लागी बजेट बिनियोजन गरिएको। |
| उद्देश्य | सुरक्षित तरिकाले व्यवस्थित स्वस्थ्य तथा स्वच्छ खानेपानी व्यवस्थापन भएको हुने छ। |
| अपेक्षित प्रतिफल | सबै खानेपानी योजनामा **Water Safety Plan (WSP)** कार्यविधि कार्यान्वय अनुसार खानेपानीको गुणस्तर निगरानी भएको हुने। |
| सञ्चालन प्रकृया | • समुदायस्तरका जनप्रतिनिधि,सम्बन्धित खानेपानी उपभोक्ता समिति तथा स्वास्थ्य सरसफाईका सरोकारवालाहरुलाई पानीको गुणस्तर निगरानीका बारेमा अभिमुखिकरण गर्ने,<br>• पानीको गुणस्तर निगरानीका लागि उपभोक्ता समितिलाई स्थलगत अनुशिक्षण गर्ने,<br>• हरेक २/२ महिनामा प्रादेशिक पानी गुणस्तर निगरानी समितिको बैठक सञ्चालन गर्ने,<br>• स्थानीय तहका जनप्रतिनिधि तथा स्वास्थ्य संयोजकहरुलाई पानी तथा खाद्य गुणस्तरका बारेमा १ दिने अभिमुखिकरण गर्ने, |

| | |
|---|---|
| | • होटल, रेष्टुरेण्ट, दुग्धडेरी, मासुपसल, तथा अन्य खानेकुरा बिक्रि वितरण र उपभोग स्थलको अनुगमन गर्ने र नमूना संकलन गरी अबलोकन तथा परिक्षण गर्ने, <br>• आवश्यकता अनुसार रिएजेन्ट तथा अन्य केमिकलको खरिद गर्ने |
| बजेट बाँडफाँट | प्रचलित कर्णाली प्रदेश सरकारको खर्च मापदण्ड अनुसार दैनिक भ्रमण भत्ता,यातायात खर्च, दैनिक भत्ता, खाजा, केमिकल खरिद आदि। |
| सन्दर्भ सामग्री | कार्यसञ्चालन निर्देशिका तथा खर्च सम्बन्धी मापदण्ड अनुसार। |
| अनुगमन सूचक | कार्यक्रम संग सम्बन्धित प्रतिवेदनहरु |

३२. क्रियाकलापः गुणस्तर सुधार कार्यक्रम (स्थानीय स्तर सहित)

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१९६५ | २२५२२ | PLMBIS अनुसार | सामाजिक विकास मन्त्रालय/ स्वास्थ्य सेवा निर्देशनालय, सबै जन/ स्वास्थ्य सेवा कार्यालयहरु | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | रोगको रोकथाम, निदान तथा उपचार मार्फत गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन ऐन कानून तथा नेतृत्व विकास लगायत गुणस्तरीय पूर्वाधार, जनशक्ति, गुणस्तरीय सेवा र गुणस्तरीय औषधि तथा उपकरण उपलब्ध गराइ स्वास्थ्य प्रणालीको सुदृढ गर्ने अभिप्रायले स्थानीय तथा प्रादेशिक तहमा विभिन्न क्रियाकलापहरु सञ्चालन गर्नका लागि यस किसिमको कार्यक्रम राखिएको हो। |
| उद्देश्य | आधारभूत तथा विशेषज्ञ स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्ने। |
| अपेक्षित प्रतिफल | स्वीकृत मापदण्ड अनुसार स्वास्थ्य सेवा प्रदान हुनेछ, सर्ने तथा नसर्ने रोगको भारमा कमी आउनेछ, रोगको संक्रमण दरमा कमी आउनेछ। |
| सञ्चालन प्रकृया | • प्रदेशस्तरमा स्वास्थ्य सेवाको गुणस्तर समिति गठन हुनेछ र हरेक ३/३ महिनामा नियमित बैठक हुनेछ, <br>• गुणस्तरीय स्वास्थ्य सेवाका लागि समितिका सदस्य मध्येबाट लागि १ जना फोकल तोकिनेछ, <br>• स्वास्थ्य सेवाको गुणस्तर सम्बन्धी मापदण्ड, निर्देशिका, क्लिनिकल प्रोटोकलहरुको कार्यान्वयन गर्ने, आवश्यक भएमा तयार गर्ने र स्वास्थ्य संस्थामा उपलब्ध गराउने व्यवस्था गरिनेछ, <br>• स्थानीय तथा प्रादेशिक तहका सरकारी, निजी तथा गैरसरकारी स्वास्थ्य सेवा प्रदायक संस्थाहरुले प्रदान गरेको सेवाको नियमित अनुगमन, नियमन, निगरानी तथा गुणस्तर परिक्षण र सर्भेक्षण गर्ने, <br>• स्वास्थ्यजन्य उत्पादनहरु, सामग्रीहरु, उपकरणहरुको गुणस्तर परिक्षण तथा क्यालिब्रेशन गर्ने, |



मा. मन्त्री

| | |
|---|---|
| | • सरकारी स्वास्थ्य संस्थाका सेवा तथा उपकरणहरुको गुणस्तर सुनिश्चित गर्ने,<br>• गुणस्तर परिक्षण तथा सर्भेक्षणका लागि बाह्य संस्थाबाट परामर्श सेवा लिन सकिनेछ। |
| बजेट बाँडफाँट | प्रचलित कर्णाली प्रदेश सरकारको खर्च मापदण्ड अनुसार दैनिक भ्रमण भत्ता, यातायात खर्च, दैनिक भत्ता, खाजा, |
| सन्दर्भ सामग्री | कार्यसञ्चालन निर्देशिका तथा खर्च सम्बन्धी नेपाल सरकार तथा प्रदेश सरकारबाट स्वीकृत मापदण्ड अनुसार। |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## ३२. क्रियाकलापः स्वास्थ्य प्रवर्द्धन कृयाकलापहरु

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८९७ | २२५२२ | PLMBIS अनुसार | सामाजिक विकास मन्त्रालय, प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र, स्वास्थ्य सेवा निर्देशनालय र सबै जन/स्वास्थ्य सेवा कार्यालयहरु | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | विगत लामो समयदेखि नेपालमा रोगहरुको उन्मूलन निवारण नियन्त्रण र रोकथामका लागि विभिन्न नीतिगत व्यवस्थाका साथै विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन भइरहेका छन्। संक्रामक रोगहरुको रोकथाम नियन्त्रण र निबारणमा हामीले पर्याप्त सफलता प्राप्त गरेका छौं। यद्यपी बदलिँदो जीवनशैली आहार विहारका कारण नसर्ने रोगहरुको भार दिनानुदिन बढ्दै गइरहेको छ भने बढ्दो वातावरणीय विनाश र जलवायु परिवर्तनका कारण विभिन्न किसिमका रोगहरुको Emerging / Reemerging हुनसक्ने परिस्थिति देखिन्छ। त्यसंले सर्ने तथा तथा नसर्ने रोगको रोकथाम, नियन्त्रण, निदान, निगरानी तथा उपचारमा सचेतना फैलाउने अभिप्रायले यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | सर्ने तथा नसर्ने रोगको रोकथाम, नियन्त्रण गरी नागरीकलाई सुरक्षित राख्नु। |
| अपेक्षित प्रतिफल | जनचेतनामा अभिवृद्धि भइ रोगलाग्ने दरमा कमी आउनेछ। |
| सञ्चालन प्रक्रिया | • स्वास्थ्य प्रवर्धनका लागि विभिन्न स्वास्थ्य सूचनामूलक श्रव्य दृश्य सामग्रीहरुको उत्पादन गरिनेछ,<br>• सवारी दुर्घटनालाई न्यूनीकरणका लागि ट्राफिक प्रहरी तथा सवारी चालकसँग सम्बन्धित व्यवसायीहरुसँग अन्तर्क्रिया गरिनेछ,<br>• महामारी तथा प्रकोपका अवस्थामा प्रयोग हुने संक्रमणीय रोग तथा रोकथामका लागि विभिन्न सूचनामूलक सामग्रीको विकास, उत्पादन तथा वितरण गरिनेछ,<br>• उन्मूलन, निबारण, नियन्त्रण तथा रोकथाम गर्नुपर्ने विभिन्न रोगका बारेमा सूचना तथा सन्देशमूलक सामग्रीको उत्पादन तथा वितरण गर्ने,<br>• सञ्चारकर्मीहरुसँग अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्ने।<br>• स्थानीय स्तरमा रहेका मुख्य स्वास्थ्य समस्या तथा चुनौतीहरु पहिचान गरी आवश्यकता अनुसार विभिन्न सञ्चार माध्यम मार्फत जानकारी संप्रेषण गर्ने, |



मा. मन्त्री

| | |
|---|---|
| बजेट बाँडफाँट | श्रव्यदृश्य, पोष्टर पम्पलेट, फ्यासकार्ड सामग्री उत्पादन, प्रकाशन, प्रसारण, दैनिक भ्रमण भत्ता तथा यातायात खर्च |
| सन्दर्भ सामग्री | पेन प्याकेज पुस्तिका २०७५, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु। |
| अनुगमन सूचक | सहभागी संख्या, कार्यक्रम सम्पन्न प्रतिवेदन |

३४. क्रियाकलाप: मिडिया परिचालन सहित IEC सामग्री विकास र वितरण

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१८९८ | २२५२२ | PLMBIS अनुसार | स्वास्थ्य सेवा निर्देशनालय, मानव संसाधन विकास केन्द्र,स्वास्थ्य सेवा निर्देशनालय, प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र, सबै जन/स्वास्थ्य सेवा कार्यालयहरु | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | नागरीकहरुलाई स्वास्थ्य सम्बन्धी समसामयिक स्वास्थ्यका विषयमा आम जनसमुदायमा उपयोगी हुने खालका IEC/BBC सामग्री उत्पादन साथै स्वास्थ्य क्षेत्रका नीतिगत व्यवस्था प्रगति तथा नागरीकहरुलाई प्रभाव सञ्चार माध्यमलाई समेतको सहभागितामा बहसपैरवी गर्नुपर्ने भएकाले यस किसिमको कार्यक्रम राखिएको हो। |
| उद्देश्य | महिला बालबालिका र किशोरकिशोरी तथा ज्येष्ठ नागरीक केन्द्रित बिभिन्न सूचनामूलक विद्युतीय सामग्रीको उत्पादन वितरण साथै सञ्चार मिडिया मार्फत बहस पैरवी गर्ने |
| अपेक्षित प्रतिफल | लक्षित नागरीकहरुको स्वस्थकर बानी व्यवहार परिवर्तन भई रोगको भारमा कमी आउनेछ। |
| सञ्चालन प्रकृया | • सूचनामूलक सामग्री उत्पादनका लागि विद्युतीय सञ्चार सम्बन्धी कार्यदलको गठन गरिनेछ<br>• कार्यदलले प्राथमिकता तथा रोगभारका आधारमा बिभिन्न सूचना मूलक स्वास्थ्य सामग्रीको पहिचान गर्नेछ<br>• पहिचानका आधारमा सूचनामूलक सामग्रीको बिकास गरिनेछ<br>• स्वास्थ्य क्षेत्रका हालसम्म भएका प्रगति तथा सवालहरुका बारेमा सञ्चार माध्यम तथा सरोकारवाला निकायहरुसँग अन्तर्क्रिया सञ्चालन गरिनेछ<br>• उत्पादन भएका सामग्रीहरु हरेक स्वास्थ्य संस्था वा लक्षित समूहसम्म पुग्नेगरी वितरण गरिनेछ<br>• सामग्रीको उपभोग तथा जानकारीका बारेमा लक्षित समूहबाट पृष्ठपोषण लिइनेछ। |
| बजेट बाँडफाँट | विभिन्न खालका सामग्री उत्पादन वितरणका लागि बजेटको बाँडफाँट गरिनेछ। |
| सन्दर्भ सामग्री | विद्युतीय सञ्चार नीति तथा महिला बालबालिका तथा किशोरकिशोरी केन्द्रित विभिन्न खालका उत्पादित तथा प्रकाशित IEC/BCC सामग्रीहरु |
| अनुगमन सूचक | उत्पादन तथा छपाइ गरिएका सामग्रीहरुको नमूना<br>सञ्चारकर्मी अन्तर्क्रिया कार्यक्रममा संलग्न सहभागीहरुको हाजिरी तथा कार्यक्रम सम्पन्न प्रतिवेदन |

मा. मन्त्री

## ठ. स्थानीय तह अन्तर्गत सञ्चालन हुने कार्यक्रमहरु

### १. क्रियाकलापः स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन रकम

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१५ | २६३३१ | ४२६२० | कर्णाली प्रदेशमा रहेका सबै स्थानीय तह | स्वीकृत कार्ययोजना बमोजिम |

| | |
|---|---|
| परिचय | महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको सेवाभावलाई उच्च कदर गर्दै सो सेवाभावको निरन्तरता र निजहरुको मनोबल उच्च बनाउन आवश्यक देखिएकाले सबै स्थानीय तहमा कार्यरत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको प्रोत्साहन स्वरुप थप उत्प्रेरणा प्रदान गर्ने अभिप्रायले यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको उच्च कदर गर्दै प्रोत्साहन स्वरुप वार्षिक एकमुष्ठ रकम उपलब्ध गराउनु। |
| अपेक्षित प्रतिफल | समुदायमा सचेतना अभिवृद्धि गरी रोगहरुको रोकथाम, नियन्त्रण तथ उपचारमा निरन्तर खटिई राखेछन्। |
| सञ्चालन प्रकृया | • हरेक स्थानीय तह अन्तर्गत रहेका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका यस कार्यक्रमको लक्षित समूह हुनेछन्।<br>• नेपाल सरकारको विधुतीय स्वास्थ्य सूचना प्रणाली अन्तर्गत DHIS-२ मा दर्ता भएका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको पछिल्लो संख्या अनुसार स्थानीय तहमा बजेट पठाइएको छ।<br>• बजेट विनियोजन भएका स्थानीय तहहरुले आफ्नो क्षेत्रभित्र रहेका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रतिव्यक्ति रु.१०,०००/- (अक्षरेपि दशहजार रुपैयाँ मात्र) का दरले प्रोत्साहन भत्ता उपलब्ध गराइएको छ।<br>• उक्त रकम स्थानीय तहले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको बैंक खाता मार्फत एकमुष्ठ उपलब्ध गराउनुपर्नेछ। |



मा. मन्त्री

| | |
|---|---|
| | • यदि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले काम गर्न अनिच्छुक भई राजिनामा गरेमा, वैतनिक पदमा बहाल भएमा, जनप्रतिनिधि चयन भई बहाल रहेमा, निज अनुपस्थित भएमा, सेवा गर्न असमर्थ भएमा, अन्यत्र बसाइसराइ गएमा र मृत्यु भएमा ती स्वयंसेविकाहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराइने छैन।<br>• उक्त उपलब्ध गराएको रकमको बिल भौचरको सक्कल प्रतिलिपि सामाजिक विकास मन्त्रालयमा उलब्ध गराउनुपर्नेछ। |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश स्वास्थ्य कार्यक्रम सञ्चालन कार्यविधि २०८१/०८२ अनुसार प्रोत्साहन भत्ताको बाँडफाँट। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश स्वास्थ्य कार्यक्रम सञ्चालन कार्यविधि २०८१/०८२ तथा प्रदेश सरकारका तर्फबाट भएका निर्णयहरु। |
| अनुगमन सुचक | रकम जम्मा गरेको बैंक भौचर वा भरपाई। |

२. क्रियाकलापः कर्णाली प्रदेश सरकारको सुत्केरी पोषण कोसेली कार्यक्रम

| क्रियाकलाप संकेत नं. | खर्च शीर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२२.१४ | २६३३१ | ६८२४६ | कर्णाली प्रदेशमा रहेका सबै स्थानीय तह | स्विकृत कार्ययोजना बमोजिम |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेश सरकारले स्वास्थ्य संस्थामा प्रसुति गराउन उत्प्रेरित गर्न र सुत्केरी महिला तथा नवजात शिशुलाई कुपोषण हुनबाट बचाउन कर्णाली प्रदेशका सबै स्थानीय तहहरुमा सुत्केरी पोषण कोसेली कार्यक्रम राखिएको छ। |
| उद्देश्य | मातृ तथा नवशिशु मृत्युदर कम हुने र सुत्केरी आमा तथा नवशिशुलाई कुपोषण हुनबाट बचाउने। |
| अपेक्षित प्रतिफल | सुत्केरी महिला तथा नवजात शिशुको पोषणको अवस्थामा सुधार गर्न सहयोग पुग्नेछ। |
| सञ्चालन प्रकृया | • सामाजिक विकास मन्त्रालयबाट सुत्केरी पोषण अन्तर्गतको रकम हरेक स्थानीय तहमा |



मा. मन्त्री

| | |
|---|---|
| | पठाइएको छ, <br>• सुत्केरी महिला यस कार्यक्रमको लक्षित समूह हुनेछन्, <br>• नेपाल सरकारको विद्युतीय स्वास्थ्य सूचना प्रणाली अनुसार प्रक्षेपित संख्याका आधारमा बजेट पठाइएको छ, <br>• गर्भवती महिला जुनसुकै अस्पताल वा स्वास्थ्य संस्थामा सुत्केरी भए तापनि निज महिला बसोबास गरेको स्थानीय तहबाटै उक्त कोसेली रकम भुक्तानी हुनेछ, <br>• उक्त उपलब्ध गराएको रकमको बिल भौचरको सक्कल प्रतिलिपि सामाजिक विकास मन्त्रालयमा उलब्ध गराउनुपर्नेछ, <br>• अन्य प्रावधान कर्णाली प्रदेश सरकारले निर्माण गरेको सुत्केरी पोषण कोसेली कार्यक्रम सञ्चालन कार्यविधि, २०८० बमोजिम भुक्तानी दिने। |
| बजेट बाँडफाँट | सुत्केरी पोषण कोसेली कार्यक्रम सञ्चालन कार्यविधि,२०८० बमोजिम भुक्तानी दिने। |
| सन्दर्भ सामग्री | सुत्केरी पोषण कोसेली कार्यक्रम सञ्चालन कार्यविधि,२०८० |
| अनुगमन सुचक | सुत्केरी पोषण कोसेली कार्यक्रम सञ्चालन कार्यविधि,२०८० निवेदन, रकम बुझेको भरपाई तथा वार्षिक प्रतिवेदन। |

३. क्रियाकलाप: सामुदायिक स्वास्थ्य इकाइ

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट (हजारमा) | सञ्चालन गर्ने निकाय | सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२०.१<br>२.७.२० २ र<br>२.७.२०. १६ देखि ८७ सम्म | २६३३१ | २१३०० | सामुदायिक स्वास्थ्य इकाइ स्थापना तथा सञ्चालन भएका तोकिएका स्थानीय तहहरु | स्वीकृत कार्ययोजना बमोजिम |

| | |
|---|---|
| परिचय | जनस्वास्थ्य सेवा ऐन २०७५, नियमावली २०७७ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार आधारभूत स्वास्थ्य सेवा तथा सरसफाइ स्थानीय तहको दायित्व भित्र |

मा. मन्त्री

| | |
|---|---|
| | पर्दछ। स्वास्थ्य संस्थाबाट टाढा वा दुर्गम स्थानमा बसोबास गर्दै आएका र स्वास्थ्य सेवाबाट बञ्चित रहेका समुदायलाई गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाको पहुँच उपलब्ध गराउने अभिप्रायले यस प्रदेशका विभिन्न स्थानमा विगत लामो समयदेखि सामुदायिक स्वास्थ्य इकाइ स्थापना गरी स्वास्थ्य सेवा प्रदान गर्रिदै आएकाले यसको निरन्तरताका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | स्वास्थ्य सेवाबाट बञ्चित रहेका समुदायलाई गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाको पहुँच उपलब्ध गराउने। |
| अपेक्षित प्रतिफल | गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाको पहुँचमा बृद्धि हुनेछ। |
| सञ्चालन प्रकृया | • स्थानीय तह अन्तर्गत सञ्चालन भइरहेका सामुदायिक स्वास्थ्य इकाइमा कार्यरत स्वास्थ्यकर्मीहरु यस कार्यक्रमको लक्षित समूह हुनेछन्।<br>• सामुदायिक स्वास्थ्य इकाइमा सेवा करारमा कार्यरत हे.अ./अहेव, स्टाफ नर्स/ अनमीको मासिक पारिश्रमिकका लागि उपलब्ध रकम खर्च गरिनेछ।<br>• स्थानीय तहले दुईपक्षीय सम्झौता बमोजिम सेवा करार गर्नुपर्नेछ भने पारिश्रमिक सेवा करारमा नै उल्लेख गरिएको हुनेछ।<br>• उक्त रकम स्थानीय तहले सेवा करारमा कार्यरत स्वास्थ्यकर्मीको बैंक खाता मार्फत मासिक रुपमा उपलब्ध गराउनुपर्नेछ। पारिश्रमिक माग गर्दा करारमा रहेको स्वास्थ्यकर्मीको हाजिरीको प्रतिलिपि अनिवार्य पेश गर्नुपर्नेछ।<br>• सामुदायिक स्वास्थ्य इकाइका लागि आवश्यक हुने औषधि तथा उपकरण सम्बन्धित स्थानीय तहले नै उपलब्ध गराउनेछ।<br>• करारमा कार्यरत स्वास्थ्यकर्मीले दैनिक कार्यालयमा हाजिरी भई नागरीकहरुका लागि आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउनुपर्नेछ।<br>• उक्त उपलब्ध गराएको पारिश्रमिकको विल भौचरको सक्कल प्रतिलिपि सामाजिक विकास मन्त्रालयमा उलब्ध गराउनुपर्नेछ। |
| बजेट बाँडफाँट | पारिश्रमिक तथा अन्य प्रशासनिक खर्च। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश स्वास्थ्य कार्यक्रम सञ्चालन कार्यविधि, २०८१/०८२, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ तथा प्राविधिक सेवा करार सम्बन्धी कार्यविधि, २०७४ |
| अनुगमन सूचक | हाजिरी विवरण, द्विपक्षीय सम्झौता, पारिश्रमिक भुक्तानी गरेको विवरण। |



मा. मन्त्री

## पूँजीगततर्फका क्रियाकलापहरु

**१. खर्च शीर्षक: गैर आवासीय भवन निर्माण/खरिद (३१११२), अन्य सार्वजनिक निर्माण (३११५९) र निर्मित भवनको संरचनात्मक सुधार खर्च (३११६१) अन्तर्गतका क्रियाकलापहरू**

| | |
|---|---|
| परिचय | सरकारी तथा सार्वजनिक प्रयोगका निर्माण तथा निर्मित संरचनाको मर्मत तथा सुधारका लागि पुँजीगत खर्च शीर्षक तर्फ ३१११२ (गैर आवासीय भवन निर्माण/खरिद), ३११५९ (अन्य सार्वजनिक निर्माण) र ३११६१ (निर्मित भवनको संरचनात्मक सुधार खर्च) खर्च शीर्षकहरुमा बजेट विनियोजन गरिएको छ ।<br>खर्च शीर्षक ३१११२ गैर आवासीय भवन निर्माण/खरिद अन्तर्गत डिजाइन तथा इष्टिमेट बमोजिम कार्यालय भवन, भवन तथा जग्गाको कम्पाउन्ड वाल निर्माण लगायतका भवनजन्य संरचनाको निर्माण खरीद गर्न लाग्ने खर्चहरूको साथै भइरहेको भवनमा कोठा वा तला थप गर्ने कार्यक्रमहरू पर्दछन्, भने खर्च शीर्षक ३११५९ अन्य सार्वजनिक निर्माणमा गैर आवासीय भवन निर्माण बाहेकका अन्य सार्वजनिक प्रयोजनका लागि प्रयोग हुने निर्माण वा खरिद जस्तैः कम्पाउण्ड वाल, घेरावार, खेलमैदान, रङ्गशाला शौचालय आदि पर्दछन।<br>खर्च शीर्षक ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च अन्तर्गत भइरहेको भवन तथा अन्य संरचना सम्बन्धी संरचनाको आयु थप हुने गरी गरिने पुँजीगत प्रकृतिका कार्यक्रमहरू जस्तैः निर्मित भवन, कक्षाकोठा, कम्पाउण्ड वाल, शौचालय, खेलमैदान आदिको मर्मत तथा संरचनात्मक सुधारजन्य कार्यहरू पर्दछन् । |
| उद्देश्य | सरकारी/सार्वजनिक प्रयोगका गैर आवासीय भवन निर्माण तथा मर्मत सुधार साथै अन्य सार्वजनिक निर्माण गर्नु । |
| अपेक्षित प्रतिफल | प्रदेशको शिक्षा, स्वास्थ्य तथा सामाजिक क्षेत्रमा भौतिक पूर्वाधारको विकास भई सेवा प्रवाह प्रभावकारी हुनका साथै आवासका लागि आवश्यक पर्ने स्रोत र साधन उपलब्ध हुनेछ । |
| सञ्चालन प्रकृया | . रू. ३० लाख भन्दा बढी रकम विनियोजन भएका आयोजनाहरू उपभोक्ता समितिमार्फत कार्यान्वयन नगरी खुला बोलपत्रमार्फत खरिद गर्नु पर्नेछ। कुनै विशेष कारणवश खुला बोलपत्रमार्फत खरिद हुन नसक्ने भएमा सोको स्पष्ट कारण र आधार खुलाई सम्बन्धित लेखा उत्तरदायी अधिकृतले मन्त्रालयबाट बाट सहमति लिई आयोजना कार्यान्वयन गर्न सकिनेछ।<br>. रू ३० लाख र सो भन्दा मुनिका योजनाहरू प्रचलित कानुन बमोजिम व्यवस्थापन समिति वा उपभोक्ता समिति वा अन्य विधि अपनाई गर्न सकिनेछ ।<br>. निर्माण भई सञ्चालनमा रहेका निर्मित सार्वजनिक संरचनाहरूको मर्मत सम्भार एवम् जीर्णो उद्धारका, प्रकोपमा क्षति भएका भवनहरूको मर्मत सुधार आदि कार्यहरूका लागि अनुगमन तथा निरीक्षण गरी आवश्यकता अनुसार लागत अनुमान तयार गरी कार्यालय प्रमुखसँग स्वीकृत गराई खर्च गर्न गर्नुपर्नेछ ।<br>. विद्यालय घेराबार, खेलमैदान निर्माण, मठ मन्दिर निर्माण, शौचालय निर्माण, तथा अन्य निर्माणहरू र पूर्वाधारको स्तरोन्नती लागि ३११५९ खर्च शीर्षक अन्तर्गतका क्रियाकलापहरुमा सञ्चालन गर्नु पर्नेछ । |
| सञ्चालन अवधी | स्वीकृत वार्षिक कार्यक्रम अनुसार |
| बजेट बाँडफाट | PLMBIS अनुसार (स्वीकृत कार्य योजना अनुसार) |
| सन्दर्भ सामग्री | प्रचलित ऐन नियमानुसार |
| प्रगति सूचक | अनुगमन प्रतिवेदन, बिल भर्पाई र फोटोहरू |



मा. मन्त्री

अनुसूची-१

(खण्ड "ख" को क्रियाकलाप नं.१ संग सम्बन्धित)

औषधीका प्रतिकूल असर व्यवस्थापनमा प्रयोग हुने औषधीहरूको सूची

| Adverse reaction | Suspected agents | Suggested management |
|---|---|---|
| Anorexia | Z, Pto, Eto | Appetite stimulant (for example, pizotifen) |
| Arthralgia | Z | Nonsteroidal anti-inflammatory drugs (NSAIDs); paracetamol; exercise |
| Change in behavior talkativeness, irritability) | Cs, Ofx | Haloperidol; pyridoxine ५०mg/२५०mg of Cs, up to २००mg/day maximum |
| Cutaneous reaction | H, R, Z, E, Pto, Eto, Cs,PAS, S and other aminoglycosides | Antihistamines; hydrocortisone creams |
| Depression | Cs,H, Pto, Eto | Selective serotonin reuptake inhibitors (fluoxetine, sertraline); tricyclic antidepressants (amitriptyline) |
| Diarrhoea | PAS | Rehydration; loperamide |
| Excessive salivation | Eto, Pto | Ice chips; metoclopramide |
| Flu-like syndrome | R | Paracetamol |
| Gastritis | PAS, Pto, Eto | Antacids (for example, calcium carbonate); H२ blockers; proton pump inhibitors |
| Gynecomastia | Pto, Eto | Reassurance; surveillance |
| Headaches | Pto, Eto | Nonsteroidal anti-inflammatory drugs (NSAIDs); paracetamol; exercise |
| Insomnia | Ofx, Lfx, Mfx | Antihistamine; zolpidem |
| Metallic taste | Pto, Eto | Reassurance |

| | | |
|---|---|---|
| Musculoskeletal pain | No specific medicine | Nonsteroidal anti-inflammatory drugs (NSAIDs); paracetamol |
| Nausea and vomiting | Pto, Eto, PAS, R H, Z, E | Rehydration; metoclopramide; divide dose (morning and afternoon) only if both doses can be supervised |
| Olfactory hallucination | Pto, Eto | Reassurance |
| Peripheral neuropathy | I, N, H, Cs, S, Km, Pto, Eto, FQ | Increase pyridoxine to maximum daily dose (२०० mg/day); tricyclic antidepressants (for example, amitriptyline) |
| Pain at injection site | S, Km, Am, Cm | Cold compress |
| Photophobia | Pto, Eto | Reassurance |
| Vertigo or dizziness | S, Km, Cm, Pto, Eto | Betahistine; cinnarizine |

थप व्याख्या: क्षयरोग विशेषज्ञको सिफारिस बमोजिम थप औषधी पनि खरिद गर्ने ।

मा.मन्त्री

प्रदेश सचिव

अनुसूची-२

(खण्ड "झ" को क्रियाकलाप न.२ संग सम्बन्धित)

अस्पतालमा भर्ना भएका बिरामीका लागि प्रति दिन/प्रतिव्यक्ति राशनको सूची

| सि.न. | खाद्यान्न | राशनको विवरण | परिमाण | इकाई |
|---|---|---|---|---|
| १ | चामल | मन्सुली सफा | ०.६६० | के.जी. |
| २ | दाल | मिश्रित | ०.१७६ | के.जी. |
| ३ | तेल | तोरीको | ०.०२२ | लि. |
| ४ | नुन | आयोडिनयुक्त | ०.०२२ | के.जी. |
| ५ | आलु | रातो | ०.२०० | के.जी. |
| ६ | हरियो तरकारी | मौसम अनुसार | ०.१७६ | के.जी. |
| ७ | मसला | मिश्रित | ०.००२ | के.जी. |
| ८ | मासु | खसीको | ०.०२५ | के.जी. |
| ९ | दुध | गाई/भैंसीको | ०.१२५ | लि. |
| १० | बिस्कुट | स्पेसिफिकेशन अनुसार | १ | प्याकेट |
| ११ | चिया | दुध हालेको | १ | कप |
| १२ | अण्डा | कुखुराको | १ | गोटा |
| १३ | फलफुल | मौसम अनुसार | ०.२०० | के.जी. |
| १४ | ग्यांस | ढुवानी सहित | १ | सिलिण्डर* |

*ग्यास ३२५ छाकको लागि एक सिलिण्डर

प्रदेश सचिव

मा. मन्त्री

अनुसूची-३

खण्ड "ख" को क्रियाकलाप नं. ११ संग सम्बन्धित

**Non-pneumatic Anti-Shock Garment**

| S.N. | Purchaser's Specifications |
|---|---|
| | **Non-pneumatic Anti-Shock Garment** |
| | **Manufacturer** |
| | **Brand** |
| | **Type / Model** |
| | **Country of Origin** |
| 1 | **Description of Function** |
| 1.1 | Non-pneumatic anti-shock garment (NASG) used to stabilize women during obstetric haemorrhage. |
| 2 | **Operational Requirements** |
| 2.1 | Lightweight, washable and reusable NASG made of neoprene garment and fastened with Velcro over a foam compression ball. |
| 3 | **System Configuration** |
| 3.1 | Non-pneumatic anti-shock garment (NASG) with all standard accessories. |
| 4 | **Technical Specifications** |
| 4.1 | NASG must be lightweight, flexible and comfortable for the wearer with no metal parts. |
| 4.2 | Should be made up of light weight neoprene garment and fastened with Velcro over a foam compression ball. |
| 4.3 | The design of NASG must allow perineal access so that examinations and vaginal procedures can be performed without it being removed. |
| 4.4 | NASG should be in the shape of trousers divided into six segments for ease of application to different parts of lower body below the diaphragm with Velcro fasteners.<br>• The segment 1 must consist of 2 pieces to be used in each ankles<br>• The segment 2 must consist of 2 pieces to be used in each calf<br>• The segment 3 must consist of 2 pieces to be used in each thigh<br>• The segment 4 must consist of 1 piece to be used around the pelvis<br>• The segment 5 must consist of 1 piece to be used over the naval<br>• The segment 6 must consist of 1 piece to be used aground the abdomen/umbilicus. This segment must apply extra compression with a small foam ball. |
| 4.5 | The garment must be able to apply approx. 30 to 50 mm Hg of pressure to the lower body pressure |
| 4.6 | The NASG should reusable for 40 or more uses |
| 4.7 | The NASG should be suitable for hand and machine washing. |
| 4.8 | Should be available in various size: Small, Medium and Large. |
| 5 | **Accessories, spares and consumables** |
| 5.1 | All standard accessories to be included in the offer. |
| 6 | **Operating Environment** |
| 6.1 | The product offered shall be designed to operate normally under the conditions of the purchaser's country. |
| 7 | **Standards and Safety Requirements** |
| 7.1 | Should be ISO certificated product **AND** |
| 7.2 | Should be CE or USFDA approved product. |
| 8 | **User Training** |
| 8.1 | Not applicable |
| 9 | **Warranty** |
| 9.1 | Comprehensive warranty for 2 year after acceptance. |
| 10 | **Installation and Commissioning** |
| 10.1 | Should be ready to use system. |
| 11 | **Documentation** |
| 11.1 | User (Operating) manual in English. |

Scanned with CamScanner



मा. मन्त्री